# परिच्छेद : एक
# शोधपरिचय

## १.१ विषय परिचय

नेपाली साहित्यमा कविता, उपन्यास, निबन्धजस्ता विविध विधामा कलम चलाएका प्रगतिवादी साहित्यकार रविकिरण निर्जीव आधुनिक नेपाली साहित्यका क्षेत्रमा एक उल्लेखनीय नाम हो । माध्यमिक विद्यालयीय जीवनकालदेखि नै कविताप्रति रुचि लिएर तथा वि.सं. २०१९ सालमा लेखनको आरम्भ गरे तापनि उनी वि.सं. २०२३ सालमा प्रकाशित **नवजीवनको फूलबारी** नामक कवितासङ्ग्रहका माध्यमबाट नेपाली साहित्यमा देखापरेका हुन् । उनका हालसम्म **नवजीवनको फूलबारी** (कवितासङ्ग्रह, २०३३), **छेपेटार** (खण्डकाव्य, २०४२), **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (निबन्धसङ्ग्रह, २०४६), **कालो कर्णालीको सेतो छाँया** (लघु उपन्यास, २०५६), **ऐँजेरु लागेको पिपल** (बालकाव्य, २०६३), **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (निबन्धसङ्ग्रह, २०६४) गरी आधा दर्जन पुस्तकाकार कृति र विभिन्न पत्रपत्रिकामा फुटकर लेख-रचनाहरूसमेत प्रकाशित भैसकेका छन् । यसरी अहिलेसम्म सिर्जनशील साधक रविकिरण निर्जीवका बारेमा जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका साथै यदाकदा पत्रपत्रिकाहरूमा सामान्य चर्चा परिचर्चा भएको देखिए तापनि मूल रूपमा उनको निबन्धकारिताका विषयमा गहन अध्ययन विश्लेषण भएको देखिँदैन । त्यसैले मूलतः व्यङ्ग्यात्मक निबन्धतिर आकृष्ट यिनका दुईवटा निबन्धसङ्ग्रहका आधारमा यिनको निबन्धकारिताको व्यापक अध्ययन-विश्लेषण गर्न रविकिरण निर्जीवको निबन्धकारिता शीर्षक चयन गरिएको छ ।

## १.२ समस्याकथन

**रविकिरण निर्जीवको निबन्धकारिता** शीर्षक शोधकार्यका लागि चयन गरिएका समस्याहरू यसप्रकार रहेका छन् :

क. रविकिरण निर्जीवको साहित्यिक जीवनी र व्यक्तित्व के-कस्तो रहेको छ ?
ख. निबन्धको सैद्धान्तिक अध्ययन के-कस्तो रहेको छ ?
ग. निर्जीवको निबन्ध सिर्जनाको पृष्ठभूमि, प्रेरणा र निबन्धयात्राको स्थिति के-कस्तो छ ?
घ. निर्जीवको निबन्धकारिताका विशेषता के-कस्ता छन् र तिनको विश्लेषण के-कसरी गर्न सकिन्छ ?
ङ. रविकिरण निर्जीवको निबन्धकारिताको मूल्याङ्कन के-कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको समग्र अध्ययन गरी निबन्धकार निर्जीवको निबन्धकारिताको मूल्याङ्कन गरिएको छ ।

## १.३ शोधको उद्देश्य

वि.सं. २०२३ सालमा प्रकाशित **नवजीवनको फूलबारी** नामक कवितासङ्ग्रहका माध्यमबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका रविकिरण निर्जीव निरन्तर रूपमा साधनारत व्यक्तित्व हुन् । उनका हालसम्म आधा दर्जन पुस्तकाकार कृति र फुटकर लेखरचनाहरू समेत प्रकाशित भइसकेका छन् । नेपाली साहित्यका कविता, उपन्यास, निबन्ध आदि विविध विधामा कलम चलाए तापनि व्यङ्ग्य निबन्धकारका रूपमा चर्चित उनका निबन्धकारिता शीर्षकमा चयन गरिएका उद्देश्य निम्नानुसार रहेका छन् :

क. रविकिरण निर्जीवको साहित्यिक जीवनी र व्यक्तित्वको परिचय दिनु ।
ख. निबन्धको सैद्धान्तिक अध्ययन गर्नु ।
ग. निर्जीवको निबन्ध सिर्जनाको पृष्ठभूमि, प्रेरणा र निबन्ध यात्राको स्थितिको चर्चा गर्नु ।
घ. निर्जीवको निबन्धकारिताका विशेषता पहिल्याई तिनको विश्लेषण गर्नु ।
ङ. रविकिरण निर्जीवको निबन्धकारिताको मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली साहित्यका क्षेत्रमा विशेषत: व्यङ्ग्य निबन्धकारका रूपमा बढी चर्चित रविकिरण निर्जीवका बारेमा विविध पुस्तकाकार कृति तथा पत्रपत्रिकाहरूमा विभिन्न साहित्यकार एवम् समालोचकहरूद्वारा दिइएका जानकारी तथा टिप्पणीहरूलाई कालक्रमिक रूपमा यसरी प्रस्तुत गरिएको छ :

क. अ. कृष्णचन्द्रसिंह प्रधानले *उत्साहका निबन्ध एक प्रतिक्रिया* (**उत्साह,** वर्ष-८, पूर्णाङ्क-३४, २०४३ पौष, पृ. ५६) शीर्षक लेखमा निर्जीवको हास्यव्यङ्ग्य निबन्ध गफसप साँच्चै नै गफसपजस्तो लाग्छ तर तथ्यहीन नभएको चर्चा गर्दै गफसपमा छेउ न टुप्पाका बेछन्दी कुरा गरी समय काट्न आउने अल्छी काँटका हुतीहारा मान्छेहरूका साथै नेपालीहरूको मानसिक प्रवृत्ति र सामाजिक स्वरूपप्रति व्यङ्ग्य गर्न खोजेको छ । सुधारात्मक भावनाले प्रश्रय पाएको यस निबन्धको अन्त्य भने त्यति प्रभावशाली आकर्षक र कलापूर्ण नभएको कुरा उल्लेख गरेका छन् ।

आ. कृष्णचन्द्रसिंह प्रधानले **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) पुस्तकको *भूमिका* लेखमा सोझा निर्जीवका थप बाङ्गा निबन्धहरूमा रविकिरण निर्जीवलाई मात्र देखें, अरु भएर लेखिरहेका छैनन् । अरुको जस्तो भाषाशैली होइन, त्यसरी नै भन्ने पनि गर्दैनन् भन्दै उनका व्यङ्ग्यात्मक निबन्ध हाम्रै सेरोफेरोका जीवन छोएर तन्केका कुराको उल्लेख गरेका छन् ।

ख. शक्ति लम्सालले *लेख-निबन्धसम्बन्धी केही टिप्पणी* (**उत्साह,** वर्ष-८, पूर्णाङ्क-३४, २०४३, पौष, पृ. ११७) शीर्षक समालोचनात्मक लेखमा निर्जीवद्वारा लिखित हास्यव्यङ्ग्य निबन्ध गफसपले राजनैतिक चेतना विकसित नभएपछि समाजमा के-कस्ता किसिमका क्रियाकलापहरू बढ्दै जान्छन् र परिवारभित्र त्यो कसरी विकसित हुँदै जान्छ भन्ने आजको वास्तविकतालाई देखाउँदै यस निबन्धले समाजमा हामीले सामना गर्नु परेको भयानक स्थितिको झलक दिन सफल रहेको कुरा उल्लेख गरेका छन् तर व्यङ्ग्य र सरलताको नाममा विषयवस्तु र भावभूमि जति ओजनदार छ प्रस्तुतीकरण भने त्यत्तिको प्रभावशाली हुन नसकेको कुराको समेत चर्चा गरेका छन् ।

ग. हरिहर खनालले *साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन* (**विवेक,** वर्ष-५, अङ्क-२, २०४६, पृ. ७९) शीर्षक लेखमा सरल प्रकृति र मिलनसार स्वभाव भएका निबन्धकार निर्जीवका रचनाहरूले समाजमा विद्यमान असमानताको उपर व्यङ्ग्यात्मक शैलीमा विद्रोहको स्वर उराल्ने काम गरेको कुरा उल्लेख गरेका छन् ।

घ. रमेश विकलले **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) पुस्तकको *रविकिरणका निबन्धहरूमा चहार्दा* शीर्षकको भूमिका लेखमा यदाकदा स्थानीयता र समसामयिकताको झलक भएर पनि चिन्तनको प्रखरता र अनुभूतिको शाश्वत स्वर बोलेका निर्जीवका निबन्धले सर्वसाधारण जनस्तरमा विकृति र विसङ्गतिप्रतिको चेतनालाई घच्घच्याउने राम्रो प्रयास गरेको कुरा प्रस्तुत गरेका छन् ।

ङ. गोपीन्द्र पौडेलले *व्यङ्ग्यको बाङ्गोपना र निर्जीवका बाङ्गा निबन्धहरू* (**कलम,** वर्ष-२, अङ्क-३, पूर्णाङ्क-२, साउन २०५१, पृ. ३३) शीर्षक समालोचनात्मक लेखमा मूलतः राजनीतिक-सामाजिक विषयवस्तुको प्रयोग भएका निर्जीवका यस सङ्ग्रहका निबन्धले पञ्चायतकालीन निरङ्कुश राजनीतिक परिवेश र शासनयन्त्रको धज्जी उडाउनुको साथै समाजको विद्यमान विकृति परम्पराप्रति व्यङ्ग्यात्मक शैलीमा वितृष्णा जगाउने काम गरेको कुरा उल्लेख गरेका छन् ।

च. लीलामणि भट्टराईले *निर्जीवका निबन्धहरूमा रूपसंरचनावादी पठन* (**मधूलिका,** वर्ष-१, अङ्क-१, २०५१, पृ. १९) शीर्षक लेखमा अभिव्यञ्जनात्मक, अभिभावात्मक, तथ्यात्मक, सम्बन्धात्मक आदिले काम गर्ने निर्जीवका निबन्धका वाक्यहरू कलात्मक, छाँटिएका, कुँदिएका, भावात्मक र पालिस पनि गरिएको चर्चा गर्दै भनाइमा टेडोपन र सोचाइमा खरोपन उनका निबन्धमा पाइने विशेषता हुन् भनी उल्लेख गरेका छन् ।

छ. अ. लक्ष्मणप्रसाद गौतमले *चितवनको निबन्ध विधा एक सङ्क्षिप्त अवलोकन* (**मधूलिका,** वर्ष-१, अङ्क-१, २०५१, पृ. ३६) शीर्षकमा चितवनको निबन्धकारिताको पृष्ठभूमिको चर्चा गर्दै कृतिगत रूपमा प्रकाशित निर्जीवका **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) का निबन्धहरूको सङ्क्षिप्त समीक्षा गर्ने क्रममा तिनको अन्तर्वस्तु, विषयवस्तु र प्रवृत्तिको चर्चा गरेका छन् । त्यस्तै उनका निबन्धको मूल विशेषता ठम्याउँदै मार्क्सवादी विचारधाराबाट प्रभावित प्रगतिवादी चेतना भएका निबन्धकारका रूपमा उनलाई स्थापित गराएका छन् ।

आ. लक्ष्मणप्रसाद गौतमले लेखेको तथा चितवन वाङ्मय प्रतिष्ठानले प्रकाशित गरेको **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण** (२०५२) भन्ने पुस्तकको पृ. ९४ मा चितवनको साहित्यले निबन्धका लागि २०४७ सालसम्म पर्खनुपरेको अनि सोही सालमा निर्जीवको सोझा निर्जीवका बाङ्गा निबन्धहरू प्रकाशित भएको चर्चा गर्दै चितवनका क्रियाशील प्रगतिवादी निबन्धकारका रूपमा उनको नाम उल्लेख गरेका छन् । त्यस्तै समाजका विकृति र विसङ्गतिलाई औल्याउदै अन्याय र दमनको विरोध गर्नु उनका निबन्धको विशेषता हो भनेका छन् ।

ज. रमेश भट्टराईले *समसामयिक नेपाली निबन्ध परम्परा र प्रवृत्तिको रेखाङ्कन* (**मधुपर्क,** ३१/४, २०५५ भदौ, पृ. १२२-१२५) शीर्षक लेखमा चालीसको दशकमा हास्यव्यङ्ग्यको क्षेत्रमा देखापर्ने तीन निबन्धकारसहित निर्जीवले पनि समाज र संस्कृतिका विसङ्गतिमाथि व्यङ्ग्य गर्दै तीव्र प्रगतिवादी व्यङ्ग्य चेतना भएका निबन्धहरू रचना गरेको चर्चा गरेका छन् ।

झ. अ. कपिल अज्ञातले **समालोचनाको सन्दर्भ** (२०५५) पुस्तकको पृ. १२२-१२५ मा चितवनको साहित्यिक गतिविधिमा तीव्रता ल्याउने साहित्यकारहरूको श्रेणीमा निर्जीवको नाम पनि उल्लेख गर्दै उनका निबन्धहरूले प्रगतिवादी प्रवृत्तिको गोरेटो पक्रेको कुरा प्रस्तुत गरेका छन् ।

आ. कपिल अज्ञातले *रविकिरण निर्जीवको नैबन्धिक आयाम* (**हाम्रो सिर्जना** वर्ष-३, अङ्क-२, पूर्णाङ्क-७, २०६५, पृ.२०-२४) शीर्षकमा निर्जीवका **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** परिपक्व अवस्थाका उपज उत्कृष्ट निबन्धहरूको सङ्गृहीत स्वरूप मात्र नभई साहित्यिक लेखनकै निपुर्णता पनि हो भन्दै समाजमा विद्यमान असङ्गत, स्वार्थी र सङ्कीर्ण प्रवृत्तिप्रति चोटिलो प्रहार गर्दै प्रशस्त सुधारका वैचारिक सन्देशलाई सरल र सहज शैलीमा स्वाभाविक रूपबाट सिंगार्ने प्रयास गरेका निर्जीवले बेग्लै प्रगतिशील पहिचानको छाप छोड्न सफल भएको कुरा समेत उल्लेख गरेका छन् ।

इ. कपिल अज्ञातले **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख** (२०६७) नामक समालोचनात्मक कृतिको पृ.६४ मा निर्जीवका अन्य प्रकाशित कृतिहरूको समेत चर्चा गर्दै निबन्ध लेखनमै सफल उनी सैद्धान्तिक आस्था र विचारका दृष्टिकोणले प्रगतिवादी र शैलीगत हिसाबले व्यङ्ग्यधर्मी निबन्धकारका रूपमा उनको नाम उल्लेख गरेका छन् ।

ञ. अ. राजेन्द्र सुवेदीले **स्नातकोत्तर नेपाली निबन्ध** (२०५६) पुस्तकको पृ. १७ मा आधुनिक नेपाली निबन्धको तेस्रो चरणमा देखापरेका वा २०४६ पछिका वर्षहरूमा अराजकतामूलक स्वच्छन्दतावादको विकासले समाजमा देखापरेका विकृति र विसङ्गतिमाथि तीव्र प्रहार गर्ने निबन्धकारहरूमा निर्जीवको नाम पनि उल्लेख गरेका छन् ।

आ. राजेन्द्र सुवेदीले **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि** (२०५८) पुस्तकको पृ. १८१ मा आधुनिक नेपाली निबन्धको पछिल्लो मोडमा देखिएका निर्जीव नेपाली यथार्थवादी साहित्यका फाँटमा सजीव स्रष्टा भई देखापरेको चर्चा गर्दै विभिन्न समय र परिस्थितिमा नेपाली समाजका आङ्गेबाङ्गे विसङ्गतिलाई व्यङ्ग्य गरी लेखिएका यिनका निबन्धहरू सरल शैली, गहन विचार र रोचक प्रस्तुति आदिले निबन्धलाई उत्कृष्टता प्रदान गरेको कुरासमेत उल्लेख गरेका छन् ।

ट. मीनादेवी घिमिरेले *रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन* शीर्षक (अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०५९, पृ. ७६,७७) मा बहुमुखी प्रतिभाका धनी निर्जीवका युग, समाज र विश्वलाई अत्यन्त निकटबाट छर्लङ्ग देखाइदिने व्यङ्ग्यात्मक, बौद्धिक र दार्शनिक निबन्धले एक सफल निबन्धकारका रूपमा परिचित तुल्याएको चर्चा गर्दै नेपाली प्रगतिवादी साहित्यको विकासमा एउटा खुट्किलोको निर्माण गर्ने चितवनका क्रियाशील लेखकका रूपमा उनको नाम उल्लेख गरेकी छन् ।

ठ. सीताराम कोइरालाले **संवादमा स्रष्टाहरू** (२०६४) नामक पुस्तकको पृ. ४८ मा समाज र राष्ट्रप्रतिका विसङ्गति र वेमेलप्रति तिखो व्यङ्ग्य गरिएका निर्जीवका निबन्धमा आफ्नै व्यङ्ग्यात्मक शैली भएको चर्चा गर्दै कसिलो भनाइ, चोटिलो व्यङ्ग्य र त्यसमा धारिलो प्रहार उनका निबन्ध बनेर उभिएको कुरा उल्लेख गरेका छन् ।

ड. रविकिरण निर्जीवले *हास्यव्यङ्ग्य निबन्धकारितासित चितवनको हाव्यनिको समागम* (**चितवन महोत्सव स्मारिका,** २०६५, पृ. १२९) शीर्षक लेखमा कृतिहरूको पक्षमा र विकृतिहरूको विपक्षमा मुङ्ग्रो प्रहार गर्ने तर तिनलाई धराशायी बनाउन नसक्ने अनि थोरै हाँस्ने र धेरै घोच्ने उनका आफ्ना निबन्धहरूले ग्रामीण परिवेश र भाषा मन पराउने कुराको चर्चा गर्दै राम्रो निबन्धकार नभए पनि चितवनका पहिलो हास्यव्यङ्ग्य निबन्धकार हुन् भन्ने निबन्धकारहरूको कथनसमेत उल्लेख गरेका छन् ।

ढ. घनश्याम ढकालले **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य** (२०६७) नामक पुस्तकको पृ. ६७६-६७९ को *रविकिरण निर्जीवका निबन्धमा व्यङ्ग्यचेतना* शीर्षक समालोचनात्मक लेखमा निर्जीवको दोस्रो सङ्ग्रहमा सङ्कलित निबन्धहरूको सामान्य चर्चा गर्दै सामाजिक, राजनीतिक, धार्मिक एवम् आर्थिक जीवनमा व्याप्त सडेगलेका, कुहेका र गन्हाएका विषय, विचार र

संस्कृतिलाई उदाङ्गो बनाएर तिनबाट उन्मुक्तिको चेतना विस्तार गर्नु नै उनका व्यङ्ग्य निबन्धहरूको उद्देश्य भएको कुरा चर्चा गरेका छन् ।

यसरी निबन्धकार निर्जीवका बारेमा विभिन्न समीक्षकहरूले आ-आफ्ना ढङ्गले समीक्षात्मक टिप्पणी एवम् चर्चा परिचर्चा गरेका छन् तापनि उनको निबन्धकारिताको समग्र र व्यवस्थित अध्ययन विश्लेषण एवम् मूल्याङ्कन भने हुन बाँकी नै छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

वि.सं. २०२३ सालदेखि साहित्यिक क्षेत्रमा प्रवेश गरी चारदशक लामो साहित्ययात्रा पार गरिसकेका रविकिरण निर्जीवका बारेमा जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका साथै यदाकदा पत्रपत्रिकाहरूमा सामान्य चर्चा परिचर्चा गरिए तापनि उनको निबन्धकारिताका बारेमा केन्द्रित भएर अनुसन्धान नभएको अवस्थामा प्रथमत: गरिएको यो कार्य स्वत: औचित्यपूर्ण हुने देखिन्छ । त्यस्तै उनको निबन्धकलाका बारेमा अभिरुचि राख्ने जो कोही पनि यस कार्यबाट धेरथोर लाभान्वित हुन सक्ने छन् । यसका अतिरिक्त यस अध्ययनले निबन्ध विश्लेषणका निम्ति केही निश्चित आधार प्रदान गर्नुका साथै अन्य निबन्धकारका निबन्ध विश्लेषणमा पनि तिनको उपयोग गर्न सकिन्छ । यिनै सन्दर्भमा प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व प्रस्टिन्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

नेपाली साहित्यका कविता, उपन्यास र निबन्ध विधामा कलम चलाएका रविकिरण निर्जीवका आधादर्जन पुस्तकाकार कृति प्रकाशित छन् । अन्य विधामा भन्दा निबन्ध विधामा राम्रो स्थान बनाउन सफल निर्जीवका जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय दिँदै उनको निबन्धकारिता र पुस्तकका रूपमा प्रकाशित दुईवटा निबन्धसङ्ग्रहहरूमा सङ्कलित सम्पूर्ण निबन्धहरूको विश्लेषण र विवेचना यस शोधपत्रमा गरिएको छ । उनका निबन्धबाहेक अन्य विधाका कृतिहरूको विश्लेषण गरिएको छैन र फुटकर रूपमा प्रकाशित निबन्धहरूको सूची मात्र प्रस्तुत गरिएको छ । यही नै यस शोधकार्यको सीमा हो ।

## १.७ सामग्रीसङ्कलन

रविकिरण निर्जीवको निबन्धकारिता शीर्षक शोधकार्यको लागि क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिका आधारमा सम्बद्ध पुस्तक, पत्रपत्रिका तथा समीक्षात्मक लेख आदिको अध्ययन गरी त्यसैमा प्राप्त सामग्री सङ्कलन गरेर प्रस्तुत शोधपत्र तयार पारिएको छ । अनुसन्धेय व्यक्ति जीवितै भएकाले आवश्यक सामग्री सङ्कलन र अनुसन्धानका क्रममा आइपर्ने अन्य समस्याहरूसँग सम्बन्धित कुराहरूका निम्ति अन्तर्वार्ता र छलफल प्रविधि अवलम्बन गर्दै आवश्यकता अनुरूप सम्बन्धित विज्ञहरूद्वारा जानकारीसमेत लिइएको छ ।

## १.८ शोधविधि

यस शोधकार्यका लागि सङ्कलित गरिएका सामग्रीको विश्लेषणका निम्ति आवश्यकतानुसार वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक पद्धति अँगालिएको छ । यसैगरी कृति विश्लेषण र निबन्धकारिताको विश्लेषणका निम्ति उनका प्रकाशित निबन्धसङ्ग्रहलाई नै आधार बनाउँदै समालोचनाका सामान्य सिद्धान्तको समेत अवलम्बन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको आन्तरिक एवम् बाह्य संरचनालाई सुगठित र व्यवस्थित रूप दिनका लागि निम्नलिखित सात परिच्छेदमा विभाजन गरी शोधपत्रको रूपरेखा कायम गरिएको छ :

**परिच्छेद : एक – शोधपरिचय**

यस परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ ।

**परिच्छेद : दुई – रविकिरण निर्जीवको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त अध्ययन**

यस परिच्छेदमा रविकिरण निर्जीवको जीवनी र व्यक्तित्वका पाटाहरूलाई सङ्क्षिप्त रूपमा अध्ययन गरिएको छ ।

**परिच्छेद : तीन – निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम**

यस परिच्छेदमा निबन्ध लेखनसम्बन्धी सैद्धान्तिक मान्यता र नेपाली निबन्धको विकास प्रक्रियाबारे चर्चा गरिएको छ ।

**परिच्छेद : चार – नेपाली निबन्धमा निर्जीवको प्रवेश र उनको निबन्धयात्रा**

यस परिच्छेदमा निबन्धकार निर्जीवले निबन्धलेखन प्रारम्भ गरेदेखि उनको सम्पूर्ण निबन्धयात्रालाई चरणबद्ध रूपमा अध्ययन गरिएको छ ।

**परिच्छेद : पाँच – रविकिरण निर्जीवका प्रकाशित निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन**

यस परिच्छेदमा रविकिरण निर्जीवका हालसम्म प्रकाशित दुईवटा निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको अध्ययन-विश्लेषण गरिएको छ ।

**परिच्छेद : छ – रविकिरण निर्जीवको निबन्धकारिताको मूल्याङ्कन**

यस परिच्छेदमा विभिन्न दृष्टिकोणबाट निर्जीवको निबन्धकारिताको मूल्याङ्कन गरिएको छ ।

**परिच्छेद : सात – उपसंहार**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्त्यमा तालिकासूची, सन्दर्भसामग्रीसूची र परिशिष्ट राखी शोधकार्यलाई पूर्णता दिइएको छ ।

# परिच्छेद : दुई
# रविकिरण निर्जीवको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त अध्ययन

## २.१ जीवनी

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । जीवनीको शाब्दिक अर्थ व्यक्ति विशेषको जीवन वृत्तान्त भन्ने हुन्छ ।[1] जन्मेदेखि बाँचुञ्जेलसम्म व्यक्तिले गरेका महत्त्वपूर्ण तथा उपयोगी कार्यहरूको वर्णन जीवनीमा गरिन्छ ।[2] रविकिरण निर्जीवको निबन्धकारिता शीर्षक शोधकार्यका लागि निर्जीवले निबन्धका क्षेत्रमा दिएका योगदानलाई चर्चा गर्ने उद्देश्य रहेकोले उनको जीवनी र व्यक्तित्वको समेत सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### २.१.१ जन्म र बाल्यकाल

रविकिरण निर्जीवको जन्म पश्चिमाञ्चल विकासक्षेत्रको गण्डकी अञ्चलअन्तर्गत पर्ने पहाडी जिल्ला लमजुङको अलैंचे भन्ने ठाउँमा भएको हो । यिनी वि.सं. २००३ साल जेठ उनन्तीस गतेका दिन पिता स्व. श्रीप्रसाद रेग्मी र माता रेणुका रेग्मीका तेस्रो सन्तानका रूपमा जन्मिएका हुन् ।[3] यिनी आफ्ना मातापिताका तीन छोरा र तीन छोरी गरी छ सन्तानमध्ये तेस्रो सन्तान एवम् जेष्ठ सुपुत्रका रूपमा निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएका हुन् । उनको न्वारानको नाम रुद्रनाथ रेग्मी हो ।[4] पछि गाउँघरमा बोलाउने नाम रविलाल हुँदै विश्वविद्यालय तथा नागरिकतामा दर्ता भएको नाम भने रविकिरण निर्जीव हो ।[5] यिनी नेपाली साहित्यका क्षेत्रमा समेत रविकिरण निर्जीवका नामले नै परिचित छन् । वि.सं. २०२१ सालमा आफ्ना सहृदयी मित्र बोधनाथ पौडेलको असामयिक निधनले शोकमग्न बनेका रविकिरणले जीवनलाई निस्सार र निरर्थक सम्झी उनको अभावमा आफ्नो आत्मा र शरीरको अस्तित्व नभएको अनुभूति पाएर 'निर्जीव' उपनाम राखेको कुरा अवगत भएको छ ।[6]

लमजुङको अलैंचेमा आफ्नो बाल्यावस्था व्यतित गरेका निर्जीवको बाल्यकाल अत्यन्त सुखद रूपमा बितेको कुरा थाहा हुन्छ । दुईवटी छोरीहरूपछि छोराका रूपमा जन्मिएका हुनाले पनि बुबाआमाको अत्यन्त मायाममताका साथ उनी हुर्किएका थिए । कहिलेकाहीँ बुबाआमाले गाली गरेको बेला भने घण्टौं लुकेर उहाँहरूलाई अत्याउने उनको स्वभाव रहेको थियो ।[7] त्यस्तै साथीभाइसँग मिलेर गाईबाखा चराउने, घाँस काट्ने, पात बजाउने, पौडी खेल्न जाने आदिमा समेत उनी अभ्यस्त

---

[1] ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्यकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५५), पृ. २९८ ।
[2] शैलेन्दुप्रकाश नेपाल र अन्य (सम्पा.), **नेपाली प्रयोगमूलक व्याकरण र रचना,** (काठमाडौं : निरन्तर प्रकाशन, २०६५), पृ. २३६ ।
[3] शोधनायककी आमासँगको मौखिक अन्तर्वार्ताबाट ।
[4] शोधनायकसँगको अन्तर्वार्ताबाट ।
[5] ऐजन ।
[6] ऐजन ।
[7] पूर्ववत् ।

रहेका थिए ।[8] यसरी सानै उमेरदेखि नै सोझो, लगनशील, निडर तथा निर्भीक स्वभावका रविकिरण साथीभाइ, दिदीहरू तथा अन्य आफन्तहरूका माझ पनि उत्तिकै प्रिय रहेका थिए ।

## २.१.२ शिक्षादीक्षा

रविकिरण निर्जीवको शिक्षा आर्जनको क्रममा प्रारम्भिक शिक्षा सात वर्षको उमेरमा लमजुङ जिल्लाको अलैंचे भन्ने ठाउँको दीपज्योति पाठशालाबाट भएको हो । उक्त पाठशालाकै शिक्षक वसन्तप्रसाद लामिछानेबाट उनले अक्षरारम्भ गरेका हुन् ।[9] यसपछि वि.सं. २०१३ सालमा राप्तीदून विकास आयोजनाले चितवन झाडी फाँडेर बस्ती बस्न योग्य बनाएपछि २०१६ सालमा चौधवर्षको उमेरमा निर्जीवले आफ्ना बाबुआमासँगै लमजुङबाट बसाइँ सरी चितवनको चम्पानगरमा बसोबास गर्दै आफ्नो औपचारिक अध्ययन कार्यलाई निरन्तरता दिएका हुन् । यसक्रममा अरुणोदय मा.वि. गीतानगरबाट प्राथमिक शिक्षा, चितवन मा.वि. भरतपुरबाट माध्यमिक शिक्षा आर्जन गरेका उनले २०२३ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् ।[10] यसपछि भने उनले अरुणोदय मा.वि. गीतानगरबाट शिक्षण पेसालाई अँगाल्दै आफ्नो अध्ययन कार्यलाई पनि निरन्तरता दिएको पाइन्छ । यसैगरी वीरेन्द्र बहुमुखी क्याम्पसबाट वि.सं. २०२४ -२०२६ मा आई.ए., २०३१ सालमा प्राइभेट त्रि.वि.वि. काठमाडौंबाट बि.ए., २०३३ मा शिक्षाशास्त्र अ.सं. काठमाडौं बि.एड. र जीवनको उत्तरार्ध तथा सत्चालीस वर्षको उमेरमा वि.सं. २०५० सालमा त्रि.वि. कीर्तिपुरबाट एम.ए. परीक्षा उत्तीर्ण गरेका हुन् ।[11] यसरी निर्जीवले शिक्षा आर्जन गर्ने क्रममा कहिले लमजुङ, कहिले चितवन र कहिले काठमाडौंबाट आफ्नो औपचारिक शिक्षालाई पूर्णता दिएको कुरा उपर्युक्त तथ्यहरूले प्रमाणित गरेका छन् ।

## २.१.३ पुर्ख्यौली तथा वंशपरम्परा

रविकिरण निर्जीवका पुर्खाहरू पश्चिममा पर्ने अछाम जिल्लाको रेगम भन्ने ठाउँबाट बसाइँसराइको क्रममा देशका विभिन्न भागमा बसोबास गर्न पुगेकाले उनीहरूको थर रेग्मी रहन गएको हो भन्ने भनाइ रहेको छ ।[12] कौशिक गोत्र भएका रेग्मीहरूको पुर्ख्यौली थलो पश्चिम नेपालको 'रेवा' हो भन्ने पनि सुनिन्छ र उक्त ठाउँ सम्भवतः अछामकै सेरोफेरोमा पर्नुपर्दछ भन्ने स्वयम् शोधनायककै भनाइ छ । त्यहाँबाट बसाइँसराइको क्रममा गोरखा जिल्लाको घ्याल्चोक आएका र त्यसपछि पनि लमजुङ जिल्लाको अलैंचेमा बसोबास गरेका हुन् भन्ने किंवदन्ती रहेको छ ।[13] निर्जीवको तीनपुस्ते वंशावलीमा जिजुहजुरबुबा हीरामणि रेग्मी, हजुरबुबा नन्दलाल रेग्मी र बुबा

[8] शोधनायककी दिदीसँगको मौखिक अन्तर्वार्ताबाट ।
[9] शोधनायककी आमासँगको मौखिक अन्तर्वार्ताबाट ।
[10] शोधनायकसँगको अन्तर्वार्ताबाट ।
[11] ऐजन ।
[12] मीनादेवी घिमिरे, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९, पृ. ११ ।
[13] पूर्ववत् ।

श्रीप्रसाद रेग्मी रहेको जानकारी प्राप्त हुन्छ । यही रेग्मी वंश नै निर्जीवको वंश परम्परा रहेको पाइन्छ ।[14] उनका पुर्खाहरूको मुख्य पेसा खेतीपाती नै भएकोले बाल्यकालदेखि नै घरायसी कामकाजमा समेत आफ्ना बाबुआमालाई सहयोग गर्दै आफ्नो अध्ययन कार्यलाई अगाडि बढाउँदै लगेको कुरा उनी स्विकार्छन् ।

### २.१.४ पारिवारिक संरचना

रविकिरण निर्जीवको वि.सं. २०१९ सालमा १६ वर्षको उमेरमा विष्णुमाया दवाडीसँग विवाह भएको थियो ।[15] विवाह भएको ७ वर्षपछि वि.सं. २०२६ सालमा जेठी छोरी कल्पनाको जन्म, वि.सं. २०३१, वि.सं. २०३३ र वि.सं. २०४२ सालमा क्रमश: छोरी सम्झना, छोरा सूदन र छोरी रचनाको जन्म भएको थियो ।[16] हाल उनका तीनवटै छोरीहरूको विवाह भइसकेको छ र उनीहरू आ-आफ्नो परिवार र व्यवसाय सञ्चालन गरेर बसेका छन् । त्यसैगरी छोरा सूदनको पनि विवाह भई अध्ययनका लागि छोराबुहारी अस्ट्रेलियामा गएका छन् भने नाति सुसानको समेत जन्म भएको जानकारी पाइन्छ । हाल आमाबाबु, एक छोरा सूदन, एक बुहारी सरिता र एक नाति सुसान गरी पाँच जनाको एकल पारिवारिक संरचनामा उनको परिवार सुखमय तरिकाले रहेको पाइन्छ ।[17]

### २.१.५ रुचि र स्वभाव

सानै उमेरदेखि नै साहित्यतर्फ रुचि राख्ने रविकिरण निर्जीवको साहित्य सिर्जना, पुस्तक, पत्रपत्रिका सङ्कलन र अध्ययन-अध्यापनमा विशेष रुचि रहेको पाइन्छ । यसका अतिरिक्त उनले विभिन्न साहित्यिक गोष्ठी गर्ने, पुराना साथीभाइ र आफन्तहरूको भेटघाट, विभिन्न प्राकृतिक र ऐतिहासिक स्थानहरूको भ्रमण गर्न मन पराउने तथा रातको शान्त वातावरणमा बसेर साहित्यको सिर्जना गर्ने गरेको पाइन्छ ।[18]

सादा जीवन र उच्च विचारप्रति आस्था राख्ने निर्जीव खानामा साधारण दालभात, सागपात, आलु पिँडालु, गुन्द्रुक, ढिंडो मन पराउँछन् भने कपडामा सर्ट, पाइन्ट, टोपी, ज्वारीकोट लगाउन मन पराएको थाहा पाइन्छ ।[19] बहुमुखी प्रतिभाका धनी निर्जीव कविताबाट लेखनको आरम्भ गरे तापनि साहित्यका अन्य विधाभन्दा निबन्ध विधा मनपर्ने भएकोले निबन्ध लेखनमा रुचि रहेको बताउँछन् । व्यावहारिक दृष्टिले निर्जीव सरल, सात्त्विक, इमान्दार र सत्यनिष्ठ छन् तर निबन्धमा भने व्यङ्ग्यधर्मी रहेका छन् ।[20] सरल स्वभाव, गम्भीर प्रकृति र कुनै काममा लागेपछि तल्लीन भएर लागिपर्ने उनी

---

[14] शोधनायकसँगको अन्तर्वार्ताबाट ।
[15] ऐजन ।
[16] शोधनायककी श्रीमतीसँगको मौखिक अन्तर्वार्ताबाट ।
[17] ऐजन ।
[18] शोधनायकसँगको अन्तर्वार्ताबाट ।
[19] शोधनायककी श्रीमतीसँगको मौखिक अन्तर्वार्ताबाट ।
[20] कपिल अज्ञात, *रविकिरण निर्जीवको नैबन्धिक आयाम,* **हाम्रो सिर्जना,** अङ्क-७, असोज २०६५, पृ. २० ।

त्यत्तिकै क्रियाशील पनि छन् । यी स्वभावलाई दृष्टिगत गर्दा उनको रुचि क्रियाशील जीवन जिउनुमा रहेको देखिन्छ ।[21]

### २.१.६ भ्रमण

पश्चिमाञ्चल विकासक्षेत्रको पहाडी जिल्ला लमजुङमा जन्मेका रविकिरण निर्जीवले भ्रमणलाई पनि आफ्नो रुचिको क्षेत्र बनाएका छन् । उनी विशेष गरी स्वदेशको भ्रमण गर्न इच्छुक रहेका देखिन्छन् । उनले आफ्नो बाल्यावस्थादेखि अध्ययनको सिलसिलामा होस् वा अध्यापनको सिलसिलामा होस्, नेपालका हुम्ला, जुम्ला, मुगु, डोल्पा, बाँके, बर्दिया, दैलेख, नुवाकोट, लमजुङ आदि ४० वटा जिल्लाहरूको भ्रमण गरिसकेका छन् । त्यस्तै शैक्षिक भ्रमणका रूपमा नेपालका मुख्य सहरहरू जनकपुर, धरान, धनकुटा, नेपालगञ्ज, टनकपुर आदिका साथै भारतको नैनिताल र लखनऊ सहरहरूको पनि भ्रमण गरेका छन् । त्यस्तै बाह्य भ्रमणमा आफ्नो स्वास्थ्योपचारका क्रममा छिमेकी मुलुक जाँदा त्यहाँको ६ प्रदेशका साथै चेन्नई, भेलोर आदि क्षेत्रको भ्रमण गरेका छन् । त्यस्तै गरी उनले हालै पश्चिमी मुलुक अस्ट्रेलियाका विभिन्न क्षेत्रको समेत भ्रमण गरेको जानकारी पाइन्छ ।[22]

### २.१.७ सम्मान तथा पुरस्कार

कुनै व्यक्तिको कार्यको मूल्याङ्कन गरी त्यस क्षेत्रमा उसले गरेको योगदानको आधारमा उसलाई थप बल प्रोत्साहन तथा प्रेरणा मिलोस् भन्ने उद्देश्यले दिइने भौतिक तथा भावनामूलक उपहार तथा सम्मान नै सामान्य अर्थमा पुरस्कार हो । मोफसलमा रहेर साहित्य सिर्जना गर्ने साहित्यकार रविकिरण निर्जीवले पनि नेपाली साहित्यका अतिरिक्त विभिन्न क्षेत्रमा योगदान दिएवापत विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका छन् । वि.सं. २०२४ साल फागुन ७ गते भरतपुरमा चितवन जिल्लाव्यापी प्रतियोगितात्मक साहित्य गोष्ठी सम्पन्न भएको थियो । त्यस गोष्ठीमा चितवनका विभिन्न क्षेत्रबाट विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दै लेखिएका थुप्रै रचनाहरू आएका थिए ।[23] त्यस प्रतियोगितात्मक गोष्ठीमा प्राप्त रचनाहरूमध्ये रविकिरण निर्जीवले आफ्नो रचना **गाउँफर्क र साहित्य** शीर्षक निबन्धमा प्रथम भई स्वर्णपदक प्राप्त गरेका थिए । त्यही पुरस्कार नै उनको जीवनको पहिलो पुरस्कार रहेको छ ।[24] कुनै पनि पुरस्कार र सम्मानप्रति त्यति लालायित नदेखिने रविकिरण वैचारिक र शैक्षिक हिसाबले त्यति परिपक्वता आइनसकेको अवस्थामा लेखिएको उक्त निबन्धमा प्रथम भए तापनि त्यसले उनको मनोबललाई उच्च बनाउन सकेको पाइँदैन । बरू उनी कलेज जीवनमा प्रवेश गरेपछि पुराना विचारधाराभन्दा भिन्न नयाँ कम्युनिस्ट विचारधाराबाट प्रभावित हुन्छन् । त्यही वैचारिक परिवर्तनले गर्दा पुरानो निकृष्ट विचारको विरोध स्वरूप

---

[21] डी.आर. पोखरेलसँगको अन्तर्वार्ताबाट ।

[22] शोधनायकसँगको अन्तर्वार्ताबाट ।

[23] हरिहर खनाल, *साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन,* **विवेक,** वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, वर्ष-५, अङ्क-२, २०४६, पृ. ७३ ।

[24] शोधनायकसँगको अन्तर्वार्ताबाट ।

पञ्चायतकालीन समयमा प्राप्त भएको उक्त पुरस्कारलाई राख्न मन नलागेर बेचिदिएको कुरा उनी बताउँछन् । नेपाली साहित्यका विविध विधामा कलम चलाएका बहुआयामिक व्यक्तित्वका धनी निर्जीवले शिक्षा, साहित्य र समाजमा विशिष्ट योगदान पुऱ्याएर विभिन्न मानसम्मान, पदक र पुरस्कारहरू प्राप्त गरेका छन् । उनले साहित्यिक क्षेत्रमा हालसम्म ६ वटा पुरस्कार र सम्मान प्राप्त गरिसकेका छन् ।[25] उनले प्राप्त गरेका पुरस्कार र सम्मानपत्रको विवरण निम्न तालिकामा सूचीकृत गरिएको छ :

**तालिका सङ्ख्या १**

| **क्र.सं.** | **पुरस्कार तथा सम्मान** | **दातृसंस्था** | **पुरस्कृत कृति/रचना व्यक्तित्व** | **वर्ष** |
|---|---|---|---|---|
| १. | स्वर्णपदक | शुभ जन्मोत्सव समिति | **गाउँफर्क र साहित्य** शीर्षक निबन्ध | वि.सं. २०२४ |
| २. | रजत महोत्सव सम्मान | श्री हिमालय मा.वि., चितवन | शिक्षण सेवा | २०६१ |
| ३. | रजत वर्ष सम्मान र पदक | ने.रा.शि.सं. केन्द्रीय समिति, काठमाडौँ | शिक्षण र साङ्गठनिक सेवा | २०६१ |
| ४. | अस्वीकृत विचार साहित्यिक पुरस्कार | अस्वीकृत विचार समाज, काठमाडौँ | साहित्यिक व्यक्तित्व | २०६१ |
| ५. | साहित्य सङ्गम सम्मान | साहित्य सङ्गम, चितवन | साहित्यलेखन र विकासका लागि कार्य | २०६२ |
| ६. | सहिद शिव पौडेल स्मृति पुरस्कार | साहित्य सङ्गम, चितवन | **सोभा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) | २०६५ |

[25] ऐजन ।

### २.१.८ लेखन

मान्छेका मनका भाव, संवेदना, अनुभूतिको अभिव्यञ्जना वा प्रकटीकरण नै लेखन हो । लेख्नुका पछाडि आर्थिक उपार्जन, सामाजिक प्रतिष्ठा, सामाजिक दायित्वबोध, सामाजिक आलोचना तथा कीर्ति वा यश प्राप्तिका सन्दर्भ एवम् प्रयोजन जोडिएका हुन सक्छन् । रविकिरण निर्जीव पनि निबन्ध लेखनबाट आफ्नो पहिचान बनाएका निबन्धकार हुन् । आफ्ना रचनाका माध्यमबाट उनले समाजका विभिन्न क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरूप्रति आलोचनात्मक दृष्टि प्रस्तुत गर्दै समाज सुधारको दिशातिर उन्मुख गराउनका लागि आफ्नो निबन्ध लेखनलाई अगाडि बढाएको पाइन्छ ।

#### २.१.८.१ प्रेरणा र प्रभाव

कुनै पनि साहित्यकारलाई साहित्यतर्फ लाग्ने प्रेरणा र प्रभावमा कसै न कसैको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेको हुन्छ । त्यस्तै रविकिरण निर्जीव पनि आफ्ना गुरुहरू कवि केदारनाथ रेग्मी, स्व. तीर्थराज कोइराला र वि.सं. २०२४ पछिको कलेज जीवनपछि भने गुरु आनन्ददेव भट्ट आदिको प्रेरणा र प्रभावबाट साहित्यको लेखनतर्फ अग्रसर भएका हुन् । त्यस्तैगरी वैज्ञानिक आविष्कारहरू, आफन्तहरूको सकारात्मक सन्देश, कविता रचना गरी सुनाउँदाका स्याबासीहरू र साहित्यप्रतिको रुचि नै उनका प्रेरणा र प्रभावका स्रोत रहेका थिए । स्वदेशी र विदेशी लेखकहरूका कृतिहरूबाट समेत प्रभावित निर्जीव नेपाली लेखकहरूमा लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, पारिजात र अन्य प्रगतिवादी साहित्यकारहरूबाट प्रभावित भएका छन् भने पाश्चात्य साहित्यकारहरूमा विशेष गरी म्याक्सिम गोर्की, लुस्यून आदिका रचनाहरूबाट प्रभावित भएका छन् ।[26]

#### २.१.८.२ लेखन प्रारम्भ र प्रकाशनको थालनी

सानै उमेरदेखि नै साहित्यतर्फ रुचि राख्ने रविकिरण निर्जीव माध्यमिक विद्यालयीय जीवनकाल वि.सं. २०१९ सालदेखि नै साहित्य सिर्जनातर्फ अग्रसर भएका हुन् । वैज्ञानिक चमत्कारबाट समेत प्रभावित बन्न पुगेको उनको **हवाईजहाज** नामक कविता नै पहिलो कविता हो तापनि प्रकाशनका दृष्टिले भने वि.सं. २०२३ सालमा प्रकाशित **नवजीवनको फूलबारी** नामक कवितासङ्ग्रह नै उनको पहिलो प्रकाशित साहित्यिक रचना हो ।[27] त्यसपछि निरन्तरको अभ्यास र अनुभवले खारिँदै गएपछि नेपाली साहित्यका विविध विधा कविता, खण्डकाव्य, उपन्यास, निबन्धका क्षेत्रमा कलम चलाउँदै उनले आफ्ना रचनाहरू प्रकाशित गर्दै आएको पाइन्छ ।

#### २.१.८.३ प्रकाशित पुस्तकाकार कृतिको सूची

वि.सं. २०२३ सालमा **नवजीवनको फूलबारी** नामक कवितासङ्ग्रह प्रकाशन गरी साहित्यिक फाँटमा देखापरेका साहित्यकार निर्जीव अहिलेसम्म पनि सिर्जनरत व्यक्तित्व हुन् । उनले नेपाली

---

[26] पूर्ववत् ।
[27] ऐजन ।

साहित्यका विविध विधामा कलम चलाएका छन् । यस्ता बहुमुखी प्रतिभाका धनी रविकिरण निर्जीवका समसामयिक पत्रपत्रिकामा छरिएर रहेका लेखरचनाहरूका अतिरिक्त एक कवितासङ्ग्रह, एक खण्डकाव्य, दुई निबन्धसङ्ग्रह, एक शिशुकाव्य र एक उपन्यास गरी ६ वटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । त्यसैगरी वि.सं. २०५० सालमा स्नातकोत्तर तहको आठौं पत्रको प्रयोजनका लागि तयार पारिएको सिर्जनात्मक शोधपत्र **मकैका फूलहरूको वर्षा** नामक निबन्धसङ्ग्रह प्रकाशोन्मुख कृतिका रूपमा रहेको भए तापनि त्यस निबन्धसङ्ग्रहभित्रका केही निबन्धहरूलाई परिष्कार र परिमार्जन गर्दै उनले आफ्नो दोस्रो निबन्धसङ्ग्रहमा समावेश गरेका छन् । उनको **केही सोझा निबन्धहरू** नामक निबन्धसङ्ग्रह प्रकाशोन्मुख रहेको जानकारी प्राप्त भएको छ । उनका हालसम्म पुस्तकाकार रूपमा प्रकाशित कृतिहरूको सूची कालक्रमका आधारमा तल दिइएको छ :

**तालिका सङ्ख्या २**

| क्र.सं. | प्रकाशित कृति | विधा | प्रकाशित वर्ष |
|---|---|---|---|
| १. | नवजीवनको फूलबारी | कवितासङ्ग्रह | वि.सं. २०२३ |
| २. | छेपेटार | खण्डकाव्य | वि.सं. २०४२ |
| ३. | सोझा निर्जीवका बाङ्गा निबन्धहरू | निबन्धसङ्ग्रह | वि.सं. २०४७ |
| ४. | कालो कर्णालीको सेतो छाँया | उपन्यास | वि.सं. २०५६ |
| ५. | ऐँजेरू लागेको पिपल | शिशुकाव्य | वि.सं. २०६३ |
| ६. | सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू | निबन्धसङ्ग्रह | वि.सं. २०६४ |

## २.२ व्यक्तित्व

हरेक मानिसको आ-आफ्नै व्यक्तित्व हुन्छ । व्यक्तित्वले गर्दा नै मानिस एक अर्काबाट भिन्न हुन्छ अथवा व्यक्तित्व भन्नु कुनै पनि व्यक्तिको निजी पहिचान हो । मान्छेको पहिचानलाई दुई भागमा बाँड्न सकिन्छ । एउटा चिनारीले उसको शारीरिक बनावटलाई चिनाउँछ जसलाई बाह्य व्यक्तित्व भनिन्छ । बाह्य व्यक्तित्वका तुलनामा आन्तरिक व्यक्तित्व महान् हुन्छ तर पनि बाह्य व्यक्तित्वले आन्तरिक व्यक्तित्वको विकासमा सघाउ पुऱ्याएकै हुन्छ । हरेक मानिसभित्र रहेको प्रतिभा वा क्षमता नै आन्तरिक व्यक्तित्व हो । आन्तरिक व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व पनि भन्न सकिन्छ ।

### २.२.१ बाह्य व्यक्तित्व

रविकिरण निर्जीवको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि निकै आकर्षक रहेको देखिन्छ । उनको पाँच फिट तीन इन्चको उचाइ, लगभग ७५ के.जी. तौल भएको परिपुष्ट शरीर, गोरोवर्ण, प्रौढताउन्मुख सेतै भएर फुलेका तिलचामले कपाल, विशाल छाती, गम्भीर मुखमुद्रा, सधैँ

केही चिन्तन गरिरहेजस्तो आकृति र केही खोजिरहेका जस्ता आँखा, फुर्तिलो देखिने शरीर आदि नै रविकिरण निर्जीवको बाह्य व्यक्तित्वको आकर्षण रहेको छ ।[28]

यसैगरी कपिल अज्ञातका अनुसार गोलगोल सुन्दर र आकर्षक अनुहार, अग्लो-अग्लो पूरै गोर्खाली कदलाई उछिनेर बढेको उचाइ, उर्वर परिवेश पाएर राम्ररी फस्टाउन पुगेका सालको सोभ्फो रुखजस्तो हृष्टपुष्ट शरीर, सर्लक्क परेका हातपाखुरा र सल्काइला औंलाहरू, टम्म मिलेर उभिएका ट्राफिकभ्फैँ दन्तपङ्क्ति, आभामय मुखमुद्रा र मधुरस्मित बोलीवचनले युक्त रविकिरण निर्जीवको शारीरिक व्यक्तित्व कुनै उपन्यासमा वर्णित नायककै जस्तो सुन्दर र आकर्षक देखिन्छ । हाल उनी ६३ वसन्त बेहोरिसकेका साहित्य र समाजका निम्ति केही गरौँ भन्ने आत्मिक भावनाले नै जुर्मुराएका युवाजस्तै फुर्तिला र जाँगरिला देखिन्छन् ।[29]

### २.२.२ आन्तरिक व्यक्तित्व

जुनसुकै क्षेत्रमा कुनै पनि मानिसलाई चिनाउनका लागि बाह्य व्यक्तित्वभन्दा आन्तरिक व्यक्तित्वको गहन भूमिका रहेको हुन्छ । निर्जीवको बाह्य व्यक्तित्वजस्तै आन्तरिक व्यक्तित्व पनि प्रखर रहेको छ । कविताकाव्य, उपन्यास, निबन्ध आदि विविध विधामा कलम चलाएका निर्जीवको आन्तरिक व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । विविध क्षेत्रमा विस्तारित उनको व्यक्तित्वलाई मुख्य रूपमा साहित्यिक र साहित्येतर गरी दुई किसिमले हेर्न सकिन्छ ।

#### २.२.२.१ साहित्यिक व्यक्तित्व

अधिकांश साहित्यकारहरूले आफ्नो लेखन आरम्भ कविताबाट गरेको जानकारी पाइन्छ । रविकिरण निर्जीवले पनि आफ्नो साहित्ययात्राको थालनी कविता विधाबाटै गरेका छन् । उनले आभ्यसिक रूपमा माध्यमिक तहको विद्यार्थी अवस्थादेखि नै कविता रचना गर्दै साहित्यिक मञ्चमासमेत वाचन गर्दै आए तापनि प्रकाशनको प्रारम्भ भने **नवजीवनको फूलबारी** (२०२३) नामक कवितासङ्ग्रहबाट नै भएको देखिन्छ । यसपछि भने उनले क्रमशः खण्डकाव्य, निबन्ध, नाटक, उपन्यास, समालोचना र बालसाहित्यका क्षेत्रमा समेत कलम चलाएको पाइन्छ । यसले गर्दा उनको साहित्यिक व्यक्तित्व झ्याङ्गिएको स्पष्ट देख्न सकिन्छ ।

यसप्रकार हेर्दा साहित्यका विविध विधामा कलम चलाएका रविकिरण निर्जीवको साहित्यिक व्यक्तित्व बहुमुखी देखिन आउँछ । साहित्यिक व्यक्तित्वका रूपमा उनको व्यक्तित्वलाई विकासक्रमको आधारमा हेर्नु समुचित देखिन्छ ।

---

[28] पूर्ववत् ।

[29] कपिल अज्ञात, **स्रष्टाबिम्ब : व्यक्तित्व र आरेख,** (भाग-१), चितवन साहित्य परिषद्, २०६७, पृ. ५९ ।

### २.२.२.१.१ कवि तथा काव्यकार व्यक्तित्व

रविकिरण निर्जीवको साहित्यिक व्यक्तित्वमध्ये कवि तथा काव्यकार व्यक्तित्व पहिलो व्यक्तित्व हो । यसै विधामार्फत् उनको लेखनयात्रा प्रारम्भ भएको हो । वि.सं. २०१९ सालदेखि नै कविता रचना गर्दै आएका निर्जीवको लेखनका दृष्टिले पहिलो कविता **हवाइजहाज** नामक कविता हो भने वि.सं. २०२३ सालमा प्रकाशित **नवजीवनको फूलबारी** कवितासङ्ग्रह नै पहिलो प्रकाशित साहित्यिक रचना हो ।[30] यही कवितासङ्ग्रहका माध्यमबाट उनी नेपाली साहित्यका क्षेत्रमा देखापरेका हुन् । उनका **नवजीवनको फूलबारी** कवितासङ्ग्रह, **छेपेटार** खण्डकाव्य प्रकाशित रहेका छन् । यिनै काव्यकृतिले उनलाई कवि तथा काव्यकार व्यक्तित्वका रूपमा उभ्याएका छन् ।

निर्जीवको **नवजीवनको फूलबारी** कवितासङ्ग्रहमा छन्दोबद्ध गीति र गद्य गरी तीन प्रकारका तथा विविध भावभूमि भएका तीसवटा कविताहरू रहेका छन् । यस सङ्ग्रहमा उनले आफ्नो जीवन भोगाइका क्रममा प्राप्त अनुभूतिलाई समेत जीवन्तता प्रदान गरेका छन् । यसैगरी वि.सं. २०१६ सालमा आफ्ना पितासँग लमजुङबाट चितवन चम्पानगरमा बसाइँ सरी आएको घटनाको झझल्को समेत आउने कविताहरू यसमा सङ्कलित छन् । समसामयिक वस्तुस्थितिमाथि पनि प्रकाश पार्ने उनका कवितामा राजा र राजसंस्थाप्रतिको आस्था, मानवतावादी दृष्टिकोण, मातृभूमिप्रतिको मोह, शोकभाव, छन्दप्रति मोह, भाषाशैलीमा सरलता र सहजता आदिजस्ता प्रवृत्ति यस सङ्ग्रहमा देख्न सकिन्छ । साहित्य लेखनको प्रारम्भमा लेखिएकाले यी रचनाहरूमा स्तरीयताको निर्वाह भने कमै देख्न सकिन्छ ।

यसै गरी वि.सं. २०४२ मा प्रकाशित उनको दोस्रो कृति **छेपेटार** नामक खण्डकाव्यले उनलाई खण्डकाव्यकार व्यक्तित्वका रूपमा उभ्याउन सफल भएको छ । ग्रामीण जनजीवनका यथार्थता देखाउन खोजिएको यस काव्यले यथार्थवादी धरातलमा प्रगतिवादी चिन्तनलाई टड्कारो रूपमा उभ्याउन समेत सफल भएको छ । तीनवटा छन्दमा लेखिएको यस कृतिमा ग्रामीण परिवेश, वर्गीय अडान, तीव्र अनुभूति, व्यङ्ग्यात्मक, स्वाभाविक वर्णन, द्वन्द्ववादको समर्थन, काव्यगत योग्यता, भाषागत वैशिष्ट्य, शैलीगत नवीनता आदि उनका काव्यमा पाइने विशेषता हुन् ।

त्यस्तै रविकिरण निर्जीव बालकाव्यकार व्यक्तित्त्वका रूपमा समेत उभिन सफल भएका छन् । उनको **ऐँजेरु लागेको पिपल** नामक बालकाव्यले नै उनलाई बालकाव्यकार व्यक्तित्वका रूपमा परिचित बनाएको हो । वि.सं. २०४२ सालमा रचना गरिएको उक्त कृति वि.सं. २०६३ सालमा प्रकाशित भएको हो । प्रकाशनका दृष्टिले पाँचौ कृति भए तापनि बालकाव्यसम्बन्धी यो नै उनको पहिलो र एकमात्र कृति हो जुन नेपाली बालकाव्यका क्षेत्रमा महत्त्वपूर्ण कदम मानिएको छ । शास्त्रीय शार्दूलविक्रीडित छन्दमा रचित यो लामो कविता हो तापनि आकारगत लघुता, अभिव्यक्तिगत सरलता

[30] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

एवम् विषयगत साम्यताका कारण यसलाई उनले बालकाव्यको संज्ञा दिएका छन् ।[31] यो प्रतीकात्मक वा लाक्षणिक काव्य हो । पिपल सुन्दर उद्देश्य, भावना वा विचारको प्रतीक हो भने ऐँजेरूलाई कलुषित भावना, विचार र प्रवृत्तिको प्रतीकका रूपमा उभ्याई बालबालिकाको भावनालाई असल मार्ग निर्देशन गर्ने अभिप्रायका साथ यो लेखिएको हो । यसमा एउटा पिपलको बिरुवाको जीवन विकासका क्रममा आइपर्ने विपत्ति, सङ्घर्ष र उद्धारको क्रम देखाउँदै हामीले पनि जीवनयापनका क्रममा आइपर्ने कठिन परिस्थितिहरूसँग जुध्दै सङ्घर्ष गर्दै विकासको बाटोमा अगाडि बढ्नुपर्छ भन्ने कुरा व्यक्त गरिएको छ ।

### २.२.२.१.२ निबन्धकार व्यक्तित्व

नेपाली साहित्यका विविध विधामा कलम चलाएका बहुमुखी प्रतिभाका धनी रविकिरण निर्जीवको अन्य साहित्यिक व्यक्तित्वका तुलनामा निबन्धकार व्यक्तित्व सर्वोच्च स्थानमा देखापरेको छ । जुन विधामा कलम चलाए पनि आमूल परिवर्तन र प्रगतिवादी चेतनाको छाप सबैतिर छाड्न सफल निर्जीवको सर्वाधिक लोकप्रिय व्यक्तित्व निबन्धकार व्यक्तित्व नै हो । यस तथ्यलाई उनका प्रकाशित निबन्धहरूले स्पष्ट पार्दछन् । निर्जीवको आख्यान लेखनमा पनि निबन्धशैली परेको छ भन्ने पारिजातको स्पष्ट प्रतिक्रियाले पनि उनी निबन्ध लेखनमै सफल छन् भन्ने कुराको सङ्केत गरेको छ । उनी वि.सं. २०२४ सालमा **दोभान** पत्रिकामा प्रकाशित *गाउँफर्क र साहित्य* शीर्षक निबन्धसँगै औपचारिक रूपमा निबन्धका क्षेत्रमा देखापरेका हुन् । यो निबन्ध वि.सं. २०२४ साल फागुन ७ गते भरतपुरमा सम्पन्न चितवन जिल्लाव्यापी प्रतियोगितात्मक साहित्य गोष्ठीमा प्रथम स्थान हासिल गर्न सफल भएको थियो ।[32] वि.सं. २०४२ सालपछि भने व्यङ्ग्यात्मक निबन्धतिर आकृष्ट निर्जीवका हाल **सोभा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७), **सोभा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) नामक दुई सङ्ग्रह प्रकाशित छन् । यिनै सङ्ग्रहले उनको निबन्धकार व्यक्तित्वलाई उच्च बनाएको छ । यसैगरी निर्जीवको स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको प्रयोजनका लागि लेखिएको **मकैका फूलहरूको वर्षा** नामक निबन्धसङ्ग्रह प्रकाशोन्मुख कृतिका रूपमा रहेको भए पनि यसभित्रका केही निबन्धहरूलाई परिष्कार र परिमार्जन गर्दै आफ्नो दोस्रो निबन्धसङ्ग्रहभित्र सङ्गृहीत गरेको पाइन्छ । हाल उनका **केही सोभा निबन्धहरू** प्रकाशोन्मुख कृतिका रूपमा रहेको जानकारी पाइन्छ । यसैगरी फुटकर रूपमा समेत विभिन्न पत्रपत्रिकाहरूमा उनका निबन्धहरू प्रकाशित भएका छन् ।

विषयगत गहनता, वैचारिक उचाइ र गम्भीर चिन्तन आदि प्रवृत्तिका साथै भाषिक प्रौढता, अभिव्यक्तिगत सङ्क्षिप्तता, शैलीगत नवीनताको गर्दा उनका निबन्धहरूले उनीभित्रको निबन्धकार व्यक्तित्वलाई उच्च बनाएका छन् । निर्जीवका निबन्ध बाङ्गा छन्, सरल छन्, स्पष्ट छन् । सामाजिक विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्यात्मक प्रहार, राजनैतिक आस्था विशेषको रचनात्मक

---

[31] कपिल अज्ञात, **स्रष्टाबिम्ब : व्यक्तित्व र आरेख,** पूर्ववत्, पृ. ६३ ।

[32] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

प्रस्तुति, आत्मगत चिन्तन र अभिव्यक्तिगत स्पष्टता उनका विशेषता रहेका छन् ।[33] प्रगतिवादी चिन्तनकै दिशातर्फ अभिप्रेरित उनका निबन्धहरूमा विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिलाई व्यङ्ग्य गर्दै त्यसप्रति सुधारको सङ्केतसमेत प्रस्तुत गरिएको छ । यसरी परिमाणात्मक र गुणात्मक दुवै दृष्टिबाट उनको निबन्धकार व्यक्तित्व उच्च रहेको पाइन्छ ।

### २.२.२.१.३ नाटककार व्यक्तित्व

रविकिरण निर्जीवका आन्तरिक व्यक्तित्वका विविध पाटाहरूमध्ये नाटककार व्यक्तित्व पनि एक हो । उनको एकमात्र **वनभक्ति** नामक नाटक प्रकाशित छ, जसले उनलाई नाटककार व्यक्तित्वका रूपमा समेत उभ्याएको छ । उक्त नाटक **उत्साह** पत्रिकाको पूर्णाङ्क-४३-४६, २०४४ मा प्रकाशित भएको हो । उनका नाटकमा पनि अन्य कृतिहरूमा झैँ समाजमा विद्यमान अन्याय, अत्याचार शोषण आदिको चित्रण गर्दै त्यसप्रति विद्रोहको स्वर प्रकट गरिएको छ ।

### २.२.२.१.४ उपन्यासकार व्यक्तित्व

रविकिरण निर्जीवका विविध साहित्यिक व्यक्तित्वहरूमध्ये उपन्यासकार व्यक्तित्व पनि उत्तिकै सशक्त र जीवन्त रहेको छ । वि.सं. २०५६ सालमा प्रकाशित **कालो कर्णालीको सेतो छाँया** नामक लघु उपन्यास उनको एकमात्र उपन्यास हो । यही उपन्यासका माध्यमबाट नै उनी उपन्यासकार व्यक्तित्वका रूपमा समेत उभिन सफल भएका हुन् । अध्यापनको सिलसिलामा कर्णाली प्रदेशमा रहँदा, त्यहाँको जनजीवन, रीतिरिवाज आदिलाई नजिकैबाट राम्रोसँग नियालेका निर्जीवले आफ्नो अध्ययन र अनुभवलाई रोचक र प्रभावकारी ढङ्गले यस उपन्यासमा उतारेका छन् । यसमा रुढीवादी, सामन्ती संस्कृतिप्रति विद्रोह, नारी अधिकार, मानव अस्तित्वको खोजी, समाज परिवर्तनकारी सोंच, सुधारात्मक सन्देश आदि प्रवृत्तिगत विशेषताहरू पाइन्छन् । यसका साथै सरल भाषा, रोचक शैली, उखान टुक्काहरूको प्रयोग, स्थानीय भाषिकाका शब्दहरूको प्रयोग र तिनको अर्थ परिचयका साथै उपमा र उपमेयहरू र झर्रा शब्दहरूको प्रयोग एवम् स्पष्टता आदिले उनको उपन्यासकार व्यक्तित्वलाई जीवन्त तुल्याएको पाइन्छ ।

### २.२.२.१.५ समालोचक व्यक्तित्व

रविकिरण निर्जीवको खास साहित्यिक क्षेत्र कविता, निबन्ध र उपन्यासको सिर्जना रहेको पाइए तापनि बहुमुखी प्रतिभाका धनी निर्जीवले केही कृतिहरूको समालोचकीय टिप्पणी एवम् आलोचनात्मक समीक्षा गर्दै आफ्नो समालोचकीय व्यक्तित्व निर्माण गर्ने कार्यसमेत गरेका छन् । उनका समालोचनाहरूले पुस्तकाकार कृतिको रूप भने धारण गरेको पाइँदैन । उनले रामप्रसाद ज्ञवालीको **औंशीका फूलहरू** महाकाव्य, भाष्करको **अमरबस्ती** उपन्यास र कृष्ण धरावासीको **आधा**

---

[33] डी.आर.पोखरेलसँगको अन्तर्वार्ताबाट ।

**बाटो** नामक कृतिको समालोचना गरेका छन् । उनका क्रमश: ***औंशीका फूलहरूको फूलबारीमा एकैछिन घुम्दा, अमरबस्ती अतीतको कथा वर्तमानको प्रभाव*** र ***आधा बाटो पूरा हिंडेपछि*** शीर्षक समालोचनात्मक लेख प्रकाशित भएको पाइन्छ ।[34] यसैगरी कृतिपरक समालोचनामा भन्दा जीवनीपरक समालोचनामा उनको कलम बढी चलेको देखिन्छ । उनले नेपाली साहित्यकार चूडामणि रेग्मी, श्यामप्रसाद शर्मा, खगेन्द्र सङ्ग्रौला, आनन्ददेव भट्ट आदिका विभिन्न शीर्षकमा समालोचनात्मक लेख प्रकाशित गरेका छन् ।

निर्जीवले कुनै पनि लेखकले आफ्ना निकटको स्रष्टालाई उठाउने ध्येय राख्ने होइन अपितु सबै स्रष्टाको गुण दोषलाई निष्पक्ष र निर्भीक भएर विश्लेषण गर्नु नै समालोचना हो भन्ने दृष्टिकोण राख्दछन् । उनले सङ्ख्यात्मक रूपमा थोरै भए पनि निर्णयात्मक र तुलनात्मक समीक्षाका साथै कृतिको चिन्तन तथा मर्म पहिल्याएर समालोचना गरेका छन् । उनी कृति तथा व्यक्तिका सबल र दुर्वल पक्षलाई केलाएर समालोचना लेखिनुपर्छ भन्ने विचारसमेत व्यक्त गर्दछन् ।

### २.२.२.२ साहित्येतर व्यक्तित्व

कुनै एउटै व्यक्तिभित्र पनि धेरै प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेका हुन्छन्, जसका कारण समाजका अनेक कार्य क्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्छ । यसै परिप्रेक्ष्यमा रविकिरण निर्जीवको व्यक्तित्व पनि बहुआयामिक देखिन्छ । निर्जीवले साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्वको पनि निर्माण गर्न सफल भएका छन् । उनको साहित्येतर व्यक्तित्वलाई निम्नानुसार अध्ययन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

### २.२.२.२.१ सम्पादक व्यक्तित्व

साहित्येतर फाँटमा रविकिरण निर्जीवको सम्पादक व्यक्तित्व महत्त्वपूर्ण देखिन्छ । निर्जीव नेपाली भाषा साहित्यका अध्येता एवम् विविध विधागत रचनाका रचनाकार भएकाले सम्पादन कलामा पनि कुशल छन् ।[35] सम्पादन भनेको भाषिक शुद्धि, व्याकरणिक वाक्यगठन, औचित्य, संयोजन र संशोधन मात्र होइन बरु विचार र मर्यादाको सम्यक् व्यवस्थापन पनि हो भन्ने दृष्टिकोण राख्ने निर्जीवले सर्वप्रथम वि.सं. २०२४ सालमा वीरेन्द्र बहुमुखी क्याम्पसको मुखपत्र **प्रकाशपुञ्ज** (पहिलो) को प्रधान सम्पादक भई कार्य गरेका थिए । यसपछि पनि समय र सन्दर्भ मिलाएर उनले यस क्षेत्रमा आफूलाई संलग्न गराएका छन् । मार्क्सवादी सौन्दर्यशास्त्रीय विश्व दृष्टिकोण अन्तर्गत रहेर सिर्जना गर्ने रविकिरण निर्जीवले **दोभान** (२०२५), **नौलो राँको** (२०२६), **सेरोफेरो** (२०४२) आदि पत्रपत्रिकाको संयुक्त सम्पादन गरेका छन् ।[36] यसका साथै **नौलो राँको** (२०४७), **नौलो राँको** (२०५६), **नौलो**

---

[34] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

[35] कपिल अज्ञात, **स्रष्टाबिम्ब : व्यक्तित्व र आरेख,** (भाग-१), पूर्ववत्, पृ. ६१ ।

[36] हरिहर खनाल, *चितवनको साहित्य : एक विहङ्गम दृष्टि,* **स्मारिका चितवन महोत्सव,** २०५५ पौष, पृ. २४ ।

**राँको** (२०६४) को पनि संयुक्त सम्पादन गरेका निर्जीवले **कुनचाहिँ धर्म कुनचाहिँ अधर्म** (२०६५) नामक काव्यको पनि सम्पादन गरेका छन् ।[37] यसरी उनले विभिन्न क्षेत्रमा रहेर पनि कुशलतापूर्वक सम्पादन कार्य गरेर आफ्नो सम्पादक व्यक्तित्वलाई उजिल्याउने कार्य गरेका छन् ।

### २.२.२.२.२ सामाजिक व्यक्तित्व

रविकिरण निर्जीव वि.सं. २०२४ सालदेखि नै विभिन्न सामाजिक साहित्यिक सङ्घसंस्थामा आबद्ध भई आफ्नो जिम्मेवारी गहनतापूर्वक वहन गर्दै आफूलाई सामाजिक व्यक्तित्वको रूपमा समेत स्थापित गराउन सफल भएका छन् । उनी हालसम्म निम्नलिखित सङ्घसंस्थामा आबद्ध भएका छन् :[38]

क. श्री ब्राह्मी पुस्तकालय गीतानगर, चितवन वि.सं. २०२४ : अध्यक्ष ।
ख. श्री अलैंचे प्रा.वि., लमजुङ, वि.सं २०२९ : अध्यक्ष ।
ग. श्री लक्ष्मीनारायण प्रा.वि. लमजुङ (हाल प्र.मा.वि.) वि.सं. २०३० : अध्यक्ष ।
घ. हिमालय मा.वि. चम्पानगर, चितवनका संस्थापक सदस्य ।
ङ. श्री जनउत्थान समाज, चम्पानगर चितवन, वि.सं. २०५१ : अध्यक्ष ।
च. प्रगतिशील लेखक सङ्घ, वि.सं. २०५०-२०५२ : केन्द्रीय सदस्य ।
छ. जनसांस्कृतिक महासङ्घ, चितवन, वि.सं. २०५०-२०५२ : अध्यक्ष ।
ज. साहित्य सङ्गम चितवन, २०४४ देखि हालसम्म संस्थापक, आजीवन सदस्य, सल्लाहकार ।
झ. लायन्स क्लब अफ चितवन सेन्ट्रल सदस्य २०६५ देखि ।
ञ. अ.ने.ले.स. अध्यक्ष २०६६ देखि ।
ट. जनसांस्कृतिक सङ्घ उपाध्यक्ष २०६६ देखि ।
ठ. प्रगतिशील लेखक सङ्घ सल्लाहकार २०६६ देखि ।
ड. मधुमेह समाज चितवन सल्लाहकार २०६५ देखि ।

यसरी निर्जीवले विभिन्न सङ्घसंस्थामा आबद्ध भै विभिन्न पदमा रहेर सामाजिक कार्य गरेबाट उनको सामाजिक व्यक्तित्व फस्टाउँदै गएको देखिन्छ ।

### २.२.२.२.३ पत्रकारितामा संलग्न व्यक्तित्व

रविकिरण निर्जीवले वि.सं. २०२५ सालमा **मातृभूमि** साप्ताहिक पत्रिकाको नारायणी अञ्चल प्रतिनिधिका रूपमा कायम गरेका थिए । अन्याय र अत्याचार विरुद्ध सदैव आवाज उठाउन चाहने निर्जीवले त्यसबेला स्थानीय सामन्तहरूको शोषण र दमनको निम्ति पत्रिकामा खबर प्रकाशित गरेका

[37] शोधनायकसँगको अन्तर्वार्ताबाट ।
[38] ऐजन ।

थिए । यसकारण उनले विभिन्न किसिमका धम्की र पिटाइसमेत खानुपरेको थियो ।[39] यसपछि आफ्ना आस्थाका पत्रपत्रिकाहरूमा स्वस्फूर्त रूपले लेख, समाचार र सामयिक टिप्पणीहरू वर्तमानसम्म पनि लेख्ने गरेको जानकारी प्राप्त हुन्छ ।

### २.२.२.२.४ शिक्षक व्यक्तित्व

रविकिरण निर्जीवको साहित्यिक व्यक्तित्व जत्तिकै उठेको साहित्येतर व्यक्तित्व शिक्षक व्यक्तित्व हो । उनले वि.सं. २०२३ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेपश्चात् नै अरुणोदय मा.वि. गीतानगरबाट शिक्षक पेसामा संलग्न भई कार्य गरेका हुन् ।[40] साहित्य र शिक्षा दुवै क्षेत्रमा एकै समय प्रवेश गरेका उनले २०३८ सालको शिक्षक आन्दोलनमा सरिक भएकैले वैचारिक आस्थाका कारण पेसाबाटै निष्काशन र कारावासको पीडासमेत भोग्नुपरे तापनि आफ्नो आस्था र विचारबाट उनी कहिल्यै विचलित भएनन् । फलस्वरूप उनले शिक्षणका क्रममा देशका विभिन्न भू-भागमा पुगेर शिक्षक र प्र.अ. भई लामो समयसम्म शिक्षण सेवा प्रदान गरेको पाइन्छ । वि.सं. २०४५ सालबाट भने हिमालय मा.वि. चम्पानगरका प्रधानाध्यापकका रूपमा कार्यरत उनी हाल निवृत्त जीवन बिताइरहेका छन् । अध्यापक रहँदा लगनशील र अनुशासित अनि प्रधानाध्यापक बन्दा परिश्रमी, समर्पित र निष्पक्ष रहनु उनको विशेषता हो । पद, प्रतिष्ठा र पैसाका निहित स्वार्थमा कहीँ कतै शक्तिका सामु उनी कहिल्यै झुकेका देखिएनन् ।[41] सरल सामान्य रही कुनै महत्त्वाकाङ्क्षा नराखी स्वाभिमानपूर्वक बाँच्ने प्रवृत्तिका उनी आर्जनशील नभई सिर्जनशील जीवन बिताउन चाहन्छन् । मानिसका विकारजन्य विचारहरूमाथि प्रहार गर्न रुचाउने र सुधारको आशा राख्ने उनी स्पष्टवक्ता आलोचक र आत्मालोचक दुबै हुन् ।

### २.२.२.२.५ राजनीतिक व्यक्तित्व

रविकिरण निर्जीवको साहित्येतर व्यक्तित्वहरूमध्ये राजनीतिक व्यक्तित्व पनि एक हो । वि.सं. २०२२ सालमा लमजुङको अलैंचेमा उनी प्रधानपञ्चमा उठेका थिए । त्यतिबेला उनी स्वविवेकले नभई अर्को व्यक्तिलाई हराउनका लागि करकापमा पारेर साथीहरूले उठाएको कुरा उनीबाट थाहा हुन्छ । त्यसपछि उनले राजनीतितिर ध्यान नदिई पढाइलाई नै निरन्तरता दिएका थिए । वि.सं. २०२४/२५ सालदेखि भने कम्युनिष्ट राजनीतिमा लागेका र निरन्तर स-साना पदहरूमा बसेर ठीक धारमा उनी हिँडेको पाइन्छ । उनमा ठूला-ठूला सांसद पार्टीको केन्द्रीय समितिको पदप्रतिको लागि भने कुनै पनि मोह देखिएन । यस अवधिमा उनमा राजनीतिक आस्था र रुचि तीव्र रहेको देखिन्छ किनभने उनले देशका विभिन्न भू-भागमा पुगेर शिक्षाको ज्योति छर्दै जाने क्रममा जनमानसमा

---

[39] पूर्ववत् ।
[40] ऐजन ।
[41] कपिल अज्ञात, **स्रष्टाबिम्ब : व्यक्तित्व र आरेख,** पूर्ववत्, पृ. ६० ।

कम्युनिष्ट विचारको प्रचारप्रसार पनि गर्दै हिँडेको पाइन्छ । फलस्वरूप पञ्चायती समयमा वि.सं २०३८ सालमा बहुदलवादीको आरोपमा एक महिनाजति उनी जुम्लामा जेल परेका थिए । यसैगरी वि.सं. २०४६ सालमा पनि कम्युनिष्ट आन्दोलनकारी भनेर पक्राउमा परी तीन दिनमा छुटेका थिए । वि.सं. २०५८/५९ सालमा पनि निर्जीव पुन: आतङ्ककारीको आरोपमा १३ महिना जेलजीवन बिताएका थिए ।[42] मार्क्सदेखि माओसम्मका विचार र दर्शनप्रति उच्च आस्था राख्ने यिनमा पद र पैसाको कुनै पनि मोह भने रहेको देखिँदैन तापनि राजनीतिक आस्था र रुचि भने उनमा तीव्र रहेको पाइन्छ, जुन कुरा उनका कतिपय रचनाहरूका झिल्काझिल्कीले समेत प्रस्ट पार्दछन् ।

## २.३. निष्कर्ष

रविकिरण निर्जीवले नेपाली साहित्यका विविध विधामा कलम चलाए तापनि अन्य व्यक्तित्वका तुलनामा निबन्धकार व्यक्तित्व नै उच्च रहेको देखिन्छ । निर्जीवले आफ्ना गुरुहरू र अन्य विभिन्न साहित्यकारहरूका साहित्यिक कृतिबाट प्रभावित भई निबन्धको रचना गर्न आरम्भ गरेका हुन् । प्रगतिवादी चिन्तनधारालाई अवलम्बन गर्दै निबन्धको रचना गर्ने निर्जीवले विभिन्न क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । माध्यमिक विद्यालयीय जीवनकालदेखि नै सिर्जनाका क्षेत्रमा प्रवेश गरेका उनले साहित्यिक व्यक्तित्वका साथै साहित्येतर क्षेत्रमा समेत आफ्नो पहिचान कायम गराएका छन् । साहित्यिक व्यक्तित्व अन्तर्गत कवि, नाटककार, उपन्यासकार, निबन्धकार हुँदै अघिबढे तापनि निबन्धकार व्यक्तित्वले नै उनलाई बढी उचालेको पाइन्छ । यसैगरी साहित्येतर व्यक्तित्वका रूपमा सम्पादक, शिक्षक, समाजसेवी आदि क्षेत्रमा उनको व्यक्तित्व फिँजारिएको पाइन्छ । यसरी आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुवै क्षेत्रबाट योगदान दिने निर्जीवको व्यक्तित्व सफल, उदाहरणीय र अनुकरणीय देखिन्छ ।

[42] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

# परिच्छेद : तीन
# निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

## ३.१ निबन्धको सैद्धान्तिक अध्ययन

निबन्ध मूलतः संस्कृत शब्द हो । नि+बन्ध्+घञ् मिलेर बनेको निबन्ध शब्दले गद्यमा लेखिने स्वतन्त्र साहित्यिक विधालाई जनाउँछ । संरचना र स्वरूपका दृष्टिले यो पाश्चात्य साहित्यको देन हो । फ्रान्समा जन्मेर विकसित हुँदै नेपाली साहित्यमा देखापरेको यस विधाले संरचना र स्वरूपको नवीनतालाई आत्मसात् गर्दै आफूलाई अगाडि बढाएको छ । निबन्धको निम्नलिखित शीर्षकहरूमा आधारित रहेर निबन्धको सैद्धान्तिक चर्चा गर्ने प्रयास गरिएको छ :

### ३.१.१ पृष्ठभूमि

पूर्वीय साहित्यिक अवधारणा अनुसार निबन्धले आफ्नो विधागत अस्तित्व प्राप्त गर्नुभन्दा अगाडि साहित्यका सिङ्गै धरातललाई दुई भागमा मात्र राखेर अध्ययन गर्ने प्रचलन रहेको थियो । यही धारणा अनुरूप नै साहित्यका श्रव्य र दृश्य गरी दुई भेद मानिएका छन् । नाट्यभावका रूपक, नाटक, नाटिकाजस्ता अभिनयकलाद्वारा ग्रहण गरिने रचनाहरू दृश्यकाव्य अन्तर्गत पर्दछन् भने पढेर, गाएर वा सुनेर ग्रहण गरिने कथा, कविता, काव्यहरू, श्रव्यकाव्य अन्तर्गत पर्दछन् । श्रव्यकाव्य अन्तर्गतका दुई हाँगा गद्य र पद्यमध्ये पद्यमा कविता पर्दछ भने कथा, उपन्यास र निबन्ध गद्यमा पर्दछन् ।

निबन्ध विश्वसाहित्यमा र नेपाली साहित्यमा समेत अन्य विधाका तुलनामा अति नवीन र कान्छो विधा मानिएको छ । कविता, कथा र नाटक प्राचीन युगदेखि नै प्रचलित र परम्परित बनेर आधुनिक युगमा आएर र आधुनिक रूप प्राप्त गरेका विधा हुन् तर निबन्धचाहिँ नितान्त नयाँ र आधुनिक युग आरम्भ भएपछि मात्र प्रादुर्भाव भएको विधा हो ।[1] निबन्धको बीजारोपण प्राचीन पूर्वीय साहित्यमा काव्य वा प्रबन्धकाव्यका रूपमा भेटिन्थ्यो तापनि निबन्ध विधाको लेखन संस्कृत साहित्यको कालखण्डमा हुनसकेको पाइँदैन ।

साहित्यका सिर्जनात्मक विधामध्ये लोकप्रिय विधाका रूपमा रहेको निबन्ध छोटो, छरितो र स्वतन्त्र अभिव्यक्तिको गद्यात्मक विधा हो । यसमा जीवन भोगाइका तितामिठा कुराहरू एवम् ज्ञानराशिका चिन्तनलाई अभिव्यक्त गर्ने क्रममा यसको प्रयोग गरिएको हो । सीमित घेराभित्र रहेर असीमित विचार प्रस्तुत गर्ने र मनमा उब्जेका उन्मुक्त भावना वा विचारलाई अनुभव वा जीवनका अनुभूतिले रङ्गाएर गद्यात्मक अभिव्यक्ति दिने एक प्रकारको रचना विशेष नै निबन्ध

[1] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** (काठमाडौं : पाठ्यसामग्री पसल, २०५७), पृ. ५८ ।

हो ।[2] यो प्रतिभाशाली साहित्यिक व्यक्तिको उपज हो जसमा अन्य साहित्यिक विधाका गुणहरू पनि थोरबहुत रूपमा समाहित हुन्छन् ।

साहित्यका कविता, नाटक, आख्यान र निबन्ध गरी मूलत: चार विधा मानिएका छन् । साहित्यमा देखापर्ने अन्य सबै भेदहरू यिनै मूलविधाका मिठासबाट उत्पन्न उपभेद हुन् । साहित्यका यी मूलभूत चार विधामध्ये अन्य तीन विधा साहित्यिक मात्र हुन्छन् तर अत्यन्त लोकप्रिय विधाका रूपमा रहेको एक विधा निबन्ध साहित्यिक र साहित्येतर दुवै हुन्छ । साहित्यिक निबन्ध ललित र सौन्दर्यपरक हुन्छ । यो रागात्मक अनुभूतिमा आधारित र कल्पनाप्रधान, निजात्मक र विशिष्ट भाषिक कलामा आधारित हुन्छ । साहित्येतर निबन्ध ज्ञानविज्ञानका क्षेत्रमा आधारित र प्रविधिपरक हुन्छ । यो वस्तुगत, ज्ञानमा आधारित न्यूनकलात्मक, परात्मक, निर्वैयक्तिक र सामान्य भाषिक कलामा आधारित हुन्छ ।[3] साहित्येतर निबन्धलाई लेख पनि भनिन्छ । नाटक र आख्यानले गद्य साहित्य अन्तर्गत पहिलेदेखि नै जन्म पाएको देखिन्छ भने गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गएपनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सृजना हुन थाल्यो ।[4] यसकारण विश्वसाहित्यका क्षेत्रमा निबन्धलाई सबैभन्दा कान्छो विधाका रूपमा लिन सकिन्छ ।

## ३.१.२ निबन्धको व्युत्पत्ति र अर्थ

निबन्ध पश्चिमी मुलुक फ्रान्समा जन्मेर विकसित हुँदै अङ्ग्रेजी, हिन्दी, बङ्गाली हुँदै नेपाली साहित्यमा समेत देखापरेको साहित्यिक विधा हो तापनि यो शब्द नेपाली साहित्यमा संस्कृत तत्सम शब्दका रूपमा प्रयुक्त छ । त्यसैले यसको व्युत्पत्तिका सम्बन्धमा सर्वप्रथम पूर्वीय दृष्टिकोणको चर्चा हुनु आवश्यक मानिन्छ । निबन्ध संस्कृत व्याकरणको शब्दनिर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेको 'बन्ध्' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो । यसको अर्थ हुन्छ- नि:शेष हिसाबले बाँध्ने काम गर्नु अर्थात् भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङ्ग्रहित गर्नु र निजात्मक अभिव्यक्ति दिनु भन्ने बुझिन्छ ।[5] यसरी आफ्ना विचार र भावनाहरूलाई राम्ररी बाँधिएको साहित्यिक रचना विशेष नै निबन्ध हो जुन स्वयम् पूर्ण र स्वतन्त्र हुन्छ ।

यसरी शब्दनिर्माण प्रक्रियामा निबन्ध संस्कृत व्याकरणकै अनुशासनमा तयार भएको पाइए तापनि संस्कृत साहित्यकालमा आधुनिक स्वरूपका निबन्धको सिर्जना भएको पाइँदैन तापनि वासवदत्ता, न्यायमञ्जरी, कादम्बरी आदिजस्ता ग्रन्थमा निबन्धका प्रारम्भिक पूर्वीय नमुनाहरू नपाइने भने होइनन् । विश्वसाहित्यमा निबन्धको आधुनिक स्वरूपको निर्माण भने पश्चिमी साहित्यबाट नै

---

[2] रत्नप्रसाद सापकोटा, **निर्मोही व्यासको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९, पृ. १५ ।

[3] राजेन्द्र सुवेदी, *आधुनिक नेपाली निबन्ध शिक्षण,* **वाङ्मय** (वर्ष-१०, पूर्णाङ्क-१०), २०५७/०५८, पृ. ८ ।

[4] राजेन्द्र सुवेदी (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध,** तेस्रो संस्करण, (काठमाडौं : पाठ्यसामग्री पसल, २०५६) पृ. १ ।

[5] ऐजन ।

भएको हो अथवा साहित्यिक विधाका रूपमा निबन्धको सुरुवात पाश्चात्य मुलुक फ्रान्सबाट नै भएको हो । फ्रान्सेली स्रष्टा मिचेल डि मोन्तेनले नै सोह्रौं शताब्दीमा सर्वप्रथम निबन्ध सिर्जना गरेका हुन् । ग्रिसेली भाषामा यसलाई एसिस (Essais) भनियो, जसको अर्थ प्रयास भन्ने हुन्छ । यसलाई फ्रान्समा मोन्तेनले एस्सी (Essay) नाम दिई आफ्ना रचनाहरूको सङ्कलन गरेका थिए । यसको अर्थ भावनालाई स्वतन्त्र र निर्बाध रूपमा प्रकट गर्ने प्रयास गर्नु भन्ने हुन्छ । त्यस्तै ग्रिसेली भाषाबाट फ्रेन्च भाषा हुँदै अङ्ग्रेजी भाषामा आइपुगेको यसलाई अङ्ग्रेजीमा एस्से (Essay) भनिन्छ जसको अर्थ प्रयास वा मिहिनेत गर्नु भन्ने नै हुन्छ जुन फ्रेन्च भाषाको एसाइबाट नै विकसित भएको हो ।

यसरी पूर्वीय साहित्यमा निर्माण भएको निबन्ध र पश्चिममा निर्माण भएको एस्से शब्द दुवैको तात्पर्य अर्थ एउटै लक्ष्यमा केन्द्रित रहेको यस अवस्थामा प्रयुक्त विशेष विषयको अभिव्यक्तिका सन्दर्भमा सुसङ्गत शिल्पविधान र सुललित प्रस्तुति एवम् विधानयुक्त रचना निर्माण गर्न प्रयत्न गरिएको सिर्जना नै निबन्ध हो भन्ने बुझिन्छ ।

### ३.१.३ निबन्धको परिभाषा

साहित्यका मूलभूत चार विधामध्ये एउटा विधा निबन्ध हो । निबन्ध संस्कृत तत्सम शब्द हो तापनि संस्कृत साहित्यकालमा आधुनिक स्वरूपका निबन्धको सिर्जना भएको पाइँदैन । पाश्चात्य जगत्मा फ्रान्सेसी स्रष्टा मोन्तेनको प्रयासबाट नै सोह्रौ शताब्दीदेखि निबन्धले छुट्टै अस्तित्व प्राप्त गरेको हो । त्यसैले विश्व साहित्यकै कान्छो विधा मानिने निबन्धलाई पश्चिमी साहित्य जगत्को उपजका रूपमा लिइन्छ । वर्तमान समयमा निबन्धले आफ्नो व्युत्पत्तिमूलक अर्थमा मात्र सीमित नरही पश्चिमी जगत्बाट प्राप्त नवीन साहित्यिक उपलब्धि एस्से (Essay) ले दिने अर्थ प्रयत्न वा जमर्कोको अर्थ दिन्छ । फ्रान्समा जन्म लिएको निबन्धको विकास भने अङ्ग्रेजी, हिन्दी, बंगाली साहित्यमा विकसित हुँदै नेपाली साहित्यका क्षेत्रमा समेत आइपुगेको हो । निबन्धजस्तो स्वतन्त्र विधालाई एउटा निश्चित परिभाषाभित्र सीमित गर्न गाह्रो हुन्छ तापनि यसको स्वरूपगत वैशिष्ट्य स्थापित गर्ने प्रयासमा विभिन्न विद्वान्हरू लागेका छन् । त्यसैले निबन्धलाई परिभाषित गर्ने क्रममा लागेका प्रमुख चिन्तकहरूका परिभाषाहरूलाई यसमा समेट्ने प्रयास गरिएको छ जसमा क्रमशः पाश्चात्य मुलुकका विद्वान्हरू, भारतीय विद्वान् र त्यसपछि नेपाली साहित्यकारहरूका परिभाषाहरूको उल्लेख गरिएको छ ।

#### ३.१.३.१ पाश्चात्य साहित्यमा निबन्धको परिभाषा

पश्चिमी साहित्यका क्षेत्रमा प्रारम्भ भएको निबन्धका प्रथम प्रणेता फ्रान्सेली स्रष्टा मोन्तेनले निबन्धको व्याख्या र विश्लेषणका सन्दर्भमा छुट्टै परिभाषा नगरे तापनि विभिन्न प्रसङ्गका कथन र अभिव्यक्तिद्वारा उनले निबन्धको एउटा स्वरूप तयार गर्न सकिने कुरा यसरी व्यक्त गरेका छन्- *'यिनै (निबन्ध) द्वारा कुनै नयाँ मूल्य र सत्यको उद्घाटन भयो भन्ने कुरा मैले ठानेको छैन । तैपनि यिनमा*

*आफ्नो हृदय खोलेर जस्ताको तस्तै देखाउने काम भएको ठानेको छु । म नै मेरा निबन्धको विषयवस्तु हुँ, किनभने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म स्वयम् मात्र हुँ ।'*[6]

यसरी उनका विचारमा वैयक्तिक अनुभूतिको प्रकटीकरण नै निबन्ध हो । आफैलाई नै निबन्धको विषयवस्तु ठान्ने मोन्तेन निजात्मक निबन्धका स्रष्टा पनि हुन् ।

निबन्धको बारेमा टिप्पणी गर्ने अर्का व्यक्तित्व अङ्ग्रेजी साहित्यका निबन्धकार तथा निबन्ध सिद्धान्त बारेका चिन्तक फ्रान्सिस वेकनले निबन्धलाई *'छरिएको चिन्तन हो'*[7] भनेका छन् । उनी विषयवस्तुमा केन्द्रित, परात्मक र ठोस एवम् विद्वत्तायुक्त निबन्ध सिर्जना हुनुपर्ने कुरामा प्रतिबद्ध देखिएका छन् ।

अङ्ग्रेजी साहित्यका अर्का निबन्ध स्रष्टा डा. जोन्सनले निबन्धलाई यसरी अर्थ्याएका छन्- *'निबन्ध भनेको मनमा आएका भावधारालाई शृङ्खलाविहीन अवस्थामा हठात् गरिएका अभिव्यक्तिको टुक्रा हो अर्थात् निबन्ध एउटा उन्मुक्त गद्यात्मक अभिव्यक्ति हो जुन अनौपचारिक, अपरिपक्व र अव्यवस्थित हुन्छ ।'*[8]

अङ्ग्रेजी साहित्यका समीक्षक जर्ज क्रयाबले निबन्धलाई ज्यादै उपेक्षित र स्तरहीन रचनाका रूपमा लिएका छन् । उनले निबन्धलाई यसरी परिभाषित गरेका छन् - *'निबन्ध सिर्जनशील प्रतिभा हुँदै नभएका रचनाकारहरूको सस्तो लेखन हो । यो त्यस्ता लेखकको लेखन हो, जसको न अनुसन्धानमा पहुँच छ, न सिर्जनात्मक रचनामा । यो एउटा बकमफुसे गफ मात्र हो ।'*[9]

जोहन मरेले निबन्धका सम्बन्धमा आफ्नो मान्यता प्रस्तुत गर्ने क्रममा आफ्ना दृष्टिकोण यसरी व्यक्त गरेका छन्– *'विषयवस्तु जे-जस्तो भएपनि निबन्धको क्षेत्र अत्यन्त विस्तृत र असीमित हुनुका साथै सही निबन्ध व्यक्तिपरक नै हुनुपर्दछ । निबन्ध वास्तवमा आत्माभिव्यक्तिको एउटा साहित्यिक साधन हो । अतः यो नितान्त निजात्मक हुन्छ ।'*[10]

फ्रान्सेली साहित्यका सशक्त प्रतिभा र आलोचक सेन्ट व्युभले साहित्यको समीक्षा गर्ने क्रममा निबन्धलाई यसरी परिभाषित गरेका छन्- *'निबन्ध श्रमसाध्य विधा हो । यसमा स्रष्टाको आत्मप्रतिपादन भएको हुन्छ ।'*[11]

अलेक्जेण्डर स्मिथले निबन्धलाई विशिष्ट किसिमको रचना विशेष भएको कुरा यसरी सिद्ध गरेका छन्- *'निबन्ध भनेको गीतिकाव्यसँग दाँजिन सक्ने, स्वरूप र संरचनामा कोमलता र संवेदनशीलता रहने विशेष विधा हो ।'*[12]

---

[6] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. १७, उद्धृत ।

[7] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत् पृ. ५, उद्धृत ।

[8] ऐजन ।

[9] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** पूर्ववत्, पृ. १८, उद्धृत ।

[10] ऐजन ।

[11] ऐजन ।

गुरालिनकले *वैयक्तिक दृष्टिकोण वा सीमित रूपमा कुनै विषयलाई व्याख्यात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छोटो साहित्यिक रचनाविशेष नै निबन्ध हो*[13] भनेका छन् ।

प्रिस्टलेका अनुसार *वास्तविक निबन्धकारसँग हरेक विषय हुन्छन् । आफ्नो बारेमा कुरा गर्नु वा कुनै विषय र आफ्नै बारे सम्बन्ध अभिव्यक्त गर्नु निबन्धकारको मुख्य काम हुन्छ ।*[14]

ह्यूवाकरले *हलुका पारा र सरल ढङ्गले लेखक तथा पाठक बीचको विश्वस्त सम्बन्ध स्थापित गर्ने निबन्ध नै आदर्श निबन्ध हो* [15] भनेका छन् ।

## ३.१.३.२ भारतीय साहित्यकारहरूका परिभाषा

आचार्य रामचन्द्र शुक्लका अनुसार *निबन्धमा वैयक्तिक विशेषता व्यक्त गर्ने कामका निमित्त र त्यस विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरूका प्रवाह ज्ञात रूपले होस् वा अज्ञात रूपले होस्, विशृङ्खलित भने हुन दिनुहुन्न । भावप्रवाहको विचित्रता देखाउनको निम्ति अनुभूतिका स्वाभाविक वा लोकसामान्य रूपसँग कुनै सम्बन्ध राख्न सक्नु निबन्धको पहिचान हो । बौद्धिकताका जटिल समस्याहरू थपेर व्यायामिक शैलीमा आसन साधन गराइरहनु हुँदैन ।*[16]

बाबु गुलावरायका अनुसार *निबन्ध त्यस प्रकारको रचना हो, जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुब्दु र सजीवनता त्यस्तै सङ्गति र सुसम्बद्धपूर्वक भएको प्रस्तुतीकरण निबन्धमा भएको हुनुपर्छ ।*[17]

हरिहरनाथ टण्डनका अनुसार *निबन्ध शब्दको अर्थ हो- बाँधिएको । अतः थोरै अत्यन्त चुनिएका शब्दहरूमा कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् ।*[18]

## ३.१.३.३ नेपाली साहित्यकारहरूका परिभाषा

नेपाली साहित्यमा आत्मपरक निबन्धको थालनी गरी आधुनिक मोड ल्याउने सशक्त निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले लक्ष्मी निबन्धसङ्ग्रहको सम्पादनको क्रममा निबन्धसम्बन्धी आफ्नो धारणा यसरी व्यक्त गरेका छन् : *यो निबन्धविधा रौंचिरा दर्शन होइन, न हो पण्डित्यपूर्ण दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन ।*

---

[12] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत्, पृ. ६ ।
[13] हिमांशु थापा, **साहित्य परिचय,** ते.सं. (ललितपुर : साझा प्रकाशन, २०४७), पृ. १८२ ।
[14] ऐजन ।
[15] कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसङ्ग्रहका निबन्धहरूमा देवकोटाका काव्यमान्यता,** (काठमाडौँ : सरस्वती जोशी, २०६१), पृ. ८ ।
[16] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** पूर्ववत्, पृ. २०, उद्धृत ।
[17] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत्, पृ. ८, उद्धृत ।
[18] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** दोस्रो संस्करण, (काठमाडौँ : साझा प्रकाशन, २०३४), पृ. १८० उद्धृत ।

*पाठघोकुवा हलन्तेको मिजासले । यो एक किसिमको मनको जालीले जगत्मा लहडिएर माछा मार्ने कला हो । यो टेबुल गफ हो- चश्मादार अध्यापकको व्याख्या होइन, न त हो वमन वेदान्त ।*[19]

ईश्वर बरालका अनुसार *निबन्ध एक किसिमको कुरा गराइ हो । आफ्ना मनका भावनालाई स्वगत कथनको रूपमा व्यक्त गर्ने विधा विशेष हो ।*[20]

रामलाल अधिकारीका अनुसार *निबन्ध त्यो काव्य विधा हो, जसमा लेखक (निबन्धकार) को व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेश नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्छ ।*[21]

हृदयचन्द्रसिंह प्रधानका अनुसार *निबन्धमा लेखकले कलमको पछि-पछि दौडेर मात्र पुग्दैन- पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने पनि गर्नुपर्छ । परिमार्जित र परिपक्व विचार, दृष्टिकोणलाई व्यङ्ग्य, हास्य र ठट्यौलोपन मामुली तवरबाट पोख्दै जानुपर्छ ।*[22]

बालकृष्ण पोखरेलका अनुसार *सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।*[23]

बदरीनाथ भट्टराईका अनुसार *निबन्ध सत्य वस्तु देखाउने लेखकीय अन्तर्ज्योतिको शाब्दिक स्वरूप हो ।*[24]

दयाराम श्रेष्ठ र मोहनराज शर्माका अनुसार *अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय-विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध भनिन्छ ।*[25]

राजेन्द्र सुवेदीका अनुसार *कुनै पनि विषयमा आधारित भई संवेदनायुक्त, निजात्मक, उद्देश्यपूर्ण र सुगठित शैलीमा विश्वसनीय ढङ्गले लेखिएको लघु गद्य रचना नै निबन्ध हो ।*[26]

भैरव अर्यालका अनुसार *कुनै विषयमा आफूले जानेको, सोचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य निबन्ध हो ।*[27]

मोहनराज शर्माका अनुसार *कुनै विषयबारे सुगठित शैलीमा सविस्तार लेखिएको उद्देश्यपूर्ण र प्रत्ययकारी लघु गद्य रचनालाई निबन्ध भनिन्छ ।*[28]

---

[19] लक्ष्मीप्रसाद देवकोटा, ***भूमिका* लक्ष्मी निबन्धसङ्ग्रह,** नवौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०४०) ।

[20] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १८०, उद्धृत ।

[21] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत्, पृ. ९, उद्धृत ।

[22] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** बाह्रौं संस्करण, (काठमाडौँ : रत्नपुस्तक भण्डार, २०५८), पृ. १५, उद्धृत ।

[23] ऐजन ।

[24] ऐजन ।

[25] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन २०५६), पृ. ११५ ।

[26] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन: सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. ५९ ।

[27] भागवत आचार्य, **कविता सिद्धान्त र नेपाली कविता एवम् निबन्ध,** (काठमाडौँ : नवीन प्रकाशन, २०६३), पृ. २९२, उद्धृत ।

नेपाली बृहत् शब्दकोशका अनुसार *कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा नै निबन्ध हो ।*[29]

यसरी विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणले परिभाषित गर्ने प्रयास गरेका छन् । उनीहरूका दृष्टिहरू कुनै न कुनै पक्षसँग सम्बन्धित नै देखिन्छन् । यसरी हेर्दा के बुझिन्छ भने निबन्ध भन्नाले गद्यमा लेखिने लघु आयामको एक साहित्यिक रचना हो, जसमा लेखकले आफ्ना विचारहरूलाई निजात्मक वा वस्तुपरक ढङ्गबाट पाठकका सामु प्रस्तुत गरेको हुन्छ ।

### ३.१.४ निबन्धका विशेषता

साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध एक लोकप्रिय विधा हो । यसमा लेखकले आफ्ना विचारहरू उन्मुक्त रूपमा व्यक्त गर्न सक्दछन् । यो एक विशिष्ट प्रकारको लेखन हो । यसका अनेक स्थूल र सूक्ष्म विशेषताहरू रहेका हुन्छन् । त्यस्ता विशेषताहरूमध्ये केही प्रमुख विशेषताहरू निम्नानुसार छन् :

**क. गद्यात्मक साहित्यिक विधा**

निबन्धको माध्यम भाषा गद्य हो तथापि यसका यदाकदा पद्यात्मक पनि नरहने भने होइन । तर कविता वा काव्य यसको माध्यम भने बन्न सक्दैन । आलङ्कारिक र कवितात्मक हुँदाहुँदै पनि निबन्धले गद्यको लक्ष्मण रेखालाई अतिक्रमण गरेको हुँदैन । त्यसैले गद्यात्मक हुनु निबन्धको मूल धर्म हो ।

**ख. लघु आयाम**

निबन्धको आयाम लघु र वस्तुको प्रकृति सङ्क्षिप्त हुन्छ । यो महाकाव्य, नाटक, उपन्यासजस्तो लामो हुँदैन । यो एकै बसाइमा पढिसकिने छोटो छरितो हुन्छ । लघु आयतनमा व्यापक प्रस्तुति नै यसको विशेषता हो अथवा निबन्ध लघु आयतनमा रचित भएर पनि स्वयंमा पूर्ण हुने साहित्यिक विधा हो ।

**ग. विषयको असीमितता**

निबन्धको रचना जुनसुकै विषयवस्तुलाई लिएर गर्न सकिन्छ । मानव जीवनका व्यापक र बृहद् ज्ञान र अनुभवसँग सन्दर्भित भएर आएका क्षेत्रहरूमा समेत यसका विषयहरू रहेका हुन्छन् । ह्यूवाकरले भनेझैँ एककोशीय जीवाणुदेखि मानिससम्म र परमाणुदेखि आकाशका नक्षत्रगणसम्मका सम्पूर्ण विषयमा निबन्धको रचना गर्न सकिन्छ । त्यसैले विषयगत व्यापकता हुनु निबन्धको विशेषता हो जसले गर्दा स्रष्टाले स्वतन्त्ररूपले विषय चयन गरेर निबन्धको सिर्जना गर्दछ ।

---

[28] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** (काठमाडौँ : ने.रा.प्र.प्र., २०५५), पृ. ५०२ ।

[29] बालकृष्ण पोखरेल (नि.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौँ : ने.रा.प्र.प्र. २०५८), पृ. ६८९ ।

## घ. अनाख्यात्मक/आख्यानेतर साहित्यिक विधा

निबन्ध प्राय: आख्यानहीन हुन्छ तथापि सूक्ष्म अथवा गौंण रूपमा यदाकदा आख्यान नआउने भने होइन । यसमा कथा, उपन्यास, एकाङ्की, नाटकजस्ता विधामा रहने कथानकको प्रधानता भने हुँदैन । त्यसैले अनाख्यात्मकता हुनु यसको अर्को विशेषता हो ।

## ङ. शैलीगत विविधता र विचित्रता

प्रत्येक व्यक्तिको भाव र भाषामा फरक हुने हुनाले हरेक सर्जकको निबन्ध लेखनमा शैलीगत विविधता पाइन्छ । संयत शैली, भावुक शैली, व्यङ्ग्य शैली आदि विभिन्न शैली अबलम्वन गरी हरेक निबन्धकारले आफ्नो भाव प्रदर्शन गर्न सक्दछन् । शैलीका दृष्टिले निबन्ध जति स्वतन्त्र र उन्मुक्त त्यति अरु विधा हुन सक्दैन । त्यसैले यो शैलीको क्रीडाभूमि नै हो । यसमा गफगाफको अनौपचारिक शैलीदेखि अत्यन्त औपचारिक शैलीसम्म प्रयुक्त हुनसक्छ ।[30]

## च. सर्जक र भावकको प्रत्यक्ष सम्बन्ध

निबन्धमा साहित्यका अन्य विधामा जस्तो पात्रहरूको माध्यमद्वारा आफ्ना विचार व्यक्त गर्नु पर्दैन अथवा यसमा कुनै माध्यमको आवश्यकता नै पर्दैन । यसमा लेखक स्वयम् नै आफ्ना कुराहरू पाठकसमक्ष सोझै स्पष्ट रूपमा व्यक्त गर्न सक्छन् । त्यसैले यस विधामा स्रष्टा र पाठकबीच सोझो सम्बन्ध हुन्छ ।

## छ. नाटकीय संरचना

निबन्ध कि एकालापका रूपमा कि वार्तालापका रूपमा संरचित हुन्छ । एकालापभित्र निहित अनेकलाप धर्ममा अडेको निबन्ध यहाँनेर नाटकीय बनेको हुन्छ ।

## ज. विधा सम्मिश्रणको उपस्थिति

निबन्धमा कवि, नाटककार, आख्यानकार तथा चिन्तक व्यक्तित्वको प्रभाव परेको हुन्छ । त्यसैले निबन्धभित्र आख्यानात्मकता नाटकीयता र कवितात्मकता पनि पाइने हुनाले आज निबन्ध विधा सम्मिश्रणका आधारमा उभिन लागेको छ । निबन्धकार कहिले कविजस्तो भावुक भएर प्रस्तुत हुन्छ, कहिले आख्यानकारझैं स-साना कथा हालेर प्रस्तुत हुन्छ, कहिले नाटककारझैं नाटकीय रूपमा प्रस्तुत हुन्छ भने कहिले गम्भीर दार्शनिकजस्तो त कहिले बदमास ठिटोझैं भएर व्यङ्ग्यात्मक रूपमा प्रस्तुत हुन्छ ।

## झ. लेखकको वैयक्तिक छापको बाहुल्य

---

[30] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. ५०५ ।

निबन्ध आत्मपरक हुने हुनाले यसमा स्रष्टाका ज्ञानभन्दा अनुभूतिका पक्षहरू सशक्तरूपमा व्यक्त गरिएको हुन्छ । परानुभूतिलाई पनि स्वानुभूतिका रूपमा व्यक्त गर्न सकिने यस्ता निबन्धमा लेखकले आफ्ना विचारहरू उन्मुक्त रूपमा व्यक्त गर्न सक्छन् । त्यसैले यसमा निबन्धकारको व्यक्तित्वको छाप बढी रहेको हुन्छ ।

### ञ. शिल्पगत न्यूनता

निबन्धमा अन्य विधाको अपेक्षा विषयवस्तु सङ्गठन र तिनको सौन्दर्य विन्यासका क्रममा शिल्पगत न्यूनता पाइन्छ । यो न्यूनतम सौन्दर्यविन्यास र अत्यधिक आत्मानुभवका कारण कविताको सौन्दर्यविन्यासबाट समदूरीमा रहन्छ भने कथा र नाटकको अधिक दूरीमा रहन्छ । सौन्दर्य विन्यासका दृष्टिबाट यो निकै सरल र मुक्त रहन्छ ।

### ट. प्रत्ययकारिता

निबन्धकारले आफ्ना धारणा, मन र विचारहरूप्रति पाठकलाई सहमत बनाई बढी विश्वस्त बनाउने प्रयास गरेका हुन्छन् । यस प्रयत्नमा लेखकले आफ्नो पक्षप्रति सहमति जनाउन पाठकप्रति बढी अनुनय, विनय र आग्रह गर्दछ  अनि आफ्ना विचारहरूप्रति सहमत हुन पाठकलाई बाध्य तुल्याउँछ ।

## ३.१.५ निबन्धको वर्गीकरण

साहित्यका अन्य विधाका तुलनामा निबन्ध सबैभन्दा कान्छो साहित्यिक विधा हो । पाश्चात्य साहित्यका क्षेत्रमा फ्रान्सेली विद्वान् मोन्तेनले नै यसको प्रारम्भ गरेकोले यसलाई पाश्चात्य साहित्यको देन मान्न सकिन्छ । जसरी निबन्धजस्तो स्वतन्त्र विधालाई एउटा निश्चित परिभाषामा सीमित गर्न सकिँदैन त्यसैगरी यसका प्रकार/विभाजनका बारेमा पनि विभिन्न विद्वान्हरूबीच एकमत रहेको पाइँदैन । निबन्धको विभाजनका क्रममा सर्वप्रथम पाश्चात्य साहित्यमा नै अभिरेखाङ्कन भएको पाइन्छ । यसक्रममा आत्मपरक र वस्तुपरक निबन्धको सुरुवात गर्ने फ्रान्सेली स्रष्टा मोन्तेन र अङ्ग्रेजी साहित्यकार बेकनको अहम् र चिन्तनको क्रमले निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई भेदमा विभाजन गरेको पाइन्छ ।[31]

त्यसैगरी **सयपत्री** निबन्धसङ्ग्रहको भूमिकामा ईश्वर बरालले शैलीका आधारमा निबन्धलाई निजात्मक र वस्तुपरक गरी दुई भेद गर्दै निजात्मक निबन्धलाई वैयक्तिक, भावपरक र विचारात्मक तथा वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई उपभेदमा समेत छुट्याएका छन् ।[32]

---

[31] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १८५ ।

[32] ईश्वर बराल, **सयपत्री,** पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. ३६ ।

त्यस्तै नेपाली निबन्धकार तथा समीक्षक राजेन्द्र सुवेदीले आत्मपरक निबन्धका तीन उपभेदलाई स्वीकार गर्दै वस्तुपरक निबन्धलाई वर्णनात्मक, विवरणात्मक र प्रबन्धात्मक गरी तीन भेदमा विभाजन गर्दै प्रबन्धात्मक निबन्धका रूपमा प्रलेख, लेख, जीवनी, यात्रा विवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका आत्मजीवनी, सम्पादकीय, टिप्पणी, सन्धिपत्र आदिको उल्लेख गरेका छन् ।[33] यसै गरी प्रसिद्ध निबन्धकार बालकृष्ण पोखरेलले **कलेज स्तरका निबन्धै निबन्ध** पुस्तकको भूमिका लेखनका क्रममा आधुनिक निबन्ध विधामा देखिने प्रवृत्ति र वस्तुतथ्यका आधारमा देखिने मूल कथ्यलाई ठम्याउने हिसाबले निबन्धलाई धर्काचित्र, नियात्रा, रुबन्ध र आत्मिका गरी चारवटा भेदमा वर्गीकरण गरेका छन् ।[34]

त्यस्तै विषय, स्रोत, आधार आदिका दृष्टिले निबन्धलाई धेरै प्रकारले विभाजन गर्न सकिन्छ तर प्रचलित र व्यावहारिक दृष्टिले वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार रूपमा विभाजन गर्न सकिन्छ भन्ने कुरा हिमांशु थापाले चर्चा गरेका छन् ।[35] त्यस्तै केशवप्रसाद उपाध्यायले निबन्धका चार भेद मान्नुपर्छ भन्दै वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार भेदको चर्चा गरेका छन् ।[36] त्यस्तै समालोचक मोहनराज शर्माले निबन्धका विवरणात्मक, वर्णनात्मक, तार्किक र आख्यानात्मक गरी प्रमुख चारभेद गर्दै यसका उपभेद समेत उल्लेख गरेका छन् ।[37]

यसरी हेर्दा निबन्धको वर्गीकरण विभाजन विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणले गरेका छन् । यस क्रममा सबैको मत एक नहुनु स्वाभाविक नै हो । यसरी विभिन्न दृष्टिले विभाजन गरे तापनि वर्तमान समयमा सरलताका लागि आत्मपरक र वस्तुपरक गरी दुई भेदमा वर्गीकरण गरी अध्ययन गर्न उपयुक्त मानिन्छ ।

### ३.१.५.१ आत्मपरक निबन्ध

स्रष्टाको आन्तरिक व्यक्तित्वको प्रधानता हुने निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । यस्ता निबन्धमा विषयभन्दा व्यक्तिको नै प्रमुख स्थान रहन्छ । त्यसैले यस्ता निबन्धलाई निजात्मक, विषयीनिष्ठ वा व्यक्तिनिष्ठ निबन्ध पनि भन्न सकिन्छ । यस्ता निबन्धमा निबन्धकारले विषयको चिनारी गराउनुभन्दा आफ्ना जीवनयात्राका निजी अनुभव, तीतामीठा भोगाइ, विचार एवम् विद्वता प्रदर्शन गर्दै आफू र पाठकहरूका बीचको सम्पर्क स्थापित गर्न चाहन्छन् । त्यसैले आत्मसम्प्रेषण वा शिक्षा उपदेशभन्दा 'स्व' को अभिव्यक्ति नै आत्मपरक निबन्धको मूल अभीष्ट मान्न सकिन्छ । यस्ता निबन्धमा विषयवस्तु कस्तो छ ? भन्दा पनि आफूलाई लाग्छ भन्ने कुराको प्रस्तुति हुन्छ । आत्मपरक

[33] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत्, पृ. १० ।
[34] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** पूर्ववत्, पृ. २९, उद्धृत ।
[35] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १८७ ।
[36] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १८४ ।
[37] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** पूर्ववत्, पृ. ४० ।

निबन्धमा निबन्धकारका व्यक्तित्व, विचार एवम् भावनाहरू प्रकट हुन्छन् । विचारात्मक, भावानात्मक र वैयक्तिक हुनु आत्मपरक निबन्धको पहिचान हो ।[38] त्यसैले यस्ता निबन्धलाई तीन भेदमा विभाजन गर्न सकिन्छ :

क. विचारात्मक निबन्ध

ख. भावात्मक निबन्ध

ग. वैयक्तिक निबन्ध

### ३.१.५.१.१ विचारात्मक निबन्ध

विचारको प्रधानता भएका निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यस्तो निबन्ध चिन्तनको निजात्मक, सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ ।[39] यसमा कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र, मनोविज्ञानजस्ता विचारप्रधान विषयहरू प्रकट हुन्छन् ।[40] चिन्तन र विचारको प्रमुखता हुने भएकाले यसमा बुद्धिपक्षको प्रबलता हुनु स्वाभाविकै हो । यस्ता निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्नो मत वा सिद्धान्त स्थापित गराउने प्रयास गरिरहेको हुन्छ भने यसमा रोचकता र आफ्ना तर्कको पुष्टिका लागि यस्ता निबन्धमा दृष्टान्त, उपमा र तुलनाको समावेश अनि त्यसमा व्यङ्ग्य र हास्यको पुटसमेत मिसाई त्यसलाई आकर्षक बनाइन्छ । यस्ता निबन्धमा लेखकको गहन ज्ञान एवम् स्पष्ट र परिमार्जित विचार प्रस्तुत हुनु आवश्यक छ । बुद्धिसँग सम्बन्धित हुने यस्ता विचारात्मक निबन्धमा समास शैलीको प्रयोग हुन्छ । यसमा प्रयुक्त प्रत्येक वाक्य र शब्द अर्थपूर्ण र सारपूर्ण हुन्छन् । यस्ता निबन्धमा भावना र कल्पनाले कमै मात्र खेल्ने मौका पाउँछन् । यस्ता निबन्धमा केही तथ्याङ्क र घटना पनि समावेश गर्न सकिन्छ ।

आलोचनात्मक एवम् गवेषणात्मक निबन्धहरू विचारात्मक निबन्धकै उपभेद हुन् ।[41] आलोचनात्मक निबन्ध प्रतिपाद्य विषयको आलोचना एवम् प्रत्यालोचनामा आधारित हुन्छ । त्यस्तै गवेषणात्मक निबन्ध कुनै पनि विषयको खोजपूर्ण अनुसन्धानमा आधारित हुन्छ । यद्यपि विचारको बहुलता र प्रबलताका कारण यी दुबैलाई विचारात्मक निबन्ध अन्तर्गत राख्न सकिन्छ । विचारहरूको तारतम्य, रोचकता र विषयगत गहनता यस्ता निबन्धका विशेषता हुन् ।[42] विचारात्मक निबन्ध लेखकको बुद्धि, चिन्तन र विवेचनाको पारख मात्र नभएर सौन्दर्यकला सन्तुलनको पहिचान पनि हो ।

### ३.१.५.१.२ भावात्मक निबन्ध

---

[38] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. ६३ ।

[39] ऐजन ।

[40] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १८४ ।

[41] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १९० ।

[42] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. २६ ।

भावात्मक निबन्ध भावपूर्ण शैलीमा लेखिन्छन् । स्रष्टाको भावना प्रबल रूपमा व्यक्त भएको निबन्ध भावात्मक निबन्ध हो जसमा जीवनका विविध पक्षहरूलाई भावपूर्ण ढङ्गले हेरिएको हुन्छ । यस्ता निबन्ध जीवनभोगाइका अमूर्त भावात्मक विषयहरू, आशा, निराशा, करुणा, प्रेम परोपकार, देशभक्ति आदिलाई संवेद्य तुल्याइ सरस आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ ।[43] भाव वा अनुभूतिहरू हृदयपक्षसँग सम्बन्धित हुने भएकाले हार्दिकता, संवेदनशीलता र सौकुमार्य यस्ता निबन्धमा प्रयुक्त हुन्छन् ।[44] चिन्तन, तर्क वा सिद्धान्तले यस्ता निबन्धमा खासै भूमिका खेलेको हुँदैन । यसमा स्रष्टाको अनुभूतिको स्वतः स्फूर्त प्रवाह हुन्छ । भावनात्मक निबन्धमा भाव वा कल्पनाको प्रवलता हुन्छ । त्यसैले यस्ता निबन्धहरूको भाषा र अभिव्यक्तिमा हार्दिकता, कोमलता र रागात्मकता हुन्छ ।[45] भावात्मक निबन्धहरू पागलको प्रलाप नभई भावुक स्वस्थ हृदयको आत्मनिवेदन भएकोले यिनमा भाव वा भाव बिम्बहरू मूर्त रूपमा आउँछन् ।[46] भावनात्मक तत्त्व प्रबल हुने भएकाले यसलाई गद्यात्मक पद्य पनि भनिन्छ, जसलाई देवकोटाले पोथी गद्यको संज्ञा दिएका छन् ।

### ३.१.५.१.३ वैयक्तिक निबन्ध

स्रष्टाको वैयक्तिक चिन्तन र दृष्टि प्रबल रहेको निबन्ध नै वैयक्तिक निबन्ध हो । वैयक्तिक निबन्धलाई आत्मपरक निबन्ध पनि भनिन्छ । यस्ता निबन्धमा निबन्धकारले आफ्ना भावनालाई निजी स्वरूप दिएर प्रकट गर्दा वैयक्तिक निबन्धको जन्म हुन्छ । व्यक्तिगत निर्णयका आधारमा यथार्थतालाई आफै निष्कर्षमा उभ्याएर आफ्नै अभिमतमा सिद्ध गर्न प्रयत्न गरिएको हुन्छ ।[47] लेखकको व्यक्तित्व, चरित्र र दृष्टिकोण प्रबल भएमा निबन्ध वैयक्तिक र आत्मपरक हुनपुग्छ भने सो कम भएमा निर्वैयक्तिक वा वस्तुपरक पनि हुनसक्छ ।[48] वैयक्तिक निबन्धमा स्रष्टाको आत्मप्रकाशन नै भएको हुन्छ । शैलीका दृष्टिले वैयक्तिक निबन्धमा कथात्मक शैली अँगालिएको हुन्छ । यसमा स्रष्टाले निजी जीवनका भोगाइहरू तथा अनभुवहरू कथाकारले कथा भनेझैँ गरी निश्छलतापूर्वक प्रकट गर्दछ । निश्छल र निष्कपट रूपमा आफ्ना मित्रहरूसँगको गफ गराइझैँ स्वच्छन्द आत्मप्रदर्शन भएको निजात्मक निबन्धको एक भेद नै वैयक्तिक निबन्ध हो । यस्तो निबन्ध बढी मात्रामा भौतिक अभावका कारण सिर्जना हुन्छ । भौतिक अभावले सिर्जना गरेका अनेक पीडा र कठोरताहरूको अभिव्यक्ति यस्ता निबन्धको मूल पहिचान हो ।[49]

### ३.१.५.२ वस्तुपरक निबन्ध

---

[43] केशप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ.१८४ ।
[44] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. २६ ।
[45] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १९२ ।
[46] जयनाथ नलिन, **हिन्दी निबन्धकार,** (दिल्ली : रामलाल पुरी आत्मराम एण्ड सन्स, १९६४), पृ. २२ ।
[47] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. ६५ ।
[48] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** भाग-२, (ललितपुर : साझा प्रकाशन, २०३०), पृ. ५८९ ।
[49] रामनाथ ओझा, **शङ्कर लामिछानेको निबन्धकारिता,** (काठमाडौँ : पालुवा प्रकाशन प्रा.लि., २०६४), पृ. २१ ।

विषयकै सेरोफेरोमा केन्द्रित रहेर लेखिएका निबन्धहरू वस्तुपरक निबन्ध हुन् । यस्ता निबन्धमा निबन्धकार आफू तटस्थ रही विषयवस्तुको चिनारी गराउनमा नै प्रयासरत हुन्छ । निजानुभूतिलाई वास्ता नगरी 'पर' वा वस्तु सत्यको यथार्थ चित्र प्रस्तुत गर्नमा नै केन्द्रित यस्ता निबन्धमा व्यक्ति गौण हुन्छ । अथवा वस्तु प्रतिपादनमा नै जोड दिने यस्ता निबन्धहरूको प्रमुख लक्ष्य सूचनात्मकता र आत्मप्रकाशन भने गौंण हुन्छ । वस्तुपरक निबन्धलाई परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ ।[50] पाठकहरूलाई पाण्डित्य प्रदर्शनमा नअल्झाई वस्तुबोधतर्फ बढी उन्मुख गराउनु नै यस्ता निबन्धका गुण हुन् ।[51] बाह्य विषयवस्तुको चयन गरी लेखिने यस्ता निबन्धका विषयहरू इतिहास, दर्शन, ज्ञानविज्ञान, कलासंस्कृति, प्रकृति आदि रहने यस्ता निबन्धमा तर्क, विचार, समस्या समाधानका पक्ष पनि समावेश भएका हुन्छन् । बहिर्मुखी प्रवृत्तिको प्रधानता रहने यस्ता निबन्धमा निबन्धकारको औपचारिक सोचाइ, हेराइ र लेखाइको प्रकट हुन्छ । यस्ता निबन्धमा वर्णन र विवरणले प्रमुखता पाएको हुन्छ । त्यसैले यस्ता निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भेदमा विभाजन गर्न सकिन्छ :

### ३.१.५.२.१ वर्णनात्मक निबन्ध

कुनै पनि विषयवस्तुको बारेमा वर्णन गरेर लेखिएका निबन्धहरू वर्णनात्मक निबन्ध हुन् । कुनै विषयको इन्द्रियग्राह्य अभिव्यक्तिलाई नै वर्णन भनिन्छ । वर्णन भएकाले यस खालको निबन्ध चित्रात्मक हुन्छ र वर्णन गरिएको विषय पढ्दाखेरि आँखा अगाडि झलझली देखिन्छ ।[52] यस्ता निबन्धमा कुनै वस्तु, प्राकृतिक दृश्य, यात्रा, चाडवाड, कुनै घटना, कुनै देश र स्थान विशेषको जाति र वर्णको यथातथ्य साङ्गोपाङ्ग रूपमा सजीव वर्णन गरिएको हुन्छ । निबन्धकारका अनुभूति र विचारले प्रमुख भूमिका खेल्ने यस्ता निबन्धमा कुनै विषयका बारेमा नालीबेली छुट्याएर त्यसको वास्तविक रूप र स्थिति अगाडि ल्याउने काम हुन्छ । वर्णनात्मक निबन्धमा वस्तु र विषयको बाहिरी रूपरङ्गदेखि लिएर गुण-दोष, रुचि प्रकृति र उपयोगिताको वर्णन गरिन्छ ।[53] कुनै दृश्य, ध्वनि, रूप, स्वाद, गन्ध, संवेदना आदिले लेखकका मनमा जे-जस्तो प्रभाव उत्पन्न गराउँछन्, तिनलाई लेखकले जस्ताको तस्तै निबन्धमा उतारेको हुन्छ ।[54] यस्ता निबन्धमा तथ्य प्रायः स्थिर हुन्छन् । निबन्धमा वर्णन शैलीमा रोचकता ल्याउन अलङ्कारमय प्राञ्जल भाषाको प्रयोग अभीष्ट मानिन्छ ।[55] विषयलाई प्रष्ट्याउन उपमा र दृष्टान्तको सहयोग पनि लिन सकिन्छ । वर्णन नै यसको मूल आधार भएकोले यस्ता निबन्धमा व्यास शैलीको प्रयोग भएको हुन्छ ।

---

[50] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १८६ ।
[51] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. २४ ।
[52] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** पूर्ववत्, पृ. ४९५ ।
[53] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १८३ ।
[54] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. ७१ ।
[55] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १८७ ।

### ३.१.५.२.२ विवरणात्मक निबन्ध

विषयलाई विवृत्ति गरेर लेखिएको निबन्ध विवरणात्मक निबन्ध हो ।[56] यस्ता निबन्धको विषय व्यक्ति, वस्तु, सिद्धान्त, पद्धति, विचार, नियम, रुचि, स्थान, आचरण, रीतिस्थिति आदि रहेका हुन्छन् । यसमा वस्तुका सतहगत सत्यलाई स्थापना गर्ने प्रयत्न गरिएको हुन्छ । विवरणात्मक निबन्धको मूल आधारभूमि घटना-वृत्तान्त हो । त्यसैले लेखकले यस्ता निबन्धमा घटना वृत्तान्तको वर्णन गरेको हुन्छ । यसमा निबन्धकारले घटनाको पूर्वापर सम्बन्ध, परिणामत: जन्मेको उत्तरोत्तर घटना र समाजमा तत्काल परेका प्रतिक्रिया आदिको रोचक तथा सङ्क्षिप्त चर्चा गर्दछ ।[57] यसमा प्राय: प्राचीन एवम् आधुनिक सत्य, काल्पनिक कथा, अतीतकालीन घटना, युद्ध, यात्रा, शासनप्रणालीहरू, जीवनी, कुनै जातिविशेषको रीतिस्थिति, ऐतिहासिक एवम् पौराणिक आख्यानहरूको समावेश गरिन्छ ।[58] विवरणात्मकताको प्रधानता रहने यसमा विषयको प्रतिपादन सूचनात्मक परिचयात्मक, व्याख्यात्मक, स्पष्टीकरणात्मक र ज्ञानविकासात्मक ढङ्गले गरिएको हुन्छ ।[59]

वर्णनात्मक निबन्धहरू प्राय: ऐतिहासिक हुन्छन् । इतिहासमा तिथिमिति, तथ्य र घटनाक्रमलाई बयान गर्ने प्रक्रिया हुन्छ भने विवरणात्मक निबन्धमा यस्ता घटनाको कुनै एक टुक्रा टिपेर त्यसलाई निबन्धात्मक सङ्गठन दिने काम गरिन्छ । यस्ता निबन्धमा विषयलाई स्पष्ट र रोचक बताउन कल्पना, भावुकता एवम् विद्वताको प्रदर्शन पनि गर्न सकिन्छ तथापि इतिहासमा भने विचार तत्त्व प्रधान हुन्छ । यस्ता निबन्धमा कार्यकारणको सम्बन्ध देखाउँदै एक घटनापछि अर्को घटनाको वर्णन हुन्छ । कहीं-कहीं दृष्टान्तको समेत समावेश गरिन्छ भने पूर्वापर क्रम नटुटाई विवरण स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्छ । यस्तो निबन्ध व्यास शैलीमा लेखिन्छ ।[60] यस्ता निबन्धमा 'स्व' भन्दा 'पर' ले बढी स्थान पाएको हुन्छ । त्यसैले सरल, सुबोध र व्यञ्जनापूर्ण शैलीका माध्यमबाट घटना र वृतान्तको कार्यकारण शृङ्खलाको प्रस्तुति नै विवरणात्मक निबन्धको मूल पहिचान हो ।

### ३.१.६ निबन्धका तत्त्व

कुनै पनि सिर्जनाले आफ्नो विधागत अस्तित्व प्राप्त गर्नका लागि प्रयोग गरिएको संरचक घटक नै तत्त्व हुन् । साहित्यका प्रत्येक विधाहरू आ-आफ्ना मौलिकताका आधारमा परिचित हुन्छन् । त्यसैले प्रत्येक विधाको पहिचानका लागि त्यसको स्वरूप र संरचनालाई नै निरुपण गर्नु आवश्यक मानिन्छ । शून्यमा कुनै पनि रचनाको/ कृतिको संभव हुँदैन त्यसैगरी निबन्ध रचनाका पनि त्यस्तै आधारभूत तत्त्वहरू रहेका हुन्छन् । जतिबेला स्रष्टाले आफ्नो विचारहरू पोख्न थाल्छ, त्यतिबेला उसले पोख्ने वस्तु, पोख्नाको उद्देश्य, पोखाइको कला वा ढङ्ग पोख्न प्रयोग गरिने सीप वा ढाँचा आदि कुरा चाहिन्छन् ।

---

[56] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. ७२ ।
[57] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. २५ ।
[58] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १८३ ।
[59] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. ७२ ।
[60] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १८९ ।

यिनैलाई निबन्धका तत्त्वका रूपमा लिन सकिन्छ ।[61] साहित्यका मूलत: चार विधामध्ये निबन्ध सबैभन्दा पछि देखापरेको कान्छो साहित्यिक विधा हो । यो साहित्यको आफैंमा पूर्ण र स्वतन्त्र पहिचान भएको विधा हो । त्यसैले साहित्यका अन्य विधाका तुलनामा निबन्ध स्वतन्त्र हुने हुँदा निबन्धको निश्चित तत्त्व किटान गर्न कठिनाइ हुन्छ तापनि यसले आफ्नो विधागत पूर्णता प्राप्त गर्नका लागि निबन्ध संरचनाका क्रममा निश्चित तत्त्वहरूको अपेक्षा गरेको हुन्छ नै । निबन्ध साहित्यको गतिशील विधा हो । त्यसैले हिजो र आजको निबन्धमा स्वरूपगत भिन्नता देखापरेको छ । त्यसैले निबन्धका तत्त्वका बारेमा विभिन्न विद्वान्हरू बीचमा समेत मतभिन्नता पाइनु स्वाभाविकै हो । विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका निबन्धका तत्त्वसम्बन्धी धारणाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

हिन्दी साहित्यको निबन्ध विधामा ख्याति कमाएका विद्वान् विनयले निबन्धका तत्त्वलाई निम्नलिखित चार बुँदामा प्रस्तुत गर्दै यी तत्त्वहरूको सहयोगबाट एउटा स्तरीय निबन्ध तयार गर्न सकिने कुराको उल्लेख गरेका छन् :[62]

क) विषयको प्रतिपादन

ख) आत्मतत्त्वको प्रतिपादन

ग) कलात्मकता

घ) एकान्विति

यस्तै भारतीय विद्वान् राकेशले निबन्धका तत्त्वहरूको विषयमा चर्चा  गर्ने क्रममा निम्नलिखित तत्त्वलाई स्वीकार गर्दै यी विभिन्न तत्त्वहरू आधार मानेर सृजना गरिएको निबन्ध नै परिष्कृत निबन्ध हुन्छ भन्ने मान्यता राखेका छन् :[63]

क) लघु आकार

ख) गद्यको माध्यम

ग) निजी दृष्टिकोणको प्रधानता

घ) कलात्मक संप्रेषणीयता

ङ) रूपविधान

च) प्रयोजन

त्यसैगरी नेपाली साहित्यको विविध विधामा कलम चलाएका राजेन्द्र सुवेदीले विभिन्न विधाका तत्त्वहरूको चर्चा गर्ने क्रममा विषयवस्तु ठमिन सक्ने शैली, निजी दृष्टिकोण, भाव र विचार प्रतिपादन कला प्रबल भएको स्वतन्त्र लेखन निबन्ध हो भन्दै यसका विशेष तत्त्वका रूपमा यी तत्त्वलाई लिएका छन् :[64]

क) विषय

---

[61] रामनाथ, आचार्य, **तारानाथ शर्माका निजात्मक निबन्धको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५९, पृ. १४ ।

[62] डा. विनय (सम्पा.), **निबन्धालोक,** (दिल्ली : हिन्दी साहित्य केन्द्र, १९६८), पृ. ११ ।

[63] राकेश, **निबन्धदर्शन,** पृ. ४, ५, ६ ।

[64] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. १९ ।

ख) अन्विति

ग) शैली

घ) उद्देश्य

ङ) दृष्टिबिन्दु

च) प्रयोजन

यस्तै महादेव अवस्थीले निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा शीर्षकमा निबन्धका तत्त्वका रूपमा निम्नलिखित तत्त्वलाई स्विकारेका छन् :[65]

क) शीर्षक

ख) विषय र त्यसको सङ्गठन

ग) आयाम

घ) कथनपद्धति

ङ) बिम्बालङ्कार

च) भाषाशैली

यसैगरी मोहनराज शर्माले पनि निबन्धका उपकरण अथवा तत्त्वका विषयमा चर्चा गरेका छन् । निबन्धको आफ्नै संरचना हुन्छ र त्यस संरचनाको निर्माण त्यसका अवयवहरूले गरेका हुन्छन् भन्ने कुराको ठहर गर्दै उनले निबन्धका प्रमुख तथा अनिवार्य तत्त्व भनेर निम्नलिखित तत्त्वको चर्चा गरेका छन् :[66]

क) विषय

ख) शैली

ग) प्रयोजन

यस्तै केशवप्रसाद उपाध्यायले पनि निबन्धका तीन तत्त्व देखिन्छन् भन्दै वस्तु, शैली र उद्देश्यलाई निबन्धका प्रमुख तत्त्वका रूपमा लिएका छन् ।[67] यस्तै गोपीकृष्ण शर्माले पनि नेपाली निबन्धको परिचय दिने क्रममा वस्तु, शैली र उद्देश्यलाई नै निबन्धका मूल तत्त्वका रूपमा स्वीकार गर्दै यी तत्त्वको चर्चा समेत गरेका छन् ।[68]

यसरी अधिकांश विद्वान्हरूले स्वीकार गरेअनुसार निबन्धका प्रमुख तत्त्वका रूपमा विषयवस्तु, शैली र उद्देश्य नै देखापर्छन् । त्यसैले यसलाई निम्नानुसार उल्लेख गरिएको छ :

### ३.१.६.१ वस्तु

---

[65] महादेव अवस्थी, ***निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा,*** **कुञ्जिनी,** (वर्ष-६, अङ्क-४, २०५५), पृ. ३७ ।

[66] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** पूर्ववत्, पृ. ५१६ ।

[67] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १८६. ।

[68] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ १९ ।

वस्तु निबन्धको मुख्य तत्त्व हो । वस्तु भन्नाले विषयलाई जनाउँछ । त्यसैले विषय निबन्धको प्रमुख तत्त्व हो । वस्तु अथवा विषयविना निबन्धको कल्पनासमेत गर्न सकिँदैन । मानव मस्तिष्कसँग र हृदयपक्षसँग सम्बन्धित बुद्धितत्त्व र भावतत्त्व नै निबन्धमा वस्तु अथवा विषय बनेर आएका हुन्छन् । बुद्धि मानव मस्तिष्कको खारिएको प्रतिभा हो । अभ्यास र अध्ययनले नै बौद्धिकताको विकास हुन्छ फलस्वरूप निबन्धले स्तरीयता हासिल गर्न सफल हुन्छ । बुद्धितत्त्वमा विचार, चिन्तन, तार्किकता, वैज्ञानिक बोध, यथार्थप्रेम, गम्भीरता र औचित्य रक्षाको सावधानी प्रकटित हुन्छ भने भावतत्त्वमा संवेदनाको आवेग भावुकताको आग्रह, रागात्मकता र ध्वन्यात्मकताको समावेश भएको हुन्छ ।[69] कल्पना र दृष्टान्तको आवरणले भावतत्त्वलाई सजाइएको हुन्छ ।[70] निजात्मक निबन्धमा भावतत्त्वले प्रशस्त खेल्ने मौका पाउँछ ।[71] वास्तवमा निबन्धका मूलभूत सामग्री भनेका बुद्धि र हृदय हुन्, जुन निबन्धमा वस्तु बनेर आएका हुन्छन् । यी दुवैको समन्वयबाट नै राम्रो निबन्धको सृजना हुन्छ । विशेषत: वस्तु अथवा विषय भनेको निबन्धकारको अनुभूतिलाई व्यक्त्याउने माध्यम हो । मूर्त-अमूर्त, स्पष्ट-अस्पष्ट, भूत, वर्तमान र भविष्यत् जुनसुकै विषयवस्तुलाई पनि निबन्धकारले आफ्नो रुचिको क्षेत्र बनाउन सक्छ ।[72] त्यही आधारमा उसको व्यक्तित्व प्रदर्शित हुन्छ । त्यसैले विषय वा वस्तु निबन्धको अनिवार्य आधार हो ।

### ३.१.६.२ शैली

आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरुछेउ सम्प्रेषण गर्न तयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ ।[73] भाव र भाषाको समन्वयबाट नै शैलीको निर्माण हुन्छ जसमा परिष्कृत भाव र परिमार्जित भाषाको आवश्यकता पर्दछ । त्यसैले भाव र भाषालाई एकै ठाउँ समन्वित गर्ने ढङ्ग अथवा तरिका नै शैली हो । क्रम, सङ्गति, सङ्गठन र अन्विति शैलीका आन्तरिक गुण हुन् ।[74] यस्तै अलङ्कार, अर्थ चमत्कार, ध्वनि चमत्कार, र वाक्य सौन्दर्य शैलीका सहायक अङ्ग हुन् ।[75] एकै शीर्षकमा लेखिएका फरक निबन्धकारका निबन्धमा भिन्नता पाइनुको खास कारण पनि यही हो । आफ्ना विचार पोख्दा आकर्षक तथा शृङ्खलित रूपमा पोखेमा पाठकलाई आकर्षण गर्दछ । निकृष्ट तथा अपरिष्कृत शब्दजाल विछ्याएर मात्र निबन्ध तयार हुँदैन । यस प्रकारका निबन्धमा शैलीगत त्रुटिहरू प्रशस्तै देख्न सकिन्छ । पदमैत्री, अलङ्कार, लक्षणा र व्यञ्जनाको समुचित प्रयोग, स्थानीय भाषिकाको प्रयोगको मोहत्याग, पदलालित्य, सम्यक् भाव प्रस्तुति,

---

[69] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १८६ ।

[70] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. १९ ।

[71] पूर्ववत्, पृ. २० ।

[72] पुष्पराज खतिवडा, **राममणि रिसालको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०४९, पृ. १९ ।

[73] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. २० ।

[74] ऐजन ।

[75] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १८६ ।

बोधगम्य सरल, छोटा वाक्य आदिले शैलीगत सबलतालाई सक्षम बनाउँछ । कसैको शैलीमा हास्य र व्यङ्ग्यको पुट पाइन्छ भने त्यस्ता निबन्धमा अन्य दोष देखिए तापनि ती आकर्षक, रोचक र प्रभावकारी हुन पुग्छन् । सरलता, स्पष्टता, प्राञ्जलता र प्रभावकारिता हुनु नै शैलीका गुण हुन् ।

प्रत्येक निबन्धकारको भाव र भाषामा फरक हुने भएकाले तिनबाट निर्मित उनीहरूको शैली पनि भिन्न-भिन्न हुन्छ । शैलीका कारणले नै एउटै शीर्षकमा लेखिएका फरक-फरक स्रष्टाका निबन्धमा भिन्नता पाइन्छ । निबन्धमा विभिन्न प्रकारका शैलीको प्रयोग गरिन्छ त्यसैले शैलीको विश्लेषण गर्दा भाषिक विचलन, समानान्तरता, विविधता, शब्दभण्डार, सादृश्यविधान आदिका आधारमा गर्न सकिन्छ । शैलीलाई भाव र भाषाका आधारमा दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

**३.१.६.२.१ भावका आधारमा शैली**

भावका दृष्टिमा शैली मूलत: संयत शैली, भावुक शैली र व्यङ्ग्य शैली गरी तीन प्रकारका हुन्छन् ।[76]

लेखक नियन्त्रणमा रहेर मनमा विषयप्रति उठेका आफ्ना भावना तथा जानेका कुराहरू प्रस्तुत गर्ने शैली संयत शैली हो । यस्तो शैली व्यङ्ग्य शैलीजस्तो ठट्यौलो हुँदैन न त भावुक शैलीजस्तो हार्दिकताले आक्रान्त हुन्छ । यसमा निबन्धकारद्वारा भाव लुकाइ पाठकलाई अन्यौलमा पारिएको हुँदैन । प्राय: बौद्धिक पक्षले विशेष भूमिका खेल्ने यस शैलीमा आफ्ना विचार वा अनुभूतिलाई तीव्र उत्कर्षमा पुऱ्याउन निबन्धकारले क्रमिक रूपमा आफ्ना भावनालाई प्रस्तुत गर्दछ ।

मस्तिष्कभन्दा हृदय प्रबल हुँदा तीव्र मनोवेग एवम् हार्दिकताका साथ हुने अभिव्यक्तिको प्रस्तुति, भावुक शैलीको गुण हो । विगतका अनुभवलाई कल्पनाले सिँगारेर अतिरञ्जित रूपमा सत्यको पूर्ण वा आंशिक पर्वाह नराखी आफ्ना भावना र विचारलाई अव्यवस्थित रूपले छताछुल्ल पोख्ने काम हुन्छ । भावुक शैलीको भाषा भावप्रवण, संवेदनशील र मधुर हुन्छ । यसका पनि धारा शैली र प्रलापशैली गरी दुई उपभेद देखापर्छन् ।

व्यङ्ग्य शैली भनेको सामान्य र समसामयिक विषयलाई टिपेर तिनमा हुँदै गरेका विकृति र विसङ्गति पक्षलाई चमत्कारपूर्ण भाषा ठट्यौलो र हास्यास्पद शैलीको प्रयोग गरी हास्यको चटनीसँग छेड हान्नु नै यस शैलीको विशेषता हो । यसमा एउटा कुरा भनेझैँ गरी अर्को कुरा भनिएको हुन्छ । भाव र भाषामाथि निबन्धकारको एकलौटी अधिकार हुने यो शैली प्राय: कठिन पनि हुन्छ ।

**३.१.६.२.२ भाषाका दृष्टिमा शैली**

भाषाका दृष्टिले शैलीलाई प्रसाद र समास शैली गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

प्रसाद शैलीलाई सरल शैली भनिन्छ । केही विद्वान्हरू भने यसलाई व्यास शैली पनि भन्दछन् । कुनै पनि कुरा सहज र सरल भाषामा अभिव्यक्त गर्नु नै प्रसाद शैलीको गुण हो ।

---

[76] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. २० ।

साधारण र बहुप्रचलित शब्द, छोटा वाक्य र सुबोध अभिव्यक्ति नै प्रसाद शैलीका विशेषता हुन् ।[77] प्रसाद शैलीको प्रयोग गरेर लेखिएका कुनै पनि रचना सबैले सजिलैसँग बुझ्न सक्छन् । त्यसैले प्राय: निबन्धकार प्राय: यसै शैलीको प्रयोग गरी निबन्धको रचना गर्दछन् ।

समास शैलीलाई समस्त शैली अथवा जटिल शैली भनिन्छ । सामान्य शब्द र सरल वाक्यको साटो समस्त शब्द तथा विशिष्ट भाषाको प्रयोग गरेर लेखिने समास शैलीमा भावको न्यूनता र भाषाको विस्तार हुन्छ । यसमा अधिक तत्सम शब्द तथा आडम्वरपूर्ण भाषाको शब्दजाल विछ्याएर पाठकलाई अल्झाउने काम हुन्छ । यसमा संयुक्त र मिश्रवाक्यको प्रयोग महत्त्वपूर्ण मानिन्छ । कठिन शब्द, लामा वाक्य र दुरूह संरचना नै समास शैलीका विशेषता हुन् ।[78] भनाइमा सङ्क्षिप्त, तीव्रता र सूक्ष्मता हुन्छ । थोरैमा धेरै भन्नु यस शैलीको मूल उद्देश्य हो ।[79]

शैलीका विषयमा भारतीय विद्वान् राकेशले आफ्नो निबन्धसम्बन्धी कृतिमा शैलीलाई भाषा र विचारका आधारमा वर्गीकरण गरी प्रस्तुत गरेका छन् ।[80]

क) भाषाका आधारमा

- शुद्ध संस्कृत प्रधान शैली
- सरल भाषायुक्त शैली
- गुम्फित शैली
- अलङ्कृत शैली
- मिश्रित शैली
- उक्तिप्रधान शैली
- मुहाबरेदार शैली (टुक्का)
- प्रतीकप्रधान शैली

ख) विचारका आधारमा

- समास शैली
- व्यास शैली
- धारा शैली
- तरङ्ग शैली
- विक्षेप शैली

वास्तवमा यो वर्गीकरण हिन्दी भाषाका निबन्धलाई आधार मानी गरिएको देखिन्छ । यस वर्गीकरणले सार्वजनिकता प्राप्त गरी विश्वसाहित्यमा देखापरेका सबैखाले निबन्धको शैली समात्न

[77] ऐजन, पृ. २१ ।
[78] पूर्ववत् ।
[79] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १९५ ।
[80] राकेश, **निबन्धदर्शन,** पृ. ९ ।

सकेको देखिँदैन । वर्तमान समयमा निबन्धले सङ्ख्यात्मक र गुणात्मक विकास गरिरहेको सन्दर्भमा शुद्ध संस्कृत शैलीका निबन्ध लेखिएको पाइँदैन । बौद्धिक चिन्तनभित्र बटारिएका निबन्धहरूमा संस्कृत तत्सम शब्दहरूको प्रयोग भने नपाइने होइनन् । वास्तवमा नेपाली साहित्यमा लेखिएका निबन्धहरूलाई र तिनमा प्रयुक्त विचार र भाषालाई आधार मानी शैलीका विषयमा चर्चा गर्ने हो भने निम्नानुसार शैली अपनाइएको पाइन्छ :

- हास्यव्यङ्ग्यात्मक शैली
- चिन्तनप्रधान शैली
- यात्रात्मक शैली
- आलङ्कारिक शैली
- विश्लेषणात्मक/तार्किक शैली

### ३.१.६.३ उद्देश्य

पाठक समुदायलाई अपेक्षित सन्देश पुऱ्याउन गरिने आग्रह नै उद्देश्य हो । साहित्यका हरेक रचना सिर्जनाका पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । कुनै पनि उद्देश्यबाट प्रेरित भएर नै साहित्यको सिर्जना गरिएको हुन्छ । शर्माले उल्लेख गरे अनुसार निबन्धको मूल उद्देश्य स्वान्तः सुख हो भने यश र अर्थप्राप्ति यसका गौंण उद्देश्य हुन् । त्यसै गरी साहित्यको एक विधा निबन्ध लेखनमा पनि निबन्धकारले कुनै न कुनै उद्देश्य लिएकै हुन्छन् । निबन्धकलाको मूल उद्देश्य लेखकको मनमा कुनै विषयमाथि उठेका भावको प्रस्तुति गर्नु तथा निर्धारित विषयमा जानकारी दिनु हो । अर्को शब्दमा आत्मप्रकाशन र सूचनात्मकता नै निबन्धलेखनका मूल उद्देश्य हुन् । निबन्धकारले निबन्धका माध्यमबाट नै आफ्ना मान्यता, विचार, धारणा एवम् जीवनदर्शन पाठकसामु प्रस्तुत गर्दछ । निबन्ध लेखनका उद्देश्य वा प्रयोजनलाई बुँदागत रूपमा यसरी पनि प्रस्तुत गर्न सकिन्छ :

- जानकारी उपलब्ध गराउने ।
- 'स्व' को प्रकाशन गर्ने ।
- यश आर्जन गर्ने ।
- अर्थलाभ गर्ने ।
- भाषा र लेखन शैलीलाई परिष्कृत गर्ने ।
- छरिएका चिन्तनलाई शृङ्खलित गर्ने ।
- घटनाको सिलसिलेवार वर्णन गर्ने आदि ।

यसरी विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूका बीच निबन्धका तत्त्वका सम्बन्धमा आ-आफ्नै दृष्टिकोण रहेका छन् । त्यसैले सबैका निबन्धका तत्त्वसम्बन्धी धारणा एक नहुनु स्वाभाविक नै हो । वस्तु, शैली र उद्देश्यलाई नै निबन्धका प्रमुख तत्त्वका रूपमा ग्रहण गरी अन्य तत्त्वलाई समेत

समावेश गर्नु समुचित ठहर्छ । माथि उल्लिखित निबन्धका मूल तत्त्वका अतिरिक्त निम्नलिखित कुराहरू पनि सहवर्ती तत्त्वका रूपमा रहेका हुन्छन् ।

- आत्मतत्त्व वा निजी दृष्टिकोण
- गद्यभाषा
- विचारको शृङ्खलित प्रस्तुति
- रूपविधान
- सङ्गठन
- निश्चित आयाम
- तार्किकता र विश्वासिलोपन

यी तत्त्वहरू लेखनका अनिवार्य तत्त्व हुन् । यी तत्त्वहरूको अभावमा निबन्ध जस्तो लेख त बन्ला तर निबन्ध नै हो भनेर पहिचान र किटान गर्न भने गाह्रो पर्छ । यदि कुनै पनि निबन्धकारले यी तत्त्वहरूलाई राम्ररी प्रयोग गरी निबन्धको रचना गर्दछ भने त्यो निबन्धको परिभाषाले भनेअनुसारको निबन्ध रचना हुन सक्छ । कुनै पनि लेखलाई यो निबन्ध नै हो भनेर किटान गर्ने कसीका रूपमा यी उपकरणलाई औंल्याउन नितान्त जरुरी हुन जान्छ । नेपाली साहित्यमा पनि हालसम्म लेखिएका निबन्धहरू यी तत्त्वहरूलाई प्रत्यक्ष वा परोक्ष रूपले आत्मसात् गरेर लेखिएका छन् ।

## ३.२ नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र काल विभाजन

निबन्ध गद्यमा लेखिने साहित्यिक विधा हो । यो गद्यको सबैभन्दा परिष्कृत, परिमार्जित र विकसित रूपसमेत हो । प्राचीन नेपाली भाषाको प्रारम्भकाल विक्रमको एघारौं शताब्दीलाई मानिएको छ । त्यसैले निबन्धको विकासक्रमको आधारशिला निर्माणको मूल आधार पनि प्रारम्भिक अभिलेख र ग्रन्थहरूलाई लिन सकिन्छ । यसक्रममा प्रारम्भिक अभिलेख, औषधीमूलो, ज्योतिष, आचारविचार, नीतिशास्त्र र अन्य व्यवाहारिक विषयका ग्रन्थ हुँदै अगाडि बढेको नेपाली गद्य परम्परामा नेपाली निबन्धलाई समेत वर्तमान अवस्थासम्म ल्याइपुऱ्याउने महत्त्वपूर्ण भूमिका रहेको छ । यस्ता प्रारम्भिक ग्रन्थहरूमा निबन्धात्मक अभिलक्षण भने पाइँदैनन् तथापि निबन्धको पूर्वाधारका रूपमा भने यी ग्रन्थहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

नेपाली निबन्धको विकासक्रमका सम्बन्धमा आजसम्मको खोजबाट प्राप्त तथ्यअनुसार वि.सं १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश**लाई विधागत वर्गीकरणका लागि आधार नबने पनि साहित्यिक बीजभूमि भएको प्रारम्भिक कृतिका रूपमा लिन सकिन्छ । यस गद्य कृतिले नेपाली साहित्यको इतिहासमा समेत नवीन आयाम थप्ने काम गरेको छ । नेपालको एकीकरणका सन्दर्भमा राजा पृथ्वीनारायण शाहले आफ्नो भाइभारदार तथा देशवासी जनताका लागि दिएको उपदेशका नाममा **दिव्योपदेश** पहिलो निबन्धात्मक कृतिका रूपमा उल्लेखनीय रहेको देखिन्छ । यसरी वि.सं. १८३१ बाट प्रारम्भ भएको नेपाली निबन्धको विकासलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणले

विभिन्न चरणमा विभाजन गर्ने काम गरेका छन् । त्यसैले निबन्धको कालविभाजनका क्रममा समेत मतैक्य रहेको पाइँदैन । साहित्यिक मूल्य र कलात्मक अभिव्यञ्जनाको संयोजन पाइने **दिव्योपदेश**लाई नै आधार मानेर डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली निबन्धको विकासक्रमलाई तीन कालमा यसरी विभाजन गरेको पाइन्छ[81] :

पृष्ठभूमिकाल/प्रारम्भिककाल (वि.सं. १८३१-१९५७)

निर्माणकाल/माध्यमिककाल (वि.सं. १९५८-१९९१)

विकासकाल/आधुनिककाल (वि.सं. १९९२-हालसम्म)

### ३.२.१ पृष्ठभूमिकाल/प्रारम्भिककाल (वि.सं. १८३१-१९५७)

वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश**देखि गोरखापत्र प्रकाशनपूर्वको समयलाई नेपाली निबन्धको पृष्ठभूमि वा प्रारम्भिककाल भनेर चिनिन्छ । विचारको प्रस्तुति र आन्तरिक सङ्गठनका दृष्टिले ऐतिहासिक महत्त्व राख्ने **दिव्योपदेश**मा निजात्मक, वैचारिक ज्ञान र अनुभवको सङ्गम रहेको पाइन्छ । यसै आधारमा यसलाई केही मात्रामा भए पनि निबन्धको बीज भएको पहिलो रचनाका रूपमा लिइएको छ । यसपछिका अन्य उल्लेखयोग्य रचनाहरूमा रामभद्र पाध्या रेग्मीको **लक्ष्मी-धर्म संवाद** (१८५१), वाणीविलास पाँडेको **वाग्मतीपुल स्तम्भ अभिलेख** (१८६८), दैवज्ञज्योति नरसिंहको **तुलसीस्तव** (१८६६) लाई नेपाली गद्यको सुन्दर नमुना मान्न सकिन्छ । त्यस्तै दैवज्ञकेशरी अर्ज्यालको **गोरक्षयोग शास्त्र** (१८७७), यदुनाथ उपाध्यायको **रतिकोषसागर** (१८८५), ललितत्रिपुरासुन्दरीको **राजधर्म** (१८८८ पूर्व), सुन्दरानन्द बाडाँको **त्रिरत्नसौन्दर्यगाथा** (१८९० तिर) आदिमा आख्यानेतर गद्यमा भएको विविध शैलीको प्रयोग पाइन्छ ।

त्यसैगरी यसकालमा आध्यात्मिक विषयवस्तुको प्रयोग गरी लेखिएका अन्य ग्रन्थहरूमा योगी अम्बर गीरका **ब्रह्मयज्ञ उपनिषद्** (१८९१) र **योगवाशिष्टसार** (१९१२), भवानीदत्त पाँडेको **आत्मबोध** (१८९३ पूर्व), रघुवीरसिंहको **शान्तिशतक** (१९०९) आदिलाई लिन सकिन्छ । साहित्यिक मूल्यका दृष्टिले भने **दिव्योपदेश**पछिका महत्त्वपूर्ण कृतिहरूमा बेनामी **जङ्गबहादुरको बेलायत यात्रा** (१९१०), मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवनचरित्र** आदिलाई लिन सकिन्छ । नियात्रात्मक निबन्धको पहिलो रचना र ज्ञानमा आधारित वैचारिक ज्ञान दिने गद्यात्मक रचनाका रूपमा **जङ्गबहादुरको बेलायत यात्रा** र **भानुभक्ताचार्यको जीवन चरित्र**लाई लिन सकिन्छ । यसरी नेपाली निबन्धका प्रारम्भिककालमा धार्मिक, नैतिक, औपदेशिक, यात्रापरक, जीवनीमूलक विषयवस्तु बढी पाइनु र निजात्मक अभिव्यक्तिको मात्रा कम देखिन्छ तापनि नेपाली निबन्ध यस अवधिमा आफ्नो अस्तित्व कायम राख्ने प्रयासरत नै देखिएको छ । यस अवधिमा केही मात्रामा भए पनि कतिपय कृतिहरूमा निबन्धका तत्त्वहरू पाइनाले यसलाई नेपाली निबन्धको पृष्ठभूमिकाल वा बीजकालका रूपमा मात्र राख्न सकिन्छ । यिनले माध्यमिककालीन निबन्धको थालनीका निम्ति पृष्ठाधार तयार गरेका छन् ।

[81] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. १२८ ।

### ३.२.२ निर्माणकाल/माध्यमिककाल (वि.सं. १९५८-१९९१)

वि.सं. १९५८ मा काठमाडौँबाट प्रकाशित **गोरखापत्र**को प्रकाशनपछि **शारदा** पत्रिकाको प्रकाशनपूर्वको समयलाई नेपाली निबन्धको माध्यमिककालका रूपमा लिन सकिन्छ । **गोरखापत्र**को प्रकाशनपूर्वका **गोर्खाभारत जीवन** (१९४३) र **सुधासागर** (१९५५) का प्रतिहरू अप्राप्त भएकाले नै **गोरखापत्र**को प्रकाशनपछि वैचारिक स्वतन्त्रताका कारण नेपाली गद्य पत्रपत्रिकासँग सम्बद्ध भएर देखापर्न थाल्यो । यसपछि नै नेपाली निबन्धको इतिहासमा निर्माणकालको निरूपण भएको हो । **गोरखापत्र**मा व्यावहारिक जीवनमा उपयोगी हुने नैतिकताले पूर्ण विभिन्न विषयका निबन्धहरू प्रकाशित भएकाले नेपाली निबन्धको परम्पराको थालनी गर्नमा यस कालको महत्त्वपूर्ण स्थान रहेको छ । यस्ता साहित्यिक मूल्य भएका बेनामी लेखहरूमा **अघि मूर्खपछि बुद्धिमान्** (१९५९), **नैराश्य परमं सुखम्** (१९५९), **वसन्तवर्णनम्** (१९६१), **शिक्षोपदेश** (१९६६), **मातृभाषाको उन्नति** (१९६६), **मनको नाप** (१९७०), **हावा** (१९७३) आदि रहेका छन् भने नामाङ्कित गद्य कृतिहरूमा भने बेङ्कटेश्वरको **सपना** (१९७०), शम्भुप्रसाद ढुङ्गेलका **समय** (१९७६), **प्रभात** (१९७६), **हर्दम याद राख्नुपर्ने कुरा** (१९७६) र **कविताको फल** (१९७७) तथा बैजनाथ सेढाइको **तातो पानी र अमिलो पानी** (१९८२) आदि यस पत्रिकामा प्रकाशित भएको पाइन्छ । यसले गर्दा नेपाली निबन्धको प्रारम्भिक रूपरेखा निर्माण भएको हो ।

यसपछि नेपाली निबन्धको विकासका क्रममा प्रवासबाट प्रकाशित **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९७९), **गोर्खासंसार** (१९८२), **नेपाली साहित्य सम्मेलन** (१९८९) आदि पत्रपत्रिकाहरूको समेत महत्त्वपूर्ण योगदान रहेको छ । **सुन्दरी**मा प्रकाशित **बेसरी** (१९६३-१९६५) लाई उत्कृष्ट निबन्ध मान्न सकिन्छ ।[82] त्यस्तै निबन्ध रचनाको आधारभूमि वि.सं. १९६५ मा प्रकाशित **माधवी** पत्रिकाले तयार गरिदिएको छ भने वि.सं. १९७५ मा प्रकाशन भएको **चन्द्रिका** पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलका **महेन्द्रमल्ली, प्रेम** आदि निबन्धसमेत प्रकाशित भए । **चन्द्रिका**मा प्रकाशित ढुङ्गेलका **महेन्द्रमली र जुनकिरी** दुई सर्वथा मौलिक प्राथमिक निबन्ध हुन् भनेर डा. ईश्वर बरालले **सयपत्री** निबन्धसङ्ग्रहमा उल्लेख गरेका छन् तर रामलाल अधिकारीले यी दुई निबन्ध ढुङ्गेलका रचना नभएको कुरा उल्लेख गर्दै यस कुराको प्रतिवाद गरेका छन् । जेहोस् उनका निबन्धमा उत्कृष्ट गद्यशैलीको प्रयोग पाइन्छ भन्ने उल्लेख गरिएकाले यस निबन्धले नौलो प्रवृत्ति थपेको मान्न सकिन्छ ।

**चन्द्रिका**पछि बनारसबाट **जन्मभूमि** (१९७९), देहरादूनबाट **गोर्खासंसार** (१९८३) एवम् दार्जीलिङबाट **नेपाली साहित्य सम्मेलन** (१९८९) जस्ता पत्रिकाहरू प्रकाशित भए । यी मध्ये **जन्मभूमि**मा प्रकाशित सूर्यविक्रम ज्ञवाली, कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र

---

[82] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पूर्ववत्, पृ. १२४ ।

अधिकारी आदिका विचारात्मक र भावात्मक निबन्धहरू, **गोर्खासंसार**मा प्रकाशित विद्यावती नाहान, मानवीर रसाइली एवम् हर्षबहादुर राई आदिका समाज र जातिको सुधार तथा राजनैतिक चेतनाका व्यङ्ग्यात्मक, भावात्मक, विचारात्मक निबन्धहरू एवम् **नेपाली साहित्य सम्मेलन**मा प्रकाशित सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, धरणीधर कोइराला आदिका साहित्यसेवा, चरित्रसुधार र नैतिकता सम्बन्धी बौद्धिक ओजयुक्त निबन्धहरू महत्त्वपूर्ण छन् । यस कालमा आएर नै नेपाली निबन्धले विधागत स्वरूपलाई स्पष्ट पार्ने अवसरसमेत पाएको हो ।

माध्यमिककालका निबन्धमा भाषा, संस्कृति र जातिगत अस्तित्वलाई आधार बनाएर निबन्धको रचना गरिएको पाइन्छ । विभिन्न पत्रपत्रिकाका माध्यमबाट माध्यमिक कालमा निबन्धले फड्को मारे तापनि यसकालका निबन्धको सङ्गठन व्यवस्थित देखिँदैन । यस समयका निबन्धका संरचनामा शिथिलता, भाषिक स्थिरताको अभाव र प्राय: वर्णन र विवरणको प्रधानता रहेको देखिन्छ । त्यस्तै व्यक्तिको वैयक्तिक अभिव्यञ्जना, दार्शनिक उच्चता, अनुभूतिको घनत्व, शैलीगत परिमार्जन आदि निबन्धका प्रमुख पक्षहरूको प्राय: अभाव नै रहेको पाइन्छ । यति हुँदाहुँदै पनि नेपालीपनको उत्थानका लागि जागृतिको सन्देश दिने प्रयत्न गरिएको यस कालका निबन्धमा आधुनिक प्रवृत्तिको पूर्वाभ्यास भने पाइन्छ ।

### ३.२.३ विकासकाल/आधुनिककाल (वि.सं. १९९२-हालसम्म)

नेपाली साहित्यको आदिकाल र मध्यकालमा निबन्ध साहित्यको सर्वथा अभाव जत्तिकै थियो । **शारदा** मासिक पत्रिका चलेपछि नै निबन्ध साहित्यको श्रीगणेश भयो ।[83] यस कालमा आएर नै नेपाली साहित्यले आफ्नो विधागत स्वरूपलाई स्पष्ट पार्ने अवसर पाएको हो । साहित्यका अन्य विधाजस्तै नेपाली निबन्ध विधामा पनि आधुनिकताको थालनी वि.सं. १९९० को दशकमा **शारदा** पत्रिकाबाट नै भएको हो । **शारदा**मा प्रकाशित देवकोटाको पहिलो निबन्ध **आषाढको पन्ध्र** (१९९२) नै पहिलो आधुनिक निबन्ध हो ।[84] यस निबन्धको प्रकाशनपछि प्रारम्भ भएको आधुनिक नेपाली निबन्धको विकासक्रमलाई निम्नलिखित प्रथम, द्वितीय र तृतीय गरी तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

#### क) प्रथम चरण

वि.सं. १९९२ मा **शारदा** पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको **आषाढको पन्ध्र** निबन्ध बाट नेपाली निबन्धका क्षेत्रमा आधुनिककालको थालनी भएको हो । त्यसैले वि.सं. १९९२ देखि २००३ साल अथवा **युगवाणी** पत्रिकाको प्रकाशन (२००४) पूर्वको अवधिलाई आधुनिक नेपाली निबन्धको प्रथम चरणका रूपमा लिन सकिन्छ । यस अवधिका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा

---

[83] रत्नध्वज जोशी, **आधुनिक नेपाली साहित्यको झलक,** ते.सं., (ललितपुर : साझा प्रकाशन, २०३९), पृ. २९२ ।
[84] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पूर्ववत्, पृ. १२६ ।

हुन् । देवकोटाले पाश्चात्य ढङ्गले पूर्ण निजात्मकता अँगाली शैली र विषयवस्तुमा नौलोपना भएका निबन्ध लेखी नीति, शिक्षा र सुधारको भावनालाई सुक्तिमय ढङ्गले लिपिबद्ध गर्ने मध्ययुगीन प्रवृत्तिको अन्त्य गरेकाले नेपाली निबन्धका क्षेत्रमा उनी प्रथम आधुनिक निबन्धकार बन्न पुगेका छन् । तथापि देवकोटा प्रथम आधुनिक निबन्धकार हुन् भन्ने विषयमा पनि विवाद नपाइने भने होइन । कतिपय समालोचकहरूले **शारदा** (१९९१) मा प्रकाशित बालकृष्ण समको **बर्दहामा शिकार**लाई आधार मानेर उनलाई प्रथम आधुनिक नेपाली निबन्धकार मानेका छन् तर त्यो रचना निबन्ध नभएर कथा हो ।[85] त्यसैले **शारदा**मा प्रकाशित देवकोटाको **आषाढको पन्ध्र** नै पहिलो आधुनिक निबन्ध हो र उनी नै प्रथम आधुनिक आत्मपरक निबन्धकार हुन् भन्न सकिन्छ । यस चरणमा देवकोटाको **पहाडी जीवन** (१९९२) आदि निबन्धहरू प्रकाशित भएका छन् भने अर्का सशक्त निबन्धकार बालकृष्ण समका **आत्मविश्वास, त्यो पानी** आदि निबन्धहरू समेत प्रकाशित हुँदै गए । समलाई दार्शनिक, तार्किक, विचारमूलक एवम् वस्तुपरक निबन्धकारका रूपमा लिन सकिन्छ । त्यसैगरी निबन्धका क्षेत्रमा कलम चलाउने यस चरणका अन्य निबन्धकारहरूमा बोधविक्रम अधिकारी, प्रेमराज शर्मा, बाबुराम आचार्य, भीमनिधि तिवारी, यदुनाथ खनाल, नरेन्द्रमणि आ.दी., रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान आदि उल्लेख्य छन् । त्यस्तै नेपाल बाहिर रहेर पनि नेपाली निबन्ध लेखेर सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रुपनारायण सिंह, धरणीधर कोइराला आदिले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यस विधाको विकासमा **शारदा** र त्यसपछिका **उद्योग, उदय, नेबुला, परिवर्तन, खोजी** पत्रिकाहरूले समेत महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।[86]

नेपाली निबन्धको विकासक्रमलाई हेर्दा उपर्युक्त निबन्धकारहरूमध्ये देवकोटा यस चरणका र नेपाली निबन्धकै केन्द्रीय प्रतिभाका रूपमा देखिन आउँछन् । यस अवधिमा देवकोटाको **लक्ष्मीनिबन्धसङ्ग्रह** (२००२), अङ्ग्रेजी निबन्धको अनुदित कृति **प्रसिद्ध प्रबन्धसङ्ग्रह** र २०३७ सालमा पछि प्रकाशित **दाडिमको रुखनेर** निबन्धसङ्ग्रहसमेत उनका महत्त्वपूर्ण प्राप्ति हुन् । त्यसैगरी अन्य कृतिहरूमा **नेपाली गद्यसङ्ग्रह** (भाग-२), हृदयचन्द्रसिंह प्रधानको **भूस्वर्ग** (२००३), भेषराज शर्माको के-कस्तो ? (२००३) आदि निबन्धसङ्ग्रह प्रकाशित भएको पाइन्छ । त्यसैले यस अवधिलाई नेपाली निबन्धको स्वर्णयुग मान्न सकिन्छ । यस चरणका निबन्धमा मूलभूत रूपमा तीनवटा प्रवृत्तिहरू देखापरेका छन् ।[87] ती प्रवृत्तिहरूमध्ये पहिलो प्रवृत्ति हो- देवकोटाबाट प्रवृत्त भएको स्वच्छन्दतावाद, दोस्रो प्रवृत्ति हो- समबाट भएको शास्त्रीयतावाद र तेस्रो प्रवृत्ति हो- प्रगतिवादी स्वच्छन्दतावाद । यस प्रवृत्ति अन्तर्गत रहेर कलम चलाउनेहरूमा हृदयचन्द्रसिंह प्रधान, खड्गमान मल्ल, यदुनाथ खनाल, भेषराज शर्मा आदि रहेका छन् । यस चरणमा पाश्चात्य साहित्यको सैद्धान्तिक एवम् व्यावहारिक

[85] पूर्ववत् ।
[86] ऐजन, पृ. १२७ ।
[87] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाल निबन्ध,** पूर्ववत्, पृ. ६९ ।

प्रभाव, बौद्धिकताको आग्रह, हार्दिकताको पोखाइ, विषयवस्तुमा विविधता, शिल्पगत नवीनता आदि यस अवधिका निबन्धगत प्रवृत्तिहरू रहेका छन् ।

### ख) द्वितीय चरण

बनारसबाट **युगवाणी** साप्ताहिक पत्रिकाको प्रकाशन (२००४) सँगै आधुनिक नेपाली निबन्धको दोस्रो चरणको सुरुवात हुन्छ र यस चरणको व्याप्ति **रूपरेखा** (२०१७) पत्रिकाको प्रकाशनपूर्व (२०१६) सम्म रहन्छ ।[88] शासनसत्ताको अनैतिक प्रवृत्तिले परिवर्तनको चाहना राखी निबन्धकारहरू यस पत्रिकामा उदाएका छन् । यस अवधिका नेतृत्वकर्ता हृदयचन्दसिंह प्रधान हुन् । उनले देवकोटाबाट थालिएको एकछत्र कल्पनावादी साम्राज्यको विरुद्ध चारसालतिर अर्कै सशक्त यथार्थवादी शिविर खडा गर्दै नेपाली निबन्ध परम्परामा सामाजिक यथार्थवाद र प्रगतिवादलाई भित्र्याउने कार्य गरे । त्यसैले उनलाई नेपालीका पहिलो प्रगतिशील निबन्धकारका रूपमा लिन सकिन्छ । यस अवधिमा उनका **तीस रुपैयाको नोट** (२००४), **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११) गरी तीनवटा निबन्धसङ्ग्रह प्रकाशित भए । यसमा उनले समाजका ठूलाबडाका षड्यन्त्रहरूबाट सर्वसाधारण मानिसहरू कसरी जेलिएका हुन्छन् भन्ने कुरा स्पष्ट पार्दै अन्याय, अत्याचार र शोषणको विरोध गरी क्रान्तिकारी भावनाको बीजारोपण गरेको पाइन्छ । अर्कोतिर देवकोटाको लेखनीमा पनि २००३/४ सालपछि क्रान्तिकारिता एवम् व्यङ्ग्य विद्रोह प्रस्तुत भएको छ । यसै अवधिमा **युगवाणी** पत्रिकामा देवकोटाको यात्रानिबन्ध **समाजवादको धुनमा** (२००४), नारायणप्रसाद भट्टराईको **हावाबाजी** (२००४), अच्छा राई रसिकको **नारी समस्याको हल** (२००४), रुद्रराज पाण्डेको **गुन्द्रुकको पुकार** (२००९) आदि प्रकाशित भए ।

यसैगरी वि.सं. २००४ सालमा हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा प्रकाशित **साहित्यस्रोत**मा उनकै निजात्मक निबन्ध **सिरक** र रामकृष्ण शर्माको **आफ्नै लेखनीको परामर्श** उल्लेख्य छन् । त्यस्तै अन्य पत्रिकामा प्रकाशित बदरीनाथ भट्टराई, भीमनिधि तिवारी, ताना शर्मा, ईश्वरबल्लभ आदिका वर्णनात्मक एवम् खोजपूर्ण निबन्धका साथै पारसमणि प्रधानका भाषाविषयक निबन्ध पनि यसै अवधिमा देखापरेका छन् । प्रेमराज शर्मा र अच्छा राई रसिकले आरम्भ गरेको हास्यव्यङ्ग्य निबन्धलाई केशवराज पिंडालीले यस अवधिमा अगाडि बढाउने काम गरेका छन् भने श्यामप्रसाद शर्माले हृदयचन्द्रसिंह प्रधानले आरम्भ गरेको सामाजिक प्रगतिवादी निबन्ध धारालाई अगाडि बढाउने कार्य गरेका छन् । त्यसैले यस अवधिमा प्रगतिवादी र हास्यव्यङ्ग्यात्मक धारा प्रमुख धाराका रूपमा देखापरेका छन् । २००७ सालपछिको राजनैतिक परिवर्तनपछि अभिव्यक्ति स्वतन्त्रता र पत्रपत्रिकाहरूको प्रचुर प्रकाशनले नै नेपाली निबन्ध अगाडि बढेको हो । यस अवधिमा **युगवाणी, साहित्यस्रोत**का साथै **भारती, पुरुषार्थ, प्रगति, गोर्खा** आदि पत्रपत्रिकाहरूले निबन्धको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

---

[88] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, पूर्ववत्, पृ. ३७ ।

आधुनिक नेपाली निबन्धको दोस्रो चरण निबन्ध लेखनका दृष्टिले उर्वर देखिन्छ । यस अवधिमा हृदयचन्द्रसिंह प्रधानका तीन निबन्धसङ्ग्रहका अतिरिक्त बदरीनाथ भट्टराईको **पच्चीस प्रबन्ध** र भीमनिधि तिवारीको **पन्ध्र प्रबन्ध** (२००८), श्यामप्रसाद शर्माको **तँ, तिमी, तपाईं, हजुर** (२०१४), केशवराज पिंडालीको **खैं-खैं** (२०१६), चूडानाथ भट्टरायको **निबन्ध चूडामणि** (२०१६) यस अवधिमा उल्लेख्य निबन्धसङ्ग्रह हुन् । त्यसैले यस चरणमा विषयगत विविधता, प्रगतिवादी साहित्यिक चिन्तन, हास्यव्यङ्ग्यात्मकता, खोजअनुसन्धानमूलक निबन्ध लेखन तथा यात्रा निबन्धको थालनी, आत्मपरकता, परात्मक निबन्ध लेखन आदि यस अवधिका उल्लेख्य प्रवृत्ति मानिन्छन् ।

### ग) तृतीय चरण

आधुनिक नेपाली निबन्धको तेस्रो चरण **रूपरेखा** पत्रिकाको प्रकाशन समय २०१७ सालदेखि वर्तमानसम्म रहेको छ । निबन्ध विधाले अत्यन्तै उर्वरता कायम गरेको समयका रूपमा लिइने अवधिलाई समसामयिक चरण पनि भन्न सकिन्छ । वि.सं. २०१७ सालको राजनैतिक परिवर्तन र अभिव्यक्ति स्वतन्त्रतामाथिको कुठाराघातबाट नेपाली साहित्यका अन्य विधाका अतिरिक्त नेपाली निबन्धमा पनि परम्पराभन्दा भिन्दै प्रवृत्ति अँगालेर निबन्ध लेखनको थालनी भयो । साहित्यका अनेक विधामा पाइने अनेक प्रकारका प्रवृत्तिहरू यस चरणका विविध निबन्धहरूमा समेटिएको पाइन्छ । शिल्प र शैलीका विविध आयाम, बुद्धि, हृदय, चिन्तन, प्रगति, पलायन, अनुसन्धान, हास्यव्यङ्ग्य आदि अनगिन्ती प्रवृत्तिहरूबाट यो चरण परिपोषित छ । मूलतः यस चरणका निबन्धकार र निबन्धहरूलाई हेर्दा यस चरणमा मूलतः तीन प्रवृत्तिहरूलाई औंल्याउन सकिन्छ । ती हुन्- बौद्धिक चिन्तन धारा, आलोचनात्मक यथार्थवादी धारा र समसामयिक धारा ।

**एब्स्ट्र्याक्ट चिन्तन प्याज** (२०२४) र **गोधूलि संसार**जस्ता महत्त्वपूर्ण दुई निबन्धसङ्ग्रह प्रकाशित गर्ने निबन्धकार लामिछानेले पहिलो प्रवृत्तिको नेतृत्व गरेका छन् । उनले परम्पराभन्दा भिन्न प्रयोगशील प्रवृत्ति अँगाली निबन्ध लेखेकाले यही प्रयोगधर्मिताले नेपाली निबन्धले नयाँ मोड लिएको हो । पाश्चात्य साहित्यको नवीन चिन्तन र वादहरूसँग परिचित लामिछानेका निबन्ध अमूर्त र गहन खालका छन् । शैल्पिक अमूर्तता तथा चिन्तन प्रवाहका दृष्टिले र बौद्धिक गहनताका दृष्टिले यो धारामात्र नभएर आधुनिक नेपाली निबन्धको सम्पूर्णतामै वैशिष्ट्य हासिल गर्दै तेस्रो चरणका प्रतिनिधि निबन्धकारका रूपमा उनी स्थापित भएका छन् । यस फाँटका अन्य निबन्धकारहरूमा रामकृष्ण शर्मा, कमल दीक्षित, इन्द्रबहादुर राई, बालकृष्ण पोखरेल, बासुदेव त्रिपाठी, रामकुमार पाण्डे, गणेशबहादुर प्रसाईं, कृष्णप्रसाद पराजुली आदि रहेका छन् ।

दोस्रो प्रवृत्ति आलोचनात्मक यथार्थवादी धाराको नेतृत्व भैरव अर्याल एवम् श्यामप्रसाद शर्माले गरेको पाइन्छ । यस चरणका अन्य निबन्धकारहरूमा गोविन्द भट्ट, आनन्ददेव भट्ट, पारिजात, रमेश विकल, चूडामणि रेग्मी, लीलाध्वज थापा, मोदनाथ प्रश्रित, रामलाल अधिकारी, कृष्णचन्द्रसिंह प्रधान, वल्लभमणि दाहाल, विष्णु नवीन, तारानाथ शर्मा, धनुषचन्द्र गौतम, श्याम गोतामे एवम् वासुदेव

लुइँटेल आदि रहेका छन् । यसै प्रवृत्ति अन्तर्गत प्रगतिमूलक यथार्थवादी एवम् क्रान्तिकारी स्वच्छन्दतावादी निबन्धकारहरू पनि देखापर्छन् । हास्यव्यङ्ग्यमा भैरव अर्याल, यथार्थमूलक प्रगतिवादी विचारमा श्यामप्रसाद शर्मा, स्वच्छन्दतामूलक अराजक विचारमा लामिछाने एवम् यात्रा संस्मरणात्मक निबन्ध धाराका फाँटमा ताना शर्माले नेतृत्व प्रदान गरेको पाइन्छ । यिनै प्रवृत्ति अन्तर्गत रहेर अन्य निबन्धकारहरूले पनि आफ्नो लेखनलाई अगाडि बढाएका छन् ।

आधुनिक निबन्धको तेस्रो चरणको तेस्रो मूल प्रवृत्तिका रूपमा समसामयिक धारा प्रकट हुन्छ । अराजकतामूलक स्वच्छन्दतावादको विकास, स्वच्छन्दतामूलक अन्तरमुखी चेतको ह्रास अनि विसङ्गतिपरक मूल्यको उत्थान नै समसामयिक प्रवृत्तिका अङ्ग बनेका छन् । यस चरणको उत्तरार्द्धमा अथवा ०४६ पछिका वर्षहरूमा अराजकतामूलक स्वच्छन्दतावादको विकासले समाजमा आएका विकृतिहरू प्राकृतिक संसाधनमा आएका विकृतिहरू, भौतिक स्रोत र साधनका विनासहरू, देशका युवापुस्तामा बढ्दै गएको अनुशासनहीनता, राष्ट्रिय स्वार्थ र अस्तित्वमा आएका कम्पनहरू, अन्तर्राष्ट्रिय क्षेत्रबाट पर्न आएका राजनीतिक र आर्थिक शीतयुद्धका संघातहरू, नारी अस्मितामाथिका क्रयविक्रय र बलात्कारहरू, सत्तालिप्सा र सत्ता विभाजनबाट भएका हत्या, आतङ्क, बलात्कार आदि वर्तमान समयका विकृतिविसङ्गतिहरूलाई विषयवस्तु बनाएर निबन्धको रचना गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । यस्ता विसङ्गतिमाथि सुधारको सङ्केतको अपेक्षासहित तीव्र व्यङ्ग्य प्रहार गर्ने निबन्धकारहरूमा गङ्गाप्रसाद उप्रेती, माधवप्रसाद पोखरेल, यादव खरेल, निर्मोही व्यास, राममणि रिसाल, रुद्र खरेल, राजेन्द्र सुवेदी, नरेन्द्रराज पौडेल, सुधा त्रिपाठी, रविकिरण 'निर्जीव' आदि उल्लेखनीय रहेका छन् ।

उपर्युक्त केही निबन्धकारहरू आफूलाई गतिशील भन्न रुचाउने भएर पनि सत्ता परिवर्तनसँगै स्वाद बदल्न चाहने पलायित मानसिकताका देखिन्छन् । गङ्गाप्रसाद उप्रेती, माधवप्रसाद पोखरेल, खगेन्द्र संग्रौला, विमल निभा, रुद्र खरेल, चूडामणि रेग्मी, रविकिरण निर्जीव, मोदनाथ प्रश्रित, राजेन्द्र सुवेदीजस्ता विभिन्न निबन्धकार भने सामाजिक एवम् राजनैतिक विसङ्गतिले जन्माएका विकृतिहरूको निराकरणका निमित्त सधै आफ्नो साधनामा जुटिरहेका देखिन्छन् । यस्ता खाले विचारमा सुदृढ अडान भएका निबन्धकारहरूबाट निबन्धको विकासमा अझ उत्तरोत्तर गतिशीलता थपिदै जाने विश्वास गर्न सकिन्छ साथै भविष्यमा भिन्न नवीन निबन्ध लेखनको थालनीको आशा पनि नेपाली साहित्यले गरेको छ ।

आधुनिक नेपाली निबन्धको तृतीय चरणमा देखिएका उपर्युक्त निबन्धकारहरूलाई जन्माउनमा **रूपरेखा** (२०१७) का अतिरिक्त **मधुपर्क, नेपाली रचना, अभिव्यक्ति, भानु, प्रज्ञा, गरिमा** आदि नेपालबाट निस्केका पत्रिकाहरू र नेपाल बाहिरबाट **फूलपात पतकर, तेस्रो आयाम, नेबुला, सुमन** आदि पत्रिकाका साथै अन्य विभिन्न सङ्घसंस्थाबाट निस्कने समसामयिक पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरण अभ्यास, प्रयोग र सुदृढीकरणको समय हो । यस अवधिमा यात्रासंस्मरण, व्यङ्ग्य र पत्रात्मक शिल्पमा अभिव्यक्तिगत रूप प्रस्तुत गर्ने निबन्धकारहरू

समेत देखापरेका छन् । निबन्धको स्वरूप र प्रस्तुति प्राय: स्पष्ट भइसकेको यस अवधिमा स्थापित भइसकेका र नयाँ आउँदै गरेका निबन्धकारहरूले पनि निजी दृष्टिकोण शिल्प र अभिव्यक्तिका साथ निबन्धको रचना गरेको पाइन्छ । विषयगत विविधता, सामयिक विचार, साझा अनुभूति, नवीन प्रस्तुति, समालोचनात्मक दृष्टिमा विकास आदि प्रवृत्तिगत केन्द्रीयतामा नेपाली निबन्धको तृतीय चरण अथवा समसामयिक चरण यात्रारत छ ।

## ३.३. निष्कर्ष

निबन्ध संस्कृत शब्द हो । यसको बीजारोपण पूर्वीय साहित्यमा भए पनि संस्कृत साहित्यको कालखण्डमा यस विधाको लेखन भएको पाइँदैन । पश्चिमी मुलुक फ्रान्समा जन्मेर अङ्ग्रेजी, हिन्दी हुँदै नेपाली साहित्यमा देखापरेको यो आधुनिक विधा हुनुका साथै कान्छो विधा पनि हो । विधागत हिसाबले निबन्ध पाश्चात्य साहित्यकै देन भए पनि नेपाली साहित्यमा वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश** कृतिलाई नै आधार मानी नेपाली निबन्धलाई पृष्ठभूमिकाल/प्रारम्भिककाल, माध्यमिककाल र आधुनिककाल गरी तीन चरणमा विभाजन गर्न सकिन्छ । प्रारम्भिककाल निबन्ध लेखनको पृष्ठभूमि वा पूर्वाधार तयारीकै अवस्थामा रह्यो । माध्यमिककालले निबन्धलेखनको रेखाङ्कनसहित एउटा मार्ग दिने काम गऱ्यो । अर्थात् निबन्धको विधागत स्वरूपलाई स्पष्ट पार्ने काम यस कालमा भयो भने आधुनिक कालले नवीनतम मूल्य र मान्यतालाई स्थापित गर्दै अगाडि बढ्ने काम गऱ्यो । हाल नेपाली साहित्यका फाँटमा नयाँ-नयाँ प्रयोग भएका छन् । यो विधा आफ्नै मौलिक स्वरूप र संरचनाका साथ उभिन सफल भएको छ । आख्यानेतर नवगद्यका रूपमा लिइने निबन्ध अन्य साहित्यिक विधाभन्दा बढी गहन तथा स्वतन्त्र विधा भएकाले नेपाली गद्य साहित्यमा यसको महत्त्व दिनप्रतिदिन बढ्दै गएको देखिन्छ ।

# परिच्छेद : चार
# नेपाली निबन्धमा निर्जीवको प्रवेश र उनको निबन्धयात्रा

## ४.१ पृष्ठभूमि

साहित्यका विविध विधामा कलम चलाएर आफ्नो नाम नेपाली साहित्यको इतिहासमा सुरक्षित राख्न सफल रविकिरण निर्जीव बहुमुखी व्यक्तित्व सम्पन्न स्रष्टा हुन् । अनौपचारिक रूपमा उनले माध्यमिक विद्यालयीय जीवनकालदेखि नै सिर्जनाका क्षेत्रमा कलम चलाउन थालेका हुन् । कविता विधाबाट साहित्यिक यात्राको थालनी गरेका उनी हालसम्म पनि साहित्य सिर्जनाका क्षेत्रमा क्रियाशील नै देखिन्छन् । वि.सं. २०२३ सालमा प्रकाशित **नवजीवनको फूलबारी** नामक कवितासङ्ग्रह नै उनको पहिलो प्रकाशित साहित्यिक कृति हो । निबन्धका क्षेत्रमा भने वि.सं. २०२४ साल फागुन ४ गते भएको चितवन जिल्लाव्यापी साहित्यिक गोष्ठीमा प्रथमस्थान हासिल गर्न सफल **गाउँफर्क र साहित्य** शीर्षक नै उनको पहिलो निबन्ध हो ।[1] यो निबन्ध वि.सं. २०२५ सालमा **दोभान** पत्रिकामा प्रकाशित भएपछि नै उनको व्यक्तित्व कवि व्यक्तित्वमा मात्र सीमित नरही निबन्धकार व्यक्तित्वका रूपमा समेत परिचित हुनपुग्छ । त्यसैले यही अवधिलाई उनको निबन्ध यात्राको प्रारम्भ बिन्दु मान्नुपर्ने देखिन्छ । प्रारम्भतिर प्रतियोगितामा प्रथमस्थान हासिल गरे तापनि उनले आफ्नो निबन्ध लेखनलाई भने उचाइमा पुऱ्याउन सकेको पाइँदैन । फलस्वरूप निबन्धलेखन कार्यले निरन्तरता पाएको देखिँदैन । यसै अवधिमा अध्यापनका सिलसिलामा विभिन्न भू-भागमा जानु, साहित्यका अन्य विधामा समेत कलम चलाउनु, उच्च शिक्षा आर्जनका क्रममा आएको वैचारिक परिवर्तन अनि अन्य कतिपय कारणले निर्जीव निबन्धलेखनतिर निरन्तर लागेको पाइँदैन । त्यसैले वि.सं. २०२५ देखि थालिएको उनको निबन्धयात्रामा हालसम्म जम्मा दुईवटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । त्यसैगरी फुटकर रूपमा भने विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा समेत उनका अनेकौं निबन्धहरू प्रकाशित भएको पाइन्छ । यसरी उनको चारदशकभन्दा लामो निबन्धयात्रालाई विभिन्न दृष्टिकोणबाट चरण विभाजन गरी अध्ययन गर्न आवश्यक ठानिएको छ ।

कुनै पनि साहित्यकारको साहित्ययात्रालाई विभाजन गर्ने केही खास आधारहरू हुन्छन् । साहित्यकारको साहित्यिक लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन, रचनाकारहरूका परिमाण र गुणस्तर, धारागत, प्रवृत्ति, साहित्यिक रचना वा कृतिगत प्रकाशन, चिन्तन पक्षको परिवर्तन आदिजस्ता आधारहरू लिएर उसको साहित्ययात्राको चरण विभाजन गर्ने गरिन्छ ।[2] यसैगरी रविकिरण निर्जीवको चारदशकभन्दा लामो निबन्धयात्राका क्रममा प्रकाशित दुईवटा निबन्धसङ्ग्रह र फुटकर रूपमा प्रकाशित विभिन्न निबन्धहरूको निरूपण गर्न चरण विभाजनका

[1] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

[2] मीनादेवी घिमिरे, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** पूर्ववत्, पृ. ३१ ।

आधारहरू खोज्ने क्रममा पनि उनको लेखनप्रवृत्ति, विषयगत केन्द्रीयता, लेखनगति, परिष्कार र प्रकाशन आदिलाई दृष्टिगत गरी उनको निबन्धयात्रालाई दुई चरणमा अध्ययन गरिएको छ :

क. पहिलो चरण (वि.सं. २०२५ देखि २०४१ सम्म)

ख. दोस्रो चरण (वि.सं. २०४२ देखि वर्तमानसम्म)

### ४.१.१ पहिलो चरण (वि.सं. २०२५ देखि २०४१ सम्म)

वि.सं. २०२५ देखि २०४१ सालसम्मको अवधिलाई रविकिरण निर्जीवको निबन्धयात्राको पहिलो चरणका रूपमा लिन सकिन्छ । यस सोह्रवर्षे अवधिमा उनका दुईवटा फुटकर निबन्धबाहेक अन्य निबन्धहरू भने प्रकाशित भएको पाइँदैन । यसरी कृतिगत रूपमा पनि सङ्ग्रहको प्रकाशन नभएकाले उनको यस चरणलाई फुटकर रचनाको चरण अथवा आभ्यसिक चरणका रूपमा लिन सकिन्छ । वि.सं. २०१५ सालमा **दोभान** पत्रिकामा प्रकाशित उनको **गाउँफर्क र साहित्य** शीर्षक निबन्ध नै उनको पहिलो निबन्ध हो जुन निबन्धले चितवन जिल्लाव्यापी साहित्यिक गोष्ठीमा प्रथमस्थान प्राप्त गरेको थियो ।[3] राजा महेन्द्रको शुभजन्मोत्सवको अवसरमा सम्पन्न गरिएको उक्त प्रतियोगितामा उनैद्वारा लागू गरिएको गाउँफर्क राष्ट्रिय अभियानलाई निबन्धको मुख्य विषयका रूपमा लिई यस अभियानको विश्लेषण र प्रशंसा गर्दै यसप्रति निबन्धकारको सकारात्मक धारणा अभिव्यक्त भएको छ । यस अभियानलाई क्रान्तिकारी कदमका रूपमा लिँदै गाउँमा लुकेर रहेका प्रतिभाको खोजी, नेपाली-नेपाली बीचको आत्मीयता बढाउन अनि अन्याय, अत्याचार, शोषण, असमानता र सङ्कीर्णतालाई ध्वस्त गरी जनस्तरमा चेतना र देशभक्तिको पाठ सिकाउन यो अभियानको घोषणा गरिएको कुरा प्रस्तुत गर्दै पञ्चहरूलाई सहर छोडेर गाउँ फर्की गाउँलाई उठाउँ भन्ने भाव अभिव्यक्त गरिएको छ । त्यसैगरी देशमा बढ्दै गएको राजनैतिक अस्थिरता, प्रजातान्त्रिक मूल्य-मान्यता हलुका बन्दै गएको युगीन यथार्थलाई सरल र सहज भाषाशैलीमा अभिव्यक्ति दिन उनी सफल नै देखिन्छन् । वि.सं. २०२६ सालमा **प्रकाशपुञ्ज** पत्रिकामा प्रकाशित उनको अर्को निबन्ध **स्वाङ** हो । यस निबन्धमा प्रत्येक मान्छेले बाह्य रूपमा इमान्दारिता, नैतिकता र उत्तम आचरणको कुरा गर्दछ तर त्यो मात्र स्वाङ हो, भ्रम हो भन्ने कुरा सरल र सहज भाषामा व्यक्त गरिएको छ । त्यसैले विषय अनुकूल शीर्षक पनि सार्थक नै देखिन्छ ।

यी दुई निबन्धबाहेक यस अवधिमा उनका कुनै पनि अन्य फुटकर निबन्धहरू प्रकाशित भएको पाइँदैन । निर्जीवको पहिलो निबन्धले नै प्रतियोगितामा प्रथमस्थान हासिल गर्नु यसचरणको महत्त्वपूर्ण उपलब्धि हो भने उनको निबन्धलेखन कार्यले यसपछि निरन्तरता पाएको भने देखिँदैन । त्यस्तै वि.सं. २०४२ सालपछि भने पुनः निबन्धलेखनमा लागेका उनी यस समयपछि व्यङ्ग्यात्मक निबन्धलेखनतिर आकृष्ट भएकाले २०४१ सालसम्मको अवधिलाई प्रथम चरणका रूपमा लिनुपर्ने देखिन्छ । हुनत वि.सं. २०४२ सालपछि पनि फुटकर रूपमा निबन्ध प्रकाशित नभएको भने होइन

[3] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

तर उक्त निबन्धहरू सङ्ग्रहमा नै सङ्गृहीत हुनपुग्नु र ती निबन्धहरू व्यङ्ग्यात्मक भएकाले यी दुई निबन्धलाई नै आधार मानी उनको प्रथम चरणका प्रवृत्तिहरूलाई खुट्याउनु पर्ने देखिन्छ ।

यसरी निर्जीवका प्रथम चरणका निबन्धगत प्रवृत्तिलाई हेर्दा निबन्ध लेखनमा निरन्तरता रहेको देखिँदैन । यस चरणमा **गाउँफर्क र साहित्य** अनि **स्वाङ** गरी दुई निबन्धबाहेक अन्य निबन्धले प्रकाशन नभएकाले यो चरण फुटकर निबन्धलेखनमा मात्र सीमित रहेको देखिन्छ । वैचारिक परिवर्तन आइनसकेको अवस्थामा लेखिएका उनका यी प्रारम्भिक निबन्धमा राजा र राजसंस्थाप्रति तीव्र आस्थासमेत प्रकट गरिएको छ । यस्तै राजनैतिक अस्थिरता, अस्तव्यस्तता, मान्छेमा निहित स्वार्थीपन, अहम्ता, अनैतिकता आदिजस्ता यथार्थवादी भावनालाई प्रस्तुत गर्दै सकारात्मक दिशातिर अग्रसर गराउन यी निबन्ध उन्मुख रहेका छन् । सबैले बुझ्नसक्ने सरल र सहज भाषाशैलीको प्रयोग गरेर यी निबन्ध लेखिएको भए पनि निबन्धलेखनको प्रारम्भिक स्वरूप आएका यी निबन्धमा भाषिक परिष्कारमा भने केही कमीकमजोरी देखिन्छ ।

### ४.१.२ दोस्रो चरण (वि.सं. २०४२ देखि वर्तमानसम्म)

वि.सं. २०४२ सालपछिको समयलाई निबन्धकार रविकिरण निर्जीवको निबन्धयात्राको दोस्रो चरणका रूपमा लिन सकिन्छ । निबन्ध विधाबाट भ्रष्ट, स्वार्थी र अभिमानीहरूलाई मार्मिक प्रहार गर्न सकिने भएकाले उनी निबन्ध लेखनप्रति पुन: आकर्षित भएका हुन् । सरल निबन्धलेखनबाट निबन्धयात्राको थालनी गरेका निर्जीवले वि.सं. २०२५ सालदेखि प्रगतिवादी साहित्यिक आन्दोलनसँगै सम्बन्धित भएर त्यस्तै खालका रचना लेख्न सुरु गरेर २०४२ सालमा **छेपेटार** नामक खण्डकाव्य पनि प्रकाशित गराएका छन् । अनि त्यसै समयदेखि उनी व्यङ्ग्यात्मक निबन्धतिर आकृष्ट भएका हुन् ।[4] यसै क्षेत्रमा उनले प्रसिद्धिसमेत प्राप्त गरेका छन् । रविकिरण निर्जीव चितवनका क्रियाशील प्रगतिवादी निबन्धकार हुन् ।[5] समाजलाई बुझ्ने र यसलाई व्यवस्थित किसिमले परिवर्तन गर्ने क्षमता राख्ने मार्क्सवादी वैज्ञानिक चिन्तनपद्धति अँगालेको र त्यसैको अनुशासनमा आबद्ध अवस्था नै प्रगतिवाद हो । वाद नभए विवाद हुँदैन र विवाद नभए विकास हुँदैन भन्ने धारणा राख्ने रविकिरण निर्जीव पनि प्रगतिवादमा आधारित भएर साहित्यको सिर्जना गर्न उपयुक्त ठान्दछन् । वि.सं. २०४२ पछिका उनका निबन्धहरू प्रगतिवादी साहित्यिक चिन्तनका निकट देखिन्छन् । यस अवधिमा उनका **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) र **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) गरी दुई व्यङ्ग्यात्मक निबन्धसङ्ग्रह प्रकाशित भएका छन् भने फुटकर रूपमा अन्य निबन्धहरू पनि प्रकाशित भएका छन् । त्यसैले उनको निबन्ध लेखनयात्राको यस चरणलाई कृति प्रकाशनको चरणका रूपमा समेत लिन सकिन्छ ।

---

[4] रमेश विकल, भूमिका लेख, ***रविकिरणका निबन्धहरूमा चहार्दा,*** **सोझा निर्जीवका बाङ्गा निबन्धहरू,** (चितवन : जोशिलो प्रकाशन, २०४७) ।

[5] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२), पृ. ९४ ।

यस चरणको कालखण्डमा उनले निबन्ध विधाबाहेक अन्य विधामा समेत कलम चलाएका छन् । उनका यस अवधिमा **छेपेटार** खण्डकाव्य (२०४२), **कालो कर्णालीको सेतो छाँया** उपन्यास (२०५६), **ऐंजेरु लागेको पिपल** बालकाव्य (२०६३) समेत प्रकाशित भएका छन् । तथापि अन्य विधामा भन्दा निबन्ध विधामा नै उनले प्रसिद्धि प्राप्त गरेको देखिन्छ । उनका दुईवटै निबन्धसङ्ग्रहलाई यसै चरणअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ ।

निर्जीवको पहिलो निबन्धसङ्ग्रह **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) वि.सं. २०४२ देखि २०४६ सालसम्मका फुटकर रूपमा प्रकाशित निबन्धहरू एवम् अन्य निबन्धहरूको सङ्कलनका रूपमा रहेको छ । आफ्नो प्रवृत्तिलाई ध्वनित गर्ने अर्थमा यस सङ्ग्रहको नामकरण गरिएको हो । व्यावहारिक दृष्टिले निर्जीव सरल, सात्त्विक, इमान्दार र सत्यनिष्ठ छन् तर निबन्धमा भने व्यङ्ग्यधर्मी छन् । बाङ्गाको तात्पर्य बाउँडिएको र बरालिएको व्यवहार हो । यसको सिर्जनात्मक उद्देश्य समाजमा विराजमान असङ्गत, स्वार्थी र सङ्कीर्ण प्रवृत्तिप्रति चोटिलो प्रहार गर्नु हो । आफ्नो नैबन्धिक लेखन प्रवृत्तिको सारसन्देश यही शीर्षकबाट दिन खोजेको बुझिन्छ ।[6] उनको यस निबन्धसङ्ग्रहमा पनि सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि विविध विषयवस्तुसँग सम्बन्धित जम्माजम्मी निम्नलिखित शीर्षकका एघारवटा निबन्धहरू रहेका छन् :

क. बिरुवा र बाखो
ख. गफसप
ग. दान
घ. जोगीहरू जुवा खेल्दैनन्
ङ. फाप-अफाप
च. टाल्ने कि फाल्ने ?
छ. बा-आमा
ज. उमेदवारको कबोल
झ. सरी
ञ. मन्त्री बन्ने बीस वर्षे योजना
ट. डुप्लिकेट

जोशिलो प्रकाशनद्वारा वि.सं. २०४७ सालमा प्रकाशित निर्जीवको यस **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** नामक सङ्ग्रहको प्रकाशनपछि कृतिगत रूपमा निबन्धसङ्ग्रह प्रकाशित गर्ने चितवनको पहिलो हास्यव्यङ्ग्य निबन्धकारका रूपमा समेत उनले प्रसिद्धि प्राप्त गरेका छन् । यस सङ्ग्रहमा उनले विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिले आफ्ना मनमा पारेका प्रभावलाई विभिन्न लघु घटना प्रसङ्गहरूको जोरजामबाट निबन्धले रचना गरेको पाइन्छ । विश्लेष्य सङ्ग्रहभित्रका निबन्धहरूलाई हेर्दा वर्णनात्मकताका छनकहरू देखिए पनि आफ्ना निजी अनुभूतिलाई

---

[6] कपिल अज्ञात, ***रविकिरण निर्जीवको नैबन्धिक आयाम,*** **हाम्रो सिर्जना,** पूर्ववत्, पृ. २० ।

उनले पोखेका छन् । निबन्धकारले देखेको, भोगेको सामाजिक परिवेशको वर्णन प्रस्तुत सङ्ग्रहका निबन्धमा देखापर्छ । विविध विषयवस्तुसँग सम्बन्धित यस सङ्ग्रहमा नेपाली समाजमा देखापरेका अन्याय, अत्याचार, शोषण, दमन, सामाजिक विसङ्गति नै अधिकांश निबन्धका विषय बनेका छन् । **बिरुवा र बाख्रो फाप-अफाप, गफसप** जस्ता निबन्धले यसको प्रतिनिधित्व गरेको देखिन्छ । यसैगरी **टाल्ने कि फाल्ने ? उमेदवारको कबोल, मन्त्री बन्ने बीस वर्षे योजना** जस्ता निबन्धले आर्थिक र राजनीतिक क्षेत्रमा देखापरेका विकृतिलाई उदाङ्गो बनाएका छन् भने **दान, बा-आमा** शीर्षकका निबन्धले नेपाली मौलिक संस्कृतिमा देखापर्दै गएको विकृतिविसङ्गतिको पर्दाफास गर्दै त्यसप्रति सुधारको सङ्केत प्रस्तुत गरेका छन् ।

यसैगरी निर्जीवको पहिलो निबन्धसङ्ग्रह प्रकाशनको १७ वर्षपछि अर्थात् २०६४ सालमा दीपावलीको अवसर पारेर छोरी त्रयद्वारा प्रकाशित निबन्धकार निर्जीवको दोस्रो निबन्धसङ्ग्रह हो । प्रस्तुत कृति उनको पुस्तकाकार रूपमा प्रकाशित कृतिहरूमध्ये छैटौं र निबन्धसङ्ग्रहमध्ये दोस्रो सङ्ग्रह हो । यसमा २०४७ देखि २०६४ भित्रका कुल १७ वर्ष अवधिमा रचिएका घटीमा १ पृष्ठदेखि बढीमा १२ पृष्ठसम्मका जम्मा २३ वटा निम्नलिखित निबन्धहरू सङ्गृहीत छन् :

क. अतीतले गिज्याएको वर्तमान
ख. ऐना हेर्दा उफ्रिने मान्छे
ग. खसी बोकाको खाना
घ. खान्दानमा चढ्ने इच्छा
ङ. गोरु किन बेच्यौ ?
च. टाउको काट्न निस्कदा
छ. त्यो कति लाखमा बिक्ला ?
ज. दन्तडाक्टर र चितुवा
झ. देवग्राम जाने भऱ्याङ खोइ ?
ञ. परदेशी साइनाहरू
ट. फस्टम्यान
ठ. बन्द
ड. भात होइन भनेर खान्छु
ढ. भैंसीको भकारो
ण. म र तँ
त. मकैका फूलहरूको वर्षा
थ. मन्त्रीहरूको भाषणले तृप्त जनताहरू
द. मरुस्थल
ध. लहराहरू सीमाबद्ध हुँदैनन्
न. लिफट-ड्रप्स नेपल्स्

प. शिशु आमा र किशोर बाबु

फ. सतीदेवी र बहुदलीदेवी

ब. क्षयोन्मुख मित्रता

निबन्धकार निर्जीवले यस निबन्धसङ्ग्रहको शीर्षकमा 'थप' विशेषण थपेर आफ्नो प्रवृत्तिगत आयामलाई अझ गम्भीरताका साथ प्रस्तुत गर्न खोजेको कुरा उनका यस सङ्ग्रहका निबन्धहरूले स्पष्ट पारेका छन् । यसमा सङ्कलित निबन्धहरू हाम्रै सेरोफेरोका जीवन छोएर तन्केका छन् । तिनमा प्रयुक्त व्यङ्ग्य गम्भीर छ । उनले यस सङ्ग्रहमा व्यावहारिक जीवनका समस्या, कठिनाइहरू, राजनीतिक असङ्गति र विकृतिहरू, मानवीय कमजोरी, खान्दानी अहम्, सपनाहरू, पारिवारिक कटुता, हिजोआजका बन्द-हड्तालजस्ता समसामयिक विषयलाई टिपेर यस्ता विविध क्षेत्रमा देखिएका बेथिती र बिडम्बनाहरूप्रति छेड हानेका छन् । यस सङ्ग्रहका निबन्धहरू हेर्दा के देखिन्छ भने मान्छेभित्रका हीनता, क्षुद्रता, सङ्कीर्णता, अकर्मण्यता र कृत्रिमताजस्ता विविध विद्रूपताप्रति आक्रोश प्रकट गर्दै व्यङ्ग्यलाई अझ तीक्ष्ण र सशक्तताका साथ प्रस्तुत गर्न उनी सफल रहेका छन् ।

यसप्रकार निबन्धकार निर्जीवका निबन्धका दुवै चरणलाई दृष्टिगत गर्दा प्रथम चरणका निबन्धहरूले स्पष्ट दिशा ग्रहण गर्न नसकेको स्थिति देखिन्छ । वि.सं. २०२५ सालमा **गाउँफर्क र साहित्य** अनि २०२६ मा **स्वाङ**को प्रकाशनपछि २०४१ सालमा आएर मात्र पुन: निबन्धको रचना गर्नु र यस बीचमा भने विविध कारणवश निबन्धको रचना नभएको हुँदा उनी साँच्चै नै निबन्धप्रति निर्जीव नै बनेका हुन् त भन्ने प्रश्न आफैंमा अस्वाभाविक थिएन । वि.सं. २०४७ सालमा आएर **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** नामक कृतिको प्रकाशनपछि भने उनी कृतिगत रूपमा निबन्धसङ्ग्रहको प्रकाशन गर्ने चितवनको पहिलो हास्यव्यङ्ग्य निबन्धकारका रूपमा प्रसिद्धि प्राप्त गर्न सफल भएका हुन् । यस चरणका उनका प्राय: सबै निबन्धहरू व्यङ्ग्यात्मक छन् । विषयवस्तुको दृष्टिले समसामयिक गम्भीर विषयवस्तु र भाषाशैलीका दृष्टिले पनि पछिल्ला निबन्धहरू क्रमश: केही परिष्कृत र परिमार्जित हुँदै गएको देखिन्छ । यस अवधिमा उनका दुई निबन्ध-सङ्ग्रहबाहेक अन्य फुटकर निबन्धहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

यसरी रविकिरण निर्जीवको निबन्धयात्राको दोस्रो चरणमा देखिएका प्रवृत्तिगत विशेषतालाई केलाउँदा यस चरणमा फुटकर रूपमा मात्र सीमित नरही पुस्तकाकार रूपमा समेत निबन्धसङ्ग्रहको प्रकाशन भएको देखिन्छ । यस अवधिमा उनका **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** २०४७ र **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** २०६४ नामक निबन्धसङ्ग्रह प्रकाशित छन् । यस चरणमा निर्जीवले हास्यव्यङ्ग्यात्मक निबन्धको लेखनतिर आफ्नो कलमलाई अगाडि बढाएका छन् तथापि उनका निबन्धमा हास्यभन्दा व्यङ्ग्यभावले नै प्रबलता पाएको देखिन्छ । उनका निबन्ध प्रगतिवादी चिन्तनधाराको अवलम्बन गरी लेखिएका छन्, जसले क्रमश: निर्वैयक्तिकता प्राप्त गर्दै गएको देखिन्छ । यस चरणमा उनका निबन्धको विषय क्षेत्रले पनि व्यापकता प्राप्त गर्दै अगाडि बढेको छ । यस अन्तर्गत सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि विविध विषयलाई लिएर निबन्धहरू

रचिएका छन् । जसमा सामाजिक र आर्थिक असमानताले निम्त्याएका कुराहरू, राजनीतिक चलखेल तथा अस्वस्थ राजनीतिक प्रतिस्पर्धा र त्यसले नेपाली राजनीतिका क्षेत्रमा निम्त्याएका अस्थिरताहरू, अस्तव्यस्तताहरूको समेत जीवन्त चित्रण उनका पछिल्ला चरणका कतिपय निबन्धहरूमा स्पष्ट देख्न सकिन्छ । यसैगरी धर्म र संस्कृतिका क्षेत्रमा देखापरेका विकृति र विसङ्गति, नयाँ र पुराना संस्कार बीचको फरकपनको समेत प्रस्तुति गरिएको छ । यस्ता युगीन सन्दर्भहरूलाई विषयबद्ध गरिएको उनका निबन्धले अग्रगामी चेतनाको विकासमा जोड दिएको पाइन्छ । यस्तै सामाजिक, आर्थिक, राजनीतिक आदि विविध क्षेत्रमा देखिएका बेमेल र बेथितीप्रति व्यङ्ग्य गर्दै सामाजिक परिवर्तनको चाहना व्यक्त गर्नु उनका निबन्धगत प्रवृत्ति हुन् । यसैगरी मिथकको समेत प्रयोग गरी लेखिएका उनका यस अवधिका निबन्धहरूमा नेपाली राष्ट्र र राष्ट्रियताप्रति मोह व्यक्त गर्दै विचार र भाषाशैलीमा पनि क्रमशः परिष्कृत र परिमार्जित रूप देखापर्दै आएको देखिन्छ । उनका निबन्ध सरल छन् तर बाङ्गा छन् । त्यसैले सरल भइकन पनि व्यङ्ग्यपूर्ण भाषाशैलीको प्रयोग देखापर्नु उनको निबन्धयात्राको दोस्रो चरणको महत्त्वपूर्ण प्रवृत्ति हो । त्यसैले उनका निबन्धलाई व्यङ्ग्यार्थमा नै बुझ्नुपर्ने हुन्छ ।

## ४.२ निष्कर्ष

रविकिरण निर्जीव नेपाली निबन्धको आधुनिक कालको तृतीय चरणका एक उज्ज्वल प्रतिभा हुन् । वि.सं. २०२५ मा **गाउँफर्क र साहित्य** शीर्षक निबन्धको प्रकाशन गरी निबन्ध साहित्यका क्षेत्रमा प्रवेश गरेका निर्जीवले आत्मपरक शैलीमा व्यङ्ग्यात्मक निबन्धको रचना गरेका छन् । उनका हालसम्म **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) र **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) गरी जम्मा दुईवटा निबन्धसङ्ग्रह प्रकाशित छन् भने केही निबन्धहरू फुटकर रूपमा प्रकाशित छन् । जीवन भोगाइका यथार्थ सन्दर्भहरूलाई कल्पनाको लेपनद्वारा व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्नु उनको निबन्धात्मक विशेषता हो । वि.सं. २०२५ देखि निबन्ध लेखनको प्रारम्भ गरे पनि वि.सं. २०४७ सालमा आएर मात्र निबन्धसङ्ग्रहको प्रकाशन गरेका निर्जीवको कलम निबन्धमा निरन्तर लागेको देखिँदैन । त्यसैले उनको निबन्ध यात्रालाई लेखनप्रवृत्ति, विषयगत केन्द्रीयता, लेखनगति आदिलाई मध्यनजर गर्दै प्रथम र द्वितीय गरी दुई चरणमा विभाजन गरिएको छ । उनका निबन्धमा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक आदि विविध विषयले स्थान पाएका छन् र त्यस्ता क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिप्रति प्रहार गर्दै सुधारोन्मुख दिशातिर अग्रसर गराउनु नै उनको निबन्धकारिताको मूलप्रवृत्ति हो । सङ्ख्यात्मक दृष्टिले थोरै रचना गरे तापनि गुणात्मकताका दृष्टिले उनका निबन्ध उच्च रहेका छन् । त्यसैले आधुनिककालको तेस्रो चरणका एक सफल निबन्धकारका रूपमा उनको स्थान सुरक्षित छ ।

# परिच्छेद : पाँच
# रविकिरण निर्जीवका प्रकाशित निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन

## ५.१ सोझा निर्जीवका बाङ्गा निबन्धहरू (२०४७) निबन्धसङ्ग्रहको अध्ययन

रविकिरण निर्जीव चितवनका क्रियाशील प्रगतिवादी निबन्धकार हुन् । वि.सं. २०४७ सालमा प्रकाशित उनको **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** नामक सङ्ग्रह पहिलो निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहलाई चितवनको प्रथम हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहका रूपमा लिइएको छ । यसै सङ्ग्रहको प्रकाशनले निर्जीवको निबन्धकार व्यक्तित्वलाई समेत उजिल्याएको देखिन्छ । आफ्नो प्रवृत्तिलाई ध्वनित गर्ने अर्थमा यस सङ्ग्रहको नामकरण गरिएको हो । व्यावहारिक दृष्टिले निर्जीव सरल, सात्त्विक, इमान्दार र सत्यनिष्ठ छन् तर निबन्धमा भने व्यङ्ग्यधर्मी छन् ।[1] त्यसैले निर्जीवका यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू पनि हास्यकोटिका भन्दा व्यङ्ग्यप्रधान नै रहेका देखिन्छन् । त्यसैले उनका निबन्धहरूको अध्ययन व्यङ्ग्यका दृष्टिकोणले नै गर्नुपर्ने हुन्छ ।

वि.सं. २०४७ सालमा विजयादशमीको अवसर पारेर जोशिलो प्रकाशन नारायणगढद्वारा यो सङ्ग्रह प्रकाशनमा ल्याइएको हो । यस सङ्ग्रहमा वि.सं. २०४२ देखि २०४५ सालसम्म लेखिएका, कुनै विभिन्न पत्रपत्रिकामा एकपटक प्रकाशित भइसकेका र अन्य केही निबन्धहरू सङ्गृहीत गरी छोटा-छोटा एघारवटा निबन्धहरूको सङ्कलनका रूपमा यो रहेको छ । उनको यस सङ्ग्रहमा सङ्कलित निबन्धहरूमा पहिलो निबन्ध **बिरुवा र बाखो** हो भने अन्तिम निबन्ध **डुब्लिकेट** हो । अन्य निबन्धहरूमा क्रमशः **गफसप, दान, जोगीहरू जुवा खेल्दैनन्, फाप-अफाप, टाल्ने कि फाल्ने ? बा-आमा, उमेदवारको कबोल, सरी, मन्त्री बन्ने बीस वर्षे योजना** रहेका छन् ।

उनका यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू अभ्यासकालीन हुनुका साथै सिर्जनात्मक प्रगतितर्फ उन्मुख समेत रहेका छन् । जम्मा ६७ पृष्ठभित्र समाविष्ट यस सङ्ग्रहका निबन्धहरूको सन्दर्भमा *लेखकको निवेदन* शीर्षकमा 'निबन्धमा आत्मपरक शैली अन्जानमै भित्रिएछ' भन्ने कुराको लेखकको स्वीकारोक्तिले यस सङ्ग्रहका निबन्धहरू आत्मपरक छन् भन्ने कुरासमेत स्पष्ट पारेको छ । यस सङ्ग्रहमा सङ्कलित एघारवटा निबन्धहरूको क्रमशः परिचय र सार, संरचना, विषयवस्तु, उद्देश्य, कथनढाँचा र भाषाशैलीका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

### ५.१.१ शीर्षक : बिरुवा र बाखो

#### ५.१.१.१ परिचय र सार

**बिरुवा र बाखो** शीर्षक निबन्ध **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** नामक सङ्ग्रहमा सङ्कलित पहिलो निबन्ध हो । यो निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यसै सङ्ग्रहको

[1] कपिल अज्ञात, **रविकिरण निर्जीवको नैबन्धिक आयाम,** पूर्ववत्, पृ. २० ।

आवरण पृष्ठमा रहेको बाखाले बिरुवा खाइरहेको चित्रले पनि यही निबन्धको शीर्षकलाई सङ्केत गर्न खाजेको देखिन्छ । शोषण र दमनले युक्त सामाजिक संरचनालाई प्रस्तुत गर्नका लागि बाखारूपी पञ्चायतकालीन भ्रष्ट नेताहरूलाई शोषक पक्ष र निमुखा बिरुवारूपी जनतालाई शोषित पक्षको बिम्बका रूपमा चित्रण गर्दै त्यस्ता चरित्रहरूप्रति व्यङ्ग्य गरिएकोले निबन्धको विषयवस्तु र भावबीच तालमेल देखिन्छ ।

### ५.१.१.२ संरचना

संरचनाका आधारमा प्रस्तुत **बिरुवा र बाखो** शीर्षक निबन्धलाई हेर्दा यो जम्मा पाँच पृष्ठमा फैलिएको लघु आयामको निबन्ध हो । यसमा एक वाक्यदेखि आठ वाक्यसम्मका अनुच्छेदका आयामहरू रहेका छन् । यसैगरी जम्माजम्मी सत्र अनुच्छेदमा विस्तारित यो निबन्ध एकसय नौ पङ्क्तिसङ्ख्याको सीमामा आबद्ध छ ।

### ५.१.१.३ विषयवस्तु

प्रस्तुत **बिरुवा र बाखो** शीर्षक निबन्धले भ्रष्टाचार, शोषण र दमनयुक्त सामाजिक संरचनालाई मुख्य विषयवस्तु बनाएको छ । यस निबन्धमा खराब पक्ष तथा शोषक सामन्त वर्गको प्रतिनिधिका रूपमा बाखा र शोषित तथा असल पक्षलाई बिरुवाको बिम्बका रूपमा उपस्थित गराइएको छ । बाहिरबाट जतिसुकै सरल स्वभाव प्रदर्शन गरे तापनि बाखा कतिसम्म खराब हुँदोरहेछ भन्ने कुरालाई विभिन्न दृष्टान्तद्वारा प्रस्तुत गर्दै पञ्चायतकालीन शोषक सामन्ती प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यसमा मुक्तिको मार्गमा अग्रसर हुँदै गरेका जनतालाई कल्कलाउँदा बिरुवाका रूपमा प्रस्तुत गरिएको छ । तिनै कल्कलाउँदा बिरुवारूपी जनतालाई निमोठ्ने पञ्चपिचासलाई बाखाको बिम्बका रूपमा प्रस्तुत गर्दै जनतामाथि रजाइँ गर्ने तथा निहत्था निमुखा जनताका भावनामाथि कुठाराघात गर्ने र आफ्नो स्वार्थ पूरा गर्न पल्केका पञ्चायतकालीन भ्रष्टाचारी माननीयप्रति तिखो व्यङ्ग्य गरिएको छ । तलको उदाहरणले यस कुराको थप पुष्टि गर्दछ :

> *"तिनीहरूका  दाँतहरू आरा र बञ्चराजस्ता धारिला छन् र पेटहरू ट्रक र टेक्टरजस्ता खम्रा छन् ।" पृ. ५*

यसैगरी निबन्धमा देशमा दिनप्रतिदिन बढ्दै गएको प्राकृतिक सम्पदाको विनाशप्रति समेत व्यङ्ग्य गर्दै सुधारको सङ्केत गरिएको छ । अर्को उदाहरण हेरौं :

> *"उहिल्यै मधेशका बगैंचाहरूले बादलले घाम छेकेझैं घाम छेक्थे तर अचेल बटुवाहरूलाई शीतल ताप्ने ठाउँ छैन ।" पृ. ४*

### ५.१.१.४ उद्देश्य

प्रस्तुत **बिरुवा र बाखो** शीर्षक निबन्धले वर्तमान व्यवस्थाले विकासका नाममा गरिरहेको भ्रष्टाचार र ब्रह्मलुटतिर प्रतीकात्मक सङ्केत गरेको छ । उच्च वर्गका यस्ता भ्रष्टाचारी कुप्रवृत्तिले गर्दा नै विकासको गति अगाडि बढ्न नसकेको यथार्थको प्रस्तुति गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.१.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत **बिरुवा र बाखो** शीर्षक निबन्धमा प्रथमपुरुष कथनढाँचाको माध्यमद्वारा निबन्धकारले आफ्ना विचार तथा भावनालाई आत्मपरक व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । यस निबन्धमा प्रयुक्त भाषाशैली सरल र सहज छ । निबन्धको पठन गर्दा पाठकले कुनै पनि भाषिक कठिनाइको महसुस गर्नु पर्दैन । यसमा **बिरुवा र बाखो** निबन्धको शीर्षक नै प्रतीकात्मक रूपमा आएको छ । शोषक-सामन्त वर्गको प्रतिनिधि बाखा र शोषित-पीडित वर्गको प्रतिनिधिका रूपमा बिरुवारूपी जनतालाई बिम्बका रूपमा उपस्थित गराइएको छ । यस्तै गरी निबन्धलाई प्रभावकारी बनाउनका लागि विभिन्न घटनाप्रसङ्गको उल्लेख, संवादको प्रयोग, उपमा, दृष्टान्त, उत्प्रेक्षाजस्ता आलङ्कारिक भाषाशैलीको प्रयोगका साथै *गरीबको जता भत्क्यो उतै दैलो, सातुको बुझोसरी* जस्ता उखानटुक्काको प्रयोग समेत उनका निबन्धमा स्पष्ट देख्न सकिन्छ । यसले गर्दा निबन्धमा क्षिप्रता र प्रवाहमयताको प्रादुर्भाव भएको छ ।

### ५.१.२ शीर्षक : गफसप

### ५.१.२.१ परिचय र सार

**गफसप** सर्वप्रथम २०४३ साल मङ्सिरको **उत्साह** पत्रिकामा प्रकाशित र पछि यसै सङ्ग्रहमा सङ्गृहीत दोस्रो निबन्ध हो । यस निबन्धको शीर्षक शब्दात्मक ढाँचामा रहेको छ । **गफसप** शीर्षकबाट नै के स्पष्ट हुन्छ भने यो छन्द न बन्दका बेतुकका गफ छाँटेर समय बर्बाद गर्ने गफाडीहरूको जम्मा हुने ठाउँ हो । यस निबन्धमा पनि अनावश्यक कुरा छाँटेर समय बर्बाद गर्ने गफाडीहरूको चित्रण गर्दै कुनै पनि कर्तव्यबोध र दायित्वबोध नभएका त्यस्ता चरित्रहरूप्रति व्यङ्ग्य गरिएको छ । त्यसैले विषयवस्तु र शीर्षकबीच तादाम्य भाव देखिन्छ ।

### ५.१.२.२ संरचना

**गफसप** शीर्षक निबन्ध एकतीस अनुच्छेदमा संरचित निबन्ध हो । दुई वाक्यदेखि आठ वाक्यसम्मको अनुच्छेदको आयाममा फैलिएको प्रस्तुत निबन्ध जम्मा सात पृष्ठमा आबद्ध रहेको देखिन्छ । यसैगरी जम्माजम्मी एकसय एकाउन्न पङ्क्तिसङ्ख्या रहेको प्रस्तुत निबन्ध गफसपमा गफ छाँटेर समय बिताउन खोज्ने अल्छीकाँटका मान्छेहरूको सजीव चित्र उतार्न सफल देखिन्छ ।

### ५.१.२.३ विषयवस्तु

कथात्मक शैलीमा लेखिएको **गफसप** निबन्धले वर्तमान कुत्सित प्रवृत्ति र दुश्चरित्रका गफाडीहरूको चरित्रलाई प्रस्तुत गरेको छ ।[2] यस निबन्धमा आफ्नो काम र कर्तव्य अनि समयको महत्त्वलाई नबुझी छेउ न टुप्पाको कुरा काटेर बस्ने चियाराम, हाताहातीनाथ, गफराज, अण्डाकान्त

---

[2] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** पूर्ववत्, पृ. ९५ ।

आदिजस्ता गफाडीहरूको जमातको चित्रणद्वारा अल्छी काँटका हुतीहारा मान्छेहरूका साथै नेपालीहरूको मानसिक प्रवृत्ति र सामाजिक स्वरूपलाई मुख्य विषयवस्तु बनाएर त्यसप्रति व्यङ्ग्य गरिएको छ । यो निबन्ध हेर्दा साच्चै नै गफसपजस्तो लाग्छ तर तथ्यहीन भने पक्कै होइन । आफ्नो कर्तव्य र दायित्वलाई बिर्सेर घरदेखि बाहिरको संसारमा रमाउने नेपाली पुरुषहरूको घृणित व्यवहारलाई यसमा प्रष्ट पार्न समय काट्न गफसपमा आउनेहरू, अल्मलिनेहरू र छेउ न टुप्पाका बेछन्दी कुराकानी अनि आफ्नो लागि पनि केही नगर्ने र अरुको सहयोगी पनि नबन्ने गफाडीहरूको व्यङ्ग्य चित्रणद्वारा ह्रास हुँदै गएको नेपाली मानवीय प्रवृत्तिको समेत यथार्थ चित्रण गरिएको छ । यसैगरी कुरा मात्र धेरै गरी समय बर्बाद गर्ने तर देश विकासका निम्ति केही गर्न नचाहने गफाडीहरूको बाहेक अरुको अवस्था राम्रो देखाई कामले उन्नति हुन्छ, गफले होइन भन्ने मान्यता राखिएको प्रस्तुत निबन्धमा खोक्रा चरित्रहरू समाजका लागि कत्ति पनि उपयोगी नहुने कुराको चर्चा गरिएको छ ।

### ५.१.२.४ उद्देश्य

प्रस्तुत **गफसप** शीर्षक निबन्धले गफसपमा गफ मात्रै हाँकेर समय काट्ने तर देश र समाजको विकासका लागि बेसरोकार राख्ने समाजका खोक्रा चरित्रको चित्रण गर्दै आजको राजनैतिक भ्रष्टाचार र विसङ्गतिलाई प्रस्तुत गर्नु यो निबन्धको प्रमुख उद्देश्य रहेको देखिन्छ । यस्ता चरित्रका व्यक्तिले समाजमा तिरस्कृत जीवन बिताउनु पर्ने कुराको जिकिर यस निबन्धले गरेको छ ।

### ५.१.२.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्ध तृतीयपुरुष कथनढाँचामा आबद्ध रहेको छ । कथात्मक शैली र गफकै पारामा लेखिएको यस निबन्धमा देश र समाजप्रति बेसरोकार गफाडीहरूको वास्तविक यथार्थको चित्रण गरिएको छ । यस निबन्धमा प्रयोग गरिएको भाषाशैली सरल, सहज र सुबोध्य छ । विशेषत: यसमा ठेट नेपाली गाउँले भाषाको प्रयोग गरिएको छ । अभिधात्मक अर्थसापेक्षमै निबन्धको कथ्य यसरी प्रस्तुत भएको छ :

> *"तेरीमा नकटा, तँलाई लाजशर्म छैन अर्काको घरतिर फर्केर पिसाब गर्नलाई ? तेरै घरतिर फर्केर गर न । साईंद्रा कुकुर !" पृ. ७*

त्यसैगरी *च्यापच्याप, तात्तातै, थ्याच्च, ङिच्च, लुसुक्क* जस्ता अनुकरणात्मक शब्दहरू सन्दर्भ मिलाएर राखिएक छन् । यस्तै *नून खाएको कुखुरो* जस्ता टुक्काको समेत प्रयोग गरिएको यस निबन्धमा आगन्तुक शब्दको प्रयोग पनि कहींकहीं भेटिन्छ । यसका साथै प्रश्नात्मक वाक्यको प्रयोग, संवादको प्रयोगले कथनको प्रस्तुतिमा नवीनता थपेका छन् ।

### ५.१.३ शीर्षक : दान

### ५.१.३.१ परिचय र सार

प्रस्तुत **दान** शीर्षक निबन्ध **कम्कर** सामयिक सङ्कलन २०४६ असोजमा सर्वप्रथम प्रकाशित भएको र पछि यसै **सोफा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) सङ्ग्रहमा सङ्कलित तेस्रो निबन्ध हो । निबन्धको शीर्षक शब्दात्मक ढाँचामा राखिएको छ । दानको अर्थ आफ्नो हकको धनमाल अर्काको हकमा दिने काम भन्ने बुझिन्छ ।[3] यस निबन्धमा नेपाली समाजमा परम्परा र संस्कृतिका रूपमा चल्दै आएको दानका नाममा दिनप्रतिदिन बढ्दै गएको विकृति र विसङ्गतिलाई विभिन्न घटना प्रसङ्गको माध्यमद्वारा प्रस्तुत गर्दै त्यसप्रति व्यङ्ग्य गरिएकोले शीर्षकले विषयवस्तुलाई समेटेको देखिन्छ ।

### ५.१.३.२ संरचना

**दान** लामा-छोटा चौध अनुच्छेदमा संरचित निबन्ध हो । यस निबन्धमा एक वाक्यदेखि सात वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । पाँच पृष्ठको आयाममा फैलिएको र जम्मा त्रियानब्बे पङ्क्तिसङ्ख्यामा आबद्ध यस निबन्धमा परम्परादेखि नेपाली समाजमा प्रचलित दानका नाममा वर्तमान समयमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.१.३.३ विषयवस्तु

**दान** धार्मिक-सांस्कृतिक वृत्तमा प्रचलित पुरेत्याइँको स्वार्थी, तुच्छ मनोवृत्तिलाई व्यङ्ग्य गरी लेखिएको निबन्ध हो । यस निबन्धमा परम्परादेखि नै नेपाली समाजमा चल्दै आएको दानको नाममा वर्तमान समयमा देखापरेका विकृति र विसङ्गतिलाई मुख्य विषयवस्तु बनाउँदै त्यसप्रति व्यङ्ग्य गरिएको छ । यसमा पूजापाठ र कर्मकाण्ड आदि पुरेत काम गरिदिएवापत पाउनुपर्ने दानको नाममा गोदान, ओदान, रक्तदान र हुँदाहुँदै मनदानदेखि कन्यादानसम्म पनि माग्न तम्सने दानग्राही टपरे तथा ठगाहा प्रवृत्तिप्रति कटाक्ष गरिएको छ । आफ्नो निजी स्वार्थको निम्ति जुनसुकै दान पनि असुल्न पछि नपर्ने पञ्चपुरेती विकृत व्यवहारको पर्दाफास गर्दै मास्टरले भने उपदानसमेत पाउन नसकेको स्थिति देखाइएको छ ।[4] यसमा दिनभरि खटिएर बुद्धिमान गर्ने गुरुहरू भने तिरस्कृत र रुढीदान गर्ने पुरेतहरू भने पुरस्कृत भएको देख्दा आफूलाई आत्मग्लानी भएको कुरा निजात्मक शैलीमा अत्यन्त मार्मिक तरिकाले प्रस्तुत गरिएको छ । यसैगरी जतिसुकै कठोर विश्वास भए तापनि शोकको संवेदनशील अवस्थामा भने विरोध गर्ने आँट गर्न नसक्नु र दान गरेपछि स्वर्गको मान पाइन्छ भन्ने सुषुप्त अवस्थामा रहेको रुढीले ग्रस्त नेपाली मानसिकताको चित्रणद्वारा परम्परित रुढीग्रस्त सोच परिवर्तन हुन नसकेको सामाजिक यथार्थलाई प्रस्तुत गर्दै त्यस्ता कुचाल र विसङ्गतिप्रति यसरी व्यङ्ग्य प्रहार गरिएको छ :

---

[3] वसन्तकुमार शर्मा, **नेपाली शब्दसागर,** (काठमाडौँ : भाभा पुस्तक भण्डार, २०५७), पृ. ६५७ ।

[4] गोपीन्द्र पौडेल, ***व्यङ्ग्यको बाङ्गोपना र निर्जीवका बाङ्गा निबन्धहरू,*** (**कलम,** २०५१, वर्ष-२, अङ्क-३, पूर्णाङ्क-५), पृ. ३५ ।

*"म साह्रै दुब्लो भएँ, तपाईंको गैंडाको जस्तो शरीर देख्दा लोभ लाग्छ ।" भनेछन् । "तिमी मोटाउने कुरा के दिऊँ त ?" भनेर सोधेछु । "रक्तदान भनेर पुरेतले हरिया दाँत देखाएछन् ।" पृ. १५*

### ५.१.३.४ उद्देश्य

प्रस्तुत **दान** शीर्षक निबन्धले नेपाली धार्मिक, सांस्कृतिक क्षेत्रमा प्रचलित दानका नाममा दिनप्रतिदिन बढ्दै गएको सामाजिक कुचाल र विसङ्गतिलाई उधिनेको छ । यसमा आफ्नो स्वार्थपूर्तिका लागि जस्तोसुकै दान पनि असुल्न पछि नपर्ने स्वार्थी चरित्रको पर्दाफास गर्दै त्यस्ता चरित्रहरूबाट सचेत गराउनु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.३.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत **दान** शीर्षक निबन्ध प्रथमपुरुषात्मक कथनढाँचामा आबद्ध छ । विभिन्न घटनाप्रसङ्गका माध्यमबाट निबन्धकारले धार्मिक तथा सांस्कृतिक क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । सरल र सहज भाषाशैलीको प्रयोग गरिएको यस निबन्धमा विभिन्न घटना र कल्पनाका माध्यमबाट निबन्धलाई स्वाभाविक बनाउन खोजिएको छ । यसमा प्रयुक्त अनुप्रासयुक्त वाक्यको प्रयोगले निबन्धलाई श्रुतिमधुर बनाएको देखिन्छ । यसैगरी *जता मल्क्यो उतै ढल्क्यो, सोझो औंलाले घ्यू आउँदैन, अमिलो खाएको मुख*जस्ता उखानटुक्काको प्रयोगका साथै *कुभिण्डोजस्तो खसी, गैंडाकोजस्तो शरीर*जस्ता आलङ्कारिक भाषाशैलीको प्रयोगले निबन्धलाई अझ रोचक र प्रभावकारी बनाएको छ । तलको निबन्धांशले उपर्युक्त तथ्यको थप पुष्टि गरेको छ :

*"झट्केलो छोराको बाबु नछुट्टिएझैं उनीहरूको उपादान दिने काम‌ै खुट्टिएको छैन ।" पृ. १६ ।*

## ५.१.४ शीषक : जोगीहरू जुवा खेल्दैनन्

### ५.१.४.१ परिचय र सार

**जोगीहरू जुवा खेल्दैनन्** २०४४ सालमा **सेरोफेरो** पत्रिकामा सर्वप्रथम प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्कलित चौथो निबन्ध हो । यस निबन्धको शीर्षक वाक्यात्मक ढाँचामा रहेको छ । यस निबन्धमा जुवालाई घृणा गर्ने र आफ्नो कर्तव्य, दायित्व एवम् समयको महत्त्वलाई बुझेर कर्ममा तल्लीन सृजनशील व्यक्तिलाई जोगीको उपमा दिँदै विषयको उठान गरिएको छ । ध्वन्यात्मक अर्थमा आफ्नो कर्तव्य र दायित्वलाई बिर्सेर घरदेखि बाहिरको संसारमा रमाउन चाहने कामचोरहरूलाई नै जोगीका रूपमा लिनुपर्ने तथ्य स्पष्ट पारिएको छ । यसलाई व्यङ्ग्यका दृष्टिकोणले हेर्दा सो कुरा स्पष्ट देख्न सकिन्छ ।

### ५.१.४.२ संरचना

**जोगीहरू जुवा खेल्दैनन्** लामा-छोटा गरी सत्र अनुच्छेदमा संरचित निबन्ध हो । तीन वाक्यदेखि सत्र वाक्यसम्मका अनुच्छेदको आयाममा यो निबन्ध जम्मा एकसय चौंतीस पङ्क्तिसङ्ख्यामा आबद्ध छ । जम्माजम्मी सात पृष्ठमा विस्तारित यस निबन्धमा आफ्नो काम कर्तव्यलाई बिर्सेर घरदेखि बाहिरको संसारमा रमाउन चाहने गैरजिम्मेवार चरित्रको चित्रण गर्दै तिनीहरूप्रति व्यङ्ग्य गरिएको छ ।

**५.१.४.३ विषयवस्तु**

प्रस्तुत निबन्धले नेपाली समाजमा देखापरेको सामाजिक कुचाल र विसङ्गतिलाई नै मुख्य विषय बनाएको छ । यसमा जुवाबाट समयको बर्बाद, धन अनि सीप र श्रमको हत्या, बुद्धि र नैतिकताको पतन हुन्छ भन्ने कुराको बोध गरेर अध्ययन, मनन र सिर्जनात्मक कार्यमा व्यस्त रही जुवा नखेल्ने मानिसलाई जोगीका रूपमा प्रस्तुत गरिएको छ । निबन्धमा आफ्नो कामकर्तव्यलाई बिर्सेर जुवा, तास र रक्सीमा भुल्दै घरदेखि बाहिरको संसारमा रमाउन चाहने नेपाली समाजका दुर्व्यसनी जुवाडेहरू र तिनका परिवारको दयनीय अवस्थाको घतलाग्दो चित्रण गरिएको छ । तलको निबन्धांशले यही वास्तविकताको उद्घाटन गरेको छ :

> *"जोगीहरूका सन्तानहरू सधैं आधा पेट खान्छन् । जुवाडेहरूका सन्तानहरू बरु दुई दिन बिताएर खान्छन् तर आधापेट खाँदैनन् । जुवा हारेको बेला भोकै बस्छन्, जितेको बेला सरात खाएझैं डकार्दै खान्छन् । छाक तथा दिन बिराएर खाँदा तीन फाइदा हुन्छ- स्वास्थ्य लाभ, वचन र धर्म ।" पृ. २२ ।*

यस निबन्धमा सत्मार्गमा हिड्ने व्यक्तिले नानाथरीका आरोप खेप्नुपर्ने तितो यथार्थलाई प्रस्तुत गरिएको छ । वास्तवमा असल मान्छे जोगी नभई दात्यिवबोध र राष्ट्रियताबोध नभएका कर्महीन मान्छे नै जोगी हो भन्ने यथार्थलाई यस निबन्धले पुष्टि गरेको छ । सबैतिरबाट तिरस्कृत र बहिस्कृत धर्तीका बोझरूपी यस्ता सिल्ली चरित्रहरू नै वास्तविक जोगी भएको यथार्थ प्रस्तुत गरिएको यस निबन्धमा त्यस्ता खोक्रा चरित्रहरूको क्रियाकलापप्रति लक्ष्यित गरी कटाक्ष गरिएको छ ।

**५.१.४.४ उद्देश्य**

प्रस्तुत निबन्धले नेपाली समाजमा भित्रिएको कुचाल र कुसङ्गतिको चर्चा गर्दै सदैव असल मार्गमा हिड्न चाहने चरित्रवान् मान्छेले अनेकौं आरोपहरू सहनु पर्ने यथार्थको पर्दाफास गर्ने उद्देश्य लिएको देखिन्छ । तथापि अनेकौं आरोपहरू खेप्नुपरे पनि असल मार्ग भने कहिल्यै छोड्नु हुँदैन भन्ने सन्देश यस निबन्धले दिएको छ । मानव श्रमको महिमाबोध गराइएको प्रस्तुत निबन्धमा मान्छेलाई समय र श्रमको महत्त्व बुझी कर्मशील बन्न आग्रह गरिएको छ ।

### ५.१.४.५ कथनढाँचा र भाषाशैली

**जोगीहरू जुवा खेल्दैनन्** शीर्षक निबन्धले तृतीयपुरुष कथनढाँचाका माध्यमबाट सामाजिक दुर्गन्ध र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेको छ । यसमा प्रयोग गरिएको भाषाशैली सरल र सहज छ । तत्सम, तद्भव र झर्रा नेपाली शब्द भएसम्म अन्य शब्दको प्रयोग गरिएको छैन । त्यसैले निबन्धलाई कतै-कतै केही हलुका बनाइदिएको स्थिति भेटिन्छ । जस्तै :

> *"जोगीहरू त्यसलाई भूतको न्यानो हो भन्छन् र झन् हार्नेलाई त गल्लीमा गुहू खाँदै हिड्ने कुकुरसँग दाज्छन् ।" पृ. १९*

यसैगरी *चिन्ता समं नास्ति शरीर शोषणम्*जस्ता संस्कृतवाणीको समेत प्रयोग गरिएको प्रस्तुत निबन्धमा *कानो गोरुलाई औंशी न पूर्णे, कुकुरको काम पनि छैन फुर्सद पनि छैन, टाँगाको घोडा*जस्ता उखानटुक्काको प्रयोगले मौलिक पहिचानका साथ अभिव्यक्तिगत सौन्दर्य सिर्जना गरेका छन् । यस्तै प्रश्नात्मक वाक्यको प्रयोग, *जिन्दगी घामछायाँ हो, जोगी टाँगाको घोडा हो* आदिजस्ता आलङ्कारिक भाषाशैलीका माध्यमबाट अभिव्यक्तिलाई उचाल्ने प्रयास गरिएको छ ।

### ५.१.५ शीर्षक : फाप-अफाप

### ५.१.५.१ परिचय र सार

प्रस्तुत निबन्ध सर्वप्रथम २०४४ वैशाख/आश्विनमा **मधुमास** पत्रिकामा प्रकाशित र पछि यसै सङ्ग्रहमा सङ्कलित पाँचौ निबन्ध हो । यस निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । सामाजिक, राजनैतिक विषयवस्तुमा आधारित यस निबन्धमा विकृत राजनीति, समाज र संस्कृतिभित्र राम्रा कुराहरू फाप्दैनन्, नराम्रा कुराहरू मात्र फाप्छन् भन्ने व्यङ्ग्यात्मक भाव अभिव्यक्त भएकोले शीर्षक र विषयवस्तुबीच तालमेल देखिएको छ ।

### ५.१.५.२ संरचना

जम्माजम्मी पन्ध्र अनुच्छेदमा **फाप-अफाप** निबन्धको संरचना तयार भएको छ । यसमा दुई वाक्यदेखि आठ वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । पुगनपुग चार पृष्ठको आयाम अनि एकासी पङ्क्तिमा फैलिएको प्रस्तुत निबन्धमा नेपाली समाजमा परम्परादेखि नै चल्दै आएको फाप-अफापको चर्चाद्वारा नेपाली राजनीतिमा पनि असल र राम्रा चीजको फलिफाप हुन नसकेको प्रसङ्ग उठाउँदै त्यस्तो रुढीवादी परम्परागत सोचप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.१.५.३ विषयवस्तु

प्रस्तुत निबन्ध सामाजिक-राजनीतिक क्षेत्र समेटेको व्यङ्ग्यधर्मी रचना हो । यस निबन्धले नेपाली समाजमा रहेको **फाप-अफाप**सम्बन्धी सामाजिक रुढीवादी आलोचनाका माध्यमबाट केही राजनीतिक झटारोसमेत हिर्काउन खोजेको छ । यसमा वस्तुभाउ, जग्गाजमिन आदिको **फाप-अफाप**को चर्चा गर्दै नेपालको दलीय व्यवस्था अफापको चर्चासम्म यस निबन्धको विषय विस्तार

भएको छ । प्रस्तुत निबन्धमा बहुदलीय व्यवस्थाको चर्चाद्वारा दलीय व्यवस्था स्वयम्‌मा अफाप नभई दलभित्र निहित राजनीतिक कार्यकर्ताहरूको अहंकारी प्रवृत्ति र व्यवहार नै अफाप भएको भन्ने विचार प्रस्तुत गरिएको छ । यस्तो प्रवृत्तिले उसको आयुसमेत सकिने चर्चा गर्दै एकअर्काप्रति आरोप-प्रत्यारोप मात्र गर्ने तर गर्नुपर्ने कुनै पनि आवश्यक कार्य नगरी फाप-अफापको रुढीवादी परम्परा मानसिकतामा लिएर बस्ने नेपाली प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । एउटा निबन्धांश हेरौ :

*"हामी गाई भैंसीलाई पेटभरि पानीसम्म दिदैंनौ । आवश्यकतामा राँगो वा बहरसम्म नदिएर सहर घुम्न रहर गर्छौं । आफू रक्सीमा डुब्छौं, जहान आँसुमा डुब्छन्‌ । गाउँ-टोलको जुगाले हाम्रो पिडम्लाको रगत तन्तन्नी पिउँदा पनि हामी लाटालाटीले केरा हेरेभैं ट्वाल्ट्वाल्ती हेरिरहन्छौं तर थुनेर फाल्दैनौं । अनि हाम्रो रुढी खेतीको निम्ति उर्वर मस्तिष्क गम्न थाल्छ-मलाई भैंसी फापेन, तँलाई गाई फापेन, उल्लाई पहाड फापेन, यल्लाई मधेश फापेन ।"* पृ. २२

यस्तै नेपालको धन र इज्जत बढाउने भीम मल्ल, नेपालको प्रतिष्ठा र राष्ट्रियता उजिल्याउने भीमसेन थापा, वैज्ञानिक गेहेन्द्रशमशेर, देवकोटाको कवित्त्व अनि नेपालीका आँखा खोलिदिने चार वीर सहिदहरू नेपालमा अफाप सिद्ध भई मृत्युवरण गर्न पुगेको प्रसङ्गको चर्चा गर्दै विकृत राजनीति, समाज र संस्कृतिभित्र असल र राम्रा चीजहरू फाप्दैनन्, नराम्रा चीजहरू मात्र फाप्छन्‌ भन्ने व्यङ्ग्यात्मक भाव अभिव्यक्त भएको छ ।

### ५.१.५.४ उद्देश्य

नेपाली समाजमा व्याप्त रुढीवादी परम्पराप्रति आलोचना गर्दै केही राजनीतिक झटारो समेत हान्नु यस निबन्धको प्रमुख उद्देश्य हो । यस निबन्धले नेपाली समाज, राजनीति र संस्कृतिभित्र राम्रा र असल कुराहरू फाप्दैनन्‌ भन्ने कुरालाई विभिन्न दृष्टान्तद्वारा प्रस्तुत गरेको छ । यस्तो विकृत राजनीति परिपाटीलाई बदल्नुपर्ने सन्देशसमेत यस निबन्धले दिन खोजेको देखिन्छ ।

### ५.१.५.५ कथनढाँचा र भाषाशैली

फाप-अफाप शीर्षक निबन्धमा निबन्धकारले प्रथमपुरुष कथनढाँचाका माध्यमबाट आत्मपरक व्यङ्ग्यात्मक शैलीमा आफ्ना निजी विचार र भावनालाई अभिव्यक्त गरेका छन्‌ । सामाजिक तथा राजनीतिक विषयवस्तुलाई विभिन्न उदाहरणद्वारा स्पष्ट पार्दै सरल र सहज भाषाशैलीमा प्रस्तुत गरिएको छ । गफ गराइको शैलीमा प्रस्तुत यस निबन्धमा सरल र सहज नेपाली भाषाको प्रयोग भए पनि यसलाई व्यङ्ग्यका दृष्टिकोणले नै हेर्नुपर्ने हुन्छ । यसमा *सिनियर होल टाइमर जुनियर पार्ट टाइमर*जस्ता अङ्ग्रेजी वाक्यको पनि प्रयोग गरिएको छ । यस्तै *कुकुर मृत्यु*जस्तो टुक्काको प्रयोग, *तन्तन्ती, ट्वाल्ट्वाल्ती*जस्ता अनुकरणात्मक शब्दको प्रयोग अनि विभिन्न आलङ्कारिक भाषाशैलीको प्रयोग पनि स्पष्ट देख्न सकिन्छ । तलका पङ्क्तिहरूले यस कुराको पुष्टि गर्दछन्‌ :

*"हाम्रो देशमा फाप-अफापको ढाप छ ।" पृ. २५*

*"नेपालमा असल चीज र मान्छे फापेको इतिहास नभएर नै शायद बहुदलीय व्यवस्था नफापेको हो कि !" पृ. २७*

यसैगरी जुका शोषक-सामन्त वर्गको बिम्बका रूपमा यसमा प्रस्तुत गर्दै राजनैतिक, सामाजिक क्षेत्रमा देखिएको कुचाललाई प्रश्नात्मक एवम् वर्णनात्मक शैलीमा चित्रण गरिएको छ । यसमा *म प्रष्ट कुरा के भन्चु भने हाम्रो देशका पन्चु वडासभादेखि बडासभासम्म यो अफापको गीत गाउँदै आएका छन्* जस्ता स्थानीय भाषिकाको प्रयोगसमेत स्पष्ट देख्न सकिन्छ ।

### ५.१.६ शीर्षक : टाल्ने कि फाल्ने ?

#### ५.१.६.१ परिचय र सार

प्रस्तुत निबन्ध २०४४ भाद्रको **उत्साह** पत्रिकामा सर्वप्रथम प्रकाशित र पछि यसै सङ्ग्रहमा सङ्कलित छैठौं निबन्ध हो । प्रश्नात्मक विकल्पबोधक ढाँचामा यो निबन्धको शीर्षक रहेको छ । शीर्षकलाई निबन्धको बीज तत्त्वका रूपमा लिइन्छ । यस निबन्धमा पनि कस्ता चीजलाई टाल्ने र कस्तालाई फाल्नुपर्छ भन्ने कुरालाई विभिन्न उदाहरणद्वारा निबन्धकारले आफ्ना विचार अभिव्यक्त गरेका छन् । त्यसैले निबन्धको शीर्षक विषयवस्तु अनुकूल सार्थक देखिएको छ ।

#### ५.१.६.२ संरचना

प्रस्तुत **टाल्ने कि फाल्ने** ? शीर्षक निबन्ध छोटा-छोटा अठार अनुच्छेदमा संरचित छ । यस निबन्धमा एक वाक्यदेखि सात वाक्यसम्मका अनुच्छेदका आयाम र जम्मा बयानब्बे पङ्क्तिसङ्ख्या रहेका छन् । जम्माजम्मी पाँच पृष्ठको लघु आयाममा फैलिएको यस निबन्धमा नीति र अनुशासनबाट अलिअलि बिग्रेका चीजलाई टाल्ने र कामै नलाग्ने गरी भलभल गरी चुहिने दुलालाई टालेर साध्य छैन फाल्नैपर्छ भन्दै राजनैतिक भ्रष्टाचारप्रति व्यङ्ग्य गरिएको छ ।

#### ५.१.६.३ विषयवस्तु

प्रस्तुत **टाल्ने कि फाल्ने** ? निबन्धले विभिन्न क्षेत्रमा देखापरेका मुहान र चुहानको चर्चा गर्दै नेपाली राजनीतिक क्षेत्रमा देखापरेको भ्रष्टाचार र विसङ्गतिलाई मुख्य विषयवस्तु बनाएको छ । यस निबन्धमा स-साना कमीकमजोरी गरेमा आत्मालोचित हुने अवसर दिनुपर्ने तर सुधार्नै नसकिने गरी बिग्रेका चीजहरूलाई भने टाल्ने नभई फाल्दा वेस हुन्छ भन्ने तथ्यलाई अगाडि सारिएको छ । यसलाई निम्नलिखित पङ्क्तिहरूद्वारा स्पष्ट पार्न सकिन्छ :

*"पार्टीहरूको नीति र अनुशासनबाट नेता र कार्यकर्ताहरू तप्तप् मात्र चुहिए भने टाल्दा वेश हुन्छ । भल्भल् चुहिए भने फाल्दा वेश हुन्छ । अध्यक्ष माओले चुहुने तेङलाई टाल्नपट्टि नलागेर फाल्नपट्टि लाग्या भए चीन अहिले यसरी कुहुने थिएन ।"* पृ. ३१

यसैगरी राज्यको सुखसमृद्धिको जिम्मा लिएर उच्च तहमा बसेका आलु दिमाग भएका ठालुहरू नै राज्यको चुहान भएको चर्चा गरिएको छ । जनताको श्रम र विदेशी अनुदान त्यस्ता ठूलावडा

शोषक-सामन्तहरूबाट नराम्ररी चुहिने हुनाले त्यस्ता पदासीन र गद्दीसीन टाल्नै नसकिने गरी चुहिने भएका टालटुल गर्नुभन्दा मिल्काउनुमा नै सबैको भलो हुने विचार व्यक्त गर्दै नेपाली राजनीति र अर्थतन्त्रमा देखापरेका भ्रष्टाचार र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । सत्ता र अधिकारको दुरुपयोगको समेत चर्चा गरिएको यसमा भ्रष्टाचार मौलाउने, भ्रष्टाचारी मोटाउने, निमुखाहरू झन् चाउरिने परिस्थितिको उपज संसदीय परिपाटी, सङ्घर्ष र विद्रोहद्वारा त्यस्तो परिपाटीको अन्त्य गरी देशमा परिवर्तन ल्याउनका निम्ति घच्घच्याएको छ । यसैगरी विदेशी गिद्धको नेपाली भूमिप्रति आँखा गढेको र नेपालीहरू त्यसप्रति सचेत रहनुपर्ने भाव व्यक्त गर्दै निबन्धकारले आफ्नो राष्ट्रिय भावनालाई अभिव्यक्त गरेका छन् ।

### ५.१.६.४ उद्देश्य

प्रस्तुत निबन्धले नेपाली राजनीतिका क्षेत्रमा देखापरेको भ्रष्टाचार र विसङ्गतिको पर्दाफास गर्दै उच्चतहमा बसेका भ्रष्टाचारको दुर्व्यसनले ग्रस्त मानसिकता बोकेका त्यस्ता नेतृत्वकर्ताहरूप्रति सचेत रहनुपर्ने सन्देश दिएको छ । जो टाल्नै नसकिने गरी बिग्रिएका छन्, त्यस्तालाई फाल्नुपर्छ भन्ने भाव अभिव्यक्त भएको पाइन्छ । समाजमा गन्हाएका यस्ता दुर्गन्धहरू नबढारेसम्म स्वच्छ र स्वस्थ समाजको परिकल्पना गर्न नसकिने दृष्टिकोण प्रस्तुत गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.६.५ कथनढाँचा र भाषाशैली

**टाल्ने कि फाल्ने** ? प्रथमपुरुष कथनढाँचाको प्रयोग गरी आत्मालापीय शैलीमा लेखिएको निबन्ध हो । यस निबन्धमा प्रयोग गरिएको भाषाशैली सरल र सहज छ । आफ्नो निबन्धलाई अझ प्रभावकारी बनाउनका लागि निबन्धकारले वर्णानुप्रास, दृष्टान्तजस्ता अनुप्रासमय भाषाको प्रयोगसमेत गरेका छन् । यस्तो भाषिक प्रयोगले निबन्धलाई श्रुतिमधुर बनाएको छ । यसैगरी *न्वारनदेखिको बल, बिहेदेखिको बुद्धि, लगनमा हगन*जस्ता उखानटुक्काको प्रयोगले भाषिक रोचकता थपे पनि यसमा उच्चस्तरीय भाषिक संयोजनको कमी देखिन्छ । **टाल्ने कि फाल्ने** ? शीर्षक नै प्रश्नात्मक रहेको यस निबन्धमा प्रश्नात्मक वाक्यको प्रयोगसमेत स्पष्ट देखिएको छ ।

### ५.१.७ शीर्षक : बा-आमा

### ५.१.७.१ परिचय र सार

प्रस्तुत **बा-आमा** शीर्षक निबन्ध यस सङ्ग्रहमा सङ्कलित सातौं रचना हो । शब्दावली ढाँचामा रहेको यस निबन्धमा नेपाली भाषा र संस्कृतिप्रति मोह व्यक्त गरिएको छ । शिष्टता र सभ्यताका नाममा नेपाली भाषा र संस्कृतिलाई चटक्कै बिर्सिएर विकृत संस्कृति अँगाल्न चाहने आधुनिकता प्रेमीहरूप्रति व्यङ्ग्य गर्दै आफ्नो मौलिकपन हराउन दिनुहुँदैन भन्ने भाव अभिव्यक्त गरिएको छ ।

### ५.१.७.२ संरचना

**बा-आमा** जम्मा ६ पृष्ठमा संरचित निबन्ध हो । दुई वाक्यदेखि नौ वाक्यसम्मका जम्माजम्मी सत्र अनुच्छेदमा फैलिएको यो निबन्ध एकसय चौध पङ्क्तिसङ्ख्यामा आबद्ध रहेको छ । यसमा आफ्नो नेपाली मौलिकपनलाई बिर्सन चाहने आधुनिकताका प्रेमीहरूप्रति असन्तुष्टि व्यक्त गर्दै नेपाली सांस्कृतिक मौलिकता नत्याग्न आग्रह गरिएको छ ।

### ५.१.७.३ विषयवस्तु

प्रस्तुत **बा-आमा** शीर्षक निबन्धमार्फत् वर्तमान नेपाली भाषा र संस्कृतिका क्षेत्रमा उठेको एउटा ज्वलन्त प्रश्न लिएर निर्जीवले व्यङ्ग्य कसेका छन् । शिष्टता, सभ्यता अनि आधुनिकताका नाममा दिनप्रतिदिन भित्रिँदै गएको पाश्चात्य छाडा संस्कृति र हराउँदै गएको नेपाली मौलिक भाषा र संस्कृतिलाई यस निबन्धमा मुख्य विषय बनाइएको छ । यस निबन्धमा नेपाली भाषा र संस्कृतिको संरक्षणको भाषण छाँट्दै हिड्ने बौद्धिकवर्गले नै आफ्नो मौलिक भाषा र संस्कृतिलाई बिर्सेर बा-आमाजस्ता नेपाली मौलिकतामा आफ्ना छोराछोरीलाई मम्मी र ड्याडी भनाउनु र जन्मदिनमा पनि हेप्पी वर्थ डे टु यु भन्दै केक काट्न लगाई पाश्चात्य संस्कार बसाल्न अग्रसर हुन्छन् । यति मात्र नभई तल्लो तथा निमुखा वर्गमा आफ्नो कुत्सित प्रभाव फैलाउनमा नै आफ्नो शिक्षितपन र सभ्यपनको गर्व गर्ने यस्ता नेपाली संस्कृतिका नक्कली र आडम्बरी संरक्षकहरूप्रति यस निबन्धमा व्यङ्ग्य प्रहार गरिएको छ । यस्तै निर्जीवले नेपाली मौलिक भाषा र संस्कृति हराउँदै जान लागेकोमा चिन्ता प्रकट गर्दै आफ्नो मौलिक पहिचानलाई हराउन दिनुहुँदैन भन्ने विचार व्यक्त गरेका छन् । यस निबन्धमा निबन्धकारको पाश्चात्य छाडा संस्कृतिप्रति वितृष्णा अनि नेपाली भाषा र संस्कृतिप्रतिको मोह स्पष्ट झल्किएको छ । यसलाई निम्नलिखित उदाहरणले अझ पुष्टि गरेको छ :

> *“किन-किन बा र आमा भन्ने बित्तिकै प्रेम र ममता मुखरित भएजस्तो लाग्छ र मम्मी र ड्याडी भन्ने बित्तिकै कठोरता र निरसता व्यक्तिएझैं लाग्छ । अचेल मम्मी सौतेनी आमा र ड्याडी झट्केलो बाबु बोध भइरहेका छन् । हुँदा-हुदाँ बा र आमा परेवाका जोडी भएर उडिरहेको देख्छु र मम्मी र ड्याडी बाज भएर तिनमाथी वेग मारिरहेको देख्छु ।” पृ. ३८*

### ५.१.७.४ उद्देश्य

प्रस्तुत निबन्धले आधुनिकता र सभ्यताका नाममा असल र मौलिकपन हराउँदै गएको र नेपाली संस्कृतिमा दिनप्रतिदिन पश्चिमी छाडा संस्कृतिको हावी हुँदै गएको तितो यथार्थको प्रस्तुति गर्नु यस निबन्धको उद्देश्य रहेको देखिन्छ । यस निबन्धले आफ्नोपन, आफ्नो मौलिक परम्परालाई बिर्सेर विदेशी विकृत परम्पराप्रति हुरुक्क नभई नेपालीपन र नेपाली जीवनशैलीप्रति समर्पण भाव राख्नुपर्ने सन्देश दिएको छ ।

### ५.१७.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत **बा-आमा** शीर्षक निबन्धमा प्रथमपुरुषात्मक कथनढाँचाको प्रयोगद्वारा नेपाली मौलिक संस्कृतिप्रति मोह व्यक्त गरिएको छ । यसमा प्रयुक्त भाषाशैली सबैले बुझ्नसक्ने सरल, सहज र स्वाभाविक देखिएको छ । यसमा झर्रा नेपाली शब्दबाहेक *एलर्जी, मम्मी, ड्याडी, ब्रेकफास्ट, लन्च, ह्विस्की, पेन्ट, डेलिकेशन* आदिजस्ता प्रशस्त अङ्ग्रेजी आगन्तुक शब्दको समेत प्रयोग गरिएको छ । यसले नेपाली भाषा र संस्कृतिमा भित्रिएको विकृतिप्रति सङ्केत गरेको छ । यसैगरी *भोकालाई आँसु अघाएकालाई मासु, आटो खाने मुखले माटो खाइन्छ*जस्ता उखानको समेत प्रयोगले भाषिक रोचकता थपेको छ । यसैगरी यस निबन्धमा आलङ्कारिक भाषाशैलीको प्रयोग पनि प्रशस्त देख्न सकिन्छ । एउटा उदाहरण हेरौं :

> *"हाम्रा बा र आमा हाम्रै शैपालका हिमटुक्राहरू हुन्, हाम्रा आमा र बा हाम्रै कोशीका लहरहरू हुन्, हाम्रा बा र आमा हाम्रै तिवारका मालाहरू हुन् ।" पृ. ३४*

### ५.१.८ शीर्षक : उमेदवारको कबोल

### ५.१.८.१ परिचय र सार

प्रस्तुत **उमेदवारको कबोल** शीर्षक निबन्ध यस सङ्ग्रहमा सङ्कलित आठौं रचना हो । यसको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यसको शीर्षकले कुनै पनि पदको इच्छुक भई खडा भएका व्यक्तिहरूका गर्ने वाचालाई सङ्केत गरेको छ । यस निबन्धमा उम्मेदवार नेता आफूले सत्ता प्राप्तिका लागि अथवा वैयक्तिक निजी स्वार्थकै लागि चुनाव नजिकिँदै जाँदा मतदाताहरूसँग कसरी हदभन्दा बढी झुकेर भोटको भिक्षा माग्ने नाटकीय अभिनय गर्छन् भन्ने कुरा अभिव्यक्त गरिएको छ । शीर्षकले विषयवस्तु र भावलाई समेटेको छ ।

### ५.१.८.२ संरचना

प्रस्तुत निबन्ध जम्मा ६ पृष्ठको आयाममा संरचित रचना हो । दुई वाक्यदेखि आठ वाक्यसम्मका जम्माजम्मी सत्र अनुच्छेदमा फैलिएको यो निबन्ध जम्मा एकसय सतहत्तर पङ्क्तिसङ्ख्यामा आबद्ध रहेको छ । यसमा नेपाली राजनीतिमा उम्मेदवार नेताको नाटकीय चरित्रलाई उदाङ्गो पारिएको छ ।

### ५.१.८.३ विषयवस्तु

**उमेदवारको कबोल** राजनीतिक विषयवस्तुमा आधारित निबन्ध हो । नेपाली राजनीतिका क्षेत्रमा देखापरेको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको यस निबन्धमा उम्मेदवार नेता चुनाव नजिकिँदै जाँदा पद र पैसाको निम्ति आफूलाई जिताउन जनतासँग के-कस्ता वाचा र कबोलको शैली अपनाउँछन् र जनतालाई झुठो आश्वासन बाँडी कसरी भोटको भिक्षा माग्ने नौटङ्की गर्छन् भन्ने कुरालाई नेता र जनताप्रतिको संवादात्मक अभिव्यक्तिद्वारा पुष्टि गरिएको छ । सत्ता प्राप्तिकै लागि

उम्मेदवारी दिएका नेताको एकअर्काप्रतिको आरोप-प्रत्यारोप अनि बोली र व्यवहारमा एकरूपता नपाइने नेताहरूको द्वैध चरित्रलाई देखाउन उनीहरूलाई हात्तीसँग तुलना गरिएको छ :

*"हात्तीका चपाउने र देखाउने दुईथरि दाँत हुँदारहेछन् ।" पृ. ४०*

यसैगरी उम्मेदवार हुँदा स्वर्गको वैभव र सुख ल्याएर भित्र्याउने कुरा गर्नमा नेताहरू माहिर छन् । आफ्नो स्वार्थपूर्तिका लागि जनतालाई जस्तोसुकै झुठो आश्वासन दिन पनि यी पछि पर्दैनन् । आफ्नो दुनो सोझ्याउने यस्ता उम्मेदवार नेताको भ्रष्ट चरित्रलाई आत्मपरक शैलीमा प्रस्तुत गर्दै त्यस्ता प्रवृत्तिलाई नत्यागेसम्म समाजमा सुधार हुँदैन भन्ने कुरालाई निबन्धकारले दरो तरिकाले उठाएका छन् । यस्तै उम्मेदवार नेताले शिक्षा, स्वास्थ्य, रोजगारी, शोषण, दमन आदि जनसरोकारका जल्दाबल्दा समस्याहरूप्रति कुनै पनि चासो नदेखाई सामान्य हास्यास्पद आवश्यकताको मात्र पूर्ति गर्ने कबोल गर्ने गरेको आक्षेप लगाएका छन् । यसरी सोझासाझा जनतालाई भेडाबाखा सरी बनाउन खोज्ने भ्रष्ट नेताहरूप्रति व्यङ्ग्य गर्दै यथार्थमा देशका मालिक जनता नै भएको तथ्यलाई स्विकारिएको छ ।

### ५.१.८.४ उद्देश्य

नेपाली राजनीतिका क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिको पर्दाफास गर्दै उम्मेदवार नेताले आफ्नो स्वार्थको लागि जनतासँग कसरी भोटको भिक्षा माग्ने अभिनय गर्छ भन्ने कुराको उद्घाटन गर्ने उद्देश्य यस निबन्धले लिएको छ । यसमा त्यस्ता नेताहरूको नाटकीय चरित्रलाई खुलस्त पारिएको छ । त्यस्ता चरित्रहरूबाट नेपाली जनतालाई सचेत गराउँदै दृष्टिकोण शून्य यस्ता नालायक नेताहरूकै कारण देशले काँचुली फेर्न नसकेको हो भन्ने विचार यसमा ध्वनित भएको पाइन्छ ।

### ५.१.८.५ कथनढाँचा र भाषाशैली

**उमेदवारको कबोल** शीर्षक निबन्धमा प्रथमपुरुषात्मक आत्मालापीय कथनढाँचाका माध्यमबाट उम्मेदवार नेताको भ्रष्ट चरित्रलाई पर्दाफास गरिएको छ । नेता र जनता बीचको संवादात्मक अभिव्यक्तिको समेत चर्चा गरिएको यस निबन्धमा प्रयुक्त नेताको भाषणशैलीले निबन्धलाई अझ उत्कर्षमा पुऱ्याएको देखिन्छ । यसैगरी *आकाशको फल आँखा तरी मर, गाईमारे हत्ते*जस्ता उखानटुक्काको प्रयोगले निबन्धलाई अझ स्पष्ट बनाएको छ । सरल र सहज भाषाशैलीको प्रयोग गरी लेखिएको यस निबन्धमा *कन्सेसन, क्वाटर खाना, बेबी खाना, पोज* आदिजस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोगका साथै आलङ्कारिक भाषाशैलीको प्रयोगले निबन्धलाई अझ रोचक र प्रभावकारी बनाएको छ ।

### ५.१.९ शीर्षक : सरी

### ५.१.९.१ परिचय र सार

**सरी** शीर्षक निबन्ध यस सङ्ग्रहमा सङ्कलित नवौं रचना हो । यस निबन्धको शीर्षक शब्दात्मक ढाँचामा रहेको छ । शीर्षक नै अङ्ग्रेजी शब्दको प्रयोग गरी राखिएको यस निबन्धमा

शिष्टता र सभ्यता जनाउने **सरी** शब्द वर्तमान समयमा दुरुपयोग हुँदै आएको तितो यथार्थलाई प्रस्तुत गरी त्यस्तो प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । निबन्धको शीर्षक विषय र भावानुकूल देखिएको छ ।

### ५.१.९.२ संरचना

प्रस्तुत निबन्ध लामा-छोटा एक्काइस अनुच्छेदमा संरचित छ । एक वाक्यको अनुच्छेददेखि तेह्र वाक्यसम्मका अनुच्छेदको आयाममा विस्तारित यो निबन्ध एकसय सतहत्तर पङ्क्तिमा आबद्ध छ । जम्मा आठ पृष्ठमा फैलिएको यस निबन्धमा जस्तोसुकै गल्ती गरे पनि सरी भनेर चोखिन खोज्ने मानवीय प्रवृत्तिप्रति कटाक्ष गरिएको छ । यस्ता प्रवृत्ति क्षम्य छैनन् । यस्तालाई बेलैमा तह लगाउनुमा नै सबैको भलो हुन्छ भन्ने व्यङ्ग्यात्मक भाव अभिव्यक्त भएको छ ।

### ५.१.९.३ विषयवस्तु

सरी शीर्षक निबन्धमा सामाजिक बेथिती र विसङ्गतिलाई उदाङ्गो पार्ने प्रयास गरिएको छ । यस निबन्धमा सरी शब्दलाई परिभाषित गर्दै शिष्टता र सभ्यताका नाममा चल्दै आएको सरी शब्दको दुरुपयोगलाई मुख्य विषयवस्तु बनाइएको छ । अचेत, अज्ञान र कमजोर अवस्थामा भएका गल्तीहरूको निम्ति सरी भनेर याचना गर्नु स्वाभाविक नै हो तर आजभोलि यो सरी शब्द मान्छेका आफ्ना इच्छापूर्तिका साधनका रूपमा प्रयोग हुँदै आएको कुराको चर्चा गरिएको छ । विभिन्न प्रसङ्गद्वारा सरी शब्दको मर्ममाथि कुठाराघात गरिएको यथार्थतालाई पुष्टि गरिएको छ । शिष्टता र सभ्यताको सीमा तोडेर सरीको चिल्लो घसेर चोखिने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य लक्षित छ । यसमा जस्तोसुकै गल्ती गरे पनि क्षमाको भिख माग्ने बित्तिकै क्षमा दिइहाल्नेप्रति निबन्धकार असन्तुष्टि व्यक्त गर्छन् । यस्तो सरी प्रवृत्ति झ्याङ्गिँदै जाँदा एकदिन राष्ट्रिय ढुकुटी र मुलुक नै बेचेर सरी भन्न के बेर ? भन्दै निबन्धकार आशङ्का गर्छन् । त्यसैले यस्ता बेइमानलाई क्षमादान होइन, सचेततापूर्वक बेलैमा तह लगाए मात्र विद्यमान अस्तव्यस्ततामा केही सुधार आउन सक्छ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यसप्रकार प्रस्तुत निबन्धमा सुधारवादी चेतना र राष्ट्रवादी स्वर मुखरित भएको पाइन्छ ।

### ५.१.९.४ उद्देश्य

प्रस्तुत निबन्धले जस्तोसुकै गल्ती गरेर पनि सरीको चिल्लो घसेर चोखिन खोज्ने मानवीय प्रवृत्तिको पर्दाफास गर्दै क्षमायाचनाको अन्तर्भाव बोकेको सरी शब्दको मर्मको गहिराइ सतहमा आएको कारण अवमूल्यन भएको यथार्थको प्रस्तुति गरेको छ । गम्भीर अपराध गरे पनि सरी भनेर चोखिन खोज्ने र सोचविचार नै नगरी त्यस्ता अपराधीलाई क्षमादान दिइहाल्ने यी दुवैखाले प्रवृत्ति गलत हुन् भन्ने दृष्टिकोणलाई सम्प्रेषण गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.१.९.५ कथनढाँचा र भाषाशैली

**सरी** शीर्षक निबन्धमा निबन्धकार निर्जीवले आफ्नो वैयक्तिक जीवनमा घटित घटनाहरू समेत प्रस्तुत गर्ने सन्दर्भमा प्रथमपुरुषात्मक कथनढाँचाकै सहारा लिएका छन् । आत्मपरक

व्यङ्ग्यात्मक शैलीमा लेखिएको यस निबन्धमा प्रयोग गरिएका भाषाशैली सरल, सहज, र स्पष्ट छ । शीर्षकमा नै अङ्ग्रेजी शब्द सरी प्रयोग गरिएको यसमा *फ्रीस्टाइल, ट्युसन, हेल्थपोष्ट* आदिजस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग स्पष्ट देख्न सकिन्छ । यसैगरी यदाकदा अनुकरणात्मक शब्दको प्रयोग, प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । यसमा प्रयुक्त *हाम्रो नेपाल काण्डै-काण्डको प्रकाण्ड विद्वान् छ* जस्ता अनुप्रासयुक्त वाक्यको प्रयोगले निबन्धलाई श्रुतिमधुर बनाएको छ ।

### ५.१.१० शीर्षक : मन्त्री बन्ने बीस वर्षे योजना

#### ५.१.१०.१ परिचय र सार

**मन्त्री बन्ने बीस वर्षे योजना, दियो** साहित्यमञ्च २०४६ सालमा पहिलोपटक प्रकाशित भएको देखिन्छ । **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** नामक सङ्ग्रह (२०४७) मा दसौं निबन्धका रूपमा यो सङ्गृहीत छ । निबन्धको शीर्षक वाक्यांश ढाँचामा रहेको छ । यस निबन्धमा नेताहरूको सत्तालोलुप र भ्रष्ट चरित्रको चिरफार गरिएको छ । सत्तारोहणका निम्ति अनेकथरी योजना बनाई आफ्नो स्वार्थपूर्ति गर्न लालायित हुने मनोवृत्ति नेपाली राजनीतिमा व्याप्त रहेको तथ्यलाई शीर्षकले सङ्केत गरेको छ ।

#### ५.१.१०.२ संरचना

संरचनाका दृष्टिले हेर्दा सात पृष्ठमा यस निबन्धको व्याप्ति देखिन्छ । एक वाक्यदेखि बाह्र वाक्यसम्मका अनुच्छेदको आयाममा विस्तारित यो निबन्ध जम्माजम्मी बीस अनुच्छेदमा संरचित छ । जम्मा एकसय अठ्चालीस पङ्क्तिसङ्ख्यामा आबद्ध रहेको यस निबन्धमा आफ्नो स्वार्थपूर्तिका लागि उच्चतहमा पुगेका मन्त्रीहरू के-कस्ता योजना बनाई अगाडि बढ्ने प्रयत्न गर्दछन् भन्ने कुराको प्रस्तुति गर्दै राजनीतिक भ्रष्टाचार र विसङ्गतिको चित्रण गरिएको छ ।

#### ५.१.१०.३ विषयवस्तु

प्रस्तुत निबन्ध राजनैतिक विषयवस्तुमा आधारित छ । यस निबन्धमा मन्त्री बनेर पैसा कमाउने नीचस्वार्थ र पदलोलुप मनोवृत्ति भएका व्यक्तिको सक्कली रूपको पर्दाफास गरिएको छ । यसमा मन्त्री पदप्रति लालायित व्यक्ति योजनाबद्ध किसिमले व्यवस्थापन गरी कसरी आफ्नो स्वार्थपूर्ति गर्न अग्रसर हुन्छन् भन्ने कुरालाई प्रथमपुरुषीय कथनढाँचामा प्रस्तुत गरिएको छ । यसमा वर्तमान नेपाली राजनीतिक भ्रष्टाचार र विसङ्गतिलाई उदाङ्गो पार्ने प्रयास गरिएको छ । आत्मप्रशंसासमेत गरिएको यसमा आफ्नो श्रम र सीप बेचेर मन्त्री बन्ने चाहने आफूजस्तै इमान्दार र असल व्यक्तिहरू त्यस पदमा पुग्न नसक्ने कुरा यसमा गरिएको छ । नेपालमा स्वाभिमान हुनेहरूभन्दा अभिमान हुनेहरू र मानसिक तथा बौद्धिक व्यक्तित्व हुनेभन्दा भौतिक अस्तित्व हुनेहरू नै चाँडो सिंहदरबार पुग्ने गरेको राजनैतिक यथार्थलाई विभिन्न आख्यानचूर्णको प्रयोगद्वारा प्रस्तुत गरिएको छ । यसैगरी

चाकडी, चाप्लुसी र घुसपैठले नै अयोग्य मान्छेलाई योग्य बनाई उच्च ओहदामा पुऱ्याउने गरेको तथ्यलाई प्रस्तुत गरिएको छ । नेपालमा एकपटक मन्त्री बनेपछि अन्य मुलुकमा झैँ सधैं मर्यादित हुन नसके पनि भौतिक रूपले भने सम्पन्न बन्ने गरेका मन्त्रीहरूको भ्रष्टाचारी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै निबन्धकारको आशावादी जीवनदृष्टि यस निबन्धमा अभिव्यक्त भएको छ ।

### ५.१.१०.४ उद्देश्य

आफ्नो स्वार्थपूर्तिका लागि योजनाबद्ध किसिमले अगाडि बढ्न चाहने नेताहरूको भ्रष्ट चरित्रको चित्रण गर्नु प्रस्तुत निबन्धको अभीष्ट रहेको छ । नेपाली राजनीतिमा देखापरेको विकृति र विसङ्गतिले युक्त क्षेत्रको फोहोर बढार्ने उद्देश्यमा केन्द्रित यस निबन्धमा त्यस्ता भ्रष्ट चरित्रहरूदेखि सदैव सचेत रहनुपर्ने सन्देश समेत दिइएको छ ।

### ५.१.१०.५ कथनढाँचा र भाषाशैली

**मन्त्री बन्ने बीस वर्षे योजना** शीर्षक निबन्धमा प्रथमपुरुष कथनढाँचाका माध्यमबाट भ्रष्ट नेताहरूको स्वार्थी चरित्रप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो वैयक्तिक स्वार्थकै लागि के-कस्ता योजना बनाउँदै अगाडि बढ्न अग्रसर हुन्छन् भन्ने कुराको चित्रण सरल र सहज भाषाशैलीद्वारा प्रस्तुत गरिएको छ । यस निबन्धमा *तरक्क, ड्याम्म* आदिजस्ता अनुकरणात्मक शब्दका साथै *ब्याकसिट, ब्याकपेपर*जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको समेत प्रयोग गरिएको छ । यस्तै *भाङ्ग्राको टोपीलाई गुएलाको फूल*जस्तो उखानको प्रयोगका साथै अनुप्रासयुक्त वाक्यको प्रयोगले निबन्धलाई अझ रोचक र श्रुतिमधुर बनाएका छन् ।

### ५.१.११ शीर्षक : डुब्लिकेट

### ५.१.११.१ परिचय र सार

**डुब्लिकेट** निबन्धको प्रथम प्रकाशन तत्कालीन भरतपुर नगरपञ्चायतको पत्रिका **नगरपञ्चायत** (२०४५) मा भएको देखिन्छ । यो एघारौं तथा अन्तिम निबन्धका रूपमा पछिल्लो पटक अर्थात् २०४७ सालमा यस सङ्ग्रहमा समेटिएको हो । शब्दात्मक ढाँचाको शीर्षकीय योजनामा रहेको यस निबन्धमा संसारका प्राय:जसो वस्तुलाई डुब्लिकेटका रूपमा लिँदै मौलिकता र असलीपन हराएको भाव प्रकट गरिएको छ । यस्तै डुब्लिकेट वस्तुको बिगबिगीले भित्रिँदै गएको विकृति र विसङ्गतिप्रति यसमा व्यङ्ग्य गरिएको छ ।

### ५.१.११.२ संरचना

**डुब्लिकेट** निबन्ध यस सङ्ग्रहको अन्तिम निबन्ध हो । यो लामा-छोटा गरी सत्ताइस अनुच्छेदमा संरचित छ । एक वाक्यदेखि छ वाक्यसम्मका अनुच्छेदहरू र एकसय बयालीस

पङ्क्तिसङ्ख्यामा यो निबन्ध आबद्ध रहेको छ । जम्माजम्मी सातपृष्ठको आयाममा फैलिएको प्रस्तुत निबन्धमा डुब्लिकेट चीजको चर्चा गर्दै यसले नेपाली समाजमा देखापरेको विकृतिविसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.१.११.३ विषयवस्तु

**डुब्लिकेट** सामाजिक क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिप्रति व्यङ्ग्य गर्दै लेखिएको निबन्ध हो । यस निबन्धमा चिज दुरुस्त उस्तै छ तर त्यो स्तरीय छैन भने त्यस्ता चिजलाई डुब्लिकेटका रूपमा लिंदै आफ्ना मनमा उठेका अनुभुतिहरूलाई आख्यानचूर्णहरूको जोरजाम गरी प्रस्तुत गरेका छन् । यस निबन्धमा निबन्धकारले आफ्ना वरपर भएका प्राय: सबै वस्तुहरू डुब्लिकेट भएको महसुस गरेका छन् । यस्ता कृत्रिम, बनावटी र अमौलिक चिजलाई निबन्धकारले डुब्लिकेटका रूपमा लिंदै डुब्लिकेट चिजको बिगबिगीले सामाजिक क्षेत्रमा बढ्दै गएको विकृतिविसङ्गतिलाई व्यक्त गरिएको छ र मौलिकता र असलीपन हराउँदै गएको तथ्यलाई समेत स्पष्ट पारिएको छ । न्याय र अन्याय, पाप र धर्म, धनी र गरीब, मृत्यु र जीवन आदि सबै एकै ठाउँमा भएझैं सुप्लिकेट पनि डुब्लिकेटबाट बची लुकेर बसेको हुनसक्छ भन्ने दार्शनिक विचारको प्रस्तुति देखिन्छ । यसैगरी पेट दुख्दा वाता हाल्ने, औंलको ज्वरो आउँदा धामी लगाउने र खुट्टो भाँचिदा चौतालाई भाकल गरी औषधोपचारप्रति ध्यान नदिने हाम्रो परम्परागत डुब्लिकेट सोचलाई सुप्लिकेटका रूपमा लिंदै विकासको कछुवागतिप्रति व्यङ्ग्य गरिएको छ । त्यसैले यसमा पुरातनपन्थी सोचमा परिवर्तन ल्याउन चेतनाको विकासको आवश्यकतामा जोड दिइएको छ ।

### ५.१.११.४ उद्देश्य

प्रस्तुत निबन्धले डुब्लिकेट चिजको बिगबिगीले मौलिकता र असलीपन हराएको तथ्यलाई स्पष्ट पारेको छ । नेपाली मानसिकतामा गढेर बसेको रुढीवादी परम्परागत डुब्लिकेट सोचप्रति व्यङ्ग्य गर्दै सुधारको सङ्केत प्रस्तुत गर्नु निबन्धको उद्देश्य रहेको देखिन्छ । यस निबन्धमा शिक्षाको प्राप्ति र चेतनाको विकासले मात्र परिवर्तनको लहर ल्याउने कुराको सङ्केत गरिएको छ ।

### ५.१.११.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत **डुब्लिकेट** शीर्षक निबन्धमा प्रथमपुरुषात्मक कथनढाँचाका माध्यमबाट निबन्धकारले डुब्लिकेट चिजले आफ्नो मनमा पारेको प्रभाव अनि यसले भित्र्याएको विकृतिविसङ्गतिको समेत चर्चा गरेका छन् । यसमा प्रयोग गरिएको भाषाशैली सरल, सहज र स्पष्ट छ । कथ्य नेपाली भाषिक प्रयोगले निबन्धमा भाषिक मिठास थपेको छ । जस्तै ;

> *"हाम्रो लैनो बच्चाले दुई थुर्पी दुध पाउँदैन तर हामी बिहानमा मात्र दोकानमा गफ चुटेर बस्दा पाँचकप स्पेशल चिया खान्छौँ ।" पृ. ६६*

यस्तै शीर्षकमा नै डुब्लिकेटजस्तो अङ्ग्रेजी शब्दको प्रयोग गरिएको यस निबन्धमा *साइकोफाइब, अमेरिकन, युनिभर्सिटी, सर्टिफिकेट*जस्ता आगन्तुक शब्दको प्रयोग स्पष्ट देख्न सकिन्छ । यस्तै *सुप्लिकेट*जस्तो नवनिर्मित शब्द, *'गाठे'* थेगोको प्रयोगका साथै *सुँगुरकोजस्तो नाक, ढड्डाघारीजस्तो छाती*जस्ता उपमा सङ्केत पनि स्पष्ट देखिएको छ । यसका साथै निबन्धकार स्वयम् कवि पनि भएकाले कवितात्मक तथा गीत्यात्मक शैली पनि यस निबन्धको महत्त्वपूर्ण विशेषता हो । यसमा निबन्धलाई अझ लयात्मक र प्रभावकारी बनाउनका लागि अनुप्रासयुक्त वाक्यको समेत प्रयोग गरिएको छ । यसले निबन्धलाई श्रुतिमधुर बनाएको छ । जस्तै :

> *"यसो गुन्द्रीको गद्दामा बसेर यो गोबरे भद्दा दिमाग घुमाउँदा यो दुनियाँका सप्पै मान्छे र चीजलाई डुब्लिकेट देख्छु ।" प. ६१*

### ५.१.१२ निष्कर्ष

प्रस्तुत **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** रविकिरण निर्जीवको पहिलो निबन्धात्मक कृति हो । वि.सं. २०४७ सालमा जोशिलो प्रकाशन नारायणगढद्वारा प्रकाशनमा ल्याइएको यस कृतिमा जम्माजम्मी एघारवटा निबन्धहरू समावेश गरिएको छ । उनका यस सङ्ग्रहका निबन्धहरूले समसामयिक सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक विसङ्गतिमाथि प्रहार र तिनलाई विचलित पार्न सक्ने क्षमता लिएको छ । पञ्चायतकालीन भ्रष्ट, निरङ्कुश राजनीतिक अवस्था तथा समाजमा विद्यमान असामञ्जस्यताप्रति आलोचनात्मक दृष्टि तथा आमूल परिवर्तनको चाहना अभिव्यक्त गर्नु नै यस निबन्धसङ्ग्रहको उद्देश्य रहेको देखिन्छ । यस सङ्ग्रहका निबन्धहरू सरल र सहज भाषामा लेखिएका छन् । यसमा प्रयोग गरिएका उखानटुक्काका साथै आलङ्कारिक भाषाशैलीले निबन्धमा रोचकता थपेको छ । पहिलो प्रयास स्वरूप आएकाले खारिएका र माझिएका अवस्थामा नदेखिए पनि उनका यस सङ्ग्रहका निबन्धले देश र समाजभित्र चलिरहेको राष्ट्रियताका नाममा अराष्ट्रिय प्रवृत्ति, स्वतन्त्रताका नाममा स्वच्छन्द क्रियाकलाप, विकासका नाममा राजनीतिक विनाश र भ्रष्टाचार, सामाजिक उत्थानका नाममा सामाजिक, मानसिक, चारित्रिक पतन आदि राजनीतिक, सांस्कृतिक, सामाजिक, विसङ्गति र भाँडभैलोमाथि तीव्र आक्रोश र असन्तोष व्यक्त गर्दै एउटा विद्रोहात्मक स्वरको व्यङ्ग्य वाण प्रहार गरेका छन् । यसप्रकार रविकिरण निर्जीवको यस सङ्ग्रहका निबन्धहरू नेपाली समाजमा व्याप्त विविध खाले विकृति र विसङ्गतिका ढल सफा गर्ने दिशातिर अग्रसर देखिन्छन् । यसभित्रका निबन्धले नेपाली जनमानसको चेतनालाई घच्घच्याउने चेष्टा गरेका छन् ।

## ५.२ सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू (२०६४) निबन्धसङ्ग्रहको अध्ययन

**सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) निबन्धकार रविकिरण निर्जीवको दोस्रो निबन्धसङ्ग्रह हो । अभ्यासकालीन उपलब्धिका साथै सिर्जनात्मक प्रगतितर्फको द्योतनका रूपमा रहेको **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** शीर्षकमा 'थप' विशेषण जोडेर आफ्नो प्रवृत्तिगत

आयामलाई निबन्धकारले गम्भीरताका साथ यसमा प्रस्तुत गर्न खोजेका छन् । व्यङ्ग्यधर्मी निबन्धकार निर्जीवका निबन्ध लेखनको सिर्जनात्मक उद्देश्य समाजमा विद्यमान असङ्गत, स्वार्थी र सङ्कीर्ण प्रवृत्तिप्रति चोटिलो प्रहार गर्नु रहेको छ । आफ्नो नैबन्धिक लेखनको सारसन्देश पनि उनले यही शीर्षकबाट दिन खोजेका छन् ।

वि.सं. २०६४ सालमा दीपावलीको अवसर पारेर छोरी त्रयद्वारा प्रकाशनमा ल्याइएको प्रस्तुत निबन्धसङ्ग्रहमा जम्माजम्मी तेईसवटा निबन्धहरू सङ्गृहीत छन् । वि.सं. २०४९ देखि २०६४ सालसम्म लेखिएका उनको यस सङ्ग्रहका केही निबन्ध राष्ट्रिय तथा स्थानीयस्तरका पत्रपत्रिकामा प्रकाशित भइसकेका र केही निबन्धहरू भने आफ्नो सिर्जनात्मक शोधपत्र **मकैका फूलहरू वर्षा** नामक सङ्ग्रहमा सङ्कलित निबन्धहरूलाई परिष्कार, परिमार्जन गर्दै निबन्धको आयामलाई अझ गम्भीरताका साथ विस्तारित गरिएको छ । अनुभव, चिन्तन, शब्दसंयोजन र अभिव्यक्ति सुसङ्गठनका दृष्टिले पहिलो सङ्ग्रहभन्दा दोस्रो सङ्ग्रहले स्वाभाविक रूपमा फड्को मारेको देखिन्छ । यसमा व्यङ्ग्य अझ तीक्ष्ण र सशक्त बन्दै घुमाउरोपनबाट मर्मान्तक हुन पुगेको देखिन्छ । जम्मा चौरानब्बे पृष्ठभित्र आबद्ध यस सङ्ग्रहका निबन्धहरूको आकारगत स्वरूप प्रायः लघु तथा मझौला खालको देखिन्छ । यस सङ्ग्रहका निबन्धले हाम्रै सेरोफेरोका जीवन छोएर तन्किएका छन् । यसमा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक आदि क्षेत्रका विकृति र विङ्गतिप्रति प्रहार गरिएको छ । मानवीय कमजोरी, खान्दानी अहम्, हिजोआजका बन्दजस्ता समसामयिक सन्दर्भहरूलाई यसमा विषयबद्ध गरिएको छ । यस्तै ती क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यको दरिलो झटारो हान्दै सकारात्मक दिशातिर उन्मुख हुन प्रेरित गरिएको पाइन्छ । यस सङ्ग्रहमा सङ्गृहीत तेईसवटा निबन्धहरूको विश्लेषण क्रमिक रूपमा परिचय र सार, संरचना, विषयवस्तु, उद्देश्य, कथनढाँचा र भाषाशैलीका आधारमा गरिएको छ ।

### ५.२.१ शीर्षक : अतीतले गिज्याएको वर्तमान

#### ५.२.१.१ परिचय र सार

**अतीतले गिज्याएको वर्तमान** शीर्षक निबन्ध **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) नामक सङ्ग्रहमा सङ्गृहीत पहिलो रचना हो । यो सर्वप्रथम **नौलो राँको** (०५६) मा प्रकाशित भएको थियो । यो पदावली ढाँचाको शीर्षकीय योजनामा रहेको छ । यस निबन्धमा अभाव र पीडामा रहँदासम्म गरिब नेपालीको सुखको सपना बोकेर समानताको नारा दिंदै हिंड्ने मान्छे आफू सत्तामा पुगेपछि अथवा भौतिक सुखसुविधाको चुलीमा पुगेपछि अतीतमा फर्कन नचाहने स्वार्थी चरित्रको मनस्थितिको चित्रण गरिएको छ । यसमा अतीतका घटनाहरूलाई पनि बिर्सन नसकेको र वर्तमानलाई पनि त्याग्न नसकेको अवस्थाको चित्रणद्वारा सुखसम्पन्नतामा बसे पनि विगतमा आफूले बोकेको सिद्धान्त र लक्ष्यले सधैं लखेटिरहेको मनस्थितिको चित्र खिचिएको छ ।

### ५.२.१.२ संरचना

प्रस्तुत **अतीतले गिज्याएको वर्तमान** शीर्षक निबन्ध जम्माजम्मी पाँच पृष्ठमा संरचित भएको छ । छ वाक्यदेखि सोह्र वाक्यसम्मका अनुच्छेदको आयाममा विस्तारित यस निबन्धमा जम्मा सोह्र अनुच्छेदसङ्ख्या रहेका छन् । यसैगरी एकसय तेह्र पङ्क्तिसङ्ख्यामा फैलिएको निबन्धमा आफ्नो अतीत, त्यससँग सम्बद्ध गतिविधि, क्रियाकलाप र घटनाहरू बिर्सेर वर्तमानमा नै रमाउन चाहने स्वार्थी चरित्रप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.२.१.३ विषयवस्तु

**अतीतले गिज्याएको वर्तमान** शीर्षक निबन्ध विशेषत: राजनीतिक विषयवस्तुमा आधारित रहेको छ । यस निबन्धमा मार्क्सवादी चिन्तन, लक्ष्य र चरित्रबाट पतन भएको नेताप्रति तिखो व्यङ्ग्य गर्दै मान्छे आफ्नो स्वार्थमा कसरी बदलिन्छ भन्ने कुरालाई विभिन्न घटना प्रसङ्गद्वारा प्रस्तुत गरिएको छ । विगतमा सर्वहारा वर्गमुक्तिको नारा दिँदै हिंडेको मान्छे बहुदल आएपछि मालामाल भएर काठमाडौँमा गगनचुम्बी महल बनाई बसेको सन्दर्भ उठाउँदै मान्छेको कोमल र भावुक मनस्थितिप्रति कठोर बनेको वीभत्स एवम् कारुणिक दृश्यलाई पनि रमाइलो मानेर हेर्ने गरेको कुराको चर्चा गरिएको छ । यसरी सारा सपना, आदर्श र वाचाहरू वैयक्तिक स्वार्थको चपरीमुनि कसरी दबिन्छन् भन्ने कथ्यलाई घतलाग्दो तरिकाले अभिव्यञ्जित गरिएको छ । अभाव र पीडामा समानताको खोजी गर्ने मान्छे सुखसुविधामा पौडिएपछि विगतलाई भूतप्रेत सम्झेर व्यवहार गर्छ । दुनियाको दरिद्रता, अभाव र समस्याप्रति कुनै चासो रहँदैन । अभाव, पीडा र समस्यामा रहँदासम्म मान्छे सर्वहारा रहन्छ भने सुखसुविधामा फसेपछि भने शक्तिवादी बन्नपुग्छ भन्ने विचारसूत्र यसमा प्रतिपादित भएको छ ।[5] यस्तै भौतिक सुखसुविधाको चरमचुलीमा पुगेको मान्छेको कठोर मानसिकतालाई प्रकृतिको रौद्र रूपसँगै तुलना गर्दै आफ्ना अतीतका उद्देश्य र आकाङ्क्षालाई भुलेर आफ्नो स्वार्थपूर्तिपछि अतीतमा फर्कन नचाहने र वर्तमानमा नै रमाउन चाहने भोगवादी, स्वार्थी र देशसमाजप्रति बेसरोकार राख्ने चरित्रहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यस निबन्धले वर्ग फेरिएपछि मान्छेको संवेदना पनि फेरिन्छ भन्ने यथार्थलाई उद्घाटित गरेको देखिन्छ ।

### ५.२.१.४ उद्देश्य

अतीतमा सर्वहारा वर्ग मुक्तिका लागि नारा दिँदै हिंड्ने मान्छे शक्तिसम्पन्न हुँदै गएपछि अतीतका ती सबै कुराहरू बिर्सेर वर्तमानको विलासितामा रमाउन चाहन्छ । यस्तो व्यक्ति सदैव शक्तिसम्पन्न भइरहन चाहन्छ भन्ने युगीन यथार्थको प्रस्तुति यसमा पाइन्छ । यसरी मानवीय स्वार्थी चरित्रको चित्रणद्वारा भौतिक सुखसुविधाले सम्पन्न हुँदै गएपछि मान्छेमा संवेदना पनि हराउँदै जाने तथ्यलाई स्पष्ट पार्नु यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

---

[5] कपिल अज्ञात, **रविकिरण निर्जीवको नैबन्धिक आयाम,** पूर्ववत्, पृ. २३ ।

### ५.२.१.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्ध प्रथमपुरुष कथनढाँचाको अवलम्बन गरी लेखिएको रचना हो । आत्मपरक संस्मरणात्मक शैलीको प्रयोग गरी लेखिएको यस निबन्धमा सर्वहारा वर्गप्रति सहानुभूति प्रकट गरिएको छ । यसमा प्रयोग गरिएको भाषाशैली सरल र सहज छ । यसमा *खरको छाना खरैको बार* जस्ता गीत्यात्मक उखानको समेत प्रयोग गरिएको छ । यसले निबन्धलाई अझ प्रभावकारी बनाएको छ । *छ्वाङ-छ्वाङ, धर्र, तनतन, ह्वालह्वाल, झल्झली, पिच्च* आदि प्रशस्त अनुकरणात्मक शब्दको उचित संयोजनले भाषामा प्रवाह ल्याएको छ । त्यसैगरी *ब्रेकफास्ट, बेडरुम, सिटीबस, यूके, रिल्याक्स, पजेरो, कोट, एभन* आदि आगन्तुक शब्दहरू सन्दर्भ मिलाएर प्रयोग गरिएका छन् । यस निबन्धको *पञ्चायत लामखुट्टेझैँ मासियोस्, त्यसको नायक सेतीझैँ धर्तीभित्र भासियोस्, मुक्ति जूनझैँ उदाओस्, स्वतन्त्रता सुनझैँ चम्कियोस्, स्वाधीनता हिमालझैँ उभियोस्*जस्ता आलङ्कारिक प्रयोगले निबन्धलाई कलात्मकता प्रदान गरेको पाइन्छ ।

### ५.२.२ शीर्षक : ऐना हेर्दा उफ्रिने मान्छे

### ५.२.२.१ परिचय र सार

**ऐना हेर्दा उफ्रिने मान्छे** यस सङ्ग्रहमा सङ्कलित दोस्रो निबन्ध हो । यसरी प्रथम प्रकाशन २०६१ सालमा **सम्प्रेषण** पत्रिकामा भएको थियो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यसको शीर्षक होचा र पुड्का मान्छेहरूप्रति नै लक्षियत छ । यस निबन्धमा शारीरिक पुड्कोपनको प्रतिनिधि पात्र भीमबहादुर होचो भएकै कारणले उसले व्यहोर्नुपरेका अप्ठ्याराहरूलाई निबन्धमा विषयबद्ध गर्दै निबन्धको विस्तार गरिएको छ ।

### ५.२.२.२ संरचना

प्रस्तुत **ऐना हेर्दा उफ्रिने मान्छे** शीर्षक निबन्ध जम्मा तीन पृष्ठमा संरचित छ । यस निबन्धमा दुईवाक्यको अनुच्छेदको आयामदेखि सोह्र वाक्यसम्मका जम्मा एघार अनुच्छेदसङ्ख्या रहेका छन् । जम्माजम्मी सतहत्तर पङ्क्ति सङ्ख्याको सीमामा आबद्ध रहेको यस निबन्धमा मान्छेको शारीरिक पुड्कोपनप्रति हास्य उमार्दै उसको हीनताग्रस्त स्थितिप्रति सहानुभूतिको शब्दहरूले टालो हाल्ने प्रयास गरिएको छ तैपनि टालोको छेउबाट नजानिँदो गरी व्यङ्ग्यात्मकताले चियाएको छ ।

### ५.२.२.३ विषयवस्तु

प्रस्तुत **ऐना हेर्दा उफ्रिने मान्छे** शीर्षक निबन्धमा मान्छेको शारीरिक संरचना अथवा शारीरिक पुड्कोपनलाई नै मुख्य विषय बनाइएको छ । यसमा होचा मान्छेको प्रतिनिधि पात्रका रूपमा भीमबहादुरलाई उपस्थित गराई होचो भएर हतोत्साही हुनुहुँदैन, होचो हुँदा पनि लाभ, सुरक्षा र गौरवका थुप्रै संभावनाहरू भेटिन्छन् भन्ने कुरा प्रस्तुत गरिएको छ । यसक्रममा विभिन्न घटना

प्रसङ्गका माध्यमबाट निबन्धलाई अझ स्पष्ट पार्ने काम गरिएको छ । यसमा कथनवैचित्र्य प्रयोग गरी स्वाभाविक रूपबाट व्यङ्ग्य सृष्टि गर्न निबन्धकार सफल छन् । एउटा कथन हेरौं :

*“त्यो बेला हाम्रा टाउकाहरू प्रहरीका लाठी खान्छन् र अस्पताल जान्छन्, तपाईंको टाउको सकुशल घर जान्छ र भात खान्छ ।”* पृ. ८

### ५.२.२.४ उद्देश्य

यस निबन्धमा शारीरिक पुड्कोपनकै आधारमा हतोत्साही भई हीनताबोध गर्नु हुँदैन । प्रकृतिसँग सम्झौता गरी सकारात्मक सोच लिएर अगाडि बढ्नुपर्छ भन्ने भाव देखाइएको छ । यसलाई प्रस्तुत निबन्धको उद्देश्य वा विचार मान्न सकिन्छ ।

### ५.२.२.५ कथनढाँचा र भाषाशैली

**ऐना हेर्दा उफ्रिने मान्छे** प्रथमपुरुष कथनढाँचामा र तृतीयपुरुष कथनढाँचामा आबद्ध रहेको मिश्रित कथनढाँचाको निबन्ध हो । यसमा होचापुड्का मान्छेको प्रतिनिधि पात्र भीमबहादुरको वर्णन गर्दै निबन्धकारका विचारलाई सरल र सहज भाषाशैलीका माध्यमद्वारा अभिव्यक्त गरिएको छ । यसमा प्रयुक्त कवितात्मक गीतिशैलीको प्रयोगले निबन्धमा काव्यात्मक छनक दिएको भेटिन्छ । निबन्धको उठान नै यसरी गरिएको छ :

*"Ball Ball बल हुन् भीमबहादुर*
*बल औ भीमका बीच छैन है केही अन्तर ।”* पृ. ६

यसमा ‘बल’ होचो मान्छेको प्रतीकको रूपमा आएको छ । यसैगरी आलङ्कारिक शैलीको प्रयोग गरी भौतिक व्यक्तित्वको चित्र उतार्ने क्रममा हास्यको सृष्टि गर्न निबन्धकार कुशल देखिएका छन् । यसमा प्रयुक्त आलङ्कारिक शैलीलाई निम्न उदाहरणद्वारा स्पष्ट पार्न सकिन्छ :

*“उनको शरीर सप्रिएको पाकेको काँक्रोजस्तो छ । त्यसमुनिका गोडाहरू एकजोडी गतिला मुशलजत्रा छन् । उनको गर्धनमाथि ठिक्कको लौकाको तुम्लेटजस्तो टाउको बसेको छ र काँधको दुवैतिर झाङमा झुण्डिएको घिरौलाजस्ता दुइटा हातहरू छन् । ती सबैलाई जोडेर उभ्याउँदा भीमबहादुर बन्छ ।”* पृ. ६

### ५.२.३ शीर्षक : खसी-बोकाको खाना

### ५.२.३.१ परिचय र सार

**खसी-बोकाको खाना** शीर्षक निबन्ध सर्वप्रथम २०५४ कार्तिकमा साहित्यिक त्रैमासिक **कलम** पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्गृहीत तेस्रो निबन्ध हो । यस निबन्धको शीर्षक प्रतीकात्मक छ । शब्दावली ढाँचामा रहेको प्रस्तुत निबन्धमा पशु खसीबोकाको सामान्य चर्चा गर्दै नेपाली राजनीतिका क्षेत्रमा पशुसरह बिक्री वितरण हुने सांसद खरिद बिक्रीको गम्भीर प्रसङ्गलाई

यसले उठाएको छ । यहाँ खसीबोका भनेर पशुसरह बिक्री वितरण हुने मानव खसीबोकाहरूलाई सङ्केत गरिएको छ । खसीबोका सरह खरिद बिक्री हुने यस्ता मानव खसीबोकाहरूलाई पनि छुट्टै खानाको निर्धारण गरिएकाले खसी-बोकाका खाना शीर्षक र विषयवस्तु बीच तालमेल रहेको देखिन्छ ।

### ५.२.३.२ संरचना

**खसी-बोकाको खाना** दुई पृष्ठमा संरचित लघु आकारको निबन्ध हो । यस निबन्धमा चार वाक्यको अनुच्छेदको आयामदेखि चौध वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्माजम्मी दश अनुच्छेदसङ्ख्या र एकाउन्न पङ्क्तिसङ्ख्याको सीमामा आबद्ध रहेको यस निबन्धमा राजनीतिका क्षेत्रमा खसी-बोकासरह खरिदबिक्री हुने सांसदहरूप्रति व्यङ्ग्यप्रहार गरिएको छ ।

### ५.२.३.३ विषयवस्तु

**खसी-बोकाको खाना** शीर्षक निबन्ध राजनीतिक विषयवस्तुमा आधारित रहेको छ । यसमा सरल र निमुखा प्राणी खसी-बोकालाई बिम्बका रूपमा प्रस्तुत गर्दै मूलत: वर्तमान समयमा राजनीतिका क्षेत्रमा मौलाउँदै गएको सांसद खरिदबिक्रीसम्बन्धी प्रसङ्गलाई नै मुख्य विषय बनाइएको छ । यसमा देशको शासनसत्ता सञ्चालन गर्नका लागि उच्चतहमा पुगेका व्यक्तिहरू नै आफ्नो वैयक्तिक स्वार्थका लागि मानिसलाई खसीबोकासरह मानी क्रयविक्रय गर्ने र मान्छेको शोषण र प्रयोग गरी आफ्नो स्वार्थपूर्ति गर्न कसरी अग्रसर हुन्छन् भन्ने कुराको चर्चा गरिएको छ । यसमा पद, पैसा र प्रतिष्ठाको मोहमा फसी आफ्नो अस्तित्वसमेत बिर्सेर निरीह, विवेकशून्य खसी-बोकासरह बेचिन उद्यत उच्चतहका व्यक्तिहरू बिक्रीवितरण भएपछि खसीबोकासरह नै हुन् । जसले जतातिर बोलाउँछ, त्यतैतिर जाने ती विवेक र विचारशून्य उपभोग्य पशु नै हुन् भन्दै त्यस्तो उच्च गरिमामय पदमा बसेका तर नीच सोचाइ भएका नेता कार्यकर्ताहरूलाई अब साधारण खाना नभई विशेष खाना दिनुपर्ने कुराको चर्चा गरिएको छ । खसीबोकासरह खरिदबिक्री हुने यस्ता मानव खसीबोकाहरूको निम्ति खानपान पनि पशुसरह नै हुनुपर्ने भन्दै त्यस्ता मानव खसीबोकाहरूलाई पशुसरह नै खानाको निर्धारण गरी व्यङ्ग्य गरिएको छ । यस निबन्धले संसदीय व्यवस्थामा खरिदबिक्री हुने सांसदहरूप्रति व्यङ्ग्य लक्ष्यित गर्दै संसदीय व्यवस्थाकै उपहास गरेको छ ।

### ५.२.३.४ उद्देश्य

नेपाली राजनीतिका क्षेत्रमा देखापरेको सांसद खरिदबिक्रीसम्बन्धी विकृति र विसङ्गतिको पर्दाफास गर्नु नै यस निबन्धको उद्देश्य हो । यसले मानिसले मानिसलाई आफ्नो वैयक्तिक स्वार्थकै लागि शोषण र प्रयोग गर्नु हुँदैन भन्ने सन्देश दिएको छ । जनताका सारथीहरूमा देखिएको संवेदनहीनता, दृष्टिकोणविहीनता, स्वार्थलोलुपताजस्ता कुराहरूलाई उधिनेर मानवीय मूल्यको स्खलनको युगीन यथार्थ परिदृश्य प्रस्तुत गर्नुमा निबन्धको उद्देश्य केन्द्रित रहेको देखिन्छ ।

### ५.२.३.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्धमा तृतीयपुरुष कथनढाँचाको प्रयोग गरी निबन्धलाई विस्तारित गरिएको छ । यसमा प्रयुक्त भाषाशैली सरल र सहज छ । खसी-बोका भनेर खरिदबिक्री हुने मानव खसी-बोकालाई बिम्बका रूपमा चित्रण गरिएको छ । यस निबन्धमा *ढोड, ढुटो, पिठो, फाँडो, टाट्नो, लतलत, पखालपुखल*जस्ता ठेट र द्वित्व शब्दहरूलाई सन्दर्भ मिलाएर राखिएको छ । सरल वाक्यको प्रधानता भएको यस निबन्धमा *कस्तो दाना बनाउने ?* आदिजस्ता प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । यसमा *होचोको मुखमा घोचो* भन्ने उखान र *ब्रह्मले यिनलाई मानिस र देवताको निमित्त सृष्टि गरेका* जस्ता क्रियापदहीन वाक्यको समेत प्रयोग गरिएको छ । खसीबोकालाई बिम्ब बनाई तिनका माध्यमबाट वर्तमानको राजनीतिक क्षेत्रको बेथितीको चिरफार गरिएको यो निबन्ध एउटा गतिलो व्यङ्ग्यात्मक रचना बन्न सफल भएको छ ।

## ५.२.४ शीर्षक : खान्दानमा चढ्ने इच्छा

### ५.२.४.१ परिचय र सार

प्रस्तुत निबन्ध रविकिरण निर्जीवको दोस्रो निबन्धसङ्ग्रह **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) नामक सङ्ग्रहमा सङ्कलित चौथो निबन्ध हो । यस निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यस निबन्धमा प्रत्येक मान्छेका मनमा सुषुप्त अवस्थामा रहने खान्दानीप्रतिको मोहलाई प्रस्तुत गर्दै आफ्नो स्वार्थपूर्तिकै लागि मान्छेले के-कस्ता कुकृत्य गर्न समेत अग्रसर हुन्छन् भन्ने कुराको चित्रण आत्मपरक शैलीमा गरिएको छ ।

### ५.२.४.२ संरचना

**खान्दानमा चढ्ने इच्छा** शीर्षक निबन्ध पाँच पृष्ठमा संरचित छ । यसमा एक वाक्यदेखि अठार वाक्यसम्मका जम्माजम्मी अठार अनुच्छेद रहेका छन् । यसैगरी एकसय उन्नाइस पङ्क्तिसङ्ख्या रहेको यस निबन्धमा खान्दानी अहम् प्रदर्शन गर्न चाहने व्यक्तित्वहरूप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.४.३ विषयवस्तु

प्रस्तुत निबन्ध सामाजिक विषयवस्तुमा आधारित सामाजिक व्यङ्ग्य निबन्ध हो । यस निबन्धमा उच्च खान्दानप्रतिको मोहलाई मुख्य विषय बनाउँदै समाजमा देखापरेको सामाजिक विकृतिमाथि झटारो हानिएको छ । यसमा नातावादको भऱ्याङ चढेर आफ्नो स्वार्थ सिद्ध गर्न चाहने अथवा सामाजिक रूपमा अग्लो हुन चाहने फरियातन्त्री मानवीय प्रवृत्तिलाई नाङ्गेझार पार्दै नातावादले यहाँ जे-जस्तो कार्य पनि हुनसक्छ भन्ने तथ्यलाई आत्मपरक शैलीमा प्रस्तुत गरिएको छ । यसमा निबन्धकारले उच्चवर्गसँग आफ्ना छोराछोरीको विवाह गरी सम्बन्ध गाँस्न चाहनु र यो प्रयास

असफल भएपछि आफ्नो समेत वैवाहिक सम्बन्ध गाँस्न खोजेको स्थितिले खान्दानी अह्मको प्रदर्शन गर्न चाहने र आफ्नो स्वार्थको लागि सामाजिक दृष्टिले निषिद्ध सम्बन्धसमेत गाँस्न पछि नपर्ने सामन्ती संस्कार वा स्वार्थी मानवीय चरित्रप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.४.४ उद्देश्य

**खान्दानमा चढ्ने इच्छा** शीर्षक निबन्धले मान्छेले आफ्नो वैयक्तिक स्वार्थपूर्तिका लागि के-कस्ता अनुचित क्रियाकलापसमेत गर्न अग्रसर हुन्छ भन्ने कुराको प्रस्तुति गर्दै त्यस्ता चरित्रप्रति सदैव सचेत रहनुपर्ने सन्देश दिएको छ । राजनीतिक आडमा खान्दानी बन्ने होडमा अस्वस्थ प्रतिस्पर्धा भइरहेको समसामयिक विकृत सत्यको उद्‌घाटन गर्नु यस निबन्धको उद्देश्य रहेको छ ।

### ५.२.४.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्धमा प्रथमपुरुष कथनढाँचाका माध्यमबाट खान्दानी अहम्को प्रदर्शन गर्न चाहनेहरूप्रति व्यङ्ग्य गरिएको छ । यस निबन्धमा प्रयोग गरिएको भाषाशैली सरल र सहज छ । यसमा भाषिक सौन्दर्य उत्पन्न गर्न *मसक्क, ट्वाल्ल, झलक्क, छुनुमुनु*जस्ता अनुकरणात्मक शब्दहरू तथा *मुसाकी छोरी मुसैलाई, हिङ नभए पनि हिङ बाँधेको टालो हुँ, दातमा ढुङ्गा लाग्नु, शेखी झर्नु, प्वाखजस्तो हलुङ्गो हुनु*जस्ता प्रशस्त उखानटुक्काको समेत प्रयोग गरिएको छ । यसमा क्रियापदहीन वाक्यको प्रयोग, प्रश्नात्मक वाक्यको प्रयोग, संवादको प्रयोग पनि स्पष्ट देख्न सकिन्छ । यिनले अभिव्यक्तिलाई प्रवाहमय तुल्याउन सघाउ पुऱ्याएका छन् । त्यसैगरी *म हिम्मत हारेको सिपाहीझैँ, हरेस खाएको परीक्षार्थीझैँ र मणि हराएको सर्पझैँ भएको थिएँ* जस्ता आलङ्कारिक प्रयोगले निबन्धको भाषाशैलीलाई उचालेको पाइन्छ ।

### ५.२.५ शीर्षक : गोरु किन बेच्यौ ?

### ५.२.५.१ परिचय र सार

प्रस्तुत निबन्ध २०५४ सालमा **बगर** पत्रिकामा प्रकाशित लेख निबन्धहरूमध्ये एउटा उत्कृष्ट निबन्ध र पछि यसै सङ्ग्रहमा सङ्कलित पाँचौ निबन्ध हो । यस निबन्धको शीर्षक प्रश्नात्मक वाक्यको ढाँचामा रहेको छ । यसमा गोरु श्रमजीवीको प्रतीकका रूपमा आएको छ । आफूले गोरु नबेच्नू भन्ने आग्रह गर्दागर्दै पनि परिवारका सदस्यद्वारा बेचिएको खबरले निबन्धकार अत्यन्त मर्माहित बनेका छन् । दया र माया नभएका हृदयहीन स्वार्थी चरित्रहरूप्रति **गोरु किन बेच्यौ** ? भन्ने प्रश्न गरिएको छ । राम्रोसँग जोतिन छाडेपछि गोरु बेच्नेहरूप्रति लक्ष्यित गर्दै बूढाबूढी र अशक्त भएपछि आफ्ना बाबुआमालाई पनि बेच्न भनिएको यस निबन्धमा तिनीहरूप्रति अत्यन्त मर्मस्पर्शी व्यङ्ग्य गरिएको छ ।

### ५.२.५.२ संरचना

**गोरु किन बेच्यौ** ? लामा-छोटा गरी सत्र अनुच्छेदमा संरचित लघु आकारको निबन्ध हो । यसमा दुई वाक्यदेखि एघार वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्माजम्मी एकसय छत्तीस

पङ्क्तिसङ्ख्या र पाँच पृष्ठमा आबद्ध यस निबन्धमा श्रमको उचित मूल्याङ्कन नभएको तथ्यलाई सार्वजनिक गरिएको छ ।

### ५.२.५.३ विषयवस्तु

प्रस्तुत निबन्ध मानवीय स्वार्थी प्रवृत्तिप्रति लक्ष्यित छ । एघार-एघार वर्षसम्म आफ्नो गोठमा बाँधिएको श्रमजीवीको प्रतीक श्रमशील प्राणी गजुवा गोरुको गुणको चर्चा गर्दै पेटभरि खाने र अड्कलेर काम गर्ने बेलामा आफ्ना परिवारका सदस्यद्वारा त्यस प्राणीलाई बेचिएको खबरले निबन्धकारका मनमा उठेका अनुभूतिलाई निबन्धको विषय बनाइएको छ । जोस, जाँगर, बल र यौवनले भरिपूर्ण अवस्थामा र पछि यी सबै विस्तारै हराउँदै जान थालेपछि श्रमिकप्रति मानवले देखाउने व्यवहारका बीचको भिन्नतालाई यसमा केलाइएको छ । उमेर र बल छउञ्जेल शोषण गर्ने तर विस्तारै सबैतिरबाट शक्तिले क्षीण बन्दै गएपछि भने शक्तिको चिर्पटले लघार्ने र काम छउञ्जेल भाँडो, काम सकिएपछि ठाँडो ठान्ने मान्छेको उपभोक्तावादी संस्कृतिमाथि व्यङ्ग्य प्रहार गरिएको छ । यो पूँजीवादको सूत्र पनि हो । उपयोग सकिएपछि आफ्ना आमाबाबुलाई पनि पैसाका लागि बेच्न भनिएको यो निबन्ध अत्यन्त मार्मिक छ । यसमा मानवमा दया र मानवता धर्तीभित्र भासिएका र विवेक र प्रेमका गङ्गाजलहरू नालीहरूमा मिसिएको कुराको उल्लेख गर्दै मानवका त्यस्ता निर्दयी, निष्ठुर, स्वार्थी, अविवेकी, क्रुर र अमानवीय प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.२.५.४ उद्देश्य

**गोरु किन बेच्यौ** ? शीर्षक निबन्धमा मानवमा हराउँदै गएको मानवीय संवेदनाप्रति सङ्केत गर्दै श्रमको उचित मूल्याङ्कन हुनुपर्ने कुराको प्रस्तुति गर्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको पाइन्छ । अभिधार्थमा गोरुको सन्दर्भबाट विषय उठेर समग्र श्रमजीवी वर्गकै श्रमको मूल्य हराएको व्यञ्जनार्थमा अभिव्यक्तिको विस्तार छ । यस्तो परिपाटी अन्त्य गर्नका निम्ति हेपिएको वर्ग एकजुट भई लाग्नुपर्ने कुरा ध्वनित गरिएको छ ।

### ५.२.५.५ कथनढाँचा र भाषाशैली

**गोरु किन बेच्यौ** ? प्रथमपुरुष कथनढाँचाको प्रयोग गरी आत्मपरक संस्मरणात्मक शैलीमा लेखिएको निबन्ध हो । यसमा गोरु भनेर श्रमशील व्यक्तिप्रति समेत सङ्केत गरेको देखिन्छ । यसमा प्रयोग गरिएको भाषाशैली सरल र सहज छ । यस निबन्धमा *काम छउञ्जेल भाँडो, काम सकिएपछि ठाडो, नरहे बासुरी नबजे धुन*जस्ता उखानको सार्थक प्रयोग गरिएको छ । यसैगरी *गोब्र्याउनु, ठसठस कन्नु, उग्राउनु*जस्ता ठेट नेपाली शब्द अनि *बुरबुर, स्याँ-स्याँ, तप्तप्, फुर्र, झुलुक्क, लुखु-लुखु*जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषिक रोचकता थपेको छ । यस्तै आलङ्कारिक शैलीको प्रयोगद्वारा मानवीय दुर्व्यवहारप्रति प्रहार गरिएको यस निबन्धको भाषाशैलीमा काव्यात्मक स्पर्शता भेटिन्छ । एउटा नमुना हेरौं :

*"तिमीहरूले मेरो गजुवालाई बेचेर दुर्योधनले सारी तानेर र रामले अग्निमा होमेर द्रौपदी र सीतालाई दूर्व्यवहार गरेझैँ गऱ्यौ ।"* पृ. १७

### ५.२.६ शीर्षक : टाउको काट्न निस्कँदा

### ५.२.६.१ परिचय र सार

प्रस्तुत **टाउको काट्न निस्कँदा** शीर्षकको निबन्ध यस सङ्ग्रहमा सङ्कलित छैटौं निबन्ध हो । पदावली ढाँचाको शीर्षकीय योजनामा आधारित यस निबन्धले ऐतिहासिक तथ्यमाथि स्पष्ट पार्ने काम गरेको छ । यसमा नेपाली राजनीतिका क्षेत्रमा घटेका राजनीतिक घटनाक्रमलाई स्वैरकल्पनाका माध्यमद्वारा स्पष्ट पार्ने काम गरिएको छ । माओवादी नेताको टाउकाको मूल्य तोक्ने तत्कालीन सरकारी घोषणालाई विषयवस्तुका रूपमा उठान गर्दै त्यस्तो राक्षसी घोषणाप्रति व्यङ्ग्य गरिएको छ । यसमा आफ्नो स्वार्थपूर्तिका लागि माओवादी नेताको टाउको काट्न निस्केको म पात्रका मनमा उठेका अनुभूतिलाई स्वैरकल्पनाको जलपले विस्तार गरिएको छ ।

### ५.२.६.२ संरचना

यस सङ्ग्रहभित्रको छैटौं निबन्ध **टाउको काट्न निस्कँदा** आठ पृष्ठमा संरचित छ । यसमा दुई वाक्यको अनुच्छेदको आयामदेखि एघार वाक्यसम्मका बाइस अनुच्छेदहरू छन् । जम्माजम्मी दुईसय तीन पङ्क्तिसङ्ख्याको सीमामा फैलिएको यस निबन्धमा हिंस्रक राजनैतिक प्रणालीप्रति व्यङ्ग्यको झटारो हानिएको छ ।

### ५.२.६.३ विषयवस्तु

**टाउको काट्न निस्कँदा** शीर्षक निबन्ध ऐतिहासिक तथ्य एवम् स्वैरकल्पनामा आधारित राजनैतिक व्यङ्ग्य निबन्ध हो । यो निबन्ध माओवादी जनयुद्धसँगै सम्बन्धित रहेको छ । ने.का. सरकारले ०५९ सालमा एउटा आदेश जारी गरेको थियो, जसअनुसार 'माओवादी नेताको टाउको काटी ल्याउनेलाई झोलाभरि पैसा दिएर पठाइनेछ ।'[6] उक्त आदेशको केन्द्रीयतामा नै निबन्धको विषय उठान गरिएको छ । मृत्युदण्डको उन्मुलन गरिएको भनिएको यो देशमा मानव हत्याको खुल्ला सरकारी आदेशले संविधानकै हत्या भएको तथ्यलाई सहज ढङ्गले अभिव्यक्त गर्दै झोलाभरि टाउको काटी ल्याउने र झोलाभरि पैसा लैजाने काङ्ग्रेसी सरकारको उन्मत्त मानवताहीन राक्षसी घोषणाप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । यस्तै आफू सत्तासीन भइरहन चाहने तत्कालीन सरकारको फोहोरी राजनैतिक खेलप्रति कटाक्ष गरिएको छ ।

यस निबन्धमा माओवादी नेताहरूको टाउको काटी त्यसबाट आएको पैसाले घर र गाडी किन्ने सपना बोकी टाउको काट्न निस्केको म पात्रको मनस्थितिको चित्रणद्वारा पद, पैसा र प्रतिष्ठाका

[6] रविकिरण निर्जीव, **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू,** (चितवन : छोरीत्रय, २०६४), पृ. २१ ।

नाममा मानवमा दया, माया र विवेकका सट्टामा निष्ठुरता, तिरस्कार र कठोरपन हावी हुँदै गएको वास्तविक यथार्थलाई समेत स्पष्ट पारिएको छ ।

### ५.२.६.४ उद्देश्य

**टाउको काट्न निस्कँदा** शीर्षक निबन्ध नेपाली राजनीतिका क्षेत्रमा देखापरेको विकृति र विसङ्गतिको पर्दाफास गर्नु नै यसको उद्देश्य रहेको देखिन्छ । यसमा जे-जस्तो कुकृत्य गरेर भए पनि सुखभोग गर्न चाहने मानवीय प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ ।

### ५.२.६.५ कथनढाँचा र भाषाशैली

**टाउको काट्न निस्कँदा** शीर्षक निबन्धमा प्रथमपुरुष कथनढाँचाको प्रयोग गरी नेपाली राजीतिमा देखिएको विकृतिविसङ्गतिप्रति आख्यानात्मक शैलीमा व्यङ्ग्य गरिएको छ । यस निबन्धमा प्रयोग गरिएका *रेडियो, टि.भी., न्यूरोड, हर्टफेल, ग्रेड, लेदरब्याग, स्प्रीङ, फरमान, उमेद*जस्ता आगन्तुक तथा केही शब्दको संस्कृत तत्सम शब्दको सन्दर्भ मिलाएर प्रयोग गरिएको छ । यसैगरी *पुल्टुङ्ग, थचक्क, लगलग, तपतप, मिलिक-मिलिक, छ्याम-छ्याम, छुम-छुम*जस्ता अनुकरणात्मक र द्वित्व शब्द, त्यस्तै *कि आँटले खान्छ कि ढाँटले खान्छ, जाँघरै नआइकन तिघ्रा कमाउन हुँदैन, सूराको छोरालाई काँडाले घोच्दैन, हस्तिनापुरीको राज्य खोज्नेलाई चपरीमुनिको बास*जस्ता उखानको प्रयोगले अभिव्यक्तिलाई रोचक र प्रवाहमय बनाएको छ । यस्तैगरी *अस्ति भर्खरको ढुङ्गाजस्तो मुटु आलुजस्तो र फलामजस्तो हात मकैको डाँठजस्तो भयो*जस्ता आलङ्कारिक शैलीको समेत स्पष्ट प्रयोग भएको देखिने यस निबन्धमा सरल र संयुक्त वाक्यको प्रयोग धेरै गरिएको भए पनि यदाकदा मिश्रवाक्यको प्रयोग पनि गरिएको पाइन्छ । उदाहरणका लागि निम्न कथन हेरौँ-

> *"जसरी म माओवादी नेताहरूको टाउको काट्न भनेर हिँडेको छु, त्यसैगरी अरु मानिसहरू पनि तिनीहरूकै टाउको गिंड्न हिँडेका हुन सक्छन् ।"* पृ. २३

### ५.२.७ शीर्षक : त्यो कति लाखमा बिक्ला ?

### ५.२.७.१ परिचय र सार

**त्यो कति लाखमा बिक्ला** ? शीर्षकीय निबन्ध यस सङ्ग्रहमा सङ्कलित सातौं निबन्ध हो । यो सर्वप्रथम २०६३ पुसको **अभिव्यक्ति** पत्रिकामा प्रकाशित भएको थियो । यसको शीर्षक प्रश्नात्मक वाक्यको ढाँचामा रहेको छ । यस निबन्धमा त्यो भनेर मानिसलाई सङ्केत गर्दै मान्छेमा देखापरेको विकृत धनलिप्साप्रति व्यङ्ग्यको झटारो हानिएको छ । यसमा निम्नपूँजीवादी चरित्र, चिन्तन र जीवनशैलीको चित्रण गर्दै पत्नीको धनप्रतिको अतिशय आकाङ्क्षा र इच्छाका कारण जे-जसरी भए पनि बेचिएर पैसा कमाइदिनुपर्ने ऊ पात्रको मनस्थितिको चित्रणले पैसालाई नै अत्यधिक महत्त्व दिने मान्छेको उपभोक्तावादी संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.७.२ संरचना

प्रस्तुत **त्यो कति लाखमा बिक्ला ?** शीर्षक निबन्ध चारपृष्ठमा संरचित लघु आयामको निबन्ध हो । यस निबन्धमा अठार अनुच्छेदसङ्ख्या रहेको छ । तीन वाक्यको अनुच्छेदको आयामदेखि तेह्र वाक्यसम्मको अनुच्छेदको आयाममा फैलिएको र एकसय पाँच पङ्क्तिसङ्ख्याको सीमामा आबद्ध यस निबन्धमा निम्न वैतनिक जागिरेको स्थितिको चित्रण गरिएको छ ।

### ५.२.७.३ विषयवस्तु

प्रस्तुत **त्यो कति लाखमा बिक्ला ?** शीर्षक निबन्धले मान्छेमा बढ्दै गएको अत्यधिक धनप्रतिको लिप्सालाई मुख्य विषयवस्तु बनाउँदै बौद्धिक विकासभन्दा अर्थोपार्जन र अर्थसञ्चयनलाई बढी मूल्यवान ठान्ने सामाजिक, मानसिकताले गर्दा प्रमाणपत्र, विद्वत्ता र मानवताको कुनै पनि कदर नभएको तथ्यलाई सार्वजनिक गरेको छ । यस निबन्धमा अनैतिकता, भ्रष्टाचार, छलकपट, जालझेल आदि सबै विद्रूपता र फोहोरमैला पैसाको चपरीमुनि दबिन्छन्, चोखिन्छन् तर नैतिकता, सदाचार, सज्जनता, विद्वत्ताजस्ता कुराहरू पैसाको सामु वामपुड्के ठहरिन्छन् भन्ने कुरालाई अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । यसैगरी पैसाकै निम्ति योग्य जनशक्ति विदेशी भूमिमा पलायन हुनु, नेता बेचिनु, अस्मिता, स्वाभिमान र वैचारिक भू-धरातलसमेत बेचिदै गएको तथ्यलाई स्पष्ट पार्दै धनको अतिशय तृष्णा जागी बेचिन विवश हुनुपर्ने निम्न वैतनिक जागिरेमा देखिएको वैचारिक प्रतिबद्धताको कमी, ढुलमुले चरित्र, एकातिर स्वाभिमानी, अर्कातिर अतिरिक्त कमाइको लालच, कथित स्वाभिमान र वैचारिक पहिचान आदि कायम रहोस् अनि अतिरिक्त आर्जनद्वारा सामाजिक उचाइ र सम्मान पनि मिलिरहोस् भन्ने द्वैध मानसिकता र चरित्रको चित्रण गरिएको छ ।

### ५.२.७.४ उद्देश्य

यस निबन्धमा पैसालाई नै उच्च स्थानमा राखी जे-जस्ता कुकृत्य गरेर भएपनि पैसा कमाउ, त्यसको लागि चाहे आफ्नो विचार, अस्तित्व र संस्कार, विद्वता, नैतिकता सबै गुमाए पनि गुमाउ तर कसरी हुन्छ पैसा कमाउ भन्ने मान्छेको पैसामुखी संस्कृतिप्रति व्यङ्ग्य प्रहार गर्दै यस्ता कुरीति र रुढिगत परम्पराका दुर्गन्धित गल्ली र नालीहरूलाई शुद्धीकरण गर्ने वैचारिक प्रस्तुति नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.७.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्ध तृतीयपुरुष कथनढाँचाको प्रयोग गरेर लेखिएको एक वर्णनात्मक निबन्ध हो । यस निबन्धमा धनप्रति अत्यन्त लिप्त रहने मानवीय प्रवृत्तिप्रति सरल र सहज भाषाशैलीका माध्यमद्वारा व्यङ्ग्य गरिएको छ । यसमा *डूँड, फल्याक, पोल्टा, खापा, सखेल्लो* आदिजस्ता ठेट नेपाली शब्द र *लगलग, असिनापसिना*जस्ता द्वित्व एवम् अनुकरणात्मक शब्दको पनि सन्दर्भ मिलाएर

प्रयोग गरिएको छ । यस्तै यसमा प्रयोग गरिएका *श्रम कहाँ बेच्ने ? होटलमा ? घरधनीका ? त्यसकी पत्नीलाई चाहिएको पैसा कति हो ? त्योसित रू. कति असुल्न खोज्छे ?* आदिजस्ता प्रशस्त प्रश्नात्मक वाक्यको प्रयोगले निबन्धलाई अझ सरलता र स्पष्टता प्रदान गरेको छ ।

### ५.२.८ शीर्षक : दन्तडाक्टर र चितुवा

#### ५.२.८.१ परिचय र सार

प्रस्तुत **दन्तडाक्टर र चितुवा** शीर्षक निबन्ध यस सङ्ग्रहमा सङ्कलित आठौँ निबन्ध हो । शब्दावली ढाँचाको शीर्षकीय योजनामा रहेको प्रस्तुत निबन्ध प्रतीकात्मक छ । यसमा नरभक्षी चितुवा भनेर राजतन्त्रप्रति लक्ष्यित गरिएको छ । केही नेतारूपी दन्तडाक्टरको भरमा मात्र राजचितुवाको हिंस्रक प्रवृत्ति नरोकिने कुराप्रति सङ्केत गर्न खोजिएको छ । यसको शीर्षक मूलभावकै सेरोफेरोमा अडिएको छ ।

#### ५.२.८.२ संरचना

यस सङ्ग्रहभित्रको आठौं निबन्ध **दन्तडाक्टर र चितुवा** जम्मा एक पृष्ठमा संरचित लघु आकारको निबन्ध हो । लघु आयतनमा पनि आख्यानको प्रबलता रहेकोले यसलाई लघुकथाको कोटिमा राखे पनि फरक नपर्नेजस्तो देखिन्छ । दुई वाक्यको अनुच्छेददेखि दश वाक्यको अनुच्छेदको आयाममा फैलिएको यसमा जम्मा तीन अनुच्छेद रहेका छन् । यसैगरी जम्माजम्मी एक्काइस पङ्क्तिमा आबद्ध प्रस्तुत निबन्धमा नेपाली राजनीतिमा देखापरेको हत्या, हिंसा, काटमारजस्ता हिंस्रक प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्दै व्यङ्ग्य गरिएको छ ।

#### ५.२.८.३ विषयवस्तु

यस निबन्धले समसामयिक परिस्थितिलाई वस्तुपरक ढङ्गले चित्रण गर्न खोजेको छ । यस निबन्धमा गुम्दै गएको मानवीय प्रवृत्ति अनि मानवमा हावी हुँदै गएको पाशविक र हिंस्रक प्रवृत्तिलाई देखाउन चितुवासँग तुलना गर्दै मानिस-मानिस बीच भएको हत्या, हिंसा, आतङ्क, लुछाचुडी र काटमारप्रति यस निबन्धको विषय केन्द्रित रहेको देखिन्छ । यसमा पहिले-पहिले चितुवाले मानिसलाई आफ्ना दाह्रा र नङ्ग्राले चिथोरेर मार्ने गर्दथ्यो तर अहिले भने मान्छेले नै मान्छेलाई चितुवाले जस्तै गरी मार्ने गरेको परिदृश्य प्रस्तुत गर्दै अब चितुवाको दाह्रा र नङ्ग्राको केही काम नभएको कुरालाई व्यक्त गरिएको छ । त्यस्ता हिंस्रक पाशविक प्रवृत्ति भएका चितुवारूपी मानवीय प्रवृत्तिप्रति यस निबन्धले व्यङ्ग्य गरेको छ । यसलाई निम्न उदाहरणले अझ स्पष्ट पारेको छ :

> *"मेरा यी तीखा र विखालु दाह्रा र नङ्ग्राहरूको काम छैन किनकि आजकल तपाईंहरूले नै आफ्ना जातिको रगत र मासु खान थाल्नुभयो र आफन्त अनि बन्धुबान्धवलाई नै टोक्न र चिथोर्न थाल्नुभो । अब हामी चितुवाहरूले मानिसलाई टोक्न र चिथोर्न नपाउने भयौ । त्यसकारण मेरा यी दाह्रा र नङ्ग्रा फुकालिदिनुस् ।"* पृ. ३३

### ५.२.८.४ उद्देश्य

**दन्तडाक्टर र चितुवा** शीर्षक निबन्धले मानिसमा मौलाउँदै गएको पाशविक वृत्तिको चित्रण गरेको छ । यसले मानवता हराउँदै गएको परिवेशको चर्चा गर्दै मानवीय चरित्रको गिर्दो स्थितिको पनि सङ्केत गरेको छ । यसैगरी हिंसा, युद्ध, अशान्तिजस्ता आपसी द्वन्द्वले राष्ट्र कमजोर हुने र त्यसको फाइदा परचक्रीले उठाउन सक्ने कुराको सङ्केत गर्नु पनि यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.८.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्ध तृतीयपुरुष कथनढाँचाको प्रयोग गरेर लेखिएको निबन्ध हो । यसमा चितुवा मान्छेको हिंस्रक प्रवृत्तिको प्रतीकका रूपमा आएको छ । कथात्मक शैलीमा लेखिएको यो निबन्धमा प्रयोग गरिएको भाषाशैली सरल र सहज छ । यसमा *झुम्लुङ्ङ, लसक्-लसक्*जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । यसै गरी यसमा संवादको समेत प्रयोग गरिएको पाइन्छ । जस्तै :

*"पर्खनोस् बिरामीहरू, रोकिनोस् डाक्टरसाब ! तपाईंहरू कोही पनि नभाग्नुहोस् ।" पृ. ३३*

यो आकार, आयाम, प्रस्तुति आदि हिसाबले लघुकथाको छनक दिने रचना भएकोले यसमा निबन्धको विधागत स्वरूप खज्मजिएको देखिन्छ । यस्ता निबन्धका संरचक घटकहरूको संयोजन शिथिल देखिएको छ । त्यसैले निबन्धकलाका दृष्टिले तथा निबन्धको कलात्मक मूल्यका दृष्टिले अरु निबन्धहरूका तुलनामा यो अपेक्षाकृत माथि उठ्न सकेको देखिन्न ।

### ५.२.९ शीर्षक : देवग्राम जाने भऱ्याङ खोइ ?

### ५.२.९.१ परिचय र सार

**देवग्राम जाने भऱ्याङ खोइ** ? शीर्षक निबन्ध यस सङ्ग्रहमा सङ्गृहीत नवौं निबन्ध हो । यो निबन्धको शीर्षक प्रश्नात्मक वाक्यको ढाँचामा रहेको छ । यस निबन्धमा निबन्धकार मुक्तिनाथ दर्शन गर्न गएको प्रसङ्गको उल्लेखद्वारा त्यहाँ देवग्राम जाने कुनै पनि भऱ्याङ नदेखेको कुरालाई शीर्षकद्वारा सङ्केत गर्दै स्वर्गलोकको उपहास गरिएको छ । धार्मिक रुढीवादी अन्धपरम्पराप्रति व्यङ्ग्य गरिएको यस निबन्धमा मानवग्रामलाई नै वास्तविक देवग्राम बनाउनुपर्ने निबन्धकारको धारणा व्यक्त भएको छ । यस्तो देवग्राम समानतामा आधारित हुनुपर्छ भन्ने उनको तर्क रहेको छ ।

### ५.२.९.२ संरचना

**देवग्राम जाने भऱ्याङ खोइ** ? तीन पृष्ठमा संरचित लघु आयामको निबन्ध हो । यस निबन्धमा लामाछोटा गरी जम्मा नौ अनुच्छेदहरू रहेका छन् । यसमा तीनवाक्यको अनुच्छेददेखि सत्र वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यसैगरी लामाछोटा गरी जम्माजम्मी त्रियासी पङ्क्ति-सङ्ख्यामा आबद्ध यस निबन्धमा धर्मका नाममा दिनप्रतिदिन बढ्दै गएको विकृतिविसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.९.३ विषयवस्तु

प्रस्तुत निबन्ध धार्मिक विषयवस्तुसँग सम्बन्धित रहेको छ । यस निबन्धमा धर्मका नाममा बढ्दै गएको विकृति र विसङ्गतिलाई मुख्य विषय बनाउँदै त्यसप्रति व्यङ्ग्य गरिएको छ । यस निबन्धमा आफूले जे-जस्तो कुकर्म गरे तापनि मुक्तिनाथको दर्शन र स्नानले सम्पूर्ण पापहरू पखालिन्छ र मानिस मुक्त बन्दछ भन्ने विश्वासले मुक्तिको आकाङ्क्षा बोकेर मुक्तिनाथ जानेहरूलाई उनले शब्दव्यङ्ग्य गरेका छन् । कर्मवादको वकालत गरिएको यस निबन्धमा निबन्धकारले आफ्नो श्रमशील प्रवृत्तिको चर्चा एवम् मुक्तिको महिमा दर्शाउँदै देवग्रामको वहानामा मानवको अधिक शोषण र दमन भएको कुरा उल्लेख गरिएको छ । यस्तै मानवग्रामजस्तै देवग्राम पनि हुने र त्यहाँ पातकीलाई दण्डसजायको केही व्यवस्था नभएको भन्दै उनले देवग्राम वा स्वर्गलोकको उपहास गरेका छन् ।[7] यसैगरी मानवग्रामका अत्याचारी नै देवग्राममा पुग्ने कुराको उल्लेख गर्दै यस किसिमको देवग्रामको औचित्य नभएको सत्यतर्फ पाठकको ध्यानाकर्षण गराउँदै देवग्रामभन्दा मानवग्रामको व्यवस्थापनमा जोड दिइएको छ ।

### ५.२.९.४ उद्देश्य

प्रस्तुत निबन्धमा मानिसले आफ्नो स्वार्थपूर्तिका लागि धर्मकर्मप्रति देखाउने अन्धभक्तता र भोगवादी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै धर्मका नाममा गरिने हिंसाजन्य क्रियाकलापप्रति समेत आक्रोश व्यक्त गरिएको छ । यस्तैगरी यसमा भ्रष्टाचार, शोषण, उत्पीडन आदिको अन्त्य गरी समतामूलक, पारदर्शी र स्वस्थ समाजको स्थापनाको आग्रह नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ । यसमा निबन्धकारको प्रगतिवादी चिन्तन अभिव्यक्त भएको छ ।

### ५.२.९.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्ध प्रथमपुरुष कथनढाँचाको प्रयोग गरी आत्मपरक शैलीमा लेखिएको निबन्ध हो । प्रकृतिको आत्मपरक चित्रण गर्दै आरम्भ गरिएको यसमा पुरानो संस्कार तथा धार्मिक रुढीवादी परम्पराप्रति व्यङ्ग्य गरिएको छ । सरल एवम् सहज शैलीमा निबन्धको कथ्य प्रस्तुत गरिएको पाइन्छ । मुक्तिनाथ बिम्बका रूपमा आएको छ । *बयली, रुहेर, खनी, जिलाइ, रुखोसुखो*जस्ता झर्रा नेपाली शब्द र *फुरफुर, भुरभुर, स्वाँ-स्वाँ, ङ्वाँ-ङ्वाँ*जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषिक रोचकता र नवीनता थपेको छ । यसैगरी *सर्व तीर्थोत्तमं विद्भि दैवलोकैश्च वांछितम्, तस्मिन्तीर्थे सुनिण्णमः प्राप्नोति परमंपदम्, मुक्ति क्षेत्रमहात्म्यम्* जस्ता संस्कृत श्लोकको प्रयोगका साथै *एयरपोर्ट, वाक, गडभिलेज, गडसिटी, ह्यूमनभिलेज, ह्यूमनसिटी*जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि यस निबन्धमा स्पष्ट देख्न सकिन्छ । प्रश्नात्मक वाक्यको शीर्षकमा रहेको यस निबन्धमा प्रश्नात्मक वाक्य पनि स्पष्ट देखिएको छ । यसैगरी *शरीर ऐले सिमलको भुवाजस्तो हलुङ्गो भएर फुरफुर डुलेको*

---

[7] घनश्याम ढकाल, ***रविकिरण निर्जीवका निबन्धमा व्यङ्ग्य चेतना,*** **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,** (काठमाडौं : अ.ने.ले.सं. २०६७), पृ. ६७८ ।

*छ, मन चिवेचरीजस्तो हल्का भएर भुरभुर भएको छ* जस्ता आलङ्कारिक भाषाशैलीको प्रयोगले निबन्धलाई अझ प्रभावकारी बनाएको छ ।

### ५.२.१० शीर्षक : परदेशी साइनाहरू

### ५.२.१०.१ परिचय र सार

**परदेशी साइनाहरू** यस सङ्ग्रहमा सङ्कलित दसौं निबन्ध हो । यसको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यस निबन्धमा नेपाली सांस्कृतिक पहिचानका रूपमा रहेका मौलिक साइनाहरू हराउँदै जानथालेको तथ्यलाई निबन्धको शीर्षकले नै सङ्केत गरेको देखिन्छ । वर्तमान समयमा आधुनिकताका नाममा नेपाली मौलिक साइनाहरूमा कृत्रिमताका सिस्नुहरू फुलाउन थालेकोप्रति निबन्धकारको व्यङ्ग्यात्मक भाव अभिव्यक्त भएको छ ।

### ५.२.१०.२ संरचना

**परदेशी साइनाहरू** चार पृष्ठमा संरचित लघु आकारको निबन्ध हो । यसमा एक वाक्यको अनुच्छेददेखि तेह्र वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यस्तै लामा-छोटा गरी जम्माजम्मी त्रियानब्बे पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा पन्ध्रवटा अनुच्छेदसङ्ख्या रहेका छन् । यसमा हराउँदै गएको नेपाली भाषा र मौलिक संस्कृतिप्रति निबन्धकारको चिन्ता अभिव्यक्त भएको छ ।

### ५.२.१०.३ विषयवस्तु

**परदेशी साइनाहरू** शीर्षक निबन्ध नेपाली मौलिकपन र संस्कृतिसँग सम्बन्धित रहेको छ । यसमा हाम्रा मिठा र चोखा अनि सुन्दर नेपाली मौलिकपन र संस्कृति झल्काउने परम्परागत मौलिक नाता साइनाहरू हराउँदै गएको र त्यस ठाउँमा पाश्चात्य विकृत सभ्यता भित्रिँदै गएको तितो सत्यलाई यस निबन्धले प्रमुख रूपमा उठाएको छ । नेपाली मौलिक संस्कृतिका रूपमा परम्परादेखि नै प्रयोग हुँदै आएका *सासू, ससुरा, ज्वाइँ, अमाजु, फुपू* आदिजस्ता मौलिक साइनाहरूमा वर्तमान समयमा आधुनिकता र अति शिष्टताका नाममा *आमा, बुबा, बाबु, दिदी*जस्ता शब्दको प्रयोगले वास्तविक रूपमा परिचित गराउने नातासम्बन्धमा विचलन हुँदै गई आदरसत्कारको भावनामा समेत ह्रास हुँदै आएको कुरा अभिव्यक्त गरिएको छ । यस्तै आधुनिकताका नाममा मौलिक संस्कृतिलाई बिर्सेर कृत्रिम साइना जोड्न खोज्ने आधुनिकताका प्रेमीहरूप्रति लक्षित गर्दै निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

> *"सभ्यताका ढोंगीहरू ! आधुनिकताका प्रेमीहरू ! पाल्पाली ढाकाटोपी गोडामा उन्नुहोस् र टाटा पाउपोश टाउकामा भिर्नुहोस्, कोराको लगौटी घाँटीमा बेर्नुहोस् र ऊनको गलबन्दी खोल्से पुठामा कस्नुहोस् र छाती उचालेर हाकाहाकी हिँड्नुहोस् ।"* पृ. ४०

### ५.२.१०.४ उद्देश्य

यस निबन्धमा शिष्टता र सभ्यताका नाममा आफ्नो नेपाली मौलिकपन र परम्परालाई बिर्सेर कृत्रिम विकृत सभ्यता अँगाल्न चाहने आधुनिकताका कथित प्रेमीहरूप्रति व्यङ्ग्य गर्दै सांस्कृतिक रूपले सचेत रहन

आग्रह गरिएको छ । नेपाली मौलिकपनलाई बिर्सन नहुने भावको अभिव्यक्त गरिएको यस निबन्धमा मौलिकता हराउँदा राष्ट्रिय सांस्कृतिक जटिलता थपिने कुराको सङ्केत गर्ने उद्देश्य रहेको देखिन्छ ।

### ५.२.१०.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत **परदेशी साइनाहरू** शीर्षक निबन्धमा प्रथमपुरुष कथनढाँचाका माध्यमबाट निबन्धकारले हराउँदै गएको नेपाली भाषा र नेपाली मौलिक संस्कृतिप्रति चिन्ता प्रकट गरेका छन् । यसमा विभिन्न उदाहरणको प्रयोग गर्दै सरल र सहज भाषाशैलीको माध्यमद्वारा कथ्यलाई स्पष्ट पार्ने काम गरिएको छ । यस निबन्धमा *पिंढी, ओत, बेसी, भकुर्नु, एकाभुँडी*जस्ता ठेट नेपाली शब्दको प्रयोगका साथै *प्याच्प्याच्ती, ढक्क*जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । यसैगरी *दाजु साह्रै शुष्क छ, ढुङ्गाजस्तो, जेठाजू साह्रै रसमय छ, माटोजस्तो* जस्ता उपमा सङ्केत पनि स्पष्ट देख्न सकिन्छ । त्यसैले आलङ्कारिक भाषाशैलीको प्रयोग पनि यस निबन्धको महत्त्वपूर्ण विशेषता रहेको देखिन्छ ।

### ५.२.११ शीर्षक : फस्टम्यान

### ५.२.११.१ परिचय र सार

**फस्टम्यान** शीर्षक निबन्ध वि.सं. २०५७ जेठमा मिलिजुली आ.मा.वि. **मेघौली** स्मारिकामा सर्वप्रथम प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्गृहीत एघारौं निबन्ध हो । यस निबन्धको शीर्षक शब्दात्मक ढाँचामा रहेको छ । अङ्ग्रेजी शब्दबाट नामकरण गरिएको यस निबन्धमा जे-जस्तो तिकडम गरेर भए पनि आफू नै प्रथम हुन चाहने अमह्वादी, चरम महत्त्वाकाङ्क्षी स्वार्थी प्रवृत्तिका रामचन्द्रजस्ता पात्रको प्रयोगद्वारा यस निबन्धमा स्वार्थी मानवीय स्वभावप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.११.२ संरचना

प्रस्तुत **फस्टम्यान** शीर्षक निबन्ध छोटा-छोटा उन्नाइस अनुच्छेदमा संरचित छ । यो निबन्ध दुई वाक्यदेखि सात वाक्यसम्मको अनुच्छेदको आयाममा फैलिएको र जम्मा असी पङ्क्तिसङ्ख्याको सीमामा आबद्ध रहेको छ । यसैगरी जम्माजम्मी तीन पृष्ठको लघु आयाममा फैलिएको यस निबन्धमा जताततै देखिएको मान्छेको द्रव्यशाह प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.११.३ विषयवस्तु

**फस्टम्यान** शीर्षक निबन्ध मानवीय महत्त्वकाङ्क्षा अहम् भावना र स्वार्थको विश्लेषणमा नै आधारित रहेको छ । यस निबन्धमा अरुको रोलक्रम मिचेर जे-जस्तो कुकृत्य गरेर भए पनि अरुको कुनै पर्वाह नगरी आफूमात्र अगाडि बढ्न चाहने रामचन्द्रजस्ता पात्रको प्रयोगद्वारा रामचन्द्रजस्ता स्वार्थी मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । मृत्युजस्तो जड कुरामा पनि आजसम्म कसैले नमरेको मृत्यु मरेरसमेत मृत्युफस्ट हुन चाहने रामचन्द्रजस्ता पात्रले अवसरवादी प्रवृत्तिको प्रतिनिधित्व गरेको छ । यस्ता अवसरवादी अहम्वादी, स्वार्थी र सङ्कीर्ण भावना भएका व्यक्ति जसले केवल

आफ्ना लागि मात्र सोच्छ, त्यस्ता प्रवृत्तिको चित्रणद्वारा आफू नै प्रथम हुन चाहने मानवीय प्रवृत्तिलाई देखाउन हास्यको सृष्टिद्वारा अझ स्पष्ट पार्ने काम गरिएको छ । जस्तै :

> *"आफ्नो घर फुटाएरै होस् वा भँडाएरै होस् रामचन्द्रलाई फस्ट हुनैपर्छ । खरानी चाहियो भने ऊ आगो फुक्दैन तर कटेरामा आगो झोसिदिन्छ । ऊ नदीमा खेलेर सेकेण्ड हुनुभन्दा नालीमा डुबुल्की मारेर फस्ट हुन रुचाउँछ ।" पृ. ४२*

### ५.२.११.४ उद्देश्य

यस निबन्धले रोलक्रम मिचेर जसरीतसरी प्रथम हुन चाहने अहम्तावादी, स्वार्थी र सङ्कीर्ण भावनाको विरोध गर्दै रोलक्रमअनुसार अघि बढ्नुपर्ने सन्देश दिएको छ । जे-जस्ता अनुचित क्रियाकलाप गरेर भए पनि नाम कमाउन चाहने रामचन्द्रजस्ता पात्रका सङ्कीर्ण सोचाइप्रति व्यङ्ग्य गर्नु निबन्धको खास उद्देश्य रहेको छ ।

### ५.२.११.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्धमा तृतीयपुरुष कथनढाँचाको प्रयोगद्वारा निबन्धलाई विस्तार गरिएको छ । सरल र सहज भाषाशैलीको माध्यमद्वारा यस निबन्धमा स्वार्थी मानवीय चरित्रप्रति व्यङ्ग्य गरिएको छ । कथात्मक शैलीमा लेखिएको यस निबन्धमा *प्रकारेण उदरम् परिपूरयत*जस्तो संस्कृत भाषाको समेत प्रयोग गरिएको छ । यस्तै *लाम्टा, टकेर्नु, भतुवा*जस्ता झर्रा नेपाली शब्दको प्रयोगले भाषिक रोचकता थपेको छ । यसैगरी आलङ्कारिक, शैलीको प्रयोगद्वारा स्वार्थी मानवीय चरित्रप्रति व्यङ्ग्य गरिएको छ । जस्तै :

> *"तीर्थाटन गर्न उद्यत तीर्थालुले तीर्थस्थल निक्यौंल गर्न नसकेझैं 'मृत्युफस्ट' हुने आकाङ्क्षा राख्ने रामचन्द्रले 'मृत्युशैली' निक्यौंल गर्न नसक्नु कस्तो टीठलाग्दो कुरा ?"* पृ. ४३

यसैगरी अङ्ग्रेजी शब्दकै शीर्षक राखिएको यसमा *फस्टम्यान, वन्स अपन ए टाएम, स्कूल, कलेज, हेडमास्टर, चीफ* आदिजस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि स्पष्ट देख्न सकिन्छ ।

### ५.२.१२ शीर्षक : बन्द

### ५.२.१२.१ परिचय र सार

प्रस्तुत **बन्द** शीर्षक निबन्ध यस सङ्ग्रहभित्रको बाह्रौं निबन्ध हो । शब्दात्मक ढाँचाको शीर्षकीय योजनामा रहेको यस निबन्धले समसामयिक नेपाली परिवेशलाई उतारेको छ । यसमा बन्दले अनावश्यक रूपमा हुने नेपाल बन्दलाई सङ्केत गरेको छ । यस निबन्धमा अनावश्यक रूपमा नेपाल बन्द गरेर आफ्नो स्वार्थ सिद्ध गर्न चाहने नेपाली परिपाटीप्रति निबन्धकारले आक्रोश गरेका छन् । यसमा निबन्धको शीर्षकको परिधिभित्र भाव घुमेको छ । त्यसैले शीर्षककै केन्द्रीयतामा विषयवस्तुको विस्तार भएको छ ।

### ५.२.१२.२ संरचना

**बन्द** शीर्षक निबन्ध लामा-छोटा गरी जम्मा सत्र अनुच्छेदमा संरचित छ । एक वाक्यको अनुच्छेददेखि अठार वाक्यसम्मका अनुच्छेदको आयाममा विस्तारित यस रचनामा एकसय सत्र

पङ्क्तिसङ्ख्या रहेका छन् । यस्तै जम्मा पाँच पृष्ठको सीमामा आबद्ध रहेको यस निबन्धमा अनावश्यक रूपले नेपाल बन्द गने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.१२.३ विषयवस्तु

**बन्द** शीर्षक निबन्ध वर्तमान समयमा सामान्य कुरा चित्त नबुझ्दा पनि लहडका भरमा नेपाल बन्द भइरहने नेपाली समसामयिक परिवेशमा आधारित रहेको छ । जनविद्रोहको पक्षमा जनताका ज्वलन्त मागहरूतिर ध्यानाकर्षण गराउन गरिने बन्दको महत्त्व हुँदाहुँदै पनि झिनामसिना कुराहरूमा समेत बन्द गर्न थालिएकाले यो उपहासपूर्ण कार्य हुन पुगेको छ । बन्द फेसनमा अनुवाद भएको छ । रविकिरण निर्जीवले बन्दको यही उपहासपूर्ण पक्षलाई यस निबन्धमा व्यङ्ग्य गरेका छन् । कसैलाई जङ चले, झोक चले, शान बढे, अभिमान र आवेग जुटे पनि अनि हल्लैहल्लाका भरमा पनि उपस्थित भइहाल्ने बन्दले नेपालको शैक्षिक, आर्थिक, सामाजिक आदि विविध क्षेत्रमा पार्ने प्रभावलाई समेत सङ्केत गरिएको छ । यसैगरी अनावश्यक सानातिना कुराहरूमा अल्झिएर देशलाई नै बन्दी बनाउन चाहनेहरूप्रति स्थानीय र देशीय बन्दलाई विस्तार गरी महादेशीय बन्द र विश्वबन्दमा रुपान्तरण गर्न भन्दै बन्द संस्कृतिको धज्जी उडाएको छ । यसलाई तलको उदाहरणद्वारा समेत स्पष्ट पार्न सकिन्छ-

> *"अब यो विश्वबन्द गरेर सगरमाथाको देश, बुद्धको देश भन्ने नेपाल परिचयमा 'विश्वबन्दवालाको देश' भनेर कीर्तिमान थप्नुपर्छ । अघिल्लो सगरमाथा र बुद्धका कीर्तिमानहरू खुइलिइसके, पुछिइसके । धेरैले सगरमाथा आरोहण गरेर र नेपाल अशान्त भएर ती हराइसके । अब पालो विश्वबन्दको !" पृ. ४७*

### ५.२.१२.४ उद्देश्य

**बन्द** शीर्षक निबन्धले अनावश्यक रूपमा नेपाल बन्द हुने परिवेशको चित्रण गरेको छ । यस निबन्धले बन्दलाई केवल आफ्नो स्वार्थपूर्ति गर्ने साधनका रूपमा मात्र नलिई यसले विभिन्न क्षेत्रमा पार्ने प्रभावको समेत मनन गर्दै व्यक्तिगत हितभन्दा देशीय हितलाई सर्वोपरि मान्नुपर्ने कुरा प्रकट गरेको छ । यस निबन्धमा एकआपसमा खिचातानी भइरहँदा वैदेशिक शक्तिले समेत हस्तक्षेप गर्न सक्ने कुराको सङ्केत गर्दै अनावश्यक रूपमा नेपाल बन्द गर्नु हुँदैन भन्ने सन्देश दिएको छ । यस्तै आफ्नो स्वार्थपूर्तिका लागि नेपाल बन्द गर्ने परिपाटीको विरोध गर्दै राष्ट्रिय हितका लागि सबै एकजुट भएर अगाडि बढ्नुपर्ने भाव यस निबन्धमा अभिव्यक्त भएको पाइन्छ ।

### ५.२.१२.५ कथनढाँचा र भाषाशैली

**बन्द** शीर्षक निबन्ध तृतीयपुरुष कथनढाँचाको प्रयोग गरेर लेखिएको रचना हो । यस निबन्धमा अनावश्यक रूपमा बन्द भइरहने नेपाल बन्दसम्बन्धी समकालीन परिवेशलाई सरल र सहज भाषाशैलीमा प्रस्तुत गरिएको छ । यसमा प्रयोग गरिएका *घिच्याउनु, पाँसुला, जङ, झोक*जस्ता झर्रा नेपाली शब्दका

साथै *ड्याङ्ग, लुसुक्क*जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषिक रोचकता र नवीनता थपेको छ । यसैगरी *ढिलो होस् तर छोरो होस्, लागेको बानी घिउ खानी*जस्ता उखानको प्रयोगले भाषिक विशिष्टताका आलोकमा निबन्धलाई अझ प्रभावकारी बनाएको छ । यस्तै *व्यापारी किनबेचमा किन घोटिइरहुन् ? मजदूर कार्खानामा कति खटिइरहुन् ?* जस्ता प्रश्नात्मक वाक्यको समेत प्रयोग गरिएको यस निबन्धमा आलङ्कारिक शैलीको प्रयोग पनि स्पष्ट देख्न सकिन्छ । जस्तै :

> *"उहिले बुद्धिलाल साहूको बेलाटारीको टुहुरे पसल, त्यो बेलामात्र बन्द हुन्थ्यो जुन बेलामा उसको घरमा रोग र शोकको जोडी पस्थ्यो ।" पृ. ४४*

**५.२.१३ शीर्षक : भात होइन भतेर खान्छु**

**५.२.१३.१ परिचय र सार**

**भात होइन भतेर खान्छु** शीर्षक निबन्ध **पल्लव** २०६१ असोजमा सर्वप्रथम प्रकाशित र पछि यसै सङ्ग्रहमा सङ्कलित तेह्रौं निबन्ध हो । यो निबन्धको शीर्षक वाक्यात्मक ढाँचामा रहेको छ । यस निबन्धमा खान्दानी अहम्को प्रदर्शन गर्न चाहने उच्चवर्गीय खान्दानी चरित्रप्रति व्यङ्ग्य गर्दै राजनीतिका क्षेत्रमा पनि विभिन्न समस्या समाधानका नाममा चलेका भतेरहरूको समेत चित्रण गरिएको छ ।

**५.२.१३.२ संरचना**

प्रस्तुत सङ्ग्रहको तेह्रौं निबन्ध **भात होइन भतेर खान्छु** जम्मा तीन पृष्ठमा संरचित लघु आयामको निबन्ध हो । यसमा दुई वाक्यको अनुच्छेददेखि सत्र वाक्यसम्मका जम्माजम्मी बाह्र अनुच्छेदहरू रहेका छन् र चौरासी पङ्क्तिसङ्ख्याको सीमामा यो निबन्ध रहेको देखिन्छ ।

**५.२.१३.३ विषयवस्तु**

प्रस्तुत निबन्ध सामाजिक, राजनैतिक विषयवस्तुमा आधारित रहेको छ । यस निबन्धमा शिष्टता र सभ्यताका नाममा चलेका भोजभतेरको चर्चाद्वारा खान्दानी रवाफ, फूर्ति र फोस्रो घमण्डप्रति व्यङ्ग्य गर्दै उच्चवर्गीय आडम्बरपूर्ण देखावटी भतेरको उपहास गरिएको छ । जस्तै :

> *"लिँडे पुच्छर डोलाउँदै भोजमा आएका गरीब भातेहरूलाई मासु अड्कलेर दिने र बढी भएको खाल्टोमा फ्याक्ने भतेर नै महान् भतेर हो । इच्छा लागुन्जेल थपीथपी खाने र नलागेपछि पनि थपेर थालैमा छाडी उठ्ने भोज नै सभ्य र बृहत् भतेर हो ।"* पृ. ४९

यसैगरी विभिन्न समस्या समाधानका नाममा देशमा चलेका राजनीतिक भतेरहरूप्रति पनि व्यङ्ग्य गरिएको छ । भतेरमा आफन्तहरूलाई आमन्त्रण गरिन्छ । राष्ट्रिय ढुकुटी प्रयोग गरिएका भतेहरूमा नेताहरूका आफन्त तथा आसेपासेहरूको नै राइदाइ भएकाले नातावाद र कृपावादको हालीमुहाली भएको तथ्यसमेत प्रस्तुत गरिएको छ । माओवादी समस्या समाधान गर्ने नाममा लगाइने

भतेरमा ब्रह्मलुट छ । त्यसैले यो भतेरलाई युगयुगसम्म चलाई राष्ट्रिय ढुकुटी रित्याउन चाहने र आफ्नो स्वार्थपूर्ति गर्न चाहने व्यक्तिवादी चरित्रका सत्ताधारीहरूले नै यो भतेरलाई निरन्तरता दिन चाहेको कुराप्रति समेत व्यङ्ग्य गरिएको छ ।

### ५.२.१३.४ उद्देश्य

**भात होइन भतेर खान्छु** शीर्षक निबन्धले खान्दानीका नाममा देखिने आडम्बरपूर्ण फोस्रो घमण्डको चर्चा गर्दै विभिन्न समस्या समाधानका नाममा राजनीतिका क्षेत्रमा चलेका भतेरहरूको पर्दाफास गरेको छ । यसमा राष्ट्रिय ढुकुटी रित्याइ आफ्नो भुँडी भर्न चाहने भ्रष्टाचारी कुप्रवृत्ति भएकाहरूले नै देशलाई अन्धकारतिर धकेलिरहेको तथ्यको प्रस्तुति गर्दै त्यस्ता व्यक्तित्वप्रति व्यङ्ग्य गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.१३.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत शीर्षकीय निबन्ध प्रथमपुरुष कथनढाँचाको प्रयोग गरी आत्मालापीय शैलीमा लेखिएको हो । यसमा कथित खान्दानी कुलीनता प्रदर्शनको बोक्रेपनप्रति व्यङ्ग्य गर्दै राजनीतिक भतेरहरूको पनि सरल र सहज भाषाशैलीमा चर्चा गरिएको छ । यसक्रममा व्यङ्ग्यको धारमा तर्कको पाइन हाल्न पनि निबन्धकार पछि परेका छैनन् । जस्तै :

*"गिद्ध उडेको आकाशमुनि सिनुमात्र होइन भतेरस्थल पनि हुनसक्छ भनेर अन्दाज गर्नुहोला ।" पृ.४८*

यस निबन्धमा कथात्मक संस्मरणात्मक शैलीको समेत प्रयोग गरिएको छ । *कुक, सर्भिस, पर्मानेन्ट, बोर्डिङ्, ननबफे, मिक्स एण्ड फिक्स, डेबिट, क्रेडिट*जस्ता अङ्ग्रेजी शब्दको पनि प्रशस्त प्रयोग गरिएको छ । यसैगरी *मूर्खदेखि दैव डरा, डाकी न बोलाइ, लिंडो पुच्छर डोलाइ* भन्ने आशयको उखानको प्रयोग गरिएको छ । यसमा प्रश्नात्मक वाक्यको प्रयोग, निपातको प्रयोग अनि आलङ्कारिक शैलीको पनि प्रयोग भएको छ । अन्ततः यिनले निबन्धको भाषिक कलात्मक अभिव्यक्तिकै सङ्केत गरेका छन् ।

### ५.२.१४ शीर्षक : भैंसीको भकारो

### ५.२.१४.१ परिचय र सार

प्रस्तुत **भैंसीको भकारो** शीर्षक निबन्ध सर्वप्रथम **शिक्षक बुलेटिन** २०५६ चितवनमा प्रकाशित र पछि यसै सङ्ग्रहमा सङ्कलित लघु आयामको निबन्ध हो । यो निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । **भैंसीको भकारो** शीर्षकले ग्रामीण परिवेशलाई सङ्केत गरेको छ । यस निबन्धमा भौतिकताका प्रेमीहरूप्रति व्यङ्ग्य गर्दै देवीका माध्यमले ग्रामीण सरलता र श्रमशीलतामा नै पारस्परिक स्नेह, आत्मीयता तथा निस्वार्थ प्रेमको भावना हुने तथ्य प्रस्तुत गरिएकाले **भैंसीको भकारो** शीर्षक विषयवस्तु अनुकूल देखिएको छ ।

### ५.२.१४.२ संरचना

**भैंसीको भकारो** यस सङ्ग्रहमा सङ्कलित चौधौं निबन्ध हो । यो निबन्ध लामा-छोटा दश अनुच्छेदमा संरचित छ । यसमा चार वाक्यदेखि दश वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्माजम्मी अठ्सट्ठी पङ्क्तिसङ्ख्याको सीमामा आबद्ध र तीन पृष्ठको आयाममा फैलिएको यस निबन्धमा भौतिक सुखसम्पन्नताको आडमा मित्रताजस्तो पवित्र मन्दिरलाई कुल्चने विश्व र धर्मजस्ता पात्रका माध्यमद्वारा भौतिकताप्रेमीहरूप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.१४.३ विषयवस्तु

**भैंसीको भकारो** शीर्षक निबन्धले विषयवर्गीय मित्रतालाई मुख्य विषय बनाएको छ र यस्तो मित्रता सदैव कायम रहन नसक्ने कुराको सङ्केत गरेको छ । यस निबन्धमा पहिलेदेखि नै पढेका देवी, धर्म र विश्वनाथबीचको मित्रताको चर्चा गर्दै भौतिक सुखसम्पन्नताले भरिपूर्ण भएपछि आफ्नो पुरानो मित्रतालाई बिर्सेर मानिसले कस्तो व्यवहार प्रदर्शन गर्छ भन्ने कुरा धर्म र विश्वनाथजस्ता पात्रको चित्रणद्वारा स्पष्ट पारिएको छ । भौतिकतामुखी, उपभोगवादी बन्दै गएको आजको पूँजीवादी दलदलमा चुर्लुम्म डुबेको मान्छेमा वर्ग फेरिएपछि आत्मीयता र प्रेमजस्ता मानवीय संवेदना पनि फेरिँदै गएको तथ्यप्रति निबन्धकारले संस्मरणात्मक शैलीमा व्यङ्ग्य गरेका छन् ।

### ५.२.१४.४ उद्देश्य

**भैंसीको भकारो** शीर्षक निबन्धमा भौतिक रूपमा बाहिरबाट हेर्दा जतिसुकै सुसम्पन्न देखिए पनि भित्री रूपमा भने उनीहरूमा आत्मीयता र प्रेमजस्ता निस्वार्थ भावना नरहको यथार्थलाई प्रस्तुत गरिएको छ । यसमा मित्रतालाई भौतिक रूपमा नदाँजी वर्गविहीन हुनुपर्ने कुरामा जोड दिँदै भौतिक उपलब्धि चुलिएपछि मानिस मात्तिने मात्र होइन, निष्ठुर र निर्विवेकी पनि बन्छ । ग्रामीण सरलता र श्रमशीलतामै परम्पराको स्नेह, सदाशय र सहयोगको भावना निहित हुन्छ भन्ने विचार यस निबन्धमा प्रतिपादित भएको छ ।

### ५.२.१४.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्ध तृतीयपुरुष कथनढाँचाको प्रयोग गर्दै संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । यस निबन्धमा *दामल, बकेर्नु, लाम्टा, सुकौटी, ढाप* आदिजस्ता झर्रा नेपाली शब्दको प्रयोग गरिएको छ । यस्तै *कसवे, प्रिन्स, ड्राइभर, सिङ्गमरमर*जस्ता शब्दको समेत प्रयोग गरिएको यो निबन्धको भाषाशैली सरल र सहज छ । यसमा अधिकांश सरल वाक्यहरू प्रयोग गरिएका छन् ।

### ५.२.१५ शीर्षक : म र तँ

### ५.२.१५.१ परिचय र सार

**म र तँ** शीर्षक निबन्ध सामयिक **मिलिजुली** पत्रिका २०५४ पौषमा सर्वप्रथम प्रकाशित र पछि यसै सङ्ग्रहमा सङ्कलित पन्ध्रौं निबन्ध हो । शब्दावली ढाँचाको शीर्षकीय स्वरूपमा रहेको यस

निबन्धमा सूर्तीजन्य पदार्थको सेवन गर्ने अम्मलीहरूलाई व्यङ्ग्यको झटारो हानिएको छ । यसमा धुम्रपानजस्तो हानिकारक चीज छाड्न बारम्बार आग्रह गर्ने म पात्र र सूर्तीजन्य पदार्थको सेवन छाड्न नसक्ने अम्मलीहरूलाई **म र तँ** का बीचको जीवनशैलीको भेद देखाउँदै तिनीहरूप्रति व्यङ्ग्य गरिएकोले निबन्धको शीर्षक विषयवस्तु अनुकूल देखिएको छ ।

### ५.२.१५.२ संरचना

पन्ध्रौं निबन्ध **म र तँ** तीन पृष्ठमा संरचित लघु आयामको निबन्ध हो । यस निबन्धमा तीन वाक्यदेखि चौध वाक्यसम्मका अनुच्छेदको संरचना भएको छ । लामा-छोटा गरी जम्मा तेह्र अनुच्छेद र एकहत्तर पङक्तिसङ्ख्यामा विस्तारित यस निबन्धमा बेलाबखतका घटनाक्रमलाई झिनो आख्यान तन्तुले जोड्दै **म र तँ** का बीचको जीवनशैलीको भेद देखाइएको छ ।

### ५.२.१५.३ विषयवस्तु

**म र तँ** शीर्षक निबन्धले सूर्तीजन्य पदार्थको सेवनले स्वास्थ्यमा प्रतिकूल असर पार्दछ भन्ने कुरालाई मूल कथ्यका रूपमा प्रस्तुत गर्दै **म र तँ** बीचको जीवनशैलीको अन्तर देखाई दु:ख पाइस् मङ्गले आफ्नै ढङ्गले भन्ने उक्ति चरितार्थ गरिएको छ । यसमा आफ्नो देश र जनताका स्वाधीनता र स्वतन्त्रताका लागि आफ्नो ज्यान दिन पनि पछि नपरेका वीर सहिदहरूको वीरताको चित्रणद्वारा आफ्नो स्वार्थको लागि अथवा आफ्नो व्यक्तिगत हितका लागि पनि धुम्रपानजस्तो हानिकारक चीज छाड्न धेरै पटक प्रतिज्ञा गर्ने तर कर्कलाको पानीजस्तो टिल्पिले अस्थिर आत्मविश्वास भएका अम्मलीहरूले त्यसको सेवन गर्न नछाडेको सन्दर्भ कोट्याउँदै आफ्नै स्वास्थ्यको लागि चुरोटलाई त छाड्न नसक्नेले अन्याय, अत्याचार, विपत्ति र दु:खसँग लड्न के सक्ला ? भन्दै त्यस्ता अम्मलीहरूलाई व्यङ्ग्य गरिएको छ ।

### ५.२.१५.४ उद्देश्य

भाइलाई सम्बोधन गरी लेखिएको यस निबन्धमा भाइका माध्यमबाट सम्पूर्ण नेपाली दाजुभाइहरूलाई आफ्नो स्वास्थ्यको ख्याल गर्दै परिवर्तनका निम्ति त्यागको भावना लिई जीवनपथमा अगाडि बढ्न आग्रह गरिएको छ । यसमा धुम्रपानजस्तो मामुली कुरा पनि त्याग्न नसक्नेले जीवनमा परिआउने समस्या र चुनौतीसित जुध्न सक्दैन अनि त्यस्ताले देशका निम्ति, समाजका खातिर त्यागको भावनाले उदाहरणीय काम पनि गर्न सक्दैन भन्ने वैचारिक सन्देश दिनु यो निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.१५.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्ध प्रथम र द्वितीयपुरुष कथनढाँचामा वर्णनात्मक शैलीमा लेखिएको मिश्रित कथनढाँचाको निबन्ध हो । यस निबन्धमा प्रयोग गरिएको भाषाशैली सरल र सहज छ । यसमा

*स्याखु, लाछी, पाजी, बाबै*जस्तो ठेट नेपाली शब्दको प्रयोग गरिएको छ । यस्तै *फुस्फुस् तप्लक्क, ह्वास्स, घ्यारघ्यार, ख्वाक्क, भक्लक्क, थुइक्क*जस्ता अनुकरणात्मक शब्दको प्रयोग अनि *दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले, भालुलाई पुराण सुनाउनु, गहतको झोलमा जात फाल्नु*जस्ता उखानको प्रयोगले निबन्धलाई अझ स्पष्टता, रोचकता र प्रभावकारी बनाएको अनुभव हुन्छ । सम्बोधनात्मक अभिव्यक्तिको समेत प्रयोग गरिएको यस निबन्धमा *सर्पको लौरोजस्तो तेरो आत्मविश्वास कहिल्यै दह्रोसित टेकिँदैन* जस्ता आलङ्कारिक शैलीको प्रयोग प्रस्ट देख्न सकिन्छ । यसैगरी धुम्रपान गर्ने अम्मलीहरूलाई धुम्रपान छाड्न आग्रह गरिएको यसमा प्रश्नात्मक वाक्यको प्रयोग पनि स्पष्ट देख्न सकिन्छ । जस्तै :

> *"त धुवाँ छोड्न सक्तैनस् ? चुरोट छोड्न सक्दैनस् ? प्रदूषण छोड्न सक्तैनस् ? बाबु, सर्पले काँचुली छोडेझैँ धुम्रपान छोड । जुम्राले सिनो छोडेझैँ धुम्रपान छोड ।" पृ. ५७*

### ५.२.१६ शीर्षक : मकैका फूलहरूको वर्षा

#### ५.२.१६.१ परिचय र सार

**मकैका फूलहरूको वर्षा** यस सङ्ग्रहमा सङ्गृहीत सोह्रौं निबन्ध हो । यसको शीर्षक शब्दावली ढाँचामा रहेको छ । लाक्षणिक शीर्षक रहेको यस निबन्धमा मकैका फूलहरू भनेर मकैका फूलहरूझैँ देखिने हिउँको वर्षालाई नै सङ्केत गरिएको छ । यसमा जुम्ला क्षेत्रमा हिउँको वर्षाले आफ्ना मनमा उत्पन्न अनुभूतिलाई निबन्धकारले पाठकसामु वितरण गरेका छन् । हिउँको वर्षालाई नै मकैका फूलहरूसँग तुलना गर्दै निबन्धको विस्तार गरिएकाले यसको शीर्षक र विषयवस्तु बीच समन्वय पाइन्छ ।

#### ५.२.१६.२ संरचना

सोह्रौं निबन्धका रूपमा रहेको **मकैका फूलहरूको वर्षा** शीर्षक निबन्ध जम्माजम्मी छ पृष्ठमा संरचित निबन्ध हो । यसमा एक वाक्यको अनुच्छेदको आयामदेखि एघार वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । यसमा लामा-छोटा गरी जम्मा एक्काइस अनुच्छेदसङ्ख्या रहेका छन् । जम्मा एकसय छैसठ्ठी पङ्क्तिसङ्ख्याको सीमामा आबद्ध यस निबन्धमा हिउँको वर्षाको प्राकृतिक सौन्दर्यको चित्रण गरिएको छ ।

#### ५.२.१६.३ विषयवस्तु

**मकैका फूलहरूको वर्षा** शीर्षक निबन्ध प्राकृतिक सौन्दर्यसँग सम्बन्धित निबन्ध हो । यस निबन्धमा हिउँको वर्षाको प्राकृतिक सौन्दर्यको चित्रण गरिएको छ । मकैका फूलहरू भनेर हिउँका सेता दानालाई सङ्केत गर्दै हिउँद याममा जुम्लाजस्ता अग्ला हिमशिखरबाट त्यस्ता हिउँका सेता दाना वर्षिरहने हिमाली प्राकृतिक दृश्यको चित्रण वर्णनात्मक शैलीमा गरिएको छ । यस क्रममा प्रकृतिको मनमोहक र रौद्र दुवै रूप देखाउँदै हिमाली भेगमा हिउँको वर्षाले पार्ने प्रभावलाई समेत उल्लेख

गरिएको छ । यसमा हिमाली प्राकृतिक सुन्दरताको वर्णनद्वारा आफूले जीवनमा अनुभव गरेका ज्ञानवर्द्धक तथ्यहरूलाई पनि आफ्ना निबन्धमा भित्र्याउन निबन्धकार निर्जीव सफल देखिएका छन् । यसलाई निम्न उदाहरणद्वारा स्पष्ट पार्न सकिन्छ-

> *"धेरै दिन मकैका फूलहरूमा टेकेर हिँडेका पाउहरू मज्जामानी सेकाउनु भो, आगोमा भन्देखि, तपाईंका औंलाहरू फुतुफुतु झर्न सक्छन् र तपाईं विरुप बन्न सक्नुहुन्छ ।" पृ. ६३*

### ५.२.१६.४ उद्देश्य

हिमाली प्राकृतिक सौन्दर्यसँग पाठकलाई साक्षात्कार गराउँदै हिमाली पहाडी भेगका मानिसहरूको जीवन प्रकृतिका विविध रूपहरूसँग रत्तिदै कसरी बितेको छ भन्ने कुरा निबन्धमार्फत् देखाउनु यस निबन्धको प्रमुख उद्देश्य रहेको देखिन्छ । यसैगरी हिमाली प्राकृतिक सौन्दर्यलाई सदैव जोगाइराख्न सबैलाई आग्रहसमेत गर्न खोजेको देखिन्छ ।

### ५.२.१६.५ कथनढाँचा र भाषाशैली

**मकैका फूलहरूको वर्षा** निबन्ध प्रथमपुरुष कथनढाँचामा प्रस्तुत गरिएको छ । सरल र सहज भाषाशैलीका माध्यमद्वारा हिउँको वर्षाको चित्रण गरिएको छ । हिउँको वर्षाको उपमाका लागि माहुरी, रुखका भुवाहरू र असिनाको समेत चर्चा गरिएको छ । यसमा *गुम्लुङ्ग, टुक्रुक्क, हलक्क, चरप-चरप, मुसुक्क, लपक्कै लतपत, कुटुकुटु, सर्लक्क* आदिजस्ता प्रशस्त अनुकरणात्मक शब्दको प्रयोगले निबन्धलाई प्रभावकारी बनाएको छ । यसैगरी प्रश्नात्मक वाक्यको प्रयोग क्रियापदहीन वाक्यको समेत प्रयोग गरिएको यस निबन्धमा निबन्धकारले प्राकृतिक दृश्यको चित्रणमा आफ्नो कौशल यसरी प्रकट गरेका छन् :

> *"चिनी कारखाना बारिहको सिमेन्टीको आँगनमा बाक्लो गरी चिनी सुकाएझैँ कवि रमाइलोसित बाहिर खेल मैदानमा मकैका फूलहरू चिनीका दानाहरूमा परिवर्तन भएर फिँजिएरर बसेका ।" पृ. ५८*

### ५.२.१७ शीर्षक : मन्त्रीहरूको भाषणले तृप्त जनताहरू

### ५.२.१७.१ परिचय र सार

यस सङ्ग्रहको सत्रौं निबन्धको शीर्षक **मन्त्रीहरूको भाषणले तृप्त जनताहरू** रहेको छ । यसको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यो निबन्धको शीर्षकले मन्त्रीहरूका निरर्थक भाषणप्रति व्यङ्ग्य गरेको छ । यस निबन्धमा चुनावपूर्व जनताका आधारभूत आवश्यकता पूर्तिका लागि गरिबी उन्मुख कार्यक्रम ल्याउने सपना देखाएर जनताहरूलाई संवेदित तुल्याउछन् र नेताको भाषणले संवेदित भएर जनता उनीहरूलाई मत दिन्छन् । तर जे-जस्ता वाचा र कबोल चुनाव अघि गर्छन्, चुनाव जितेपछि अथवा आफ्नो स्वार्थ पूर्तिपछि भने त्यसलाई चटक्कै बिर्सन्छन् भन्ने कुरालाई प्रस्तुत गरिएकाले शीर्षक, विषयवस्तु र भावबीच समन्वय पाइन्छ ।

### ५.२.१७.२ संरचना

**मन्त्रीहरूको भाषणले तृप्त जनताहरू** शीर्षकीय निबन्ध लामा-छोटा सत्र अनुच्छेदमा संरचित छ । यस निबन्धमा दुईदेखि पन्ध्र वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । जम्मा पाँच पृष्ठ र एकसय चौध पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा अनावश्यक भाषण मात्र छाँटेर हिंड्ने तर गर्नुपर्ने कुनै पनि काम नगर्ने मन्त्रीहरूका अनावश्यक भाषणप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.१७.३ विषयवस्तु

**मन्त्रीहरूको भाषणले तृप्त जनताहरू** शीर्षकको निबन्ध राजनीतिक विषयवस्तुमा आधारित रहेको छ । यस निबन्धमा चुनाव नजिकिँदै जाँदा जनतामा मिठो बोली र झुठो आश्वासन लिएर जनतहरूका सामु भोटको भिक्षा माग्दै हिंड्ने मन्त्रीहरूका निरर्थक भाषणलाई मुख्य विषय बनाइएको छ । यस निबन्धमा देशको शासनसत्ता सञ्चालन गर्नका लागि जनताद्वारा चुनिएर मन्त्रीको पद ओगटी उच्च तहमा बसेका तर सोचाइको स्तर उठ्न नसकेका मन्त्रीहरूको चर्तिकलाको चित्रण गरिएको छ । चुनाव नजिकिँदै जाँदा आफ्नो स्वार्थपूर्तिका लागि जनताका समग्र समस्यालाई आफ्नै समस्याझैँ ठानेर ती आवश्यकतालाई पूर्ति गरिदिने वाचा कबोल अनि एकअर्काप्रति आरोप-प्रत्यारोप समेत गर्दै कसरी आफूलाई जिताउन अग्रसर हुन्छन् भन्ने कुरा उनीहरूको भाषणशैलीद्वारा स्पष्ट पारिएको छ । यसैगरी देश विकासका नाममा उनीहरूद्वारा गरिएका वाचा र कबोल केवल बोलीमा मात्र सीमित भएको तथ्यलाई स्पष्ट पारिएको छ । रासनले भोका भए पनि मन्त्रीहरूका भाषणले भने नेपाली जनताहरू  तृप्त भएको युगीन राजनैतिक यथार्थलाई निबन्धकारले यस निबन्धमार्फत् छर्लङ्ग पार्दै गुलिया भाषण छाँट्ने तर विकासको कामका नाममा सिन्को नभाँच्ने नेताहरूको फट्याइँप्रति व्यङ्ग्य गरेका छन् ।

### ५.२.१७.४ उद्देश्य

यो निबन्धले नेपाली राजनीतिका क्षेत्रमा देखापरेको विकृतिविसङ्गतिको चित्रण गरेको छ । यसमा आफ्नो स्वार्थपूर्तिका लागि अनावश्यक भाषण मात्र छाटेर हिंड्ने तर गर्नुपर्ने कुनै पनि काम नगर्ने त्यस्ता राजनीतिक जालीफटाहाहरूप्रति नेपाली जनता अब सचेत रहनुपर्ने सन्देशको प्रस्तुति समेत गरिएको छ । ती फटाहाहरूलाई जति गर्न सकिन्छ त्यतिमात्र बोल्नुपर्ने र बोलेको कुरा फत्ते गर्नुपर्ने कुराको चर्चा गर्दै बोल्ने ओठहरूभन्दा काम गर्ने हातहरू महान् हुन्छन् भन्ने कुराको प्रस्तुति गर्नु यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.१७.५ कथनढाँचा र भाषाशैली

**मन्त्रीहरूका भाषणले तृप्त जनताहरू** शीर्षक निबन्ध तृतीयपुरुष कथनढाँचामा संरचित छ । यसमा मन्त्रीहरूका निरर्थक भाषणप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो स्वार्थपूर्तिका लागि एकअर्काप्रति

आरोप-प्रत्यारोप गर्दै भाषण छाट्दै हिंड्ने मन्त्रीहरूको चरित्रलाई सरल र सहज भाषाशैलीमा स्पष्ट पारिएको छ । यस क्रममा *गाडा, ज्यामी, कुल्ली*जस्ता ठेट नेपाली शब्दका साथै *हर्कुलस, कम्प्लेक्स, युरिया, रजिष्ट्री, होम डेलिभरी* आदिजस्ता अङ्ग्रेजी आगन्तुक शब्दको पनि प्रयोग गरिएको छ । यसमा *कसैलाई माथैमाथ, कसैलाई पुर्पुरोमा हात*जस्तो उखानको प्रयोगले भाषिक रोचकता थपेको छ । यसमा मन्त्रीहरूका निरर्थक भाषणप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> *"देशमा उब्जिएका तमाम विकृति र भ्रष्टाचारलाई हटाउन यति सरिक र सक्रिय सार्क राष्ट्रका अरु मन्त्री पनि छैनन् ।" पृ. ६७*

### ५.२.१८ शीर्षक : मरुस्थल

### ५.२.१८.१ परिचय र सार

**मरुस्थल** शीर्षक निबन्ध यस सङ्ग्रहको अठारौं निबन्ध हो । यो सर्वप्रथम २०६४ कार्तिकको **सञ्जीवनी** विशेषाङ्कमा छापिएको थियो । प्रकृतिको वीभत्स रूपसँग सम्बन्धित यस निबन्धको शीर्षक शब्दात्मक ढाँचामा रहेको छ । यस निबन्धमा निबन्धकार आफ्नो ठाउँ छोडी अर्को ठाउँमा जाँदा प्रकृतिको विनाशले त्यहाँको वातावरण आफूलाई मरुस्थलजस्तै लागेको कुराको चित्रण गर्दै प्राकृतिक सम्पदाको विनाशले वातावरणमा प्रतिकूल प्रभाव पारेको भावसमेत अभिव्यक्त गरिएको छ ।

### ५.२.१८.२ संरचना

प्रस्तुत सङ्ग्रहको अठारौं निबन्धका रूपमा रहेको **मरुस्थल** शीर्षक निबन्ध लामा-छोटा गरी सात अनुच्छेदमा संरचित छ । यस निबन्धमा दुई वाक्यदेखि सात वाक्यसम्मका अनुच्छेदको संरचना भएको छ । जम्माजम्मी एकतीस पङ्क्तिसङ्ख्या र दुई पृष्ठको आयाममा फैलिएको प्रस्तुत निबन्ध सङ्क्षिप्त आयामको भइकन पनि मरुस्थलीय जीवनको पीडा, छटपटी अभिव्यक्त गर्न सफल रहेको देखिन्छ ।

### ५.२.१८.३ विषयवस्तु

**मरुस्थल** शीर्षक निबन्ध प्राकृतिक विषयसँग सम्बन्धित निबन्ध हो । यसमा निबन्धकारले कवि श्रेष्ठ ओखलढुङ्गाबाट काठमाडौं आउँदा मरुस्थलझैं लागेको प्रसङ्गको उल्लेखद्वारा उर्वराभूमि मासेर सिमेन्टेड घर बन्दाबन्दै मरुस्थल बन्न पुगेको सहरी वातावरणमा उराठ, उदेक र न्यास्रो अनुभवको प्रकटीकरण गरिएको छ । यसमा विगतको गाउँको बसाइ, पर्यावरण र जीवन अनि हालको सहरिया बसाइ र पर्यावरणका बीच तुलना समेत गरिएको यसमा ग्रामीण पर्यावरण, सभ्यता र जीवनप्रति आस्था र लगाव देखाइएको छ । यसैगरी माटोभूमि र मरुभूमिको चित्रणद्वारा प्रकृतिको शान्त र रौद्र रूपको समेत उल्लेख गर्दै रौद्र रूपले लखतरान भएको लेखकको मनस्थितिको चित्रणले नागर जीवनप्रतिको निबन्धकारको वितृष्णा स्पष्ट झल्किन्छ । यस्तै विकासका नाममा दिनप्रतिदिन बढ्दै गएको प्राकृतिक सम्पदाको विनाशले उर्वराभूमि मरुस्थल बन्दै गई वातावरणीय सन्तुलनमा समेत कमी हुँदै आएको समकालीन यथार्थलाई निबन्धमा प्रस्तुत गरिएको छ ।

### ५.२.१८.४ उद्देश्य

**मरुस्थल** शीर्षक निबन्धमा प्राकृतिक सम्पदाको विनाशले वातावरणीय असन्तुलन हुँदै गइरहेको यथार्थलाई प्रस्तुत गर्दै नागर जीवनभन्दा ग्रामीण जीवन नै स्वच्छ र भरिलो छ भन्ने कुरा देखाइएको छ । यसमा नागर जीवन पर्यावरणीय दृष्टिले नीरस, रापिलो मात्र होइन, मानवतावादी दृष्टिले समेत उजाड हुँदै गएको छ भन्ने तथ्यको उद्घाटन गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.१८.५ कथनढाँचा भाषाशैली

**मरुस्थल** आत्मपरक शैलीमा प्रथमपुरुष कथनढाँचाको प्रयोग गरी लेखिएको निबन्ध हो । भाषा प्रयोगका दृष्टिले यो सरल र सहज छ । यसमा *क्याक्टस, प्रिक्लिपियर*जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । यस्तै *टक्कक्क, भत्भती, फतक्क, प्याक्प्याक्ती*जस्ता अनुकरणात्मक शब्दको स्वाभाविक प्रयोगले निबन्धलाई अझ गति दिएको पाइन्छ । *मरुभूमिमाथिको आकाश पनि कस्तो खाली बसेको* जस्ता क्रियापदहीन वाक्यको प्रयोग पनि यो निबन्धको महत्त्वपूर्ण विशेषता हो । यस्तै *हावा कस्तो रापिलो ! शरीर बफाएको गाभाजस्तो फतक्क पाक्छ* जस्ता आलङ्कारिक शैलीको प्रयोगले मरुस्थलीय वातावरणको जीवन्त चित्रण गर्न निबन्धकार सफल देखिएका छन् ।

### ५.२.१९ शीर्षक : लहराहरू सीमाबद्ध हुँदैनन्

### ५.२.१९.१ परिचय र सार

यस सङ्ग्रहको उन्नाइसौं निबन्धको शीर्षक **लहराहरू सीमाबद्ध हुँदैनन्** रहेको छ । यो निबन्धको शीर्षक वाक्यात्मक ढाँचामा रहेको छ । यसमा लहरा भनेर मान्छेका विचार र भावनाप्रति सङ्केत गर्दै लहराजस्ता मान्छेका विचार र भावनालाई सीमाबद्ध गर्न हुँदैन, तिनीहरूलाई अगाडि बढ्न दिनुपर्छ भन्ने भाव अभिव्यक्त भएकाले शीर्षक र विषयवस्तुबीच तादाम्यता रहेको देखिन्छ ।

### ५.२.१९.२ संरचना

उन्नाइसौं निबन्ध **लहराहरू सीमाबद्ध हुँदैनन्** छोटा-छोटा जम्मा छ अनुच्छेदमा संरचित लघु आयामको निबन्ध हो । यस निबन्धमा एक वाक्यदेखि पाँच वाक्यसम्मका अनुच्छेदको संरचना भएको छ । जम्मा एक पृष्ठको आयाममा फैलिएको यो निबन्ध सङ्क्षिप्त आकारको भइकन पनि लहराजस्ता प्राकृतिक चीजलाई सीमामा बाँध्न खोज्ने मानिसका सङ्कुचित विचार र भावनाप्रति व्यङ्ग्य गर्न सफल छ ।

### ५.२.१९.३ विषयवस्तु

प्रस्तुत **लहराहरू सीमाबद्ध हुँदैनन्** शीर्षक निबन्धले मानिसको सङ्कुचित विचार र भावनाप्रति व्यङ्ग्य गरेको छ । यसमा लहराजस्ता प्राकृतिक चीजलाई पनि सीमाबद्ध गर्न खोज्ने मानिसहरू भौगोलिक रूपमा जतिसुकै निकट भए पनि उनीहरूको विचार र भावना भने सङ्कुचित हुँदै गएको तथ्यलाई विभिन्न दृष्टान्तद्वारा स्पष्ट पारिएको छ । यसमा लहराहरू भनेर विभिन्न अग्रगामी र

उन्नत विचार एवम् भावना भएका प्रतिभावान् र क्षमतावान् व्यक्तिलाई सङ्केत गर्दै जसरी लहराले आफ्नो बाटो आफैं बनाउँछ । त्यसैगरी त्यस्ता प्रतिभावान् र क्षमतावान् व्यक्तिलाई पनि अगाडि बढ्ने अवसर दिनुपर्छ, तिनीहरूलाई रोक्नु हुँदैन, सीमाबद्ध गर्नु हुँदैन भन्ने कुरा अभिव्यक्त गरिएको छ । यसमा अग्रगामी चेतनाको विकास र विस्तारको साङ्केतिक र ध्वन्यात्मक अभिव्यञ्जना प्रतीकात्मक ढङ्गले गरिएको छ ।

### ५.२.१९.४ उद्देश्य

मान्छेमा देखिएका सङ्कुचित विचार र भावना प्रदर्शन गर्नेहरूप्रति व्यङ्ग्य गर्दै लहराहरूझैं अगाडि बढ्न चाहने गतिशील मानिसहरूलाई अगाडि बढ्न दिनुपर्छ । तिनीहरूका उन्नत विचार र भावनाहरूलाई सीमाबद्ध गर्नु हुँदैन भन्ने कुराको प्रस्तुति गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.१९.५ कथनढाँचा र भाषाशैली

यस निबन्धमा तृतीयपुरुष कथनढाँचाका माध्यमबाट मानिसका सङ्कुचित विचार र भावनालाई व्यङ्ग्य गरिएको छ । यसमा लहराहरू भनेर लहराहरूझैं अगाडि बढ्न चाहने अग्रगामी विचारका बाहक गतिशील मानिसहरूलाई सङ्केत गरेको देखिन्छ । त्यसैले यहाँ लहरा प्रतीकका रूपमा आएको छ । यसमा प्रयुक्त भाषाशैली सरल र सहज छ । यसमा *लहराहरू किञ्चित सीमाबद्ध गर्न नसकिने, दुवै छतको छाना भएका एकतले घर*जस्ता क्रियापदहीन वाक्य अनि *ती सर्पको जस्तो मुन्टो उठाउँदै भुइँमा ओर्लिएर हिंडेका पनि छन्* जस्ता आलङ्कारिक वाक्यहरूको प्रयोगले निबन्धमा नवीनता थपेको छ । *पिपलको जरा वाराणसी पुग्छ भनिएझैं लौकाको मुन्टो पनि बेङ्लवर पुग्न के बेर ?* जस्ता आलङ्कारिक शैलीभित्र कथनवैचित्र्यका स्पष्ट छटा पनि देखिने यसमा प्रश्नात्मक वाक्यको प्रयोग पनि गरिएको छ ।

## ५.२.२० शीर्षक : लिफ्ट-ड्रप नेपल्स्

### ५.२.२०.१ परिचय र सार

यस सङ्ग्रहभित्रको बीसौं निबन्ध **लिफ्ट-ड्रप नेपल्स्** रहेको छ । यो निबन्धको शीर्षक अङ्ग्रेजी शब्दावलीको शीर्षकीय योजनामा रहेको छ । **लिफ्ट-ड्रप नेपल्स्** शीर्षक प्रतीकात्मक रहेको छ । यसले नेपाललाई ड्रप गर्ने उच्चतहका व्यक्ति तथा वैदेशिक शक्तिप्रति पनि सङ्केत गर्न खोजेको देखिन्छ । यस निबन्धमा नेपाललाई ड्रप गर्न चाहने व्यक्तिका अनुचित क्रियाकलापलाई प्रस्तुत गरिएकाले प्रस्तुत शीर्षक र विषयवस्तुबीच सामञ्जस्य रहेको पाइन्छ ।

### ५.२.२०.२ संरचना

**लिफ्ट-ड्रप नेपल्स्** लामा-छोटा गरी जम्माजम्मी अठार अनुच्छेदमा संरचित लघु आकारको निबन्ध हो । एक वाक्यको अनुच्छेददेखि छ वाक्यसम्मका अनुच्छेदहरूको आयाममा विस्तारित भएको

प्रस्तुत निबन्ध जम्मा तीन पृष्ठको आयाममा फैलिएको छ । जम्माजम्मी पचहत्तर पङ्क्तिसङ्ख्यामा आबद्ध रहेको यस निबन्धमा नेपाललाई ड्रप गर्ने उच्चतहका व्यक्तिहरूको भ्रष्टाचारी एवम् राष्ट्रघाती प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ । निम्नलिखित पङ्क्तिहरूले यस कुराको पुष्टि गर्दछन् :

*"अस्ति भर्खरका लुरे र लोतिखोरेहरू आज गैंडाझैं मोटाएका छन् । मुसाहरू हात्ती भएका छन्, फिस्टाहरू गिद्ध भएका छन् ।" पृ. ७४*

### ५.२.२०.३ विषयवस्तु

**लिफ्ट-ड्रप नेपल्स्** शीर्षक निबन्ध विशेषत: राजनीतिक विषयवस्तुमा आधारित रहेको छ । यस निबन्धमा शक्तिशाली यन्त्र क्रेनको वर्णनद्वारा नेपाललाई ड्रप गर्ने उच्च तहमा बसेका नेता, मन्त्रीगण तथा अन्य व्यक्तिहरूप्रति सङ्केत गर्दै उनीहरूको क्रेन संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । जसरी क्रेनले योग्यता होस् वा नहोस् माथिबाट टिपेर अर्को ठाउँमा खसालिदिन्छ त्यसैगरी नेपाललाई ड्रप गर्ने उच्चतहका व्यक्तिहरू पनि आफ्नो सैद्धान्तिक आस्था, विचार अनि नातावाद र कृपावाद एवम् पूर्वाग्रही भावनाकै आधारमा आफूलाई आवश्यक लागेका चीजलाई मात्र माथि लैजाने र अनावश्यकलाई फ्याक्ने गर्दछन् । यस्ता योग्य र अयोग्य छुट्याई सही मूल्याङ्कन गर्न नसक्ने उच्चतहका व्यक्तिहरू क्रेनजस्तै हुन् । योग्यताविहीन अयोग्य मान्छेलाई पनि माथि पुऱ्याउने क्रेन संस्कृतिले गर्दा योग्यता र इमान्दारिताको कुनै पनि कदर नभएको यथार्थसमेत प्रस्तुत गरिएको छ । यस तथ्यलाई तलको निबन्धांशले पुष्टि गरेको छ :

*"यो लिफ्ट-ड्रप नेपल्स् दुजर्नलाई उठाउँछ र घरमा लगेर फ्याँकिदिन्छ, सज्जनलाई उठाउँछ र वनमा लगेर राखिदिन्छ । यो विद्वान्लाई भुइँमा थेचारिदिन्छ, मुर्खलाई खाटमा सुताइदिन्छ । यसले अस्ति भर्खर एउटा शिक्षाशास्त्रीलाई टक्सारमा लगेर छाडिदियो र अर्थशास्त्रीलाई शिक्षा विभागमा लगेर हुलिदियो । किसानलाई कारखानामा मजदूरलाई खेतमा लगिदिन्छ, यो लिफ्ट-ड्रप नेपल्स् ।"* पृ.७३

यसैगरी लिफ्ट-ड्रप नेपल्स् जिराफजस्तो शक्तिशाली यन्त्र क्रेनको वर्णनद्वारा शक्तिशाली राष्ट्रले धन र शक्तिको आडमा कमजोर राष्ट्रको राजनैतिक अवस्थामा चलखेल गर्न सक्ने राजनैतिक क्रेन प्रणालीप्रति कटाक्षसमेत व्यक्त गरिएको छ ।[8]

### ५.२.२०.४ उद्देश्य

**लिफ्ट-ड्रप नेपल्स्** शीर्षक निबन्धले शक्तिको बुइ चढेर सत्तारोहण गर्ने बित्तिकै राम्रालाई पाखा लगाउने र हाम्रालाई भित्र्याउने जस्तो बिब्ल्याँटो संस्कृतिको संक्रामक रोगबाट ग्रसित नेपाली राजनीतिको चर्चा गर्दै नेताहरूको विकाउ चरित्र, भ्रष्टाचारी र दलाली कुप्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । यसैगरी यस शक्तिसम्पन्न राष्ट्रहरूले आफ्नो स्वार्थ सिद्धिका लागि नेपाललाई मदारीले बाँदर

---

[8] कपिल अज्ञात, **रविकिरण निर्जीवको नैबन्धिक आयाम,** पूर्ववत्, पृ. २३ ।

नचाएझैं नचाइरहने, खेलाइरहने, साम्राज्यवादी उपनिवेशवादी चलखेलको प्रस्तुति गर्दै सबैलाई सचेत गराउनु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.२०.५ कथनढाँचा र भाषाशैली

प्रस्तुत निबन्ध तृतीयपुरुष कथनढाँचाको प्रयोग गरी लेखिएको निबन्ध हो । यस निबन्धमा उच्च वर्गले निम्नवर्गमाथि गर्ने अन्याय, अत्याचार, शोषण र दमनका बारेमा सरल र सहज भाषाशैलीका माध्यमद्वारा अभिव्यक्त गरिएको छ । यस निबन्धमा प्रयोग गरिएका *टपक्क, फ्यात्त, फुत्त, फ्यास-फ्यास*जस्ता अनुकरणात्मक शब्दको प्रयोगका साथै *कुल्ली, कछाड, प्युरी, लुरे, फिस्टा, ढिकी*जस्ता ठेट नेपाली शब्दको प्रयोगले भाषामा नवीनता र रोचकता थपेको छ । अङ्ग्रेजी शब्दबाट नै **लिफ्ट-ड्रप नेपल्स्** शीर्षक राखिएको यस निबन्धमा *ड्राइभर, क्रेन*जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोगले निबन्धलाई अझ रोचक र प्रभावकारी बनाएको छ । यसैगरी *तालुमा आलु*जस्तो टुक्काको प्रयोगका साथै *आफू मोटो र गरुङ्गो भएकोले गरुङ्गो मात्र उचाल्ने गरेको हो कि ?* जस्ता आलङ्कारिक भाषाशैलीको प्रयोगले निबन्धलाई कलात्मकतासमेत प्रदान गरेको स्पष्ट देख्न सकिन्छ ।

## ५.२.२१ शिशु आमा र किशोर बाबु

### ५.२.२१.१ परिचय र सार

**शिशु आमा र किशोर बाबु** शीर्षक निबन्ध यस सङ्ग्रहमा सङ्कलित एक्काइसौं निबन्ध हो । प्रतीकात्मक शीर्षक रहेको यो निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यस निबन्धमा शिशु आमा र किशोर बाबुलाई राजनीतिक चिन्तनका दुई धारका रूपमा लिइएको छ । यसमा शिशुआमा भनेर पुराना चिन्तन र संस्कारका बाहकलाई मानिएको छ जसले शिशु प्रजातन्त्रको दुहाई दिएर निरङ्कुश शासनसत्ता सञ्चालन गर्न चाहन्छन् । यस्तै किशोर बाबुलाई स्वतन्त्रता र परिवर्तनकारी सोच राख्ने वर्गको प्रतीकका रूपमा उभ्याई यी दुई पक्षबीच भएको सामयिक राजनीतिक द्वन्द्वको चित्रण गर्दै ज्यादती विरुद्ध खबरदारी र चुनौती दिइएको छ । यस्तै अतिशय दुराचार र दमन गर्दा क्रान्ति जन्मिने र शिशुआमा र कौरवहरूजस्ता निरङ्कुश शोषकसामन्त वर्गको विनाश निश्चित हुने कुरा यस निबन्धमा अभिव्यक्त भएको छ ।

### ५.२.२१.२ संरचना

यस सङ्ग्रहमा सङ्कलित एक्काइसौं निबन्ध **शिशु आमा र किशोर बाबु** जम्मा तीन पृष्ठमा संरचित लघु आयामको निबन्ध हो । यस निबन्धमा जम्मा चौबीस अनुच्छेदहरू रहेका छन् । एकवाक्यको अनुच्छेदको आयामदेखि छ वाक्यसम्मका अनुच्छेदको आयाममा विस्तारित यो निबन्ध जम्माजम्मी चौरहत्तर पङ्क्तिसङ्ख्यामा आबद्ध रही सामयिक राजनीतिक द्वन्द्वको चित्रण गर्न सफल देखिन्छ ।

### ५.२.२१.३ विषयवस्तु

**शिशु आमा र किशोर बाबु** राजनीतिक विषयवस्तुमा आधारित निबन्ध हो । यस निबन्धमा वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् प्राप्त भएको बहुदलीय व्यवस्थाले सिर्जना गरेका विकृति र विसङ्गतिलाई नै मुख्य विषयवस्तु बनाइएको छ । यस निबन्धमा २०४६ सालको जनआन्दोलनले तीसवर्षे पञ्चायती राजको अन्त्य र प्रजातन्त्रको पुनर्बहाली भए पनि धेरैजसो अधिकारहरू आफूसँगै राखी सीमित अधिकार मात्र जनतालाई दिने शिशुआमाजस्ता पुराना चिन्तनका प्रतिनिधिको चित्रण गरिएको छ जसले शिशु प्रजातन्त्रको दुहाइ दिएर निजी स्वार्थका लागि एकलौटी निरङ्कुश शासन सञ्चालन गर्न चाहन्छन् । सरकारी संरक्षणमा रहेका यस्ता नवमण्डलेको बढ्दो आतङ्क र प्रजातन्त्रको नाममा छाडातन्त्रको बिगबिगी भएको तथ्यलाई यसले स्पष्ट पारेको छ । यसैगरी यसमा अर्कोतिर आमूल परिवर्तनकारी सोच राख्ने किशोरबाबुजस्ता सङ्घर्ष र प्राप्तिको प्रतीक बनेको पटक-पटकको जनआन्दोलनबाट स्थापित बन्दै गएको तथ्यलाई सङ्केत गरिएको छ । जनजीविकाका जायज सवालहरू उठाउने किशोरबाबुजस्ता परिवर्तनकारी वर्गहरूप्रति दमन र धरपकड भएको तथ्यलाई पनि यसमा उठाइएको छ । यसमा किशोर बाबुको गला थिची आफ्नो साम्राज्य विस्तार गर्ने र मुक्तिकामी गरीब जनताको बर्खिलाप गर्दै गाउँबेसी सबैतिर अशान्ति र आतङ्कै आतङ्क मच्चाउने शिशुआमाजस्ता पुराना संस्कार र सोच राख्ने वर्गको ज्यादती विरुद्ध खबरदारी गर्दै चुनौती दिइएको छ । यस निबन्धलाई अझ स्पष्ट पार्नका लागि कौरव र पाण्डव बीचको पौराणिक प्रसङ्ग कोट्याउँदै नेपाली राजनीतिमा व्याप्त द्वन्द्वको चित्रण गरिएको छ । यसमा किशोर बाबुका पक्षधर निबन्धकारले शिशुआमाको आतङ्कराज जन्माउने दुष्ट्याइँवृत्तिको पर्दाफास गर्दै र तिनलाई कौरवसँग दाज्दै तिनको विनाश निश्चित छ भन्ने तथ्यको सङ्केत गरिएको छ । यसमा एकआपसको खिचातानी, हत्या, हिंसा, आतङ्कजस्ता कार्यले साँचो अर्थमा प्रजातन्त्र आइनसकेको कुराको चित्रण गरिएको छ । यस्तै सच्चा प्रजातन्त्र र जनतन्त्रको प्राप्तिका निम्ति निरन्तर अगाडि बढ्ने कुराको शङ्खघोष गरिएको यस निबन्धमा निबन्धकारको प्रगतिवादी स्वर मुखरित भएको छ ।

### ५.२.२१.४ उद्देश्य

**शिशु आमा र किशोर बाबु** शीर्षक निबन्धले नेपालको सामयिक राजनीतिक द्वन्द्वको चित्रण गर्दै आपसी खिचातानी, हत्या, हिंसा आदिजस्ता अनुचित गतिविधिले अँध्यारोतिर लम्किरहेको स्थितिको चित्रण गरेको छ । यस्तै अतिशय, दमन र दुराचारले ज्वालामुखीको रूप लिने कुराको सङ्केत गर्दै साँचो प्रजातन्त्र प्राप्तिका लागि निरन्तर सङ्घर्ष गर्दै अगाडि बढ्नुपर्छ भन्ने कुराको प्रस्तुति गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.२१.५ कथनढाँचा र भाषाशैली

**शिशु आमा र किशोर बाबु** प्रथमपुरुषात्मक र तृतीयपुरुषात्मक कथनढाँचाको प्रयोग गरी लेखिएको मिश्रित कथनढाँचाको निबन्ध हो । प्रतीकात्मक शीर्षक रहेको यस निबन्धमा पुरानो चिन्तन र नयाँ चिन्तन बीचको ध्रुवीकरणको सरल र सहज भाषाशैलीमा चर्चा गरिएको छ । यसको भाषाशैली सरल र सहज भए पनि यसमा प्रयुक्त व्यङ्ग्य गम्भीर छ । यसलाई प्रतीकात्मक रूपमा बुझ्नुपर्छ । यसमा *दाम्लो, वेत, बज्रस्वाँठ, नाङ्ले*जस्ता ठेट नेपाली शब्दको प्रयोग गरिएको

छ । यस्तै *कौरव र पाण्डव*जस्ता पौराणिक बिम्बको प्रयोगले निबन्धलाई अझ उत्कर्षता प्रदान गरेको छ । यसैगरी *अति सर्वत्र बर्जयत्, सर्वे भवन्तु सुखिन सर्वेसन्तु निरामया*जस्ता संस्कृत श्लोकको प्रयोगका साथै *लाटोको रिस चढ्यो भनेदेखि सितिमिति ओर्लदैन, बाह्र वर्षपछि खोलो पनि फर्कन्छ* भन्नेजस्ता लोकोक्तिको प्रयोगले निबन्धलाई अझ सरल र प्रभावकारी बनाएको छ ।

### ५.२.२२ सतीदेवी र बहुदलीदेवी

### ५.२.२२.१ परिचय र सार

**सतीदेवी र बहुदलीदेवी** शीर्षक निबन्ध यस सङ्ग्रहमा सङ्गृहीत बाइसौं निबन्ध हो । यस निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यसमा सतीदेवीको पौराणिक पुराकथाका माध्यमबाट नेपाली राजनीतिका क्षेत्रमा देखापरेको विकृत बहुदलीय व्यवस्थाको चित्रण गरिएको छ । प्रस्तुत निबन्धमा सतीदेवी र बहुदलीदेवीको तुलनात्मक अध्ययन गर्दै शिवले मृत सतीदेवीलाई बोकेर निरुद्देश्य हिँडेझैँ नेपाली राजनेताहरूले पनि आफ्नो स्वार्थपूर्तिका लागि बहुदलीदेवीलाई बोकेर हिंडिरहेको तथ्यलाई प्रस्तुत गर्दै यस्तो विकृत बहुदलीय व्यवस्थालाई फ्याक्नुपर्ने भाव अभिव्यक्त गरिएकाले निबन्धको शीर्षक, विषयवस्तु र भावबीच तालमेल देखिएको छ ।

### ५.२.२२.२ संरचना

प्रस्तुत निबन्ध यस सङ्ग्रहमा सङ्गृहीत सबैभन्दा लामो आयामको विवरणात्मक निबन्ध हो । यो निबन्ध बाह्र पृष्ठमा संरचित छ । एक वाक्यको अनुच्छेदको आयामदेखि सत्र वाक्यसम्मका अनुच्छेदको आयाममा फैलिएको यो निबन्धमा चौबीस अनुच्छेदहरू रहेका छन् । लामा-छोटा गरी जम्माजम्मी तीनसय सत्ताइस पङ्क्तिसङ्ख्यामा फैलिएको यस निबन्धमा विकृत बहुदलीय रूपको चित्रण गरिएको छ । नेपालको राजनीतिक घटनाक्रमको आख्यानतन्तुमा उनिएको यस निबन्धले २०४६ देखि २०५८ सालसम्मको कालखण्डमा घटित बहुदलीय व्यवस्थाभित्रका अनपेक्षित र घृणित चलखेलहरूको फेहरिस्त प्रस्तुत गरेको छ ।

### ५.२.२२.३ विषयवस्तु

**सतीदेवी र बहुदलीदेवी** शीर्षक निबन्ध राजनीतिक विषयवस्तुमा आधारित रहेको छ । मिथकीय विधिको प्रयोग गरेर लेखिएको यस निबन्धमा नेपाली राजनीतिका क्षेत्रमा बहुदलीय व्यवस्थाले सिर्जना गरेका विकृति र विसङ्गतिलाई नै मुख्य विषय बनाउँदै नेताहरूका आचरण, पतनशील संस्कृति, पदलोलुपता, भ्रष्टता, निचता र पाखण्डको राम्रो अनावरण गरेर तिनलाई छेड हानिएको छ । यसले संसदीय पार्टीका नेताहरूमा बढ्दै गरेका मूल्यहीनता, आदर्श र सिद्धान्तको स्खलन, व्यक्तिवादिता र पतनशील मानसिकतामाथि जबर्जस्त प्रहार गरेको छ ।[9] यसमा पूर्वीय पौराणिक पुराकथाका महादेव र सतीदेवीका सन्दर्भहरूलाई मिथकीय बिम्बका रूपमा उपस्थित गराउँदै महादेवले सतीदेवीको मृत शरीर बोकेर निरुद्देश्य हिंडेझैँ नेपाली राजनीतिक महादेवहरूले

[9] घनश्याम ढकाल, ***रविकिरण निर्जीवका निबन्धमा व्यङ्ग्यचेतना,*** **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,** पूर्ववत्, पृ. ६७८ ।

पनि सत्ताको स्वाद अनि शक्तिको लालसाले बहुदलको मृत रूपसमेत बोकेर हिंडिरहेको तत्कालीन यथार्थको प्रस्तुतिद्वारा बहुदलीय व्यवस्था नेताहरूलाई बाँदरको हातमा नरिवल सावित भएको तथ्य स्पष्ट पारिएको छ । यसमा मृत सतिदेवी र बहुदलीदेवीका एकै रूप देखाइएको छ । पुराणको सतीदेवीझैँ नेपाली बहुदलीदेवीका विभिन्न ठाउँमा अङ्ग पतन भइसक्दा पनि नेपाली महादेवहरूले भने यस्तो कुहिएको र गन्हाएको लाश बहुदलीदेवीलाई बोकेर हिडिरहेको यथार्थ प्रस्तुत गर्दै राजनीतिका क्षेत्रमा देखापरेको उथलपुथललाई विभिन्न घटनाप्रसङ्गद्वारा चित्रण गरिएको छ ।

यसैगरी बहुदलरूपी लासलाई फ्याँक्दा भोजभतेर, मोजमस्ती, ऐसआराम, भोगविलास, सुखसुविधा, धाकधम्की सबै धराशायी हुने हुँदा कीरा परेर गन्हाएको लास सरह बहुदललाई नेपाली राजनीतिक पार्टीहरूले बोकेर हिंडिरहेको सन्दर्भ उल्लेख गरिएको छ ।

### ५.२.२२.४ उद्देश्य

**सतीदेवी र बहुदलीदेवी** शीर्षक निबन्धमा विकृत बहुदलीय राजनीतिक व्यवस्थाको भण्डाफोर गरिएको छ । यस्तै कसैको पनि जीवन सुरक्षित नरहेको नेपाली राजनीतिलाई लाश प्रदूषणबाट बचाउन नेपाली महादेवका काँधबाट मृत बहुदलीदेवीलाई फ्याँक्नुपर्ने निबन्धकारको धारणा व्यक्त गरिएको छ । यसैगरी बहुदलीय व्यवस्थाबाट जनताका जनजीविकाका सवालहरू सम्पूर्ण रूपमा सम्बोधन हुन नसक्ने हुनाले आमूल परिवर्तनका लागि नेपाली जनताहरू सङ्घर्ष गरेरै अघि बढ्नुपर्छ भन्ने कुराको प्रस्तुति गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.२२.५ कथनढाँचा र भाषाशैली

**सतीदेवी र बहुदलीदेवी** शीर्षक निबन्धमा तृतीयपुरुष कथनढाँचाका माध्यमबाट विकृत बहुदलीय व्यवस्थाको चर्चा गरिएको छ । यस निबन्धमा सतीदेवी सम्बन्धी पौराणिक पुराकथाको उपस्थिति गराई निबन्धलाई अझ रोचक र प्रभावकारी बनाउन खोजिएको छ । यसमा नेपाली महादेव भनेर राजनीतिक दलका नेताहरूप्रति सङ्केत गर्दै तिनीहरूका काँधबाट मृत बहुदलीदेवीलाई फ्याक्नुपर्ने निबन्धकारको धारणा सरल र सहज भाषाशैलीका माध्यमबाट प्रस्तुत गरिएको छ । यसमा *सतीदेवी, महादेव, कुमार, अगत्स्यमुनि*जस्ता पौराणिक बिम्बको प्रयोग गरिएको छ । यस निबन्धमा प्रयोग गरिएका *हिक्क-हिक्क, फत्फती, फत्याफुत्, फ्याक्ल्याक्क, छ्यालब्याल, घुँक्क-घुँक्क*जस्ता अनुकरणात्मक शब्द र *लप्का, फाल, गँजडी, घ्याम्पो, छारो*जस्ता ठेट नेपाली शब्दको प्रयोगले निबन्धमा स्वाभाविकता र मौलिकताको छनक दिएका छन् । यसैगरी *खिस्स बूढी हरिया दाँत, आँखामा छारो हाल्नु*जस्ता उखानको प्रयोगले निबन्धलाई अझ प्रभावकारी र रोचक बनाएको छ । यस्तै *दे ह्याभ अल्रेडी किल्ड, बमप्रुफ, लाउड्स्पीकर* आदिजस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि स्पष्ट देख्न सकिन्छ । यस्तै *तपाईंलाई थाहा छ ?* जस्ता प्रश्नात्मक वाक्यको प्रयोग समेत गर्दै विवरणात्मक शैलीमा नेपाली राजनीतिमा घटेका घटनाहरूको चर्चा गरिएको छ ।

### ५.२.२३ क्षयोन्मुख मित्रता

#### ५.२.२३.१ परिचय र सार

**क्षयोन्मुख मित्रता** रविकिरण निर्जीवको दोस्रो सङ्ग्रहमा सङ्गृहीत अन्तिम तथा तेइसौं निबन्ध हो । यो निबन्धको शीर्षक शब्दावली ढाँचामा रहेको छ । यसमा कृष्ण र सुदामाको जस्तो प्राकृत मित्रता धराशायी बन्दै गएको तथ्यलाई स्पष्ट पार्दै स्वार्थी र सङ्कीर्ण मनोवृत्तिले युक्त मित्रता क्षयोन्मुख हुँदै जाने कुरा प्रस्तुत गरिएको छ । यस्तै यस्तो मित्रता दिगो रहन नसक्ने कुराको समेत चर्चा गरिएकाले क्षयोन्मुख मित्रता शीर्षक र विषयवस्तुबीच तालमेल देखिएको छ ।

#### ५.२.२३.२ संरचना

तेइसौं तथा अन्तिम निबन्धका रूपमा रहेको **क्षयोन्मुख मित्रता** शीर्षक निबन्ध सत्र अनुच्छेदमा संरचित लघु आकारको निबन्ध हो । यस निबन्धमा एक वाक्यदेखि एघार वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । पाँच पृष्ठको आयाम र लामा-छोटा जम्माजम्मी एकसय सत्र पङ्क्तिसङ्ख्याको सीमामा आबद्ध यस निबन्धमा विषमवर्गीय मित्रतामाथि व्यङ्ग्य गरिएको छ ।

#### ५.२.२३.३ विषयवस्तु

**क्षयोन्मुख मित्रता** शीर्षक निबन्धले विषमवर्गीय मित्रतालाई मुख्य विषयवस्तु बनाएको छ । यस निबन्धमा वर्तमान समयमा भौतिक सुखसुविधामा लिप्त हुन थालेपछि मान्छेमा देखापर्ने गरेका अहम्वृत्ति, स्वार्थीप्रवृत्ति अनि घातप्रतिघातका साथै धन र विद्वताले नै मित्रतालाई खण्डित वा वर्गीकृत गरेको कुरा व्यक्त गरिएको छ । यसमा भौतिक सुखसम्पन्नताको मातमा मित्रताजस्तो पवित्र सम्बन्धलाई लात हानेर हिड्न खोज्ने मानवीय प्रवृत्ति तथा विषमवर्गीय मित्रतामाथि व्यङ्ग्य गर्दै यस्तो स्वार्थी र सङ्कीर्ण मनोवृत्तिले युक्त मित्रता क्षयोन्मुख हुने कुराको सङ्केत गरिएको छ । यसैगरी कृष्ण र सुदामा अनि राम र विभीषण बीचको वर्गविहीन मित्रताको प्रसङ्ग उठाउँदै आफ्नो यस्तो प्राकृत मित्रता धराशायी बन्दै गएको यथार्थप्रति निबन्धकारको चिन्ता प्रकट भएको छ । यस्तै उच्चवर्गीय मित्रतामा मानवीय संवेदना र हार्दिकता नहुने तथ्यलाई विभिन्न उदाहरणद्वारा स्पष्ट पार्दै जनताजनार्दनसँगको मित्रतालाई नै सर्वोत्तम मानिएको छ । यसमा मित्रतालाई मन्दिर र मस्जिदसँग तुलना गर्दै मित्रता स्वच्छ र पवित्र हुनुपर्ने कुरामा जोड दिइएको छ ।

#### ५.२.२३.४ उद्देश्य

यस निबन्धले मित्रतालाई मन्दिर र मस्जिदसँग तुलना गर्दै असल मित्रता स्वच्छ, पवित्र, निश्छल, निष्कपट तथा वर्गविहीन हुनुपर्ने कुराको सङ्केत गरेको छ । यसमा मित्रताजस्तो पवित्र बन्धनलाई कुल्चन चाहने भौतिकताका प्रेमीहरू सधैं असल मित्रताको अभावमा तड्पिइरहने तथ्यको प्रस्तुति गर्दै सुख र दुःख दुवै स्थितिमा समान किसिमले साथ दिने मान्छे नै वास्तविक अर्थमा सच्चा मित्र हो भन्ने दृष्टिकोण अभिव्यक्त गर्नु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ५.२.२३.५ कथनढाँचा र भाषाशैली

**क्षयोन्मुख मित्रता** शीर्षक निबन्ध प्रथमपुरुष कथनढाँचाको प्रयोग गरी आत्मपरक शैलीमा लेखिएको निबन्ध हो । यस निबन्धमा मित्रतालाई पवित्र बन्धनका रूपमा लिँदै मान्छेमा बढ्दै गएको स्वार्थीप्रवृत्ति अनि खान्दानी अहम्ले नै मित्रतालाई क्षयोन्मुख बनाउँदै लगेको तथ्यलाई सरल र सहज भाषाशैलीका माध्यमबाट अभिव्यक्त गरिएको छ । यसमा प्रयोग गरिएका *कोर, भाते, जार*जस्ता ठेट नेपाली शब्द र *हलक्क, सर्लक्क, भुतुभुतु, गुण्टा, फल्याक, निथ्रुक्क* आदिजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले भाषिक स्वाभाविकता र मौलिकताको छनक प्रस्तुत गरेका छन् । यस्तै *कागलाई बेल पाक्यो हर्ष न विस्मात्, मुखले ठिक्क पेटले दिक्क*जस्ता उखानटुक्काको प्रयोगले निबन्धलाई अझ रोचक र प्रभावकारी बनाएको पाइन्छ । यसैगरी *मित्रता मन मिलेर बन्ने मन्दिर हो, मित्रता हृदय जोल्टिएर बन्ने मस्जिद हो* जस्ता काव्यात्मक शैलीको प्रयोगले निबन्धमा नवीनता थपेको छ ।

### ५.२.२४ निष्कर्ष

वि.सं. २०६४ सालमा छोरी त्रयद्वारा प्रकाशित गरिएको **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** सङ्ग्रहका दृष्टिले निर्जीवको दोस्रो निबन्धसङ्ग्रह हो । जम्माजम्मी तेईसवटा निबन्धहरू रहेको यस सङ्ग्रहका निबन्धमा पहिलो सङ्ग्रहका तुलनामा व्यङ्ग्यको प्रबलता देखिन्छ । आफ्नो प्रवृत्तिगत आयामलाई अझ गम्भीरताका साथ विस्तारित गर्न निबन्धसङ्ग्रहको नामकरणमा ‘थप’ विशेषण जोडी आफ्नो मौलिकता देखाएका छन् । यस सङ्ग्रहका निबन्धहरू हाम्रै सेरोफेरोका जीवन छोएर तन्केका छन् । राजनीतिक विकृति र विसङ्गति, तुच्छ मानवीय स्वार्थ, पाखण्ड, खान्दानी अभिमान, धर्मान्धता, पतनशील संस्कृति, छलकपट, धोका, उपभोक्तावाद, विकृत मानसिकता, मानवीय कमजोरी र केही व्यावहारिक जीवनका असङ्गत पक्षहरूको चित्रण यस सङ्ग्रहका निबन्धले गरेका छन् । सामाजिक, राजनीतिक, धार्मिक एवम् आर्थिक जीवनमा व्याप्त सडेगलेका, कुहेका र गन्हाएका विषय, विचार र संस्कृतिलाई उदाङ्गो बनाएर तिनबाट उन्मुक्तिको चेतना विस्तार गर्नु नै उनका व्यङ्ग्य निबन्धहरूको उद्देश्य हो ।

यसैगरी यस सङ्ग्रहका सरल शैलीका निबन्धले पाठकलाई लोभ्याएका छन् । उनको निबन्धको प्रस्तुतिको शैली रोचक छ र कतै हास्यको पुट पनि छ तथापि उनका निबन्धको भाषाशैली झट्ट हेर्दा सरल र सहज देखिए पनि यसमा प्रयुक्त व्यङ्ग्य गम्भीर छ । विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति नै व्यङ्ग्य लक्ष्यित छ । उनको निबन्धको प्रस्तुतिको शैली रोचक छ र कतै हास्यको पुट पनि छ । सबैले भोगेको र बेहोरेको यथार्थलाई नै उनले पुनर्सृजन गरेर पस्किएकाले उनका निबन्धात्मक बिम्बहरू सरल र परिचित छन् तर कुनै निबन्ध प्रभावहीनका साथै क्लिष्ट शैलीका समेत छन् । त्यहाँ शैली मात्र नभई प्रहारको निशाना पनि लर्बराएको छ । यस्ता केही कमिकमजोरी भए पनि यस सङ्ग्रहका निबन्धले कुरूपताको विरुद्धमा विद्रोही चेतनालाई नै उजागर गरेको हुँदा उनका निबन्ध प्रगतिवादी स्वरूपका छन् ।

## ५.३ निबन्धकार निर्जीवका निबन्धसङ्ग्रहमा प्रकाशित निबन्धहरूको सूची

निबन्धकार रविकिरण निर्जीवले वि.सं. २०२५ सालदेखि हालसम्म झण्डै चारदशकको निबन्धयात्रा पूरा गरिसकेका छन् । यस अवधिमा उनका निबन्धसङ्ग्रहमा सङ्कलित चौंतीसवटा र फुटकर रूपमा प्रकाशित पन्ध्रवटा निबन्ध गरी जम्माजम्मी उनन्पचास निबन्धहरू प्रकाशित भएका देखिन्छन् । यी निबन्धहरूको कुनै निबन्ध एकपटक पत्रिकामा प्रकाशित भइसकेका छन् भने केही उनका आफ्नै निबन्धसङ्ग्रहभित्र सङ्गृहीत छन् । हालसम्म उनका **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) र **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) गरी जम्मा दुईवटा निबन्धसङ्ग्रह प्रकाशित छन् । उनका प्रकाशित निबन्धहरूलाई शीर्षक, प्रकाशन, समय र प्रकाशन स्रोतसमेत खुलाई तलको तालिकामा सूचीकृत गरिएको छ :

**तालिका सङ्ख्या ३**

**सोझा निर्जीवका बाङ्गा निबन्धहरू (२०४७) मा सङ्कलित निबन्धहरूको सूची**

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत | प्रकाशित मिति | वर्ष/अङ्क/ पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | बिरुवा र बाखो | सोझा निर्जीवका बाङ्गा निबन्धहरू | २०४७ | – | १ |
| २. | गफसप | उत्साह | २०४३ मंसिर | वर्ष ८, पूर्णाङ्क ३३ | – |
| ३. | दान | कम्कर सामयिक सङ्कलन | २०४६ असोज | अङ्क ३ | ५९ |
| ४. | जोगीहरू जुँवा खेल्दैनन् | सेरोफेरो | २०४४ कार्तिक/मंसिर र पुष | वर्ष ८, अङ्क ११ | २० |
| ५. | फाप-अफाप | मधुमास | २०४४ वैशाख/आश्विन | – | ४७ |
| ६. | टाल्ने कि फाल्ने ? | उत्साह | २०४४ भाद्र | पूर्णाङ्क ३, ८, वर्ष ८ | ३९ |
| ७. | बा-आमा | सोझा निर्जीवका बाङ्गा निबन्धहरू | २०४७ | – | ३४ |
| ८. | उमेदवारको कबोल | ” ” ” | २०४७ | – | ४० |
| ९. | सरी | ” ” ” | २०४७ | – | ४६ |
| १०. | मन्त्री बन्ने बीसवर्षे योजना | दियो साहित्यमञ्च | २०४६ वैशाख/जेठ | वर्ष ११, पूर्णाङ्क १९ | ३३ |
| ११. | डुप्लिकेट | नगरपञ्चायतको पत्रिका नगरपञ्चायत | २०४५ | पूर्णाङ्क २ | – |

## तालिका सङ्ख्या ४

## सोभ्का निर्जीवका थप बाङ्गा निबन्धहरू (२०६४) मा सङ्गृहीत निबन्धहरूको सूची

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत | प्रकाशित मिति | वर्ष/अङ्क/ पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | अतीतले गिज्याएको वर्तमान | नौलो राँको | २०५६ | वर्ष-३१, अङ्क-१, पूर्णाङ्क-६ | २ |
| २. | ऐना हेर्दा उफ्रिने मान्छे | सम्प्रेषण | २०६१ | – | – |
| ३. | खसी-बोकाको खाना | कलम | २०५४ कार्तिक | – | – |
| ४. | खान्दानमा चढ्ने इच्छा | सोभ्का निर्जीवका थप बाङ्गा निबन्धहरू | २०६४ | – | ११ |
| ५. | गोरु किन बेच्यौ ? | बगर | २०५४ | – | – |
| ६. | टाउको काट्न निस्कँदा | कलम | २०६४ | – | – |
| ७. | त्यो कति लाखमा बिक्ला ? | अभिव्यक्ति | २०६३ पुस | – | – |
| ८. | दन्तडाक्टर र चितुवा | सोभ्का निर्जीवका थप बाङ्गा निबन्धहरू | २०६४ | – | ३३ |
| ९. | देवग्राम जाने भऱ्याङ खोइ ? | " | २०६४ | – | ३४ |
| १०. | परदेशी साइनाहरू | " | २०६४ | – | ३७ |
| ११. | फस्ट्म्यान | मिलीजुली आ.मा.वि. मेघौलीको स्मारिका | २०५७ जेठ | – | – |
| १२. | बन्द | सोभ्का निर्जीवका थप बाङ्गा निबन्धहरू | २०६४ | – | ४४ |
| १३. | भात होइन भतेर खान्छु | पल्लव | २०६१ असोज | – | – |
| १४. | भैंसीको भकारो | शिक्षक बुलेटिन, चितवन | २०५६ | – | – |
| १५. | म र तँ | सामयिक मिलीजुली | २०५४ पौष | – | ५६ |
| १६. | मकैका फूलहरूको वर्षा | सोभ्का निर्जीवका थप बाङ्गा निबन्धहरू | २०६४ | – | ५८ |
| १७. | मन्त्रीहरूको भाषणले तृप्त जनताहरू | क्षितिज स्वर्ण स्मारिका | २०६१ | – | – |
| १८. | मरुस्थल | सञ्जीवनी | २०६४ कार्तिक | वर्ष-२, अङ्क-२, पूर्णाङ्क-४ | – |
| १९. | लहराहरू सीमाबद्ध हुँदैनन् | सोभ्का निर्जीवका थप बाङ्गा निबन्धहरू | २०६४ | – | ७१ |
| २०. | लिफ्ट ड्रप नेपल्स् | " | २०६४ | – | ७२ |
| २१. | शिशु आमा र किशोर बाबु | कलम | २०५१ असोज | वर्ष-२, अङ्क-४, पूर्णाङ्क-६ | १७ |
| २२. | सतीदेवी र बहुदलीदेवी | सोभ्का निर्जीवका थप बाङ्गा निबन्धहरू | २०६४ | – | ७८ |
| २३. | क्षयोन्मुख मित्रता | " | २०६४ | – | ९० |

## ५.४ निर्जीवका निबन्धसङ्ग्रहमा सङ्कलित नभएका फुटकर निबन्धहरूको सूची

रविकिरण निर्जीवका प्रकाशित दुईवटा निबन्धसङ्ग्रहभित्र सङ्कलित अधिकांश निबन्धहरू एकपटक विभिन्न विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेपछि मात्र सङ्ग्रहमा सङ्कलित हुन पुगेका छन् । यसबाहेक उनका केही निबन्धहरू भने उनका निबन्धसङ्ग्रहमा सङ्कलित नभई फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका यस्ता फुटकर निबन्धहरूलाई तलको तालिका सूचीद्वारा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ५**

| क्र.सं. | निबन्धको शीर्षक | प्रकाशन स्रोत | प्रकाशित मिति | वर्ष/अङ्क/पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | गाउँफर्क र साहित्य | दोभान | २०२५ | – | ४० |
| २. | स्वाङ | प्रकाशपुञ्ज | २०२५ | – | २२ |
| ३. | स्वार्थको खेती | योजना (सा.) | २०४५ | – | – |
| ४. | चैत्र २५ र म | सोमेश्वर | २०४६ | – | – |
| ५. | ठुटे गोरुको लिंडे पुच्छर | पृष्ठभूमि (सा.) | २०४७ | – | – |
| ६. | रात-दिन १५-१५ घण्टाको होस् | जनसाहित्य | २०४८ | वर्ष-१, अङ्क-२ | ५९ |
| ७. | मरिचमान तिमी आऊ | महिमा (सा.) | २०४९ | – | – |
| ८. | लुङ्गी | आमा | २०४९ | – | ८३ |
| ९. | फोनिक्सकार | कलम | २०४९/५० | वर्ष १, अङ्क-२ | ४७ |
| १०. | जय नेपाल | अलैंचे स्मारिका | २०५७ | – | १७ |
| ११. | जीवन एउटा लाइन हो | हिमालय रजत स्मारिका | २०६१ | – | ११ |
| १२. | बेबी काउ | चितवन महोत्सव स्मारिका | २०६३ | – | ७९ |
| १३. | डुब्नु, पौडनु र तैरनु | चितवन चिनो | २०६५ | अङ्क-५ | २१ |
| १४. | एक्का | ज्ञानमार्ग स्वर्ण स्मारिका | २०६४ | – | – |
| १५. | उपभोग गर्न नजान्दा एक्लो भएँ | गरिमा | २०६६ असोज | वर्ष-३७, अङ्क-१० पूर्णाङ्क-३२२ | ७३ |

## ५.५ निष्कर्ष

यसरी रविकिरण निर्जीवले विभिन्न समयमा फुटकर रूपमा प्रकाशित र अन्य केही निबन्धहरू थपेर निबन्धसङ्ग्रहको प्रकाशन गरेका छन् । उनका हालसम्म सोझा निर्जीवका बाङ्गा निबन्धहरू (२०४७) र सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू गरी दुईवटा निबन्धसङ्ग्रह प्रकाशित छन् । उनका निबन्धसङ्ग्रहमा सूचीकृत निबन्ध, भित्री पृष्ठहरूमा तिनको रखाइक्रम र भिन्न-भिन्न साल र समयमा लेखिएका निबन्धहरूको व्यवस्थापनमा क्रमबद्धता देखिँदैन । यदि क्रमबद्धता भएको भए निबन्धकारको मात्र नभई निबन्धकारको निबन्धयात्राको कालक्रमिकता अझ स्पष्ट र व्यवस्थित गर्न सघाउ पुग्थ्यो । यसैगरी निर्जीवका वि.सं. २०२५ देखि वि.सं. २०६६ सालसम्मका समयावधिमा फुटकर रूपमा प्रकाशित भएका तर सङ्ग्रहमा सङ्कलित नभएका अन्य निबन्धहरू पनि देखिन्छन् । त्यसैले उनी हालसम्म पनि निबन्धका क्षेत्रमा क्रियाशील नै रहेको देखिन्छ ।

# परिच्छेद : छ
# रविकिरण निर्जीवको निबन्धकारिताको मूल्याङ्कन

## ६.१ पृष्ठभूमि

नेपाली निबन्धका क्षेत्रमा कलम चलाएका निर्जीवले अन्य विधामा समेत आफ्नो स्पष्ट पहिचान कायम गरिसकेका छन् । निबन्धका क्षेत्रमा दुईवटा निबन्धसङ्ग्रह **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) र **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) मा सङ्गृहीत जम्माजम्मी चौतीसवटा निबन्धहरू र फुटकर रूपमा प्रकाशित भएका अन्य निबन्धका माध्यमबाट आफ्नो कुशल प्रतिभाको परिचय दिइसकेका छन् । उनी मूलत: प्रगतिवादी हास्यव्यङ्ग्यात्मक निबन्धकारका रूपमा चिनिएका छन् । उनले आफ्नो पूर्ववर्ती र उत्तरवर्ती निबन्धकारका कतिपय प्रवृत्तिलाई पछ्याउँदै र समकालीन प्रवृत्तिप्रति चनाखो रहँदै नेपाली निबन्धका क्षेत्रमा बेग्लै गोरेटोको निर्माण गरेका छन् । **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** निबन्धसङ्ग्रहको भूमिका लेखमा *'यहाँ परम्परा देख्दिन, पूर्वजहरू कसैलाई भेट्दिन, कसैको सिको गरी पछि लागेका छैनन् । रविकिरणलाई मैले नचिनेजस्तै उनका कृतित्वबाट पनि म अनभिज्ञ छु'*[1] भन्ने कृष्णचन्द्रसिंह प्रधानको स्पष्ट भनाइले पनि निर्जीवले नेपाली निबन्धका क्षेत्रमा विशेष गरी प्रगतिवादी निबन्धका क्षेत्रमा बेग्लै गोरेटोको निर्माण गरेको कुरा स्पष्ट हुन्छ । निर्जीवका निबन्धका विषयवस्तु, भाषाशैली, संरचना, कथनढाँचा आदिमा उनको निजीपन भेट्न सकिन्छ । तत्त्वगत आधारमा नै उनको निबन्धकारिताको मूल्याङ्कन हुने भएकोले मूलत: यहाँ पनि यिनै पक्षमा केन्द्रित रही निर्जीवको निबन्धकारिताको मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

## ६.२ विषयवस्तुका आधारमा मूल्याङ्कन

साहित्यका जुनसुकै विधाको सिर्जनाका लागि विषयवस्तुको अनिवार्य आवश्यकता पर्दछ । शून्यमा कुनै पनि रचना सम्भव छैन । जीवनजगत्का कुनै एक पक्षलाई लिएर त्यही विषयवस्तुको केन्द्रीयतामा नै स्रष्टाले साहित्यको सिर्जना गर्दछ । त्यस्तै साहित्यको एक विधा निबन्धमा पनि विषयवस्तुलाई अनिवार्य तत्त्व मानिएको छ । त्यसैले विषयवस्तु निबन्धको मेरुदण्ड नै हो । ह्यूवाकरले *'एककोषीय जीवदेखि लिएर मानवसम्म र परमाणुदेखि लिएर सिङ्गै ब्रह्माण्डसम्मका जुनसुकै पनि विषयमा निबन्ध लेख्न सकिन्छ'*[2] भनेझैँ यस जीवनजगत्का प्रकृति, धर्म, समाज, इतिहास, राजनीति, पुराण, अर्थतन्त्र आदि जुनसुकै विषयमा पनि निबन्धको रचना गर्न सकिन्छ ।

---

[1] कृष्णचन्द्रसिंह प्रधान, *भूमिका,* **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू,** ले. रविकिरण निर्जीव, २०६४ ।
[2] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** पूर्ववत्, पृ. १९, उद्धृत ।

यसैगरी निर्जीवका निबन्धहरू पनि माथिका कुनै न कुनै विषयलाई लिएर मानव मनका विविध भावहरू समेटी विषयवस्तुको रूप दिएर निबन्धहरू रचना गरिएका छन् ।

विषयवस्तुका दृष्टिले निर्जीवको निबन्धकारितालाई हेर्दा उनका निबन्धको विषय क्षेत्र व्यापक देखिन्छ । लेखकीय अनुभूतिले प्रशस्त फैलने अवसर पाउँने यस विधामा निर्जीवका निबन्धका विषयवस्तु पनि फरक-फरक ढङ्गका देखिन्छन् । उनले जीवनजगत्का विविध पक्षहरूलाई समेटेर निबन्धको रचना गरेको पाइन्छ । उनका निबन्धमा सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक आदि विविध विषयले स्थान पाएका छन् । यस्तै राजनैतिक विकृतिविसङ्गति, तुच्छ स्वार्थ, पाखण्ड, खान्दानी अभिमान, धर्मान्धता, पतनशील संस्कृति, छलकपट, धोका, उपभोक्तावाद, विकृत मानसिकता र व्यावहारिक जीवनका असङ्गत पक्षहरूमाथि नै निबन्धकारको कलम चलेको छ । यसरी मूलत: निर्जीवले समसामयिक युग, समाज र वातावरणको स्पष्ट चित्रण गर्ने काम गरेका छन् । यसक्रममा उनले समाजका राम्रा-नराम्रा दुवै पक्षतिर दृष्टि लगाएका छन् र समाजको यथार्थ स्थितिलाई केलाउँदै सामाजिक परिवर्तनको दिशातिर ढल्काउने चेष्टा गरेका छन् । उनले समाजको यथार्थ स्थितिलाई उदाङ्गो पार्ने क्रममा समाजमा विद्यमान भेदभाव, अन्धविश्वास, अन्याय, अत्याचार, शोषण आदिका प्रसङ्गहरू एकातिर प्रस्तुत गरेका छन् भने अर्कोतिर ती विविध क्षेत्रका तमाम विकृति र विसङ्गतिका बीच समाजमा देखापरेका उतारचढाव आदिका विविध पक्षमा समेत चर्चा गरेका छन् । नेपाली सेरोफेरोका जीवन छोएर तन्किएका उनका निबन्धमा मानवीय जीवनका समस्या, कठिनाइहरू, मानवीय कमजोरी, पारिवारिक कटुता, हिजोआजका बन्दजस्ता समसामयिक विषयले समेत निबन्धमा स्थान पाएका छन् र निबन्धका छेडखानले पाठवर्गलाई सचेत गराएका छन् । आफूले देखेका र भोगेका यथार्थ दृश्यलाई ज्यादै इमान्दारीताका साथ निबन्धमा उतारेका निर्जीवले त्यससम्बन्धी वैयक्तिक विचार तथा धारणा पनि अभिव्यक्त गरेका छन् ।

व्यङ्ग्यात्मक निबन्धकार निर्जीवले विभिन्न क्षेत्रमा विद्यमान विकृतिविसङ्गतिबाट आम जनसमुदायले भोग्नुपरेका पीडा तथा आधुनिकताका नाममा भित्र्याइएका प्रदूषणले समाजमा पारेका नकारात्मक प्रभावहरूलाई समेत उनको निबन्धकलाले सूक्ष्म रूपमा अङ्कित गरेको छ । **बा-आमा, परदेशी साइनाहरू** शीर्षकका निबन्ध यसका ज्वलन्त उदाहरण हुन् । यसैगरी मानवीय अहम् र स्वार्थको विश्लेषणमा आधारित निबन्धहरूमा **खान्दानमा चढ्ने इच्छा, फस्टम्यान, भैंसीको भकारो, क्षयोन्मुख मित्रता**जस्ता निबन्धहरू रहेका छन् भने नेपालीहरूको आर्थिक अवस्थालाई **त्यो कति लाखमा बिक्ला** ? निबन्धले स्पष्ट पारेको छ । यस्तै नेपाली राजनीतिक परम्पराप्रति पनि निकै सचेत रहने निर्जीवले नेपाली राजनीतिका क्षेत्रमा घटेका विविध घटनाहरूलाई समेटेरसमेत निबन्धको विषयका रूपमा प्रस्तुत गरेका छन् । यस क्रममा उनले विभिन्न राजनीतिक चरित्रहरूको नाङ्गो नृत्य पनि देखाएका छन् । **मन्त्री बन्ने बीस वर्षे योजना, उमेदवारको कबोल, खसी-बोकाको खाना, टाउको काट्न निस्कँदा, मन्त्रीहरूको भाषणले तृप्त जनताहरू, सतीदेवी र बहुदलीदेवी** आदि निबन्धहरू राजनीतिक विषयवस्तुमा आधारित रहेका छन् । उनले आफ्ना जीवनका वैयक्तिक

घटनाको समेत संस्मरण गरेर निबन्ध लेखेका छन् । उनका निबन्धमा नेपाली राष्ट्र, राष्ट्रियता र मौलिक संस्कृतिप्रति मोह व्यक्त गरिएको छ । निर्जीव आफ्ना निबन्धमा प्रकृतिको सजीव चित्र उतार्नमा पनि पछि परेका छैनन् । **मकैका फूलहरूको वर्षा** शीर्षक निबन्धमा हिउँको वर्षाको चित्रण गरिएको छ भने **मरुस्थल** शीर्षकीय निबन्धमा पनि मरूस्थलीय जीवनको कठोर अनुभूतिको चित्रण गरिएको छ । यसैगरी धार्मिक अन्धविश्वास र रुढीवादी सोंचप्रति पनि निबन्धकार सचेत छन् । उनका **दान, देवग्राम जाने भऱ्याङ खोइ ? फाप-अफाप** शीर्षक निबन्धमा धार्मिक अन्धता र रुढीवादी सोंचप्रति व्यङ्ग्य गरिएको छ । यसरी उनका प्रायजसो निबन्धहरू विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिबाट जन्मिएका छन् । तिनै विषयले निबन्धमा स्थान पाएका छन् ।

यसरी निबन्धकार निर्जीवका निबन्धका विषयवस्तुहरू हाम्रै जीवनजगत्का सेरोफेरोसँग सम्बन्धित रहेका छन् । विषयगत विविधताका आधारमा उनका निबन्धले व्यापक क्षेत्र ओगटेको पाइन्छ । सामाजिक, राजनीतिक, धार्मिक एवम् आर्थिक जीवनमा व्याप्त सडेगलेका कुहेका र गन्हाएका विषय, विचार र संस्कृतिलाई उदाङ्गो बनाएर तिनबाट उन्मुक्तिको चेतना विस्तार गर्नु नै उनका व्यङ्ग्य निबन्धहरूको उद्देश्य हो । उनका प्राय:जसो निबन्धमा विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिको पर्दाफास गर्दै विकासको निम्ति विसङ्गतिको अन्त्य गरी समाज परिवर्तनको दिशातिर अगाडि बढ्नुपर्ने भाव उनका प्राय: सबै निबन्धमा भेटिन्छ ।

## ६.३ शीर्षक चयनका आधारमा मूल्याङ्कन

लेख, निबन्ध, कविता, उपन्यास आदिको शिरमा दिइने नामलाई नै शीर्षक भनिन्छ । शीर्षक चयनका दृष्टिले निबन्धकार निर्जीवले आफ्ना निबन्धहरूमा मौलिकपन देखाएका छन् । उनका निबन्धको शीर्षक चयनका क्रममा कुनै घटना, वातावरण, समसामयिक परिवेश, राजनीतिक घटनाक्रम, सामाजिक परिस्थिति, मानवीय अहम् आदिजस्ता परिवेशबाट प्रभावित भई निबन्धको शीर्षकको चयन गरेका छन् । उनका दुवै सङ्ग्रहभित्रका निबन्धहरूमा खास एउटा शब्ददेखि लिएर पदावली वा वाक्यतहसम्मका शीर्षकको प्रयोग गरिएको छ । निबन्धका शीर्षकमा पनि योजकचिन्ह, प्रश्नात्मक चिन्हको पनि प्रयोग गरेका छन् । यस्ता केही शीर्षकहरू निम्नानुसार रहेका छन्- देवग्राम जाने भऱ्याङ खोइ ?, फाप-अफाप ।

यसैगरी निबन्धसङ्ग्रहको नामकरण गर्दा पनि निर्जीवले आफ्नै मौलिकपन देखाएका छन् । वि.सं. २०४७ सालमा प्रकाशित भएको उनको पहिलो निबन्धसङ्ग्रहभित्रको निबन्धका शीर्षकका आधारमा नामकरण गरिएको नभई आफ्नो प्रवृत्तिलाई ध्वनित गर्ने अर्थमा नै **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** भनी नामकरण गरिएको पाइन्छ । निर्जीव व्यावहारिक दृष्टिले सोझा, सरल र इमान्दार छन् तर निबन्धलेखनका दृष्टिले भने व्यङ्ग्यधर्मी छन् । त्यसैले नामकरणमा पनि उनको मौलिकपन स्पष्ट झल्किएको छ । यसैगरी उनको दोस्रो निबन्धात्मक कृति **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** नामक सङ्ग्रह रहेको छ । उनले यस सङ्ग्रहको नामकरण भने 'थप' विशेषण थपेर

आफ्नो प्रवृत्तिगत आयाम तथा व्यङ्ग्यकारितालाई अझ तीक्ष्ण बनाउँदै लगेको पाइन्छ । उनका यी दुवै निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरू व्यङ्ग्यात्मक छन्, जसले समाजका कुनै न कुनै पक्षमा देखापरेका विकृतिविसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्दै सुधारको सङ्केत प्रस्तुत गरेका छन् । त्यसैले उनका निबन्धहरूलाई व्यङ्ग्यका दृष्टिले नै अध्ययन गर्नुपर्ने भएकाले नै उनले बाङ्गा निबन्धहरू भनेर नामकरण गरेको स्पष्ट हुन्छ ।

## ६.४ संरचना र कथनढाँचाका आधारमा मूल्याङ्कन

निबन्धकार रविकिरण निर्जीवको चारदशक लामो निबन्धयात्रामा प्रकाशित दुईवटा निबन्धात्मक कृतिमा निबन्धका संरचना र कथनढाँचामा पनि विविधता पाइन्छ । विचार र यसको सन्तुलनकारी भूमिका उनका निबन्धले बहन गरेका छन् । उनले सामाजिक, आर्थिक, राजनैतिक आदि विविध क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिले आफ्नो मनमा पारेको प्रभाव र त्यसप्रति आफ्नो विचार निबन्धमा अभिव्यक्त गरेका छन् । यसक्रममा उनका प्रायजसो निबन्धहरू प्रथमपुरुष कथनढाँचाको प्रयोग गर्दै आत्मालापीय निजात्मक शैलीमा प्रस्तुत गरिएका छन् भने उनका कतिपय निबन्धहरूमा वर्णन र विवरणलाई समेत अवलम्बन गर्दै तृतीयपुरुष कथनढाँचामा आफ्ना विचार र भावनालाई स्पष्ट पार्ने काम गरिएको छ । यसले निबन्धमा आत्मपरकता र वस्तुपरकताको दोसाँधको स्थिति सिर्जना गरेको पनि स्पष्ट देख्न सकिन्छ । उनका केही निबन्धमा वर्णनात्मकता र विवरणात्मकताका छनकहरू देखिए पनि उनका अधिकांश निबन्धमा आफ्ना जीवनमा देखेका, भोगेका र सुनेका यथार्थ घटनाहरूलाई कल्पनाको जलप लगाउँदै निजात्मक व्यङ्ग्यात्मक शैलीमा सिँगार्ने प्रयास गरिएको छ ।

संरचनाका दृष्टिकोणबाट उनको निबन्धकारिताको मूल्याङ्कन गर्दा उनका निबन्धसङ्ग्रहहरू बीच पनि विविध संरचना भेट्न सकिन्छ । उनको वि.सं. २०४७ सालमा प्रकाशित **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** नामक पहिलो निबन्धसङ्ग्रहमा जम्मा एघारवटा निबन्धहरू रहेका छन् भने उनको दोस्रो निबन्धसङ्ग्रह **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) मा जम्माजम्मी तेईसवटा निबन्धहरू रहेका छन् । उनका यी दुवै सङ्ग्रहमा सङ्गृहीत निबन्धहरू त्यति धेरै लामा छैनन् । उनका अधिकांश निबन्धहरू लघु तथा मध्यम आकारका नै देखिन्छन् । विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिले आफूलाई मनमा पारेको प्रभावलाई छोटोछरितो र व्यङ्ग्यात्मक तरिकाले प्रस्तुति गर्नु नै रविकिरण निर्जीवको निजी विशेषता हो । उनका केही निबन्ध अत्यन्त छोटा अथवा एक पृष्ठ मात्रका पनि छन् । यति हुँदाहुँदै पनि जीवनको कुनै न कुनै एक पक्षलाई मात्र भए पनि पूर्णरूपमा अभिव्यक्त गर्न सफल रहेका छन् । विषयवस्तुको रेखाङ्कन गर्दा पनि थोरै शब्दमा कलात्मक ढङ्गले विषयको बारेमा जानकारी दिन उनी सिपालु देखिएका छन् । निर्जीवका यी दुई सङ्ग्रहमा सङ्गृहीत निबन्धहरू एक पृष्ठदेखि बाह्र पृष्ठसम्मको आयाममा फैलिएका छन् । जम्मा एक पृष्ठको आयाममा फैलिएको **दन्तडाक्टर र चितुवा** सबैभन्दा लघु आयामको निबन्ध हो भने **सतीदेवी र बहुदलीदेवी** शीर्षक निबन्ध बाह्र पृष्ठको आयाममा फैलिएको उनको सबैभन्दा लामो निबन्ध हो ।

उनका अन्य निबन्धहरू भने लघु तथा मध्यम आकारमा नै संरचित छन् । उनका निबन्धमा तीन अनुच्छेदको आयामदेखि सत्ताइस अनुच्छेदको आयामसम्म निबन्धको विस्तार भएको छ भने एक वाक्यदेखि अठार वाक्यसम्मका अनुच्छेदहरूबाट उनका निबन्ध संरचित छन् ।

## ६.५ भाषाशैलीका आधारमा मूल्याङ्कन

भाषाशैली निबन्धको महत्त्वपूर्ण तत्त्व हो । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली त्यसलाई अभिव्यक्त गर्ने तरिका हो । भाषाशैलीका माध्यमले नै निबन्धकारले आफ्ना विचार र भावनालाई पाठकसामु अभिव्यक्त गरेको हुन्छ । निबन्धमा प्रयुक्त भाषाशैली प्रत्येक निबन्धकारको फरक-फरक हुन्छ । रविकिरण निर्जीवका निबन्धमा प्रयुक्त भाषाशैलीमा पनि आफ्नोपन भेट्न सकिन्छ, जुन कुरा कृष्णचन्द्रसिंह प्रधानको भूमिका लेखले स्पष्ट पारेको छ । *'सोझा निर्जीवका बाङ्गा निबन्धहरूमा रविकिरण निर्जीवलाई मात्रै देखेँ, अरु भएर लेखिरहेका छैनन् । अरुको जस्तो भाषा, शैली होइन, त्यसरी नै भन्ने पनि गर्दैनन्'*[3] भन्ने उनको भनाइबाट पनि उनको भाषा, शैली र भनाइमा आफ्नोपन रहेको स्पष्ट देख्न सकिन्छ । उनले आफ्नैपनले आफूलाई निबन्धमा प्रस्तुत गरेका छन् । भाषाशैलीका दृष्टिले उनका निबन्धमा सरलता र सुबोधता भेटिन्छ । उनको भाषा सरल, सरस र बोलीचालीमा प्रयोग हुने किसिमको छ । उनका अधिकांश निबन्धहरू गफको शैलीमा लेखिएका छन् । त्यसैले पाठकले अध्ययन गर्दा भाषिक कठिनाइको महसुस गर्नु पर्दैन । उनका निबन्धहरू आत्मपरक व्यङ्ग्यात्मक शैलीमा लेखिएका छन् त्यसैले उनका निबन्धलाई व्यङ्ग्यार्थमा नै बुझ्नुपर्ने हुन्छ । सरल, सरस, सुकोमल भाषा र हल्का हाँसोको माध्यमबाट घोचिलो व्यङ्ग्य गरिएको छ । उनका निबन्धमा अभिव्यक्तिगत गाम्भीर्य, हास्य र व्यङ्ग्यमिश्रित मनोरञ्जन, गम्भीर व्यङ्ग्य उनका निबन्धको महत्त्वपूर्ण उपलब्धि मानिन्छ ।

त्यसैगरी श्रुतिमधुर लय, विषय प्रस्तुतिमा इमान्दारिता, सरल र बोधगम्य भाषाशैली, लघु आकार वा सङ्क्षिप्त आयाम, अनुप्रासिक पदयोजना विभिन्न उखान टुक्काहरूको प्रयोगजस्ता निबन्धात्मक स्वाभाव उनका निबन्धमा पाइन्छन् । उनका निबन्धमा प्रयोग गरिएका *गरिबको जता भत्क्यो उतै दैलो, होचोको मुखमा घोचो, कसैलाई माथैमाथ कसैलाई पुर्पुरामा हात, दातमा ढुङ्गा लाग्नु, सेखी झर्नु, नून खाएको कुखुरो* आदिजस्ता प्रशस्त उखानटुक्काको प्रयोगले भाषालाई कौतुकमय आकर्षक र रोचक बनाएको छ ।

निबन्ध मूलत: वस्तुको वस्तुगत वर्णन र निबन्धकारका भावनाहरू अभिव्यक्ति भएकोले वस्तु वा भावनाको सहज अभिव्यक्ति नै प्रमुख रूपमा आएको हुन्छ । कथानक, पात्र, संवाद, वातावरण आदिको आवश्यकता निबन्धमा पर्दैन तर उनका निबन्धमा बीच-बीचमा संवाद, कथात्मकता, वातावरण र संस्मरण आदिको समावेश भएको पाइन्छ । उनका निबन्धसङ्ग्रहमा सङ्ग्रहित अधिकांश

[3] कृष्णचन्द्रसिंह प्रधान, *भूमिका,* **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू,** पूर्ववत् ।

निबन्धहरू आत्मपरक शैलीमा र केही निबन्धहरू भने वस्तुपरक शैलीमा रचिएका छन् । वर्णनात्मक व्याख्या-विश्लेषणात्मक तथा मिथकीय शैलीलाई आधार बनाउँदै **गोरु किन बेच्यौ ? भैंसीको भकारो, सतीदेवी र बहुदलीदेवी** आदिजस्ता निबन्धको रचना गरिएको छ । उनले आफ्ना निबन्धमार्फत् विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिप्रति प्रहार गर्दै सकारात्मक दिशातिर अग्रसर हुन प्रेरित गरेका छन् । निबन्धकार निर्जीव स्वयम् कवि भएकाले उनका निबन्धमा काव्यिक गुण प्रशस्त झल्किएका छन् । निबन्धमा पाइने आलङ्कारिक शैली त्यसैको उपज हो । उनका अधिकांश निबन्धमा रूपक, उपमा, अनुप्रास, दृष्टान्त आदिद्वारा विभिन्न आलङ्कारिक शैलीको पर्याप्त प्रयोग गरिएको पाइन्छ । यसले निबन्धमा भाषिक प्रौढता ल्याएको छ ।

शब्दचयनका दृष्टिले निर्जीवले आफ्ना निबन्धमा नेपाली शब्दबाहेक संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषाका शब्दहरूको समेत प्रयोग गरेको पाइन्छ । यसबाट लेखकको कथ्यमा विश्वसनीयता र रोचकता बढ्न गएको छ । कथ्य नेपाली भाषाको प्रयोगले निबन्धलाई केही हलुका बनाएको जस्तो देखिएला तर जनजिब्रोमा प्रचलित ठेट नेपाली भाषाको वास्तविक रूप त्यहाँ भेट्न सकिन्छ :

> *"जुन कोठामा सुत्छु, उही कोठामा हग्छु, त्यही कोठामा मुत्छु, जुन कोठामा बस्छु, मुख पनि त्यही धुन्छु ।" पृ. १२*

यसैगरी उनका निबन्धमा सरल, संयुक्त र मिश्रवाक्यको प्रयोग गरिएको छ तथापि छोटा-छोटा सरल वाक्यको नै प्रचुरता रहेको देखिन्छ । यस्तै क्रियापदहीन वाक्य, कर्ताविहीन वाक्यको प्रयोग पनि उनका निबन्धमा स्पष्ट देख्न सकिन्छ । यसैगरी प्रशस्त अनुकरणात्मक शब्दको प्रयोग निर्जीवको निबन्धकारिताको महत्त्वपूर्ण विशेषता हो । उनका निबन्धमा *छ्वाङछ्वाङ, छताछुल्ल, धर्र, निथ्रुक्क, झल्झली* (**अतीतले गिज्याएको वर्तमान**), *टक्रक्क, फतक्क, प्याकप्याक्ती* (**मरुस्थल**) आदिजस्ता प्रशस्त अनुकरणात्मक शब्दको प्रयोगले भाषाशैलीमा अझ रोचकता थपेको छ । यस्तै भाषिक स्पष्टताका लागि निर्जीवले ठाउँठाउँमा विस्मयादिबोधक, पादटिप्पणी, कोष्ठक, अल्पविराम तथा डट (...) समेत प्रयोग गरेका छन् । यस्तै निबन्धमा प्रयोग गरिएका *सतीदेवी, रामचन्द्र, मुक्तिनाथ* आदिजस्ता विभिन्न बिम्ब तथा प्रतीकहरूको प्रयोगले भाषिक मिठास थपेको अनुभव हुन्छ ।

निर्जीवका निबन्धमा मूलत: व्यङ्ग्यले नै प्रमुख स्थान पाएको छ । त्यसैले व्यङ्ग्यात्मक शैली उनको निबन्धको महत्त्वपूर्ण विशेषता हो । उनका निबन्धमा भावका दृष्टिले व्यङ्ग्य शैली र भाषाका दृष्टिले सरल शैलीको प्रयोग गरिएको छ । कपिल अज्ञातले 'व्यवहारमा सरल र शिष्ट उनी सैद्धान्तिक आस्था र विचारका दृष्टिकोणले प्रगतिवादी र शैलीगत हिसाबले व्यङ्ग्यधर्मी निबन्धकार हुन्'[4] भनी स्वीकार गरेका छन् । उनका निबन्धले विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । यस क्रममा व्यङ्ग्यको धारमा तर्कको पाइन हाल्न पनि निबन्धकार निर्जीव पछि परेका छैनन् । जस्तै ;

[4] कपिल अज्ञात, **स्रष्टाबिम्ब व्यक्तित्व र आरेख,** पूर्ववत्, पृ. ६४ ।

*“गिद्ध उडेको आकाशमुनि सिनो मात्र होइन, भतेरस्थल पनि हुनसक्छ भनेर अन्दाज गर्नुहोला । पृ.४९*

उनका निबन्धमा छोटोछरितो वाक्यगठन, संस्मरणका झिल्काझिल्की, आकारगत लघुता, प्रवाहपूर्ण शैली, सरल, सहज र स्वाभाविक भाषा भइकन पनि कतै-कतै छपाइत्रुटि तथा पदक्रमको त्रुटिले भाषाशैलीमा दाग लागेको देखिन्छ । यसले भाषा र विचारको संयोजन, विषयवस्तुको प्रस्तुति, अभिव्यक्तिगत सरलता, स्पष्टता र आत्मप्रकाशनको यथार्थमा कुनै असर नपारे पनि व्याकरणिक विचलन भने ठाउँठाउँमा भेटिन्छ । जस्तै ;

*“पतन त भयो कौरवहरूको तर तेह्र वर्ष त निर्भय यश, ऐश्वर्यको उपभोग गर्न पाए नि ।”* (**सोझा निर्जीवका बाङ्गा निबन्धहरू,** २०४७, पृ. १९)

*“पीडाले तिनको आँखाबाट र आँसु रिसले मुखबाट गाली एकैचोटी वर्षन थाले ।”* (**सोझा निर्जीवका बाङ्गा निबन्धहरू,** २०४७, पृ. ४८)

माथिको उदाहरणमा पदक्रमको विचलन भएको स्पष्ट देख्न सकिन्छ । यसमा कौरवहरूको पतन त भयो हुनुपर्नेमा पतन त भयो कौरवहरूको भएको छ । यसैगरी पीडाले तिनको आँखाबाट आँसु र रिसले मुखबाट गाली एकैचोटि वर्षन थाले हुनुपर्नेमा पीडाले तिनको आँखाबाट र आँसु रिसले मुखबाट गाली एकैचोटि वर्षन थाले भएको छ ।

यसरी सरल र सहज भाषाशैलीको प्रयोग गरिएका निर्जीवका निबन्धमा अभिव्यक्तिगत निखार र कलात्मक परिष्कारका सम्भावनाहरूलाई आगामी सिर्जनाहरूका लागि भनेर निबन्धकारले अझै बाँकी छोडिदिएको देखिन्छ । उनका निबन्धमा आलङ्कारिक शैली, अङ्ग्रेजी, संस्कृत, हिन्दी भाषाको प्रयोग कवितात्मक गद्यशैलीको प्रयोग, कतै आख्यानात्मक र कतै विवरणात्मकताका साथै मिथकीय विधिको प्रयोग पनि स्पष्ट देख्न सकिन्छ । हास्य र व्यङ्ग्यको मनोरम प्रस्तुति रहेको उनका निबन्धमा हास्यका तुलनामा व्यङ्ग्य सशक्त बनेर आएको छ । विभिन्न अनुकरणात्मक शब्द, उखानटुक्का, कथ्य नेपाली भाषाको प्रयोग, निपातको प्रयोग, छोटा-छोटा वाक्यगठन, क्रियाहीन वाक्य, कर्ताविहीन वाक्य, अनौपचारिक आरम्भ र अन्तले गर्दा निबन्धलाई रोचक र कौतुकमय बनाउँदै उनको शैलीले वैयक्तिक स्पर्श पाउन सकेको देखिन्छ । यसरी सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, आर्थिक आदि विसङ्गतिप्रति मृदु हाँसो ल्याएर घोचक र रोचक व्यङ्ग्य गरिएको छ । निबन्धमा प्रयुक्त बिम्ब प्रतीकहरूको प्रयोगले भाषालाई कलात्मक बनाएको छ । यसरी सरल, स्वाभाविक र सहज भाषाशैलीमा युगीन कुरूपताको विरुद्धमा विद्रोही चेतनालाई निबन्धकारले अभिव्यक्ति दिएका छन् । यसरी विभिन्न क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै प्रशस्त सुधारका वैचारिक सन्देशलाई स्वाभाविक रूपबाट सिँगार्ने प्रयास गर्ने निर्जीव नेपाली निबन्धका क्षेत्रमा प्रगतिवादी व्यङ्ग्य निबन्धकारका रूपमा परिचित छन् ।

## ६.६ निष्कर्ष

आधुनिक नेपाली निबन्धको तेस्रो चरणमा देखापरेका निबन्धकार रविकिरण निर्जीवको निबन्धकारितामा विषयगत विविधता पाइन्छ । उनले सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, मानवीय अहम्, खान्दानी मोह आदि विषयमा निबन्धको रचना गर्दै ती क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

संरचना र कथनढाँचाका आधारमा पनि उनका निबन्धमा विविधता पाइन्छ । उनका प्रायजसो निबन्धहरू प्रथमपुरुष कथनढाँचामा लेखिएका छन् भने केही निबन्ध तृतीयपुरुष कथनढाँचामा वर्णन र विवरणको प्रयोग गर्दै लेखिएको पाइन्छ । उनले आफूले देखेको, भोगेको र सुनेको यथार्थ घटनालाई काल्पनिक जलप लगाउँदै आत्मपरक शैलीमा व्यङ्ग्यात्मक निबन्धको रचना गरेका छन् । संरचनाका आधारमा उनका अधिकांश निबन्धहरू लघु तथा मध्यम आकारका छन् । उनका निबन्ध कम्तिमा एक पृष्ठदेखि बढीमा बाह्र पृष्ठसम्मको आयाममा फैलिएका छन् । यसैगरी शीर्षक चयनमा पनि निर्जीवले आफ्नो मौलिकता देखाएका छन् ।

भाषाशैलीका दृष्टिले हेर्दा उनका निबन्धका भाषा सरल र सहज छ भने आत्मपरक शैलीमा व्यङ्ग्यात्मक अभिव्यक्ति दिनु उनको निबन्धकारिताको महत्त्वपूर्ण उपलब्धि हो । निबन्धको भाषाशैली झट्ट हेर्दा सरल, सहज र सबैले बुझ्न सक्ने किसिमको छ तर व्यङ्ग्य शैलीको प्रयोग गरिएकोले उनका निबन्ध व्यङ्ग्यार्थमा नै बुझ्नु पर्ने हुन्छ । उनका निबन्धमा सामान्य हास्यका माध्यमबाट घोचिलो व्यङ्ग्य गरिएको छ । यसमा प्रयुक्त व्यङ्ग्य प्रयोजनमूलक छ । उनका प्राय: निबन्धमा ठेट तथा नेपाली झर्रा भाषाको प्रयोग गरिएको छ भने संस्कृत, अङ्ग्रेजी, हिन्दी भाषाका शब्दहरूको प्रयोग पनि कतै-कतै देख्न सकिन्छ । निबन्धमा प्रयुक्त आलङ्कारिक शैली तथा विभिन्न बिम्ब प्रतीकहरूको प्रयोगले निबन्धमा प्रौढता थपेको छ । उनको निबन्ध रचनाको शैली सरल छ तर केही क्लिष्ट शैलीका निबन्धले निबन्धलाई प्रभावहीन बनाउनुका साथै प्रहारको निशानालाई पनि केही लर्बराइदिएको स्थिति पनि भेट्न सकिन्छ । यस्ता केही कमीकमजोरी भए पनि सामाजिक असमानता, अन्याय, अत्याचार र शोषणका विरुद्ध खनिदै समानतामा आधारित शोषणरहित समाजको परिकल्पना गर्ने निर्जीव प्रगतिवादी निबन्धकार हुन् । उनका प्राय: सबै निबन्धमा आमूल परिवर्तनको चाहना अभिव्यक्त भएको छ । विभिन्न क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्दै परिवर्तनको दिशातिर उन्मुख गराउनु नै उनका निबन्धको विशेषता हो । त्यसैले उनलाई नेपाली निबन्ध साहित्यका क्षेत्रमा आधुनिक कालको तेस्रो चरणका व्यङ्ग्य निबन्धकारको रूपमा लिन सकिन्छ ।

# परिच्छेद : सात
# उपसंहार

## ७.१ परिचय

उपसंहार भनेको कुनै पनि कृति/लेखनको निष्कर्ष खण्ड तथा निचोड भाग हो । यस परिच्छेदमा **रविकिरण निर्जीवको निबन्धकारिता** शीर्षक शोधकार्यका लागि विगतका परिच्छेदहरूमा गरिएका अध्ययन र विश्लेषणको परिच्छेदगत सारांशका साथै समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कनसमेत गरिएको छ :

## ७.२ परिच्छेद : एकको निष्कर्ष

यस परिच्छेदमा शोधकार्यको परिचय दिइएको छ । यसमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

## ७.३ परिच्छेद : दुईको निष्कर्ष

यस परिच्छेदमा रविकिरण निर्जीवको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त अध्ययन गरिएको छ । जीवनीअन्तर्गत जन्मस्थान र बाल्यकाल, शिक्षादीक्षा, पुर्ख्यौली र वंश परम्परा, पारिवारिक संरचना, रुचि र स्वभाव, भ्रमण, सम्मान तथा पुरस्कार, लेखन प्रेरणा र प्रभाव, लेखन प्रारम्भ र प्रकाशनको थालनी अनि प्रकाशित पुस्तककार कृतिको सूची प्रस्तुत गरिएको छ । यसैगरी व्यक्तित्व अन्तर्गत बाह्य र आन्तरिक गरी दुई भागमा वर्गीकरण गरिएको छ भने आन्तरिक व्यक्तित्वलाई पनि साहित्यिक र साहित्येतर गरी विभिन्न उपशीर्षकमा अध्ययन गरिएको छ ।

## ७.४ परिच्छेद : तीनको निष्कर्ष

यस परिच्छेदमा निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रमका बारेमा अध्ययन गरिएको छ । यसक्रममा निबन्धको व्युत्पत्ति र अर्थ, पाश्चात्य, भारतीय र नेपाली साहित्यमा निबन्धको परिभाषा, निबन्धको विशेषता, वर्गीकरण, तत्त्वका बारेमा चर्चा गरिएको छ । यस्तै नेपाली निबन्धको विकासक्रमलाई प्रारम्भिक, माध्यमिक र आधुनिक गरी तीन कालमा विभाजन गरी अध्ययन गरिएको छ ।

## ७.५ परिच्छेद : चारको निष्कर्ष

यस परिच्छेदमा रविकिरण निर्जीवको निबन्धयात्राको रूपरेखा खिचिएको छ । यसमा निर्जीवले निबन्ध लेखनको आरम्भ गरेदेखि उनको निबन्धयात्रालाई प्रथम र द्वितीय दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ७.६ परिच्छेद : पाँचको निष्कर्ष

यस परिच्छेदमा रविकिरण निर्जीवका निबन्धसङ्ग्रहमा सङ्गृहीन निबन्धहरूको विभिन्न तत्त्वका आधारमा विश्लेषणात्मक अध्ययन गरिएको छ । यसमा प्रत्येक निबन्धहरूको क्रमश: परिचय र सार, संरचना, विषयवस्तु, उद्देश्य, कथनढाँचा र भाषाशैलीका आधारमा अलग-अलग शीर्षकअन्तर्गत समालोचकीय पद्धतिअनुसार विश्लेषण गरिएको छ ।

### ७.७ परिच्छेद : छको निष्कर्ष

यस परिच्छेदमा रविकिरण निर्जीवको निबन्धकारिताको मूल्याङ्कन गरिएको छ । उनको निबन्धकारिताको मूल्य निरूपण गर्ने क्रममा निबन्धका तत्त्वलाई नै मूल्याङ्कनका आधार बनाइएको छ । विषयवस्तु, संरचना, शीर्षक, कथनढाँचा र भाषाशैलीकै आधारमा उनको निबन्धकारिताको मूल्याङ्कन गरिएको छ ।

### ७.८ समग्र निष्कर्ष एवम् उपसंहार

पश्चिमाञ्चल विकासक्षेत्रको गण्डकी अञ्चलअन्तर्गत लमजुङको अलैंचे भन्ने ठाउँमा पिता स्व. श्रीप्रसाद रेग्मी र माता रेनुका रेग्मीका तेस्रो सन्तानका रूपमा रविकिरण निर्जीवको जन्म भएको हो । वि.सं. २००३ साल जेठ उनन्तीस गतेका दिन जन्मिएका निर्जीवले माध्यमिक विद्यालय तहमा अध्ययन गर्दादेखि नै फाटफुट कविता लेखनको प्रारम्भ गरेका हुन् । उनी वि.सं. २०२३ सालमा **नवजीवनको फूलबारी** नामक कवितासङ्ग्रहको प्रकाशनपछि मात्र औपचारिक रूपमा नेपाली साहित्यको फाँटमा देखापरेका हुन् । यस्तै वि.सं. २०२५ सालमा **दोभान** पत्रिकामा **गाउँफर्क र साहित्य** शीर्षक निबन्धको प्रकाशन गरी नेपाली निबन्धका फाँटमा उदाएका हुन् । मूलत: नेपाली कविता, उपन्यास, नाटक तथा निबन्ध विधामा कलम चलाएका निर्जीवका हालसम्म ६ वटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । यी कृतिहरूमध्ये दुईवटा भने निबन्धसङ्ग्रह रहेका छन् जसमा चौतीसवटा निबन्धहरू सङ्गृहीत छन् । यस्तै फुटकर रूपमा पनि अन्य निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका देखिन्छन् । उनलाई अन्य विधामा भन्दा निबन्ध विधामा नै बढी सफलता मिलेको देखिन्छ । साहित्यिक तथा सामाजिक क्षेत्रमा संलग्न भई कार्य गरेवापत विभिन्न पुरस्कारद्वारा उनलाई सम्मानित पनि गरिएको छ ।

साहित्यका विविध विधामा कलम चलाएर बहुमुखी व्यक्तित्वका रूपमा परिचित भए पनि यिनी मूलत: निबन्धकार व्यक्तित्वका रूपमा नै स्थापित भएका छन् । परिमाणात्मक र गुणात्मक दुवै रूपमा उनी निबन्धमा नै अगाडि छन् । यही विधामा नै उनलाई बढी सफलता मिलेको छ । यिनलाई निबन्धकार व्यक्तित्वका रूपमा परिचित गराउने **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) र **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) रहेका छन् । यी निबन्धसङ्ग्रहले नै उनलाई प्रगतिवादी हास्यव्यङ्ग्यात्मक निबन्धकारका रूपमा स्थापित गराएका छन् । वि.सं. २०२४ सालदेखि निबन्धलेखन र २०२५ सालमा प्रकाशनको सुरुवात गरेका निर्जीवको करिब चारदशक

लामो निबन्ध यात्रालाई लेखनगति, पुस्तकाकार कृतिको प्रकाशन तथा प्रवृत्तिगत विशेषताका आधारमा प्रथम र द्वितीय गरी दुई चरणमा अध्ययन गरिएको छ ।

रविकिरण निर्जीवको निबन्धयात्राको प्रथम चरणलाई आभ्यसिक तथा फुटकर रचनाको चरणका रूपमा लिइन्छ । यस चरणमा **गाउँफर्क र साहित्य** अनि **स्वाङ** बाहेक अन्य निबन्धको प्रकाशन भएको देखिँदैन । यस अवधिमा साहित्यका अन्य विधामा समेत कलम चलाउनुका साथै अन्य विविध कारणवश निबन्धलेखन कार्यले निरन्रता पाउन सकेको देखिँदैन । त्यसैले भाषिक परिष्कारका दृष्टिले यो अवधि अपेक्षाकृत सबल हुन सकेको देखिन्न ।

यसैगरी निर्जीवको निबन्धयात्राको दोस्रो चरणलाई पुस्तकाकार कृति प्रकाशनको चरणका रूपमा लिइन्छ । यस चरणमा उनका दुईवटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । उनको पहिलो निबन्धसङ्ग्रहमा एघारवटा र दोस्रो सङ्ग्रहमा तेईसवटा गरी कृतिगत सङ्कलनका रूपमा जम्माजम्मी चौतीसवटा निबन्धहरू रहेका छन् भने फुटकर रूपमा अन्य पत्रपत्रिकामा समेत निबन्धको प्रकाशन भएको देखिन्छ । यस चरणमा उनले साहित्यका अन्य विधामा समेत कलम चलाई तीनवटा पुस्तकको पनि प्रकाशित गराएका छन् तापनि निबन्ध विधामा नै उनलाई बढी सफलता मिलेको छ ।

यस अवधिका उनका निबन्धमा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिलाई हल्का हाँसोको माध्यमबाट घोचिलो व्यङ्ग्य गरिएको छ । उनका निबन्धमा बौद्धिकता, चिन्तनशीलता र दार्शनिकता पनि स्पष्ट देख्न सकिन्छ । यस अवधिमा हास्यव्यङ्ग्यात्मक निबन्ध लेखनतिर कलम चलाएका निर्जीवका निबन्धमा हास्यभन्दा व्यङ्ग्य भावले नै प्रबलता पाएको छ ।

निर्जीवका निबन्धमा विषयगत विविधता पाइन्छ । उनका निबन्धमा समाज, राजनीति, भूगोल, धर्म, संस्कृति, मानवीय अहमत्याइँ, स्वार्थीपन, सत्तान्धता, मौलिकताको शून्यता, खान्दानी अहङ्कार आदिजस्ता विभिन्न क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यस्तै विकृति र विसङ्गतियुक्त विषयले नै निर्जीवका निबन्धमा स्थान पाएका छन् र समाज परिवर्तनको चाहना राखेका छन् । निर्जीवका निबन्धहरू एक पृष्ठदेखि बाह्र पृष्ठसम्मको आयाममा फैलिएका छन् । एक वाक्यको अनुच्छेदको आयामदेखि अठार वाक्यसम्मका आयाममा उनका निबन्ध संरचित छन् । यस्तै गरी उनका निबन्धमा तीन अनुच्छेददेखि अठार अनुच्छेदसम्मका अनुच्छेदसङ्ख्या रहेको देखिन्छ ।

निर्जीवका निबन्धको भाषाशैली सरल, सहज र बोलीचालीमा प्रयोग हुने खालका छन् । निबन्धमा प्रयोग गरिएका प्रशस्त उखानटुक्का, झर्रा नेपाली भाषा, तत्सम, तद्भव र आगन्तुक शब्दहरूका साथै प्रशस्त अनुकरणात्मक शब्दको प्रयोगले निबन्धमा सरलता, सहजता र रोचकता थपेको छ । आलङ्कारिक भाषाशैलीले भाषामा प्रौढता थपेको छ । सामाजिक अन्याय, अत्याचार, शोषण र दमनका विरोधी निर्जीवले आफ्ना निबन्धकै माध्यमबाट घोर विद्रोह गरेका छन् । यस्तै विभिन्न क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिको अन्त्य गरी सामाजिक सुधारको दिशातिर उनका निबन्ध उन्मुख रहेका छन् । त्यसैले उनलाई समसामयिक चरणका यथार्थवादी, प्रगतिवादी व्यङ्ग्य निबन्धकारको पङ्क्तिमा उभ्याउन सकिन्छ ।

# सन्दर्भसामग्रीसूची

## क. पुस्तकसूची


अज्ञात, कपिल, **समालोचनाको सन्दर्भ,** (चितवन : चितवन साहित्य परिषद्, २०५५) ।

___________, **स्रष्टा बिम्ब : व्यक्तित्व र आरेख,** (भाग-१) (चितवन : चितवन साहित्य परिषद्, २०६७) ।

आचार्य, भागवत, **कविता सिद्धान्त र नेपाली कविता एवम् निबन्ध,** (काठमाडौं : नवीन प्रकाशन, २०६३) ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश,** दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०३४) ।

ओझा, रामनाथ, **शङ्कर लामिछानेको निबन्धकारिता,** (काठमाडौं : पालुवा प्रकाशन प्रा.लि., २०६४) ।

कोइराला, सीताराम (वार्ताकार/सम्पादक), **सम्वादमा स्रष्टाहरू,** (नारायणगढ : नारी साहित्य प्रतिष्ठान, २०६४) ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२) ।

जोशी, कुमारबहादुर, **लक्ष्मी निबन्धसङ्ग्रहका निबन्धहरूमा देवकोटाका काव्यमान्यता,** (काठमाडौं : सरस्वती जोशी, २०६१) ।

जोशी, रत्नध्वज, **आधुनिक नेपाली साहित्यको झलक,** तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०३९) ।

ढकाल, घनश्याम र अन्य (सम्पा.), **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,** (काठमाडौं : अ.ने.ले.सं., २०६७ साउन) ।

थापा, हिमांशु, **साहित्य परिचय,** तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४७) ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्धसङ्ग्रह,** नवौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०४०) ।

नलिन, जयनाथ, **हिन्दी निबन्धकार,** (दिल्ली : रामलाल पुरी, आत्मराम एण्ड सन्स, १९६४) ।

निर्जीव, रविकिरण, **सोझा निर्जीवका बाङ्गा निबन्धहरू,** (चितवन : जोशी पुस्तक भवन, २०४७) ।

___________, **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू,** (चितवन : छोरीत्रय, २०६४) ।

नेपाल, शैलेन्दुप्रकाश र अन्य (सम्पा.), **नेपाली प्रयोगमूलक व्याकरण र रचना,** (काठमाडौं : निरन्तर प्रकाशन, २०६५) ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०४०) ।

बराल, ईश्वर, **सयपत्री,** पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५५) ।

बराल, ईश्वर र अन्य (सम्पा.), **नेपाली साहित्यकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५५) ।

विनय (सम्पा.), **निबन्धालोक,** (दिल्ली : हिन्दी साहित्य केन्द्र, १९६८) ।

शर्मा गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** बाह्रौं संस्क., (काठमाडौं : रत्नपुस्तक भण्डार, २०५८) ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५५) ।

शर्मा, वसन्तकुमार, **नेपाली शब्दसागर,** काठमाडौं : भाभा पुस्तक भण्डार, २०५७) ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५६) ।

सुवेदी, राजेन्द्र (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध,** तेस्रो संस्क., (काठमाडौं : पाठ्यसामग्री पसल, २०५६) ।

____________, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** (काठमाडौं : पाठ्यसामग्री पसल, २०५७) ।

____________, स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५८) ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग-२), (पुल्चोक : साझा प्रकाशन, २०३०) ।

## ख. शोधग्रन्थसूची

अधिकारी, मीनादेवी, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९ ।

आचार्य, रामनाथ, **तारानाथ शर्माका निजात्मक निबन्धको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. केन्द्रीय नेपाली विभाग, कीर्तिपुर, २०५९ ।

खतिवडा, पुष्पराज, **राममणि रिसालको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ने.के.वि.कीर्तिपुर, २०६१ ।

सापकोटा, रत्नप्रसाद, **निर्मोही व्यासको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९ ।

## ग. पत्रिकासूची

अज्ञात, कपिल, *रविकिरण निर्जीवको नैबन्धिक आयाम,* **हाम्रो सिर्जना,** वर्ष ३, अङ्क २, पूर्णाङ्क ७, असोज, २०६५ ।

अवस्थी, महादेव, *निबन्धको सैद्धान्तिक परिचय र निबन्धलेखनका औचित्य एवम् फाइदा,* **कुञ्जिनी,** वर्ष ६, अङ्क ४, २०५५ ।

खनाल, हरिहर, *साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन,* **विवेक,** वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, वर्ष ५, अङ्क २, २०४६ ।

___________, *चितवनको साहित्य एक विहङ्गम दृष्टि,* **चितवन महोत्सव स्मारिका,** उद्योग वाणिज्य सङ्घ, चितवन २०५५ ।

गौतम, लक्ष्मणप्रसाद, *चितवनको निबन्धविधा एक सङ्क्षिप्त अवलोकन,* **मधूलिका** (सम्पा.) वर्ष १, अङ्क १, २०५१ ।

निर्जीव, रविकिरण, *हास्यव्यङ्ग्य निबन्धकारितासित चितवनको हाव्यनिको समागम,* **चितवन महोत्सव स्मारिका,** उद्योग वाणिज्य सङ्घ, चितवन २०६५ ।

पौडेल, गोपीन्द्र, *व्यङ्ग्यको बाङ्गोपना र निर्जीवका बाङ्गा निबन्धहरू,* **कलम,** वर्ष २, अङ्क ३, २०५१ श्रावण ।

प्रधान, कृष्णचन्द्रसिंह, *उत्साहका निबन्ध एक प्रतिक्रिया,* **उत्साह,** वर्ष ८, पूर्णाङ्क ३४, २०४२ पौष ।

भट्टराई, रमेश, *समसामयिक नेपाली निबन्ध परम्परा र प्रवृत्तिको रेखाङ्कन,* **मधुपर्क,** वर्ष ३१, अङ्क ४, पूर्णाङ्क ३५०, २०५५ भदौ ।

भट्टराई, लीलामणि, *निर्जीवका निबन्धहरूमा रूपसंरचनावादी पठन,* **मधूलिका,** वर्ष १, अङ्क १, २०५१ ।

लम्साल, शक्ति, *लेख, निबन्ध सम्बन्धी केही टिप्पणी,* **उत्साह,** वर्ष ८, पूर्णाङ्क ३४, २०४३ पौष ।

सुवेदी, राजेन्द्र, *आधुनिक नेपाली निबन्ध शिक्षण,* **वाङ्मय,** वर्ष १०, पूर्णाङ्क १०, २०५७/२०५८ ।

# परिशिष्ट

**क. विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताको प्रश्नावली**

शोधकार्यको क्रममा शोधार्थीबाट **रविकिरण निर्जीवको निबन्धकारिता** शीर्षक शोधपत्रको लागि विशिष्ट व्यक्तित्वहरूसँग लिइएको अन्तर्वार्ताको नमुना यसप्रकार रहेको छ :

१. रविकिरण निर्जीवलाई तपाईं कहिलेदेखि चिन्नुहुन्छ ?

२. निर्जीवको रुचि र स्वाभाव के-कस्तो रहेको छ ?

३. निर्जीवका कुन-कुन निबन्धात्मक कृति पढ्नु भएको छ ?

४. निर्जीव साहित्यका कुन विचारधाराका अधीन रहेर लेखन गर्ने कस्ता निबन्धकार हुन् भन्ने ठान्नुहुन्छ ?

५. निर्जीवलाई के-कस्तो भाषाशैलीको निबन्धकार मान्नुहुन्छ ?

६. विशेष गरी उनका निबन्धमा के-कस्ता विषयले स्थान पाएका छन् ?

७. निर्जीवका निबन्धात्मक रचनाहरूको मूल्याङ्कन कुन रूपमा गर्नुभएको छ ?

८. निर्जीवका निबन्धकलाका बारेमा तपाईंको विचारमा अन्य केही भए बताइदिनुस् न ?

**ख.** रविकिरण निर्जीवको निबन्धकारिता शीर्षक शोधपत्रको लागि शोधार्थीबाट अन्तर्वार्ता लिइएको विशिष्ट व्यक्तित्वहरूको नामावली यसप्रकार रहेको छ :

डी.आर.पोखरेल (समकालीन साहित्यकार) भ.न.पा. १०, चितवन ।

पूर्णबहादुर अधिकारी (समकालीन साहित्यकार) भ.न.पा. १४, चितवन ।

अन्नपूर्ण रेग्मी (शोधनायककी दिदी) तनहुँ, फाउँदी ।

विष्णुमाया रेग्मी (शोधनायककी श्रीमती) भ.न.पा. १२, चितवन ।

रेणुका रेग्मी (शोधनायककी आमा) भ.न.पा. १२, चितवन ।

शशिकिरण रेग्मी (शोधनायकका माहिला भाइ) भ.न.पा. १०, चितवन ।